महालेखापरीक्षकको आठौँ वार्षिक प्रतिवेदन

२०८३

मधेश प्रदेश



महालेखापरीक्षकको कार्यालय

अनामनगर, काठमाडौँ

नेपाल

महालेखापरीक्षकको आठौं वार्षिक प्रतिवेदन

२०८३

मधेश प्रदेश



महालेखापरीक्षकको कार्यालय
अनामनगर, काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)



स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)



स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट, बक्स नं. १३३२८

पत्र सङ्ख्या : २०८२।८३

च.नं.: ६८

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

विषय : वार्षिक प्रतिवेदन।

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
मधेश प्रदेश, जनकपुरधाम, धनुषा।

नेपालको संविधानको धारा २४१ बमोजिम मधेश प्रदेशको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु।

भवदीय,

(तोयम राया)
महालेखापरीक्षक

२०८३ साल जेठ १ गते, शुक्रवार
नेपाल सम्वत् ११४६

फोन नम्बर : ०१-५९१९१६३, ईमेलः oagnep@ntc.net.np/ag@oagnep.gov.np, वेबसाइटः www.oag.gov.np

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
एकीकृत वित्तीय विवरणमा राय		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति**	५
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराहरूको सारांश**	९
खण्ड १	**मन्त्रालय तथा निकायगत बेहोरा**	
	१. प्रदेश सभा सचिवालय	१५
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१७
	३. गृह सञ्चार तथा कानुन मन्त्रालय	२१
	४. अर्थ मन्त्रालय	२९
	५. खेलकुद तथा समाज कल्याण मन्त्रालय	४४
	६. शिक्षा तथा संस्कृति मन्त्रालय	५०
	७. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	५५
	८. भौतिक पूर्वाधार विकास मन्त्रालय	६५
	९. ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय	७७
	१०. वन तथा वातावरण मन्त्रालय	८४
	११. उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय	८९
	१२. श्रम तथा यातायात मन्त्रालय	९७
	१३. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१००
	१४. प्रदेश नीति तथा योजना आयोग	१०८
	१५. प्रदेश लोक सेवा आयोग	११२
	१६. मुख्य न्यायाधिवक्ताको कार्यालय	११३
खण्ड २	**स्थानीय तह**	११५
परिच्छेद ४	**लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति**	१२३
परिच्छेद ५	**भविष्यमा गर्नुपर्ने सुधार**	१२५
	अनुसूचीहरू	१३१

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ मा सङ्घ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालय तथा सरकारको पूर्ण स्वामित्वमा रहेका सङ्गठित संस्था वा निकायको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण गरिने उल्लेख छ। नेपालको संविधानको धारा २९४(३) र लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) मा महालेखापरीक्षकले प्रदेश प्रमुखसमक्ष वार्षिक प्रतिवेदन पेस गर्न सक्ने व्यवस्था रहेको छ।

प्रचलित कानुन एवं लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, विषयगत लेखापरीक्षण निर्देशिका, वार्षिक लेखापरीक्षण योजना २०८२, लेखापरीक्षण नीति तथा वार्षिक कार्यतालिका २०८२।८३ तथा सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा अवलम्बन गरिएका अन्तर्राष्ट्रिय असल अभ्यासका आधारमा मधेश प्रदेशका निकाय तथा कार्यालयहरूको आर्थिक वर्ष २०८१।८२ को विनियोजन, राजस्व, धरौटी र अन्य कोष तथा बक्यौतासमेतको लेखापरीक्षण सम्पन्न गरी यस प्रदेशको आठौँ वार्षिक प्रतिवेदन तयार गरिएको छ।

एकीकृत वित्तीय विवरणमा राय, लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति, प्रमुख बेहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको अवस्था र भविष्यमा गर्नुपर्ने सुधारका विषयहरू समावेश गरी यो प्रतिवेदन प्रस्तुत गरिएको छ।

लेखापरीक्षण कार्य नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत व्यवस्थापन गरिएको छ। लेखापरीक्षण गर्दा सूचकका आधारमा जोखिम विश्लेषण गरी निकाय तथा कार्यालयहरूलाई उच्च र न्यून जोखिममा वर्गीकरण गरिएको छ। उच्च जोखिमयुक्त निकाय/कार्यालयको विस्तृत रूपमा स्थलगत लेखापरीक्षण र न्यून जोखिमयुक्त निकाय/कार्यालयको प्रमाणित वित्तीय विवरण तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ।

लेखापरीक्षणको गुणस्तर कायम गर्न प्रभावकारी सुपरिवेक्षण, गुणस्तर व्यवस्थापन र अडिट ल्याबको व्यवस्था गरिएको छ। सोको अतिरिक्त एफ.एम. रेडियो तथा कार्यालयको वेबसाइटमार्फत सूचना प्रसारण गर्नुका साथै भर्चुअल बैठकमार्फत सरोकारवालासँग छलफल, टोल फ्री नम्बर र इमेलमार्फत गुनासो सङ्कलन र सुनुवाइको व्यवस्था मिलाइएको छ। लेखापरीक्षणमा प्रवेश र बहिर्गमन बैठकमार्फत जिम्मेवार पदाधिकारीसँग छलफल गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। सो प्रतिवेदन उपर प्राप्त जवाफको सम्बोधन पश्चात लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ। प्रतिक्रियाबाट फर्स्यौट नभएका विषय लेखाउत्तरदायी अधिकृत र सम्बन्धित मन्त्रीलाई जानकारी गराइएको छ।

यस आर्थिक वर्षमा प्रदेशका मन्त्रालय र मातहतका सरकारी कार्यालय एवम् निकाय, समिति तथा अन्य संस्थासमेत १५० निकाय तथा कार्यालयको रु.४९ अर्ब ६९ करोड ३९ लाख ४३ हजारको लेखापरीक्षण सम्पन्न भई रु.१ अर्ब ८७ करोड ३३ लाख ६१ हजार बेरुजु कायम भएको छ। कुल लेखापरीक्षण रकमको तुलनामा बेरुजु ३.७७ प्रतिशत रहेको छ।

यस प्रदेशअन्तर्गतका ९ निकाय तथा कार्यालयले २०८२ भाद्र २३ र २४ गते भएको आन्दोलन र घटनाको कारण स्रेस्ता पेस गर्न र लेखापरीक्षण गराउन नसकिने बेहोराको पत्र पेस गरेकाले रु.२ अर्ब ९१ करोड ४२ लाख १३ हजारको लेखापरीक्षण गरिएको छैन।

कानुनको पालना, स्रोत साधनको प्राप्ति र परिचालन, सार्वजनिक निर्माण, सेवा प्रवाह, लेखापालन एवं वित्तीय प्रतिवेदन, खरिद तथा आयोजना व्यवस्थापन, जनशक्ति व्यवस्थापन, सङ्गठनात्मक संरचना, जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासनलगायतका विषयहरू लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिएको छ।

आर्थिक कारोबार गर्दा कानुनको परिपालना नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, प्रदेशको आन्तरिक आय न्यून हुँदा सङ्घीय अनुदानमा निर्भरता बढेको, चालु खर्चमा वृद्धि भइरहेको, उत्पादनशील क्षेत्रमा बजेट परिचालन न्यून रहेको, आयोजना बैङ्कको प्रभावकारी कार्यान्वयन नभएको, जटिल प्रकृतिका तथा प्राविधिक ज्ञान र सीप आवश्यक पर्ने कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको एवं तीन तहबिच खर्चको दोहोरोपना कायम रहेको, सङ्गठन संरचना फेरबदल हुँदा जिम्मेवारी र जवाफदेहिता यकिन गर्न कठिनाई भएको, समयमै खरिद कार्य सम्पन्न नभई पटक-पटक म्याद थप गरेको, स्रोत बेगर योजनाहरूको बजेट सुनिश्चितता प्रदान गरेको तथा निर्माण कार्यको गुणस्तर नियन्त्रण र परीक्षण कमजोर रहेको जस्ता बेहोराहरू यो वर्षको लेखापरीक्षणमा औँल्याइएको छ।

लेखापरीक्षणबाट औँल्याइएका बेहोरा कार्यान्वयन गर्नु लेखाउत्तरदायी अधिकृत र सम्बन्धित निकाय प्रमुखको जिम्मेवारी हो। लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन पक्ष कमजोर हुँदा एकै प्रकृतिको बेहोराहरू बर्सेनि पुनरावृत्ति भएका छन्। लेखापरीक्षणका वार्षिक प्रतिवेदनहरू प्रदेश सभाअन्तर्गतको सार्वजनिक लेखा समितिमा समयमै छलफल भई आवश्यक कारबाही हुनुपर्नेमा विगतका केही प्रतिवेदनहरू समयमा छलफल हुन सकेका छैनन्। लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन गरी वित्तीय अनुशासन कायम गर्न सबै सम्बन्धित पक्षबिच कार्यगत समन्वय र सहकार्य आवश्यक रहेको छ। यस प्रतिवेदनको कार्यान्वयनले सार्वजनिक सदाचारिता, पारदर्शिता र जवाफदेहिताको प्रवर्धनमा सहयोग पुग्ने विश्वास लिएको छु।

अन्तमा, लेखापरीक्षण कार्यमा सुझाव दिइ सहयोग गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, प्रदेश सभाका माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू, माननीय मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, पदाधिकारीहरू, कर्मचारीहरू, नागरिक समाजका प्रतिनिधिहरू तथा सञ्चारकर्मीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका समस्त कर्मचारीहरू प्रति धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

वैशाख, २०८३ **महालेखापरीक्षक**

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था** - नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ।

२. **उद्देश्य** - सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवम् दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवम् स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवम् पुष्ट्याइँ गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोबार गर्दा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको।

३. **क्षेत्र** - यो वर्ष प्रदेश मन्त्रालय, प्रदेश कार्यालय र समिति तथा अन्य संस्था लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्याङ्कन गर्न सूचना तथा तथ्याङ्कसमेत सङ्कलन गरी अध्ययन एवम् विश्लेषण गरिएको छ।

४. **पद्धति** - लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ। समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त १४५ निकायको विस्तृत लेखापरीक्षण र न्यून जोखिमयुक्त ५ निकायको दूर लेखापरीक्षण कार्यविधिबाट लेखापरीक्षण गरिएको छ। विद्युतीय प्रणालीमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको सफ्टवेयरमार्फत् लेखापरीक्षण गरिएको छ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका बेहोरा उपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर निकायबाट प्राप्त जवाफ/प्रतिक्रियासमेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनोट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ। नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषय विज्ञसमेत संलग्न गराइएको छ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनमा ५ परिच्छेद तथा १५ अनुसूची रहेका छन्। परिच्छेद-१ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद-२ मा लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति, परिच्छेद-३ मा लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराहरूको सारांश, परिच्छेद-४ मा लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन स्थिति र परिच्छेद-५ मा भविष्यमा गर्नुपर्ने सुधारहरू उल्लेख गरिएको छ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाडौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal
(पूर्वाधार विकास लेखापरीक्षण विभाग)

पत्र सङ्ख्याः २०८२।८३ मितिः २०८३।१।२८
चलानी नम्बरः १

श्री प्रदेश सचिवज्यू,
अर्थ मन्त्रालय, मधेश प्रदेश,
जनकपुरधाम, धनुषा।

विषयः एकीकृत वित्तीय विवरणमा राय।

१. **कैफियतसहितको राय** - हामीले मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति तथा भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट तथा गैरबजेटरी निकाय), बजेटको तुलनात्मक विवरण, प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति तथा भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण, त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ तथा प्रचलित कानुन बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको रायव्यक्त गर्ने आधार**

२.१. प्रदेश सरकारका मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट रु.१ अर्ब ८७ करोड ३३ लाख ६१ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.५ करोड ६० लाख २७ हजार, नियमित गर्नुपर्ने रु.१ अर्ब ३६ करोड ७३ लाख ४९ हजार र पेस्की बाँकी रु.४४ करोड ९९ लाख ८५ हजार रहेको छ।

२.२. राजस्व बाँडफाँट अन्तर्गत प्रदेश सरकारलाई यो वर्ष मूल्य अभिवृद्धि कर रु.७ अर्ब ९४ करोड ३० लाख २९ हजार, आन्तरिक उत्पादनको अन्तःशुल्क रु.२ अर्ब ८४ करोड २३ लाख २० हजार र प्राकृतिक स्रोत वन रोयल्टी रु.३ करोड ७० लाख १२ हजार प्राप्त भएकोमा आर्थिक वर्षको अन्त्यसम्म प्राप्त हुनुपर्ने रकमको विवरण प्राप्त भएको छैन।

२.३. प्रदेश सरकारको लागि सशर्त अनुदानतर्फ रु.२ अर्ब २ करोड ६४ लाख २१ हजार प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रु.४ करोड ७० लाख ६५ हजार बचत रहेको छ। उक्त रकम सङ्घीय सञ्चित कोषमा फिर्ता भएको छ।

२.४. प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण मार्फत १३६ स्थानीय तहलाई सशर्त, विशेष र समपूरक अनुदान बापत रु.१ अर्ब ३० करोड ५६ लाख ८४ हजार निकासा गरेको छ। उक्त रकममध्ये प्रदेश लेखा नियन्त्रक कार्यालयले २०८२ असारसम्म स्थानीय तहबाट खर्च नभई बाँकी रकमको अभिलेख राखेको छैन।

२.५. प्रदेश सरकार र मातहतका निकायमा यस आर्थिक वर्षसम्म रु.५ अर्ब ३८ करोडको जिन्सी तथा सम्पत्ति रहेको छ। ती सम्पत्तिको अवस्था र स्वामित्व खुल्ने गरी विवरण अद्यावधिक गरेको देखिएन।

२.६. प्रदेश अन्तर्गतका ९ निकाय तथा कार्यालयले २०८२ भाद्र २३ र २४ गते भएको आन्दोलन र घटनाको कारण स्रेस्ता पेस गर्न र लेखापरीक्षण गराउन नसकिने बेहोराको पत्र पेस गरेकाले रु.२ अर्ब ९१ करोड ४२ लाख १३ हजारको लेखापरीक्षण गरिएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने निकायसँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले लेखापरीक्षण गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य बेहोरा** - प्रचलित कानुनको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था तथा सेवा प्रवाहलगायतका अन्य मुख्य बेहोराहरू निम्नानुसार छन्:

३.१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ (२) अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश भित्रका स्थानीय तहको आर्थिक कारोबार समावेश गरी एकीकृत वित्तीय विवरण तयार गरेको छैन।

३.२. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५ अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सञ्चित कोष एवम् अन्य सरकारी कोषहरूको एकीकृत वार्षिक वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले तयार गरेको एकीकृत वित्तीय विवरणमा गैर-बजेटरी निकायतर्फ एक प्रतिष्ठानको मात्र आर्थिक कारोबार समावेश गरेको छ।

३.३. नेपाल राष्ट्र बैङ्कद्वारा जारी गरिएको सरकारी कारोबार निर्देशिका, २०७६ को बुँदा ३.१.४ मा सञ्चित कोष मिलान खाताको वार्षिक हिसाब मिलान गर्नुपर्ने व्यवस्था रहेकोमा आर्थिक वर्ष २०८०।८१ को हिसाब मिलान मिति २०८२।९।३ मा र आर्थिक वर्ष २०८१।८२ को मिति २०८२।९।१० गते गरेको छ। निर्देशिकाको परिपालना गरी वार्षिक हिसाब मिलान गर्नुपर्दछ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४२ बमोजिम लेखा राख्ने, खर्च गर्ने तथा बेरुजु फर्स्यौंट गर्ने गराउने लगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने र सम्बन्धित पदाधिकारीबाट उपर्युक्त अनुसार उत्तरदायित्व बहन गरे नगरेको सम्बन्धमा रेखदेख गर्ने उत्तरदायित्व सम्बन्धित विभागीय मन्त्रीको हुने व्यवस्था छ। सोही ऐनको दफा ४ बमोजिम एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहेको छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी सम्बन्धित मन्त्रालय तथा निकायको व्यवस्थापन र मातहतका जिम्मेवार व्यक्तिमा रहेको छ ।

५. **वित्तीय विवरणको परीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन जालसाजी वा त्रुटीका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्ततालेउच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्तालेसामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजीजन्य वा अन्य गल्तीका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(पदमराज पौडेल)
उप-महालेखापरीक्षक

उप-महालेखापरीक्षक

परिच्छेद

९



लेखापरीक्षण गरिएका निकायको विवरण

परिच्छेद-१

लेखापरीक्षण गरिएका निकायको विवरण

१. समष्टिगत लेखापरीक्षण

(रु.हजारमा)

क्र.सं.	लेखापरीक्षण गरिएका निकायको विवरण	सङ्ख्या	रकम
१.	सरकारी कार्यालय (बक्यौता १ समेत)	१३४	४५७०७४७१
२.	अन्य संस्था र समिति	१६	३९८६४७२
	जम्मा	**१५०**	**४९६९३९४३**

यो वर्ष प्रदेश मन्त्रालय र मातहत समेत १३४ सरकारी निकायको रु.४५ अर्ब ७० करोड ७४ लाख ७१ हजार र समिति तथा अन्य संस्था १६ को रु.३ अर्ब ९८ करोड ६४ लाख ७२ हजार समेत रु.४९ अर्ब ६९ करोड ३९ लाख ४३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

लेखापरीक्षण गरिएका निकायहरूको विवरण **अनुसूची -१ (क), २ र ३** मा उल्लेख छ।

१.१. **प्रदेश मन्त्रालय तथा निकाय -** यो वर्ष १३४ सरकारी निकायको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

क्र.सं.	कारोबार	रकम
१	विनियोजन खर्च	२८२५१२३४
२	राजस्व	१४६१३२४३
३	धरौटी	२१२२३३२
४	अन्य (विविध)	७२०६६२
	जम्मा	**४५७०७४७१**

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विस्तृत विवरण **अनुसूची-२ र १३** मा उल्लेख छ।

१.२. **समिति तथा अन्य संस्था -** यो वर्ष १६ अन्य संस्था र समितिको रु.३ अर्ब ९८ करोड ६४ लाख ७२ हजारको लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विस्तृत विवरण अनुसूची-३ र ४ मा उल्लेख छ। लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद-३ को मन्त्रालय तथा निकायगत बेहोरामा समावेश छ।

१.३. **लेखापरीक्षण -** यो वर्ष २०८२ भाद्र २३ र २४ को घटनाको कारण क्षति भई स्रेस्ता पेस नभएको ३ मन्त्रालय, २ निकाय र ४ कार्यालयको विनियोजनतर्फ रु.१ अर्ब ६२ करोड, राजस्वतर्फ रु.६६ करोड ५८ लाख २८ हजार, धरौटीतर्फ रु.९ करोड ६४ लाख ५७ हजार र अन्य कारोबारतर्फ रु.५३ करोड १९ लाख २८ हजार समेत रु.२ अर्ब ९१ करोड ४२ लाख १३ हजारको लेखापरीक्षण भएको छैन। यससम्बन्धी विवरण **अनुसूची-२(क)** मा उल्लेख छ।

२. सरकारी बजेट विनियोजन, खर्च र राजस्व

२.१. **शीर्षकगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७९।८० र २०८०।८१ को यर्थाथ खर्च तथा २०८१।८२ को बजेट अनुमान र यथार्थ खर्च (सङ्घीय कार्यालयमा भएको खर्च समेत) निम्नानुसार छः

(रु.हजारमा)

क्र. सं.	शीर्षक/क्षेत्र	२०७९।८० को यर्थाथ खर्च	२०८०।८१ को यर्थाथ खर्च	२०८१।८२ को		
				संशोधित बजेट अनुमान	यथार्थ खर्च	खर्च प्रतिशत
१	चालु (वित्तीय हस्तान्तरण समेत)	१०६७०३३९	९२५५६१९	१५२७८४९६	९७५८५९७	६३.८७
२	पुँजीगत	१६१९९५३१	१५२८९३११	२८६१३६७४	२१४७५००७	७५.०६
	जम्मा	**२६८६९८७०**	**२४५४४९३०**	**४३८९२१७०**	**३१२३३६०४**	**७१.१६**

उक्त खर्चमध्ये रु.१ अर्ब ६२ करोड लेखापरीक्षण नभएको र रु.२ अर्ब ४८ करोड ६४ लाख ८८ हजार स्थानीय तहलाई अनुदान दिएको रकम समावेश छ।

२.२. **निकायगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चको निकायगत विवरण निम्नानुसार छः

(रु.हजारमा)

मन्त्रालय	बजेट			निकासा /खर्च			बाँकी
	चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	जम्मा	
प्रदेश सभा	३९८९८७	९९२००	४९८१८७	३१९६२७	५७१२१	३७६७४८	१२१४३८
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	४२४९६६	५४४४२	४७९४०८	१३९३३५	२३१९९	१६२५३४	३१६८७४
गृह सञ्चार तथा कानुन मन्त्रालय	२५७२०४	४५१०८४	७०८२८८	१४२०५९	३७४०९०	५१६१४९	१९२१३९
अर्थ मन्त्रालय	१३७३४७	१७७७०	१५५११७	११३७७८	१५४८६	१२९२६४	२५८५३
खेलकुद तथा समाज कल्याण मन्त्रालय	४९५६३३	१२४३८९०	१७३९५२३	२४३५०४	९५४६२९	११९८१३३	५४१३८९
शिक्षा तथा संस्कृति मन्त्रालय	९३६२४४	१५७२९७०	२५०९२१४	६७०९९७	१२६७२७८	१९३८२७५	५७०९४०
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	३४४९७४४	१८१९८८०	५२६९६२४	२४४०५१२	९९४७७२	३४३५२८४	१८३४३४०
भौतिक पूर्वाधार विकास मन्त्रालय	५८४७६३	१३७१०९४७	१४२९५७१०	४५९३५९	१०७१६८९७	१११७६२५६	३११९४५४
ऊर्जा सिँचाइ तथा खानेपानी मन्त्रालय	४२२२४३	५२७३३४६	५६९५५८९	२५७६६६	४०११९६०	४२६९६२६	१४२५९६३
वन तथा वातावरण मन्त्रालय	१२७४५८३	१२१६०५४	२४९०६३७	८८८३४१	१०३२२०८	१९२०५४९	५७००८८
उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय	२९६२७०	२४५६१८२	२७५२४५२	२२१११८	१७९९८५५	२०२०९७३	७३१४७९
श्रम तथा यातायात मन्त्रालय	६०७३१२	२२३२५०	८३०५६२	२३८६८३	७७९३५	३१६६१८	५१३९४४
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२३७५११२	२०३९७७	२५७९०८९	९९४५८४	१२७०९१	११२१६७५	१४५७४१३
प्रदेश नीति तथा योजना आयोग	४४९६०	५४४०	५०४००	२६५५४	३७५३	३०३०७	२००९४
प्रदेश लोक सेवा आयोग	१०३२६५	२५५६६	१२८८३१	८९३३४	१५७४१	१०५०७५	२३७५६
मुख्य न्यायाधिवक्ताको कार्यालय	३०२००	४०००	३४२००	२६६५८	२९९२	२९६५०	४५५०
अर्थ - विविध	२२६३५९	२३५६७६	४६२०३५	०	०	०	४६२०३५
स्थानीय तह	३२१३३०४		३२१३३०४	२४८६४८८		२४८६४८८	७२६८१६
जम्मा	**१५२७८४९६**	**२८६१३६७४**	**४३८९२१७०**	**९७५८५९७**	**२१४७५००७**	**३१२३३६०४**	**१२६५८५६५**

२.३. **स्रोतगत खर्च** - प्रदेश सरकारको वित्तीय प्रतिवेदनअनुसार २०७९।८० र २०८०।८१ को यथार्थ खर्च तथा २०८१।८२ को प्रदेश सरकारको स्रोतगत अनुमान प्राप्ति र खर्चको विवरण निम्नानुसार रहेको छः

(रु.हजारमा)

क्र.सं.	स्रोत	२०७९।८० को यर्थाथ खर्च	२०८०।८१ को यथार्थ खर्च	२०८१।८२ को यथार्थ खर्च			
				स्रोतगत अनुमान	यथार्थ प्राप्ति	खर्च	खर्च प्रतिशत
१	**नेपाल सरकारबाट प्राप्त अनुदान**	**१०८४७३१३**	**७५३६८१६**	**११३५७१५०**	**९१८२९६९**	**९१३५९०३**	**९९.४८**
१.१	समानीकरण अनुदान	६१७२९६४	४१६३०७६	७७९९२००	७१५६५४८	७१५६५४७	१००.००
१.२	सशर्त अनुदान	४२४२३९८	२६५४१८८	३५५७९५०	२०२६४२१	१९७९३५६	९७.६८
१.३	समपूरक अनुदन	२८३०७२	४५५८७४	०	०	०	०.००
१.४	विशेष अनुदान	१४८८७९	२६३६७८	०	०	०	०.००
२	**आन्तरिक ऋण**	**०**	**०**	**२०००००० **	**०**	**०**	**०.००**
३	**प्रदेश सरकारको राजस्व (मौज्दात समेत)**	**१६०२२५५७**	**१७००८११३**	**३०५३५०२०**	**२२०९७७०१**	**२२०९७७०१**	**१००.००**
	जम्मा	**२६८६९८७०**	**२४५४४९३०**	**४३८९२१७०**	**३१२८०६७०**	**३१२३३६०४**	**९९.८४**

कुल प्राप्ति रु.३१ अर्ब २८ करोड ६ लाख ७० हजार मध्ये रु.३१ अर्ब २३ करोड ३६ लाख ४ हजार खर्च भई रु.४ करोड ७० लाख ६५ हजार फिर्ता गरेको छ। यो वर्ष विनियोजनतर्फ सङ्घीय सरकारको अनुदानबाट रु.९ अर्ब १३ करोड ५९ लाख ३ हजार खर्च भएको छ। कुल खर्चमध्ये सङ्घीय सरकारको अनुदानबाट २९.२५ प्रतिशत र प्रदेश सरकारको राजस्व र गत वर्षको मौज्दातबाट ७०.७५ प्रतिशत खर्च गरेको छ। प्रदेश राजस्वमा वृद्धि गरी सङ्घीय अनुदानमाथिको निर्भरता कम गर्दै जानुपर्दछ।

२.४. **राजस्व असुली -** प्रदेश सरकारको वित्तीय प्रतिवेदन अनुसार प्रदेश सरकारको राजस्वको स्रोत अनुसार २०७९।८० र २०८०।८१ को यथार्थ असुली तथा २०८१।८२ को अनुमान र यथार्थ असुलीको स्थिति निम्नानुसार रहेको छ।

(रु.हजारमा)

क्र.सं.	शीर्षक	२०७९।८० को यर्थाथ असुली	२०८०।८१ को यर्थाथ असुली	२०८१।८२ को राजस्व		
				अनुमान	असुली	असुली प्रतिशत
१	कर राजस्व	११६१५५८९	१२८२२८२३	२००५१०००	१३९८२७९३	६९.७४
२	गैर कर राजस्व	२०५४५८७	१५८५५५३	२६२१७००	१२९६१५९	४९.४४
	जम्मा	**१३६७०१७६**	**१४४०८३७६**	**२२६७२७००**	**१५२७८९५२**	**६७.३९**

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली ६ प्रतिशतले बढेको देखिन्छ। उल्लिखित विवरण अनुसार यो वर्षको कुल राजस्व असुली लक्ष्य (अनुदान रु.९ अर्ब १८ करोड २९ लाख ६९ हजार बाहेक) रु.२२ अर्ब ६७ करोड २७ लाख रहेकोमा रु.१५ अर्ब २७ करोड ८९ लाख ५२ हजार असुली भई लक्ष्यको तुलनामा ६७.३९ प्रतिशत असुल भएको देखिन्छ। उक्त असुली रकममा वन रोयल्टी रु.६ करोड ६५ लाख ४५ हजार र सवारी साधन करको ४० प्रतिशतले हुने रु.१ अर्ब २ करोड ७२ लाख २४ हजार समेत रु.१ अर्ब ९ करोड ३७ लाख ६९ हजार समावेश छैन। लक्ष्य अनुसार राजस्व असुलीको लागि मन्त्रालयको भूमिका प्रभावकारी बनाउनुपर्दछ। यससम्बन्धी विवरण अनुसूची-८ मा समावेश छ।

३. **वित्तीय हस्तान्तरण -** प्रदेश सरकारको वित्तीय प्रतिवेदनअनुसार यो वर्ष प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरण स्थिति निम्नानुसार छः

(रु.हजारमा)

अनुदानको प्रकार	वार्षिक बजेट	वित्तीय हस्तान्तरण
समानीकरण	११८०८०४	११८०८०४
सशर्त	१३५२५००	१०३००७०
समपूरक	५८५५५०	७०२१४
विशेष	४०८०००	२०५४००
जम्मा	**३५२६८५४**	**२४८६४८८**

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत यो वर्ष १३६ स्थानीय तहलाई रु.२ अर्ब ४८ करोड ६४ लाख ८८ हजार हस्तान्तरण गरेको छ। स्थानीय तहबाट खर्चको विवरण उपलब्ध नभएकोले वास्तविक खर्च र प्रदेश सरकारलाई खर्च नभई फिर्ता गर्नुपर्ने सशर्त, समपूरक र विशेष अनुदान यकिन गर्न सकिएन। यो वर्ष हस्तान्तरित अनुदानमध्ये समानीकरण अनुदानको रकम सबै भन्दा बढी कुल हस्तान्तरित रकमको ४७.४९ प्रतिशत रहेको छ। प्रदेश सरकारले यो वर्ष सशर्त अनुदान प्रदान गरेको छैन।

४. **अन्तर सरकारी अख्तियारी -** प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुन बमोजिम विकास निर्माण तथा सेवा प्रवाहका कार्य आफ्नै निकाय मार्फत कार्यान्वयन गर्ने गरी विनियोजित रकम सङ्घीय सरकारका निकाय मार्फत सञ्चालन गर्न प्रादेशिक मन्त्रालय र कार्यालयलाई रु.११ करोड ९८ लाख ५३ हजार निकासा दिएकोमा रु.७ करोड ८ लाख ८८ हजार खर्च भएको छ। यससम्बन्धी विवरण अनुसूची-१२ मा समावेश छ।

५. **अन्य कोष -** यो वर्ष लेखापरीक्षण गरिएका अन्य कोषहरूमा गत वर्षको जिम्मेवारी रु.३४ करोड ५५ लाख ४३ हजार र यो वर्षको आम्दानी रु.३७ करोड ५१ लाख १९ हजार समेत रु.७२ करोड ६ लाख ६२ हजार आम्दानी भएकोमा रु.४१ करोड २९ लाख ९३ हजार खर्च भई वर्षान्तमा रु.३० करोड ७६ लाख ६९ हजार मौज्दात रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-१३** मा छ।

परिच्छेद

२



लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

परिच्छेद-२

लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

१. **बेरुजु -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) र प्रदेशको यस सम्बन्धी कानुनमा प्रचलित कानुन बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ।

सोही ऐनले बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। यस कार्यालयले बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानी नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजु समावेश गरेको छ। नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र सोधभर्ना नलिएको गरी ४ समूहमा वर्गीकरण गरेको छ साथै पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन र अन्य पेस्कीमा वर्गीकरण गरिएको छ।

यो वर्ष (२०८१।८२) प्रदेशको सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको लेखापरीक्षणबाट औँल्याइएको बेरुजु रु.१ अर्ब ८७ करोड ३३ लाख ६१ हजार रहेको छ। पेस्की बाँकीमा लगती पेस्की मात्र समावेश छ। सो बेरुजु अङ्कको वर्गीकरण निम्नानुसार छः

(रु.हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति तथा अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	**४७६५७**	**८३७०**	**५६०२७**	**२.९९**
२. नियमित गर्नुपर्ने	**१२८१२२९**	**८६१२०**	**१३६७३४९**	**७२.९९**
• अनियमित भएको	५५४०१८	३८४६९	**५९२४८७**	३१.६२
• प्रमाण कागजात पेस नभएको	७२७२११	२६३४७	**७५३५५८**	४०.२३
• सोधभर्ना नलिएको	०	२१३०४	**२१३०४**	१.१४
३. **पेस्की**	**४४९६३५**	**३५०**	**४४९९८५**	**२४.०२**
जम्मा बेरुजु	**१७७८५२१**	**९४८४०**	**१८७३३६१**	**१००**

बेरुजु वर्गीकरणको विवरण **अनुसूची-९ र १०** मा उल्लेख छ।

२. **लेखापरीक्षण अङ्कमा बेरुजु -** यो वर्ष प्रदेश मन्त्रालय, अन्य संस्था तथा समिति समेत १५० निकायको रु.४९ अर्ब ६९ करोड ३९ लाख ४३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। जसमा रु.१ अर्ब ८७ करोड ३३ लाख ६१ हजार बेरुजु कायम भएको छ, जुन लेखापरीक्षण अङ्कको ३.७७ प्रतिशत हुन आउछ।

(रु.हजारमा)

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय	सङ्ख्या	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	बेरुजु प्रतिशत
१.	सरकारी कार्यालय	१३४	४५७०७४७१	१७७८५२१	३.८९
२.	अन्य संस्था तथा समिति	१६	३९८६४७२	९४८४०	२.३८
	जम्मा	**१५०**	**४९६९३९४३**	**१८७३३६१**	**३.७७**

३. **हालसम्मको बाँकी बेरुजु -** प्रदेश सरकारी कार्यालय तथा अन्य संस्था र समितितर्फ गत वर्षसम्म रु.९ अर्ब २० करोड ३५ लाख ५९ बेरुजु रहेकोमा यो वर्ष रु.९ करोड ६६ लाख ५६ हजार सम्परीक्षण भएको छ। सम्परीक्षणबाट थप भएको रु.५ लाख ५ हजार समेत गत वर्षसम्मको रु.९ अर्ब १० करोड ७४ लाख ८ हजार बाँकी रहेकोमा यो वर्ष रु.१ अर्ब ८७ करोड ३३ लाख ६१ हजार थप भई जम्मा बेरुजु रु.१० अर्ब ९८ करोड ७ लाख ६९ हजार कायम भएको छ। यस सम्बन्धी विवरण **अनुसूची-११** मा रहेको छ।

(रु.हजारमा)

क्र.सं.	विवरण	विगतको बेरुजु	सम्परीक्षण	सम्परीक्षणबाट थप	गतवर्षसम्मको बाँकी	यो वर्षको थप	अद्यावधिक बेरुजु
१	प्रदेश सरकारी निकायको बेरुजु	८४१३०८५	९३३८७	१५५	८३१९८५३	१७७८५२१	१००९८३७४
२	समिति तथा अन्य संस्थाको बेरुजु	७९०४७४	३२६९	३५०	७८७५५५	९४८४०	८८२३९५
	जम्मा	**९२०३५५९**	**९६६५६**	**५०५**	**९१०७४०८**	**१८७३३६१**	**१०९८०७६९**

४. **बेरुजु विश्लेषण -** प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छः

४.१. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३४ मा बेरुजु फर्स्यौंट गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ। औंल्याइएको बेरुजु ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौंट गर्ने र फर्स्यौंट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ। सोही व्यवस्थाबमोजिमको प्रकृया पूरा गर्दा समेत २०८१।८२ को बेरुजु फर्स्यौंट नभएकोले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम **अनुसूची-१५** मा समावेश गरिएको छ।

४.२. प्रदेश मातहत १३४ (बक्यौता १ समेत) सरकारी कार्यालयको लेखापरीक्षण गरेकोमा १३० कार्यालयमा रु.१ अर्ब ७७ करोड ८५ लाख २१ हजार बेरुजु देखिएको छ। यस सम्बन्धी विवरण **अनुसूची-१** मा रहेको छ।

४.३. त्यस्तै १६ समिति तथा अन्य संस्थाको लेखापरीक्षण गरेकोमा रु.९ करोड ४८ लाख ४० हजार बेरुजु देखिएको छ। यससम्बन्धी विवरण **अनुसूची-१०** मा रहेको छ।

४.४. प्रदेश मातहत सरकारी कार्यालयको यो वर्ष रकमगत आधारमा बढी बेरुजु भएका ५ मन्त्रालय/निकाय निम्नानुसार छन्:

(रु.हजारमा)

मन्त्रालय/निकायको नाम	लेखापरीक्षण अङ्क	असुल रकम	अनियमित रकम	जम्मा बेरुजु रकम	पेश्की बाहेक जम्मा बेरुजु	पेश्की रकम	कुल बेरुजुमा मन्त्रालयको प्रतिशत	लेप अंकको तुलनामा बेरुजु प्रतिशत
भौतिक पूर्वाधार विकास मन्त्रालय	१४२१५९३४	२७८१०	६०४९५९	१०५४७९३	६३२७६९	४२२०२४	५९.३१	७.४२
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	३९२८९९७	४०१५	१९७८२०	२२०००९	२०१८३५	१८१७४	१२.३७	५.६०
गृह, सञ्चार तथा कानुन मन्त्रालय	७२०३१९	३७५	१७७०४७	१७७४२२	१७७४२२	०	९.९८	२४.६३
उर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय	५०६५३१४	५९२०	१३०१४३	१३६३४३	१३६०६३	२८०	७.६७	२.६९
उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय	२२२७५५८	२५५६	७०७९२	७३४४८	७३३४८	१००	४.१३	३.३०
अन्य बाँकी निकाय	१९५४९३४९	६९८१	१००४६८	११६५०६	१०७४४९	९०५७	६.५५	०.५९
जम्मा	**४५७०७४७१**	**४७६५७**	**१२८१२२९**	**१७७८५२१**	**१३२८८८६**	**४४९६३५**	**१००.००**	**३.८९**

कुल बेरुजुमध्ये भौतिक पूर्वाधार विकास मन्त्रालयको सबैभन्दा बढी ५९.३१ प्रतिशत र अर्थ मन्त्रालय, मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश नीति आयोगको लगती बेरुजु रहेको छैन।

४.५. यो वर्ष प्रदेश मातहत १३४ सरकारी कार्यालयको लेखापरीक्षण गरेकोमा ३ कार्यालयको बेरुजु देखिएको छैन। समिति तथा अन्य संस्था ११ मा लगती बेरुजु देखिएको छ।

४.६. यो वर्ष प्रदेश मातहत १३१ सरकारी कार्यालयको ३ हजार ६४९ दफा बेरुजु देखिएकोमा ५७ दफा प्रतिक्रियाबाट फर्स्यौंट भई २ हजार १३१ दफा सैद्धान्तिक र १ हजार ४६१ दफा लगती बेरुजु कायम भएको छ।

४.७. प्रदेश सरकारी कार्यालयतर्फ गत वर्षसम्मको पेस्की रु.२ अर्ब ७८ करोड २९ लाख ८० हजार बाँकी रहेकोमा, यो वर्ष रु.८९ करोड ७७ लाख ६४ हजार थप भई रु.३ अर्ब ६८ करोड ७ लाख ४४ हजारमध्ये रु.१९ करोड ६० लाख १४ हजार फर्स्यौंट भई रु.३ अर्ब ४८ करोड ४७ लाख ३० हजार बाँकी रहेको छ। पेस्की बाँकीको अद्यावधिक विवरण **अनुसूची-५** मा रहेको छ।

४.८. समिति तथा अन्य संस्थातर्फ गत वर्षसम्मको पेस्की रु.३ करोड ९५ लाख ८ हजार बाँकी रहेकोमा यो वर्ष रु.२० लाख ९ हजार थप भई रु.४ करोड १५ लाख १७ हजार मध्ये रु.२६ लाख ३७ हजार फर्स्यौंट भई कुल पेस्की रु.३ करोड ८८ लाख ८० हजार बाँकी रहेको छ। पेस्की बाँकीको अद्यावधिक विवरण **अनुसूची-५** मा रहेको छ।

४.९. सरकारी कार्यालयतर्फ यो वर्ष लेखापरीक्षणको क्रममा रु.३७ लाख ६२ हजार र प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.७१ लाख ९० हजार र सम्परीक्षणको क्रममा रु.१ लाख ९४ हजार समेत रु.१ करोड ११ लाख ४६ हजार असुल भएको छ। यससम्बन्धी विवरण **अनुसूची-६** मा उल्लेख छ।

४.१०. यो वर्ष सरकारी कार्यालय ११ मा रु.२ लाख ५२ हजार र अन्य संस्था तथा समितिका ६ मा रु.६ लाख ६ हजारसमेत रु.८ लाख ५८ हजार अग्रीम कर कट्टी नगरेको बेरुजु कायम भएकोमा प्रतिक्रियाबाट असुली फर्स्यौंट भई रु.८ लाख ५५ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-७** मा उल्लेख छ।

४.११. प्रदेश सरकारी कार्यालय, समिति र अन्य संस्थाको ८ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु.हजारमा)

प्रतिवेदन	आर्थिक वर्ष	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत	पेस्की बाहेकको बेरुजु	पेस्की बाहेकको बेरुजु प्रतिशत
पहिलो, २०७५	२०७४।७५	६९४३९५	१६४६०९	२३.७०	५७५०९	८.२८
दोस्रो, २०७७	२०७५।७६	२५७३१४२६	१८२५३९९	७.०९	१२७२७०६	४.९४
तेस्रो, २०७८	२०७६।७७	३१९८६२२८	१८०५९१८	५.६४	१४१५८८०	४.४३
चौथो, २०७९	२०७७।७८	३९२८८५५८	२१३०५७३	५.४२	१७८८४७७	४.५५
पाँचौ, २०७९	२०७८।७९	४३१०७३७६	११६३३०९	२.७०	९७००६७	२.२५
छैटौं, २०८१	२०७९।८०	४७९५२१३२	१८५४२४२	३.८८	१४०५६७४	२.९३
सातौ, २०८२	२०८०।८१	५६०६३०१९	११६३८०२	२.५३	९६७७८८	२.१०
आठौं, २०८३	२०८१।८२	४९६९३९४३	१८७३३६१	३.७७	१४२३३७६	२.८६

परिच्छेद

३



लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

परिच्छेद-३

लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

१. **कानुन निर्माण -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले प्रदेश कानुनको एकीकरण, संहिताकरण तथा अभिलेख व्यवस्थापन सम्बन्धी कार्य गर्ने व्यवस्था छ। गृह सञ्चार तथा कानुन मन्त्रालयबाट प्राप्त विवरण अनुसार प्रदेश सरकारले हालसम्म ७० ऐन, २२ नियमावली, १७ कार्यविधि र १० निर्देशिका तयार गरेको छ।

२. **विधेयक पारित** - प्रदेश सभा कार्यसञ्चालन नियमावली, २०७५ को परिच्छेद १५ को नियम ९९ देखि १२८ सम्म विधेयक व्यवस्थापन सम्बन्धी कार्यविधि रहेको छ। यस वर्ष सभाको ५९ बैठक बसी दर्ता भएका १० मध्ये ७ विधेयक पारित भई प्रमाणीकरण भएका छन्। प्रदेश सभाको पहिलो कार्यकालमा ५५ विधेयक पारित भएको समेत २०८२ असार मसान्तसम्म ७० विधेयक पारित भई प्रमाणीकरण भएका छन्।

३. **प्रशासनिक संरचना पुनरावलोकन -** प्रदेश मन्त्रिपरिषद्को २०८०।४।२९ को बैठकले प्रदेश सरकार अन्तर्गतका निर्देशनालय, समिति, बोर्ड, आयोग र अन्य कार्यालयहरूमध्ये कामको हिसाबले आवश्यक सङ्गठनहरूको विषयमा अध्ययन गरी सिफारिस गर्न प्रमुख सचिवको संयोजकत्वमा गठित साङ्गठनिक संरचना पुनरावलोकन कार्यदलको प्रतिवेदन, २०८० ग्रहण गर्ने निर्णय गरेको छ। कार्यदलको प्रतिवेदनमा प्रदेशमा कायम रहेको १३४ संरचनामध्ये ६९ निरन्तरता, ३१ नयाँ थप र ६५ खारेज गरी १०० निकाय कायम गर्न सिफारिस गरेको छ। प्रतिवेदन कार्यान्वयन गर्नुपर्दछ।

४. **दरबन्दी र पदपूर्ति -** मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० मा प्रदेश निजामती तथा अन्य सरकारी कर्मचारीको अभिलेख र व्यवस्थापनको कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुने व्यवस्था छ। कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश अन्तर्गत ४ हजार १०१ दरबन्दी रहेकोमा १ हजार ६५९ पदपूर्ति भई २ हजार ४४२ पद रिक्त रहेको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकीकृत वित्तीय विवरण अनुसार यस वर्ष कर्मचारीको तलब भत्ता लगायत पारिश्रमिकमा रु.१ अर्ब ९३ करोड ९ लाख २ हजार खर्च भएको देखिन्छ। उक्त खर्च प्रदेश सरकारको यस वर्षको आय (वित्तीय हस्तान्तरण समेत) रु.२४ अर्ब ४१ करोड ४८ लाख ५६ हजारको ७.९१ प्रतिशत रहेको देखिन्छ।

५. **अर्थ विविध -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६(२) मा विनियोजन ऐन अनुसार खर्च गर्ने रकम एकपटक बाँडफाँट गरिसकेपछि पटकपटक बाडँफाँट गर्न नपाइने व्यवस्था छ। अर्थ मन्त्रालय अर्थ विविध शीर्षकमा चालु खर्चतर्फ रु.५० करोड र पुँजीगत खर्चतर्फ रु.५० करोड समेत रु.१ अर्ब अर्थात् कुल बजेट रु.४३ अर्ब ९० करोड २१ लाख ७० हजारको २.२७ प्रतिशत विनियोजन गरेको देखियो। अर्थ मन्त्रालयले विभिन्न मन्त्रालयमा चालु खर्चतर्फ रु.२२ करोड ६३ लाख ५९ हजार र पुँजीगत खर्चतर्फ रु.२३ करोड ५६ लाख ७६ हजार समेत जम्मा रु.४६ करोड २० लाख ३५ हजार रकमान्तर गरी खर्च गरेको छ। शीर्षकगत विनियोजन नगरी अर्थ विविधबाट रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

६. **राजस्व प्राप्ति -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय प्रतिवेदनअनुसार प्रदेशको विगत ३ वर्षको कर राजस्व र गैरकर राजस्व (अनुदान बाहेक) को असुलीको अवस्था देहाय अनुसार रहेको छः

(रु.हजारमा)

आर्थिक वर्ष	कर राजस्व	अन्य राजस्व (विविध समेत)	जम्मा	वृद्धिदर
२०७९।८०	११६१५५८९	२०५४५८७	१३६७०१७६	(१०.३०)
२०८०।८१	१२८२२८२३	१५८५५५३	१४४०८३७६	५.४०
२०८१।८२	१३९८२७९३	१२९६१५९	१५२७८९५२	६.०४

तालिका अनुसार २०७९।८० को तुलनामा २०८०।८१ मा राजस्व असुली ५.४० प्रतिशतले बढेकोमा यसवर्ष अघिल्लो वर्षभन्दा ६.०४ प्रतिशतले वृद्धि भएको छ।

७. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा कुनै एक बजेट उपशीर्षकमा रकम नपुग भएमा अर्को बजेट उपशीर्षकमा तोकिएको सीमाभित्र सम्बन्धित मन्त्रालयको सचिवले र अन्यको हकमा अर्थ मन्त्रालयले रकमान्तर गर्नसक्ने व्यवस्था छ। यो वर्ष सुरु बजेट रु.४३ अर्ब ८९ करोड २१ लाख ७० हजार बजेट स्वीकृत भएकोमा २०८२ असार महिनामा रु.१ अर्ब ३४ करोड ८२ लाख ७३ हजार रकमान्तर गरेको देखियो।

८. **स्थानीय तह वित्तीय हस्तान्तरण -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरण अनुसार स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार रहेको छः

(रु.हजारमा)

अनुदानको प्रकार	वार्षिक बजेट	हस्तान्तरण	हस्तान्तरण प्रतिशत
समानीकरण अनुदान	११८०८०४	११८०८०४	१००
समपूरक अनुदान	५८५५५०	७०२१४	११.९९
विशेष अनुदान	४०८०००	२०५४००	५०.३४
सशर्त अनुदान	१३५२५००	१०३००७०	७६.१६
जम्मा	**३५२६८५४**	**२४८६४८८**	**७०.५०**

प्रदेशका १३६ स्थानीय तहलाई २०८१।८२ मा वित्तीय हस्तान्तरणमा रु.३ अर्ब ५२ करोड ६८ लाख ५४ हजार विनियोजन गरेकोमध्ये वित्तीय समानीकरण अनुदान रु.१ अर्ब १८ करोड ८ लाख ४ हजार, समपूरक अनुदान रु.७ करोड २ लाख १४ हजार, विशेष अनुदान रु.२० करोड ५४ लाख र सशर्त अनुदान रु.१ अर्ब ३ करोड ७० हजार समेत रु.२ अर्ब ४८ करोड ६४ लाख ८८ हजार (बजेटको ७०.५० प्रतिशत) निकासा गरेको छ।

९. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको आयव्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार सामान्य प्रयोजनको वित्तीय विवरण तयारी एवम् प्रस्तुतीकरण गर्ने सार्वजनिक निकायले वार्षिक वित्तीय विवरण प्रस्तुतीकरण गर्दा सो मानमा उल्लिखित आवश्यकताहरू पूरा गर्नुपर्ने व्यवस्था बमोजिम सम्पूर्ण नगद प्राप्ति र भुक्तानीको विवरण, लेखा नीति र व्याख्यात्मक टिप्पणीहरू साथै स्वीकृत बजेट र यथार्थ रकमको तुलनात्मक विवरण तयार गर्नुपर्ने

व्यवस्था छ। एघार मन्त्रालयले २०८१।८२ को एकीकृत वित्तीय विवरण तयार गरेको छैन। कानुनमा भएको व्यवस्था बमोजिम वित्तीय विवरण तयार गर्नुपर्दछ।

१०. **दिगो विकास** - दिगो विकास लक्ष्य (२०१६-२०३०) अन्तर्गत गरिबी निवारण, भोकमरीको अन्त्य, स्वस्थ्य जीवन, शिक्षाको सुनिश्चितता, लैङ्गिक समानता समावेशिता, जलवायु परिवर्तनको न्यूनीकरण लगायतका १३ मुल क्षेत्रमा १६९ प्रमुख परिमाणात्मक लक्ष्यसहित विभिन्न अनुगमन सूचकहरूको निर्धारण गरेको छ। प्रदेश सरकारले उक्त लक्ष्य आन्तरिकीकरण गर्ने सिलसिलामा मध्यमकालीन खर्च संरचना (२०८०।८१-२०८२।८३) मा दिगो विकास लक्ष्यको १३ मुल क्षेत्रमा २०८१।८२ मा रु.४३ अर्ब ८९ करोड २१ लाख ७० हजार खर्च प्रक्षेपण गरेको छ। यसरी प्रक्षेपण भएको बजेटबाट दिगो विकासका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक अनुसार प्रादेशिक तहमा भएको कार्यको मूल्याङ्कन गरी प्रतिवेदन तयार गरेको छैन। आवधिक रूपमा दिगो विकास लक्ष्यको मूल्याङ्कन गर्नुपर्दछ।

११. **विषयगत समिति गठन र कार्यक्षेत्र** - प्रदेश सभा कार्य सञ्चालन नियमावली, २०७५ को नियम १४६ मा विभिन्न कार्य क्षेत्र अनुसार कार्य गर्ने गरी ७ विषयगत समिति गठन गर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १५१ मा आफ्नो कार्य क्षेत्र भित्र रही प्रत्येक विषयगत समितिको काम, कर्तव्य र अधिकार तोकिएको छ। उक्त व्यवस्था अनुसार गठन भएका समितिहरूको २०७९ पौष १५ (प्रदेश सभाको दोस्रो कार्यकाल सुरु) देखि २०८२ असार मसान्तसम्मको कार्यसम्पादन अवस्था निम्नानुसार रहेको छः

क्र.सं.	समितिको नाम	कार्यक्षेत्र	बैठक सङ्ख्या	निर्णय सङ्ख्या
१	कृषि तथा भूमि व्यवस्थापन समिति	भूमि व्यवस्था, कृषि तथा सहकारी, पशु सुकुम्बासी, जग्गा व्यवस्थापन र गुठी व्यवस्थापन सम्बन्धी	४९	७५
२	प्रदेश मामिला समिति	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह, सञ्चार तथा कानुन	३९	१०१
३	सार्वजनिक लेखा समिति	सार्वजनिक लेखा सम्बन्धी, महालेखापरीक्षकको प्रतिवेदन	७०	११६
४	विकास समिति	भौतिक पूर्वाधार, ऊर्जा र सिँचाइ खानेपानी सम्बन्धी	३६	४७
५	महिला बालबालिका तथा सामाजिक न्याय समिति	शिक्षा, संस्कृति, स्वास्थ्य, महिला बालबालिका ज्येष्ठ नागरिक र श्रम तथा रोजगार तथा सामाजिक विकास सम्बन्धी	७४	७४
६	अर्थ तथा योजना समिति	अर्थ मन्त्रालय र प्रदेश नीति तथा योजना आयोग	४३	२४
७	प्राकृतिक स्रोत तथा वातावरण समिति	उद्योग, वाणिज्य तथा पर्यटन, वन तथा वातावरण मन्त्रालय	६९	विवरण प्राप्त नभएको

विषयगत समितिबाट भएका निर्णय एवं निर्देशनको पालना भएको सुनिश्चित गर्नुपर्दछ।

१२. **वार्षिक प्रतिवेदन** - प्रदेश सभा कार्यसञ्चालन नियमावली, २०७५ को नियम १५१(५क) मा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन उपर छलफल गरी सार्वजनिक लेखा समितिले आवश्यक निर्देशन दिनुपर्ने व्यवस्था छ। महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष ७ वटा वार्षिक प्रतिवेदन पेस गरेकोमा समितिले १ देखि पाँचौ प्रतिवेदन उपर छलफल सम्पन्न भएको छ। लेखापरीक्षण प्रतिवेदन उपर छलफल गरी समितिको निर्णय कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।

१३. **प्रदेश विभाज्य कोष** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट अनसूची-४ बमोजिम नेपाल सरकारलाई ५० प्रतिशत, प्रदेशलाई २५

प्रतिशत र स्थानीय तहलाई २५ प्रतिशतको दरले बाँडफाँट गर्ने व्यवस्था छ। साथै प्रदेश आर्थिक ऐन, २०८१ को दफा ३(३) मा प्रदेश विभाज्य कोषमा जम्मा भएको सवारी साधन कर रकमको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा बाँडफाँट गर्नुपर्ने व्यवस्था छ। यो वर्ष विभाज्य कोषमा सवारी साधन कर रु.२ अर्ब ५६ करोड ८० लाख ५९ हजार र प्राकृतिक स्रोतको रोयल्टी रु.६ करोड ६५ लाख ४५ हजार गरी रु.२ अर्ब ६३ करोड ४६ लाख ४ हजार सङ्कलन भएकोमध्ये सोही रकम बाँडफाँट भई सङ्घलाई रु.६ करोड ६५ लाख ४५ हजार, प्रदेशलाई रु.१ अर्ब ५४ करोड ८ लाख ३५ हजार र स्थानीय तहमा रु.१ अर्ब २ करोड ७२ लाख २४ हजार बाँडफाँट गरेको छ। राजस्व व्यवस्थापन सूचना प्रणाली अनुसार आर्थिक वर्षको अन्त्यमा सवारी साधन कर रु.१३ करोड ४५ लाख ५ हजार बाँडफाँट गर्न बाँकी देखिएकोमा वार्षिक विवरणमा उक्त रकम समेत समावेश गरी विभाज्य कोषको हिसाब तयार गरेकोले सञ्चित कोषमा रु.१३ करोड ४५ लाख ५ हजारले बढी आय लेखाङ्कन भएको छ।

१४. **राजस्व सङ्कलन** - प्रदेश आर्थिक ऐन, २०८१ को दफा ४ मा मनोरञ्जन कर, दफा ५ मा विज्ञापन कर, दफा ६ मा पर्यटन शुल्क, दफा ७ मा कृषि आयकर र दफा ८ मा ढुंगा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर शुल्क असुल गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

१४.१. आर्थिक वर्ष २०८१।८२ मा विज्ञापन कर रु.१० लाख सङ्कलन गर्ने लक्ष्य रहेकोमा रु.२ लाख ४ हजार अर्थात् लक्ष्यको तुलनामा २०.४ प्रतिशत असुल भएको छ।

१४.२. दहत्तर बहत्तर शुल्क रु.३५ करोड सङ्कलन गर्ने लक्ष्य लिएकोमा रु.३ करोड ८३ लाख ४२ हजार अर्थात् लक्ष्यको तुलनामा १०.९५ प्रतिशत असुल भएको छ।

१४.३. कृषि आयकर रु.७८ लाख सङ्कलन गर्ने लक्ष्य लिएकोमा रु.५६ लाख ११ हजार अर्थात् लक्ष्यको तुलनामा ७१.९४ प्रतिशत असुली भएको छ।

१४.४. मनोरञ्जन कर र पर्यटन शुल्ककको शीर्षकगत अभिलेख राखेको छैन।

राजस्व परिचालनमा न्यून प्रगति देखिएको सम्बन्धमा समीक्षा गरी कानुनमा भएको व्यवस्था अनुसार सबै स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुनुपर्ने कर र शुल्क रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्दछ। स्थानीय तहबाट राजस्व बाँडफाँट भई प्राप्त हुने रकमको अनुगमन हुनुपर्दछ। कार्यालयले शीर्षकगत अभिलेख राख्नुपर्छ।

१५. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९(१) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारी कार्यालयको सम्पत्तिको अद्यावधिक अभिलेख तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको सम्पत्तिको एकीकृत प्रतिवेदनमा यस प्रदेश अन्तर्गत यो वर्षसम्म भवन संरचनामा रु.४५ करोड ६ लाख ७७ हजार, मेसिनरी उपकरणमा रु.४ अर्ब ९ करोड ६ लाख १० हजार, अन्य स्थिर सम्पत्तिमा रु.२२ करोड ५३ लाख ६० हजार, जगेडा सामानहरूमा रु.३ लाख ७३ हजार, प्राकृतिक सम्पत्तिहरूमा रु.४१ लाख ७५ हजार र जिन्सी मालसामानहरूमा रु.६० करोड ९९ लाख ४० हजार समेत रु.५ अर्ब ३८ करोड ११ लाख ३५ हजारको सम्पत्ति रहेको छ। प्रदेश अन्तर्गतका सबै कार्यालयको सार्वजनिक सम्पत्तिको यथार्थ र अद्यावधिक विवरण प्रणालीमा आवद्ध गर्नुपर्दछ।

१६. **भुक्तानी बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा सम्बन्धित शीर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च बेहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले आगामी वर्षमा भुक्तानी दिन सक्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार आगामी वर्षको लागि रु.४ करोड ९७ लाख भुक्तानी दिन बाँकी रहेकोमा विनियोजित बजेट फ्रिज हुने तर सम्पन्न कामको भुक्तानी हुन नसक्दा अनावश्यक दायित्व सिर्जना भएको देखिन्छ। सम्पन्न भइसकेको कामको भुक्तानी सम्बन्धित आर्थिक वर्षमै हुने व्यवस्था मिलाएर आगामी वर्षको लागि दायित्व सिर्जना गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१७. **शहीद तथा घाइते आश्रित परिवार अनुदान** - मधेश प्रदेश मन्त्रिपरिषदको विभिन्न मितिको निर्णय अनुसार २०८१।९।२७ मा बसेको मधेशी शहीद प्रतिष्ठानको निर्देशक समितिको बैठकमा भएका निर्णय तथा प्रदेश सरकारको २०८१।९।२९ को निर्णय एवं आर्थिक वर्ष २०८१।८२ को बजेट वक्तव्यमा समेत निरन्तरता दिए अनुसार यस वर्ष मधेश आन्दोलनका ६२ शहीद घर परिवारलाई ३ लाखका दरले रु.१ करोड ८६ लाख र जिउँदो शहीद १ जनालाई रु.३ लाख समेत कुल रु.१ करोड ८९ लाख र मधेश आन्दोलनका १०७ जना घाइतेमध्ये प्रकृति हेरी २४ जनालाई रु.१ लाखको दरले रु.२४ लाख, ३६ जनालाई १ लाख ५० हजारको दरले रु.५४ लाख र ४७ जनालाई २ लाखको दरले रु.९४ लाख समेत जम्मा रु.३ करोड ६१ लाख नगद सहायता प्रदान गरेको छ। आर्थिक वर्ष २०७८।७९, २०७९।८० र २०८०।८१ मा यस्तो रकम क्रमशः रु.३ करोड ३७ लाख, रु.६ करोड ११ लाख र रु.३ करोड ५४ लाख खर्च भएको छ। यस्तो कार्यक्रम सम्बन्धमा नीतिगत स्पष्टता गर्नुपर्दछ।

१८. **विपन्न उपचार सहायता** - मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधी उपचार कार्यक्रम सञ्चालन निर्देशिका, २०८० मा औषधी उपचार बापत सहायता दिँदा अपनाउनुपर्ने प्रक्रिया उल्लेख छ। यस वर्ष आर्थिक सहायता व्यवस्थापन कार्यविधि, २०८० (पहिलो संशोधन) स्वीकृत गरी कडा रोग लागि उपचार गर्न असमर्थ नागरिकले अनुसूची-१(ख) बमोजिमको ढाँचामा निवेदन दिने व्यवस्था गरी प्रतिव्यक्ति रु.१ लाख उपलब्ध गराउने व्यवस्था बमोजिम १ हजार ६३८ व्यक्तिलाई रु.१ लाखको दरले रु.१६ करोड ३८ लाख सहायता प्रदान गरेकोमा खर्च अभिलेख राखी वेबसाइट मार्फत सार्वजनिक गरेको छैन। उपचार सहायता पाउने नागरिकको नाम र विवरण सार्वजनिक गर्नुपर्दछ।

१९. **त्रैमासिक खर्च** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ अनुसार कार्यालयले वार्षिक कार्यक्रमको आधारमा रकम खर्च गर्दा मासिक र त्रैमासिक बजेट बाँडफाँट र वार्षिक खरिद योजना बनाइ खर्च गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको विवरणअनुसार प्रदेश सरकारको २०८१।८२ को त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय अनुसार रहेको छः

(रु.हजारमा)

शीर्षक	कुल खर्च	त्रैमासिक खर्च				असार महिना
		प्रथम	दोस्रो	तेस्रो	चौथो	
पुँजीगत खर्च	२१४७५००७	१२२९४	३५५७१५	१२२२८०९	१९८८४१८९	१६९२३०२७
प्रतिशत	१००	०.०६	१.६६	५.६९	९२.५९	७८.८०

यो वर्ष चौथो त्रैमासिकमा ९२.५९ प्रतिशत खर्च भएकोमा असार महिनामा मात्र ७८.८० प्रतिशत खर्च भएको देखिन्छ। त्रैमासिक रूपमा खर्च सन्तुलन नगरी चौथो त्रैमासिक र असारमा खर्च

गर्दा अनुगमन र मूल्याङ्कन गर्न कठिन हुने, कामको गुणस्तर कायम गर्न नसकिने हुँदा स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा खर्च व्यवस्थापन गर्नुपर्दछ।

२०. **आवास कार्यक्रम -** प्रदेश सरकारले सञ्चालन गरेको आवास कार्यक्रम सम्बन्धमा देहाय अनुसारको बेहोरा देखिएको छः

२०.१. **महेन्द्र नारायण निधि आवास -** महेन्द्र नारायण निधि आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ को दफा ३, ४ र १६ मा लक्षित वर्ग पहिचान, आधार निर्धारण र जिल्ला स्तरीय समितिबाट लाभग्राही छनोट गर्ने व्यवस्था छ। मधेश प्रदेशका ८ पूर्वाधार विकास कार्यालयले २ हजार २१ लाभग्राही छनोट गरी प्रदेशका असहाय, विपन्न, एकल महिला तथा घरबारविहीनलाई आवास उपलब्ध गराउने कार्यक्रम अन्तर्गत तीन किस्तामा प्रतिघर रु.५ लाख ६० हजार अनुदान प्रदान गरी आवास निर्माण गरिँदै आएको छ। यस वर्ष ८ कार्यालयहरूले रु.५६ करोड ३८ लाख ७ हजार खर्च गरेको देखिन्छ। कुल ३ हजार १३ आवास एकाइमध्ये २ हजार ४७९ सम्पन्न भएका छन्। अधुरो रहेका ५३४ योजना समयमै सम्पन्न गर्नुपर्दछ।

२०.२. **जनता आवास -** जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ अनुसार जिल्ला स्तरीय समितिले लाभग्राही छनोट गर्ने व्यवस्था रहेको छ। तीन किस्तामा प्रतिघर रु.३ लाख ५० हजार अनुदान प्रदान गरी आवास निर्माण गरिँदै आएकोमा यस वर्ष ८ पूर्वाधार विकास कार्यालयहरूले २ हजार ९०२ लाभग्राही छनोट गरी यस वर्ष रु.७ करोड ४४ लाख ३२ हजार खर्च भएको छ। कुल ६ हजार ८९८ आवास एकाइमध्ये ५ हजार ५७८ सम्पन्न भई १ हजार ३२० अधुरा रहेका छन्। अधुरा आवास भवन समयमा निर्माण कार्यसम्पन्न गर्नुपर्दछ।

२०.३. **मदन भण्डारी विपन्न आवास -** मदन भण्डारी विपन्न आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को बुँदा ३ र ४ मा जिल्ला स्तरीय छनोट तथा अनुगमन समितिले लक्षित वर्ग पहिचान गरी अनुसूची-१ अनुसार आधार र प्राथमिकता निर्धारण गरेर लाभग्राही सूची तयार गरी लक्षित व्यक्तिहरूलाई प्राथमिकतामा राख्ने व्यवस्था छ। मधेश प्रदेशका ८ पूर्वाधार विकास कार्यालयहरूले २ हजार ६६० लाभग्राही छनोट गरेका छन्। कार्यान्वयन कार्यविधि २०८१ को बुँदा १२ अनुसार लाभग्राहीलाई ३ किस्तामा रु.५ लाख ६० हजार प्रदान गर्ने व्यवस्था रहेकोमा प्रदेश अन्तर्गतका ८ जिल्लामा रु.८५ करोड ६९ लाख ७५ हजार वितरण गरिएको छ। कार्यविधिले तोकेका आधार र प्राथमिकता अनुसार लाभग्राही छनोट भएको सुनिश्चित गर्नुपर्दछ।

खण्ड

१

मन्त्रालय र निकायगत बेहोरा

प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश सभा गठन भएको छ। उक्त प्रदेश सभामा १०७ सदस्य निर्वाचित हुने व्यवस्था छ। नेपालको संविधानको धारा १९५ बमोजिम प्रदेश सभा सचिवालय स्थापना भई सभाको काम कारबाही सञ्चालन तथा व्यवस्थापन हुँदै आएको छ। प्रदेश सभाको प्रमुख कार्य सरकार निर्माण गर्नु, प्रादेशिक कानुन बनाउनु, प्रदेश सरकारको काम कारबाहीको निगरानी गर्नु र प्रादेशिक जनसरोकारको विषयमा प्रदेश सभामा छलफल गर्नु रहेको छ।

१. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीको प्रदेश सभा सचिवालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	२५१०४५	२६५४०१	२३३५११	८७.९८
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१४०	१४०	७५	५३.५७
२२१०० सेवा महसुल	४२०२	६३४७	५२०२	८१.९५
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	२५६११	२७२६१	२२८४५	८३.७९
२२३०० कार्यालय सामान तथा सेवा	१७२९०	१९११५	१२९४१	६७.७०
२२४०० सेवा तथा परामर्श खर्च	२०४१५	२०९२०	१८०१६	८६.११
२२५०० कार्यक्रम सम्बन्धी खर्च	३१०८८	३२०८८	१३०५३	४०.६७
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१५१०९	१५७०९	४९४४	३१.४७
२२७०० विविध खर्च	३५००	९७०५	७५४१	७७.६९
२७२०० औषधी उपचार	१६००	१६००	१४९९	९३.६८
२८१०० सम्पत्ति सम्बन्धी खर्च	२५००	७००	०	०
जम्मा	**३७२५००**	**३९८९८६**	**३१९६२७**	**८०.१०**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति पुँजीगत खर्च	१०५०००	९९२००	५७१२१	५७.५८
कुल जम्मा	**४७७५००**	**४९८१८६**	**३७६७४८**	**७५.६२**

उल्लिखित तालिका अनुसार कार्यालयले अन्तिम बजेटको चालुतर्फ ८०.१० प्रतिशत, पुँजीगततर्फ ५७.५८ प्रतिशत र समग्रमा ७५.६२ प्रतिशत खर्च गरेको छ।

२. **लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिम लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउने व्यवस्था छ। यस कार्यालयको विनियोजन रु.३७ करोड ६७ लाख ४८ हजार, राजस्व रु.११ लाख ९१ हजार, धरौटी रु.४२ लाख ४१ हजार गरी रु.३८ करोड २१ लाख ८० हजारको २०८२ भाद्र २३ र २४ को घटनाको क्रममा स्रेस्ता कागजात क्षति भएको जनाएकोले उक्त रकमको लेखापरीक्षण गरिएको छैन।

३. **विधेयक पारित** - प्रदेश सभा कार्यसञ्चालन नियमावली, २०७५ को परिच्छेद १५ को नियम ९९ देखि १२८ सम्म विधेयक व्यवस्थापन सम्बन्धी कार्यविधि रहेको छ। यस वर्ष सभाको ५९ बैठक बसी दर्ता भएका १० मध्ये ७ विधेयक पारित भई प्रमाणीकरण भएका छन्। प्रदेश सभाको पहिलो कार्यकालमा ५५ विधेयक पारित भएको समेत २०८२ असार मसान्तसम्म ७० विधेयक पारित भई प्रमाणीकरण भएका छन्।

४. **विषयगत समिति गठन र कार्यक्षेत्र** - प्रदेश सभा कार्य सञ्चालन नियमावली, २०७५ को नियम १४६ मा विभिन्न कार्य क्षेत्र अनुसार कार्य गर्ने गरी ७ विषयगत समिति गठन गर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १५१ मा आफ्नो कार्य क्षेत्र भित्र रही प्रत्येक विषयगत समितिको काम, कर्तव्य र अधिकार तोकिएको छ। उक्त व्यवस्था अनुसार गठन भएका समितिहरूको २०७९ पौष १५ (प्रदेश सभाको दोस्रो कार्यकाल सुरु) देखि २०८२ असार मसान्तसम्मको कार्यसम्पादन अवस्था निम्नानुसार रहेको छः

क्र.सं.	समितिको नाम	कार्यक्षेत्र	बैठक सङ्ख्या	निर्णय सङ्ख्या
१	कृषि तथा भूमि व्यवस्थापन समिति	भूमि व्यवस्था, कृषि तथा सहकारी, पशु सुकुम्बासी, जग्गा व्यवस्थापन र गुठी व्यवस्थापन सम्बन्धी	४९	७५
२	प्रदेश मामिला समिति	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह, सञ्चार तथा कानुन	३९	१०१
३	सार्वजनिक लेखा समिति	सार्वजनिक लेखा सम्बन्धी, महालेखापरीक्षकको प्रतिवेदन	७०	११६
४	विकास समिति	भौतिक पूर्वाधार, ऊर्जा र सिँचाइ खानेपानी सम्बन्धी	३६	४७
५	महिला बालबालिका तथा सामाजिक न्याय समिति	शिक्षा, संस्कृति, स्वास्थ्य, महिला बालबालिका ज्येष्ठ नागरिक र श्रम तथा रोजगार तथा सामाजिक विकास सम्बन्धी	७४	७४
६	अर्थ तथा योजना समिति	अर्थ मन्त्रालय र प्रदेश नीति तथा योजना आयोग	४३	२४
७	प्राकृतिक स्रोत तथा वातावरण समिति	उद्योग, वाणिज्य तथा पर्यटन, वन तथा वातावरण मन्त्रालय	६९	विवरण प्राप्त नभएको

विषयगत समितिबाट भएका निर्णय एवं निर्देशनको पालना भएको सुनिश्चित गर्नुपर्दछ।

५. **वार्षिक प्रतिवेदन** - प्रदेश सभा कार्यसञ्चालन नियमावली, २०७५ को नियम १५१(५क) मा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन उपर छलफल गरी सार्वजनिक लेखा समितिले आवश्यक निर्देशन दिनुपर्ने व्यवस्था छ। महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष ७ वटा वार्षिक प्रतिवेदन पेस गरेकोमा पाँचौ प्रतिवेदनसम्म छलफल सम्पन्न भएको छ। लेखापरीक्षण प्रतिवेदन उपर छलफल गरी समितिको निर्णय कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार कार्यालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेश मन्त्रिपरिषद् सम्बन्धी कार्य,
- प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
- प्रदेशको अधिकार अन्तर्गत विषयगत नीति तर्जुमाका लागि मन्त्रालयलाई निर्देशन, स्वीकृति, कार्यान्वयन,
- प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन,
- विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति र तर्जुमा भएको विधेयक मस्यौदाको स्वीकृति, अध्यादेश जारीका लागि सिफारिस र प्रत्यायोजित विधायन मन्त्रिपरिषद्बाट जारी गर्ने,
- शासकीय सुधार, सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रदेश निजामती सेवाको सुधार,
- प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन,
- प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति तथा कानुन तर्जुमा एवम् कार्यान्वयन,
- कर्मचारीहरूको अभिलेख व्यवस्थापन,
- प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण,
- प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन,
- नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी सन्धि सम्झौताहरूको अभिलेख व्यवस्थापन र कार्यान्वयन।

१. **लेखापरीक्षण अङ्क** – यो वर्ष मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहतको १ कार्यालयको रु.१ करोड ३५ लाख ३३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१३५३३	-	-	-	१३५३३

यो वर्ष समिति तथा अन्य संस्थातर्फ १ निकायको रु.१२ करोड ९७ लाख ४२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

२. **लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिम लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउने व्यवस्था छ। आर्थिक वर्ष २०८१।८२ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ को घटनाको कारण पेस हुन नसेकेकोले विनियोजनतर्फ रु.८ करोड ६२ लाख २९ हजार, राजस्व रु.१

करोड ३१ लाख ७२ हजार, धरौटी रु.५ करोड ५ लाख ३८ हजार र अन्य कारोबार रु.४४ करोड १४ लाख ५६ हजार गरी जम्मा रु.५९ करोड १३ लाख ९५ हजारको लेखापरीक्षण गरिएको छैन।

३. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त कार्यालय र मातहतका कार्यालय समेतको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	१०९०४८	१०९०५८	४६८५६	४२.९६
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	२१४३	२१४३	३५२	१६.४२
२२१०० सेवा महसुल	१३१५८	२०५०८	१६७७३	८१.७८
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	३१२८८	३३७८८	१७३७७	५१.४२
२२३०० कार्यालय सामान तथा सेवाहरू	२८३२२	२८३२२	१४२५६	५०.३३
२२४०० सेवा तथा परामर्श खर्च	२७२३०	२७२३०	१३५८३	४९.८८
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	१९८८७६	१७६९७१	२१६९३	१२.२५
२२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च	१५५५३	१५५५३	४६०७	२९.६२
२२७०० विविध खर्च	१०३९३	१०३९३	३८३५	३६.८९
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१०००	१०००	०	०
जम्मा	**४३७०११**	**४२४९६६**	**१३९३३५**	**३२.७८**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति	९३९४२	५४४४२	२३१९९	**४२.६१**
कुल जम्मा	**५३०९५३**	**४७९४०८**	**१६२५३४**	**३३.९०**

उल्लिखित तालिकाअनुसार कार्यालयले अन्तिम बजेटको चालुतर्फ ३२.७८ प्रतिशत, पुँजीगततर्फ ४२.६१ प्रतिशत र समग्रमा ३३.९० प्रतिशत खर्च गरेको छ।

४. **प्रशासनिक संरचना पुनरावलोकन** - प्रदेश मन्त्रिपरिषद्‌को २०८०।४।२९ को बैठकले प्रदेश सरकार अन्तर्गतका निर्देशनालय, समिति, बोर्ड, आयोग र अन्य कार्यालयहरूमध्ये कामको हिसाबले आवश्यक सङ्गठनहरूको विषयमा अध्ययन गरी सिफारिस गर्न प्रमुख सचिवको संयोजकत्वमा गठित साङ्गठनिक संरचना पुनरावलोकन कार्यदलको प्रतिवेदन, २०८० ग्रहण गर्ने निर्णय गरेको छ। कार्यदलको प्रतिवेदनमा प्रदेशमा कायम रहेको १३४ संरचनामध्ये ६९ निरन्तरता, ३१ नयाँ थप र ६५ खारेज गरी १०० निकाय कायम गर्न सिफारिस गरेको छ। प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने बेहोरा विगतको प्रतिवेदनमा औंल्याइएकोमा स्थिति यथावत छ।

५. **दरबन्दी र पदपूर्ति** - मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० मा प्रदेश निजामती तथा अन्य सरकारी कर्मचारीको अभिलेख र व्यवस्थापनको कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट हुने व्यवस्था छ। कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश अन्तर्गत ४ हजार १०१ दरबन्दी रहेकोमा १ हजार ६५९ पदपूर्ति भई २ हजार ४४२ पद रिक्त रहेको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकीकृत वित्तीय विवरण अनुसार यस वर्ष कर्मचारीको तलब भत्ता लगायत पारिश्रमिकमा रु.१ अर्ब ९३ करोड ९ लाख २ हजार खर्च भएको देखिन्छ। उक्त खर्च प्रदेश सरकारको यस वर्षको आय

(वित्तीय हस्तान्तरण समेत) रु.२४ अर्ब ४१ करोड ४८ लाख ५६ हजारको ७.९१ प्रतिशत रहेको देखिन्छ।

प्रदेश जनलोकपाल आयोग

६. **आयोगको गठन** - प्रदेश सरकारले प्रदेश जनलोकपाल ऐन, २०७७ अनुसार आयोगको गठन भएको छ। आयोगले सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनियमितता तथा भ्रष्टाचार सम्बन्धमा विस्तृत छानबिन गरी त्यसबाट भ्रष्टाचार गरेको देखिएमा रायसहितको प्रतिवेदन साथ सक्कल फाइल अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने व्यवस्था छ। प्रदेश जनलोकपाल आयोगले सार्वजनिक पद धारण गरेका व्यक्तिले गरेको अनियमितता र भ्रष्टाचारको विस्तृत छानबिन गर्ने विषयको सम्बन्धमा संवैधानिक व्यवस्था समेतका आधारमा थप स्पष्ट हुनुपर्दछ। आयोगको लागि यस वर्ष रु.४ करोड ९० लाख ११ हजार बजेट विनियोजन भएकोमा रु.१ करोड ३५ लाख ३३ हजार खर्च भएको छ।

७. **सदस्य पद रिक्त** - प्रदेश जनलोकपाल ऐन, २०७७ को दफा २३ मा आयोगको अध्यक्षसहित तीन जना सदस्य रहने र उपदफा ८ मा कुनै कारणले अध्यक्ष तथा सदस्यको पद रिक्त भएमा सिफारिस समितिले १ महिना भित्र रिक्त स्थान पूर्ति गर्ने उल्लेख छ। आयोगमा २ जना सदस्यहरूको २०८१।१०।१ गते देखि लागु हुने गरी राजीनामा स्वीकृत भएकोमा हालसम्म नियुक्ति भएको छैन।

८. **उजुरी दर्ता र फर्स्यौट** - आयोगबाट प्राप्त विवरणअनुसार चालु वर्षका १४ र गत वर्षको जिम्मेवारी ४२ समेत ५६ उजुरी टुंगो लगाउन बाँकी छ। विषयगत रूपमा चालु वर्षको छात्रवृत्तिमा भएको भ्रष्टाचारको १, आवश्यक कारबाहीको ७, अनियमितता देखिएको २, अवकाश प्राप्त कर्मचारीहरूलाई कामकाजमा लगाएको १, छानबिन गरी कानुनी कारबाही गर्नुपर्ने २ र प्रदेश सांसदका विकास निर्माण योजनाको १ रहेको छ।

समिति तथा अन्य संस्था

प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र

प्रदेश सरकार र स्थानीय तहको क्षमता विकास तथा सशक्तीकरण गर्ने, सार्वजनिक पदाधिकारी तथा कर्मचारीको क्षमता विकाससम्बन्धी तालिम सञ्चालन गर्ने, प्रदेश तथा स्थानीय शासनसम्बन्धी अध्ययन एवं अनुसन्धान गरी प्राज्ञिक रूपमा प्रभावकारी भूमिका निर्वाह गर्ने उद्देश्यले केन्द्रको स्थापना भएको छ। यस वर्ष केन्द्रको लागि रु.१६ करोड ७५ लाख ७५ हजार बजेट विनियोजन भएकोमा रु.१२ करोड ९७ लाख ४२ हजार खर्च भएको छ।

९. **वार्षिक प्रतिवेदन** - प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७८ को दफा १४ मा केन्द्रको वार्षिक तथा आवधिक प्रगति विवरण कार्यकारी निर्देशकले सञ्चालक समिति समक्ष पेस गर्नुपर्ने उल्लेख गरको भए तापनि केन्द्रको वार्षिक विवरण तयार गरी पेस गरेको छैन। कानुनी व्यवस्था अनुसार प्रतिवेदन तयार गरी पेस गर्नुपर्दछ।

१०. **मौज्दात हस्तान्तरण** - केन्द्रको स्व-आर्जन कोषको आय-व्यय विवरणअनुसार साविक ग्रामीण विकास प्रशिक्षण केन्द्रको नाममा रु.७५ लाख ११ हजार मौज्दात रहेको छ। ग्रामीण विकास प्रशिक्षण केन्द्र

खारेज भै प्रदेश अन्तर्गत यस केन्द्र स्थापना भएकोमा साविक केन्द्रको नाममा रहेको मौज्दात यस केन्द्रमा हस्तान्तरण नभएको बेहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा स्थिति यथावत छ।

११. **तालिम कार्यक्रम -** प्रशिक्षण केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७८ को दफा ६(ग) मा केन्द्रले प्रशिक्षणको पाठ्यक्रम तथा प्रशिक्षण सामग्री तयारी र कार्यतालिका निर्धारण गर्ने उल्लेख गरेकोमा केन्द्रले प्रदेशस्तर तथा स्थानीय तहका कर्मचारीको सेवाकालिन तालिम, स्थानीय तहका कर्मचारीको लागि नेतृत्व क्षमता विकास कार्यक्रम, स्थानीय तहका पदाधिकारीहरूको लागि पञ्जीकरणसम्बन्धी तालिम लगायत तालिममा रु.९१ लाख ७ हजार खर्च गरेको छ। १११ तालिम सञ्चालन गर्ने लक्ष्य निर्धारण गरेकोमा ७७ वटा तालिम सञ्चालन गरी जनप्रतिनिधि ५४४ र कर्मचारी ५२९ गरी जम्मा १ हजार ७३ जनालाई तालिम प्रदान गरेको छ। लक्ष्यको तुलनामा ६९.३६ प्रतिशत मात्र तालिम कार्यक्रम सञ्चालन गरेको देखिन्छ। प्रशिक्षण दिने तह/समूह र विषयको कार्यतालिका निर्धारण गरेको देखिएन। तालिम सञ्चालनको कार्यतालिका निर्माण गरी प्रगति हासिल गर्नुपर्दछ।

१२. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा २० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान खरिद खुला बोलपत्रको माध्यमद्वारा गर्नुपर्ने व्यवस्था छ। केन्द्रले विभिन्न निर्माण व्यवसायी/आपूर्तकबाट कोटेशन विधि मार्फत आवासीय भवन निर्माण तथा खरिदमा रु.२६ लाख ३५ हजार, मेसिनरी औजारमा रु.३० लाख, फर्निचर तथा फिक्चर्समा रु.२२ लाख ६९ हजार, सरसफाइ संरचना निर्माणमा रु.१७ लाख ३० हजार, अन्य सार्वजनिक निर्माण रु.२९ लाख ३२ हजार र निर्मित भवनको संरचना सुधार रु.१७ लाख ८१ हजार समेत रु.१ करोड ७२ लाख ७९ हजार खर्च गरेको छ। समान प्रकृतिको खरिदको एउटै प्याकेज बनाई प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा सोझै खरिद, दरबन्दी र पदपूर्ति, प्रशासनिक संरचना पुनरावलोकन, उजुरी दर्ता र फर्स्यौंट, मौज्दात हस्तान्तरण लगायतका सम्बन्धमा सुझाउ दिएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिँदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष कार्यालय मातहत २ निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः
  - सरकारी तर्फ यो वर्ष रु.३ लाख ९२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फर्स्यौंट हुन नसकी सोही रकम बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।
  - समिति तथा अन्य संस्थातर्फ यो वर्ष रु.५ लाख ४३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फर्स्यौंट हुन नसकी सोही रकम बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-१०** मा समावेश छ।

गृह, सञ्चार तथा कानुन मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशभित्र शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा सङ्घसँगको समन्वय र सहकार्य,
- सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण, जग्गा वा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशभित्र सूचना प्रविधि प्रवर्धन, टेलिसेन्टर र सूचना प्रविधि पार्कको निर्माण, व्यवस्थापन, सञ्चालन र नियमन,
- अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,
- प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन,
- मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन,
- साइबर सुरक्षा अनुगमन,
- प्रदेशस्तरमा तारयुक्त र तारररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन,
- प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण र अनुगमन
- श्रमजीवी सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन,
- प्रदेशका विषयगत मन्त्रालयले मस्यौदा गरेको ऐन, नियम र गठन आदेशको तर्जुमा सुधार,
- न्यायिक निकायले गरेका फैसला कार्यान्वयनमा सहयोग र सहजीकरण,
- विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय, सहकार्य र सहयोग,
- प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय,
- अन्य मन्त्रालयको कार्यक्षेत्रमा नपरेका बाँकी सम्पूर्ण विषयहरू।

१. **लेखापरीक्षण अङ्क** - यो वर्ष मन्त्रालयको रु.७२ करोड ३ लाख १९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
५१६१४९	७३८८	३३२५५	१६३५२७	७२०३१९

यो वर्ष अन्य संस्था तथा समितितर्फ ३ निकायको रु.६ करोड ८५ लाख ३४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

२. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालय र मातहतका कार्यालय समेतको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक /सुविधा	४१९८६	४१९८६	१९५९५	४६.६७
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१८९	१८९	६१	३२.२८
२२१०० सेवा महसुल	२८७२	३०७२	२२११	७१.९७
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१६५५०	१७७५०	१०५२२	५९.२८
२२३०० कार्यालय सामान तथा सेवा	८६६०	८७६०	६२९१	७१.८२
२२४०० सेवा तथा परामर्श खर्च	८६५६	८८५६	४६१६	५२.१२
२२५०० कार्यक्रम सम्बन्धी खर्च	१४५९००	११९६००	७१८९६	६०.११
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	५५४०	५५४०	३५६६	६४.३७
२२७०० विविध खर्च	२६७०	२९७०	२६५७	८९.४६
२६४०० सामाजिक सेवा अनुदान	२४५८४	२४५८४	२०५७७	८३.७०
२७२०० सामाजिक सहायता	२०३२१	२०३२१	०	०
२८१०० सम्पत्ति सम्बन्धी खर्च	३०७६	३०७६	६७	२.१८
२८९०० भैपरी आउने चालु खर्च	५००	५००	०	०
जम्मा	**२८१५०४**	**२५७२०४**	**१४२०५९**	**५५.२३**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	४९४०००	४५१०८४	३७४०९०	८२.९३
कुल जम्मा	**७७५५०४**	**७०८२८८**	**५१६१४९**	**७२.८७**

उल्लिखित विवरणअनुसार मन्त्रालयले चालुतर्फ ५५.२३ प्रतिशत, पुँजीगततर्फ ८२.९३ प्रतिशत तथा कुल जम्मा ७२.८७ प्रतिशत खर्च गरेको छ।

३. **वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५ को उपदफा २ मा मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा तोकिएको अवधिभित्र पेस गरीसक्नुपर्ने र दफा ४६ बमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको ७ दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्ने व्यवस्था रहेकोमा एकीकृत वित्तीय विवरण तयार गरी पेस नगरेको बेहोरा विगतका प्रतिवेदनमा औंल्याइएकोमा स्थिति यथावत छ।

४. **कानुन निर्माण** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले प्रदेश कानुनको एकीकरण, संहिताकरण तथा अभिलेख व्यवस्थापन सम्बन्धी कार्य गर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त

विवरणअनुसार प्रदेश सरकारले हालसम्म ७० ऐन, २२ नियमावली, १७ कार्यविधि र १० निर्देशिका तयार गरेको छ।

५. **दिगो विकास** - दिगो विकास लक्ष्यको कार्यान्वयन (२०१६-२०३०) का लागि राष्ट्रिय योजना आयोगले प्रदेश तथा स्थानीय तहलाई स्रोत व्यवस्थापन, संस्थागत प्रबन्ध, अनुगमन तथा मूल्याङ्कन समेतमा विभिन्न मार्गदर्शन उपलब्ध गराएको छ। मध्यमकालीन खर्च संरचना २०८१।८२ देखि २०८३।८४ मा मन्त्रालयसँग सम्बन्धित लक्ष्य नं.१६ मा दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजलाई प्रवर्धन गर्ने, सबैको लागि न्यायमा पहुँच प्रदान गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरू निर्माणमा आर्थिक वर्ष २०८१।८२ को लागि रु.७७ करोड ५७ लाख ४ हजार प्रक्षेपण गरी सोही बमोजिम बजेट विनियोजन भएको छ। प्रक्षेपण भएको बजेटबाट दिगो विकासका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक अनुसार प्रादेशिक तहमा भएको कार्यको मूल्याङ्कन गरी मन्त्रालयले प्रतिवेदन तयार गरेको छैन। मन्त्रालयले स्पष्ट र समयबद्ध कार्ययोजना तयार गरी आवधिक रूपमा मूल्याङ्कन गर्नुपर्दछ।

६. **आवधिक योजना** - आत्मनिर्भर र समृद्ध मधेश, सुखी मधेशी भन्ने सोचका साथ प्रदेशले दोस्रो आवधिक योजना २०८१।८२-२०८५।८६ कार्यान्वयनमा ल्याएको छ। प्रथम आवधिक योजनाको अवधि २०७६।७७ देखि २०८०।८१ सम्म रहेकोमा २०८०।८१ सम्मको प्रगति समीक्षा नगरी २०७९।८० को समीक्षालाई आधार वर्षको उपलब्धि लिई दोस्रो आवधिक योजना तर्जुमा गरेको छ। यस मन्त्रालयका प्रमुख परिमाणात्मक लक्ष्यहरू देहाय बमोजिम रहेका छन्:

क्र.सं.	नतिजा तह र सूचक	एकाइ	आधार वर्ष (२०७९।८०)	आर्थिक वर्ष (२०८१।८२) को लक्ष्य	आर्थिक वर्ष (२०८५।८६) को लक्ष्य
१.	मोबाईल प्रयोगकर्ता	प्रतिशत	७४.८	७६	९०
२.	इन्टरनेट प्रयोगकर्ता	प्रतिशत	२१.२	२५	४५
३.	डिजिटल पत्रिका	वटा	७४	७५	८०
४.	डिजिटल साक्षरता	प्रतिशत	२५	३०	७५
५.	फ्रि वाइफाइ जोन	सङ्ख्या	०	२०	१३६
६.	प्रहरीका लागि निर्माण तथा मर्मत सम्भार गरिएका भवन लगायतका संरचना	सङ्ख्या	२६०	२७०	३१०
७.	प्रहरी चौकी स्थापना भएका स्थानीय तह	सङ्ख्या	-	५	३५
८.	प्रदेश कानुन तर्जुमा तथा पुनरावलोकन	सङ्ख्या	९७	१००	११०
९.	विपद उद्धार तालिम प्राप्त जनशक्ति	जना	-	४००	२०००
१०.	वारुण यन्त्र भएका स्थानीय तह	सङ्ख्या	१६	२१	३०

७. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। उपलब्ध स्रोत र साधनको प्रभावकारी व्यवस्थापन गर्न आर्थिक वर्ष २०८१।८२ देखि २०८३।८४ को लागि ३ वर्षीय मध्यमकालीन खर्च संरचना निर्माण गरेको छ। उक्त खर्च संरचना अनुसार आर्थिक वर्ष २०८१।८२ मा यस मन्त्रालयको लागि रु.७७ करोड ५७ लाख ४ हजार बजेट सीमा निर्धारण भएकोमा रु.७० करोड ८२ लाख ८८ हजार विनियोजन भई रु.५१ करोड ६१ लाख ४९ हजार खर्च भएको छ। खर्च संरचनाले प्रक्षेपण गरेभन्दा घटी बजेट विनियोजन भए तापनि विनियोजन भएको बजेटको ७२.८७ प्रतिशत मात्र खर्च भएको कारण मध्यमकालीन खर्च संरचनाको उद्देश्य प्राप्त हुन कठिन देखिन्छ।

८. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको २०८१।८२ को नीति तथा कार्यक्रममा यस मन्त्रालयसँग सम्बन्धित सूचना डेस्कको स्थापना, नागरिकहरूको सशक्तीकरणको सम्बाहकका रूपमा भूमिका निर्वाह गर्न पत्रकारिता क्षेत्रको उत्थान कार्यक्रम, सार्वजनिक स्थलहरूमा फ्रि वाइफाइ जोनको विकास, अपराधिक न्याय सुधार, मानव अधिकार संरक्षण र कानुनी सशक्तीकरण जस्ता क्षेत्रहरूमा केन्द्रित नयाँ कानुनको मस्यौदा, विद्यमान कानुनको परिमार्जन र उदयमान कानुनी चुनौतीहरूलाई सम्बोधन गर्ने प्रकृया लगायतका कार्य भएको देखिएन। मन्त्रालयले वार्षिक नीति तथा कार्यक्रममा समावेश कार्यक्रमहरू वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

९. **बजेट कार्यान्वयन** - बजेट वक्तव्य २०८१।८२ मा यस मन्त्रालयलाई प्रदेश मुद्रण छापाखानाको लागि रु.८० लाख र मधेश आन्दोलनका शहीद परिवार तथा घाइतेहरूलाई सीपमूलक तालिमका लागि रु.१ करोड ८० लाख विनियोजन भएकोमा कार्यान्वयन भएको छैन। बजेटमा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

१०. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त विवरण अनुसार रु.३० करोड २० लाख ६८ हजार मूल्यको सरकारी भवन, जग्गा, कार, जीप, मोटरसाइकल, उपकरण, फर्निचर लगायत सम्पत्तिहरू रहेको देखिन्छ। मन्त्रालयले आफू र मातहत कार्यालयहरूको सम्पत्तिको विवरण उक्त प्रणालीमा अद्यावधिक रहे/नरहेको सुनिश्चित गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ।

११. **बजेट समर्पण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८ मा दोस्रो चौमासिकसम्म पनि सन्तोषजनक कार्य हुन नसकेमा कार्यान्वयन योग्यताको विश्लेषण गरी अर्थ मन्त्रालयले बजेट समर्पण गर्ने गराउने व्यवस्था छ। मन्त्रालयको पुँजीगततर्फ विनियोजन भएको रकम रु.३३ करोड ८ लाख ६ हजारमध्ये रु.४ करोड २९ लाख १६ हजारको गरुडा इलाका प्रहरी कार्यालय रौतहटको मेस भवन निर्माण कार्य, रुपनी प्रदेश प्रहरी अस्पताल, सप्तरीको अधुरो भवन, गोलबजार सिराहामा सुधार गृह निर्माण, सर्लाहीको मलंगवामा सी.सी.टी.भी. क्यामेरा जडान लगायतका १२ योजना कार्यान्वयन नगरेकोमा बाँकी रहेको बजेट तोकिएको समयमा समर्पण गरेको छैन। कार्यसम्पादन नहुने अवस्थामा समयमा बजेट समर्पण गरी स्रोतको उपयोग गर्नुपर्दछ।

१२. **अनुगमन प्रतिवेदन** - मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० ले प्रत्येक मन्त्रालयको कार्य विभाजनमा आफू र अन्तर्गतका निकायको समग्र कार्य सञ्चालन व्यवस्था र प्रक्रियाको अनुगमन मूल्याङ्कन गरी देखिएका समस्याको समाधान गर्नुपर्ने व्यवस्था गरेको छ। अनुगमन गरिएका निकायको निकायगत विवरण राखी देखिएका कमीकमजोरी र सुधारका सम्बन्धमा दिएका सुझावको अभिलेख राख्नुपर्दछ। यस वर्ष अनुगमनमा रु.२९ लाख ३५ हजार खर्च भएकोमा अनुगमन प्रतिवेदन तयार गरेको छैन।

१३. **शहीद तथा घाइते आश्रित परिवार अनुदान** - मधेश प्रदेश मन्त्रिपरिषदको विभिन्न मितिको निर्णय अनुसार २०८१।९।२७ मा बसेको मधेशी शहीद प्रतिष्ठानको निर्देशक समितिको बैठकमा भएका निर्णय तथा प्रदेश सरकारको २०८१।९।२९ को निर्णय एवं आर्थिक वर्ष २०८१।८२ को बजेट वक्तव्यमा समेत

निरन्तरता दिए अनुसार यस वर्ष मधेश आन्दोलनका ६२ शहीद घर परिवारलाई ३ लाखका दरले रु.१ करोड ८६ लाख र जिउँदो शहीद १ जनालाई रु.३ लाख समेत कुल रु.१ करोड ८९ लाख र मधेश आन्दोलनका १०७ जना घाइतेमध्ये प्रकृति हेरी २४ जनालाई रु.१ लाखको दरले रु.२४ लाख, ३६ जनालाई १ लाख ५० हजारको दरले रु.५४ लाख र ४७ जनालाई २ लाखको दरले रु.९४ लाख समेत जम्मा रु.३ करोड ६१ लाख नगद सहायता प्रदान गरेको छ। आर्थिक वर्ष २०७८।७९, २०७९।८० र २०८०।८१ मा यस्तो रकम क्रमशः रु.३ करोड ३७ लाख, रु.६ करोड ११ लाख र रु.३ करोड ५४ लाख खर्च भएको छ। यस्तो कार्यक्रम सम्बन्धमा नीतिगत स्पष्टता गर्नुपर्दछ।

१४. **सङ्घीय कार्यालयको खर्च** - विनियोजन ऐन, २०८१ को दफा ७ को उपदफा २ मा प्रदेश तथा स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगततर्फको कुनै योजना तथा कार्यक्रम प्रदेश र स्थानीय तहले नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने निर्णय गर्नसक्ने व्यवस्था छ। सङ्घीय निकायसँग समन्वय नगरी सङ्घीय कार्यालयको निर्माण, मर्मत तथा सम्भार लगायत लागत अनुमान रु.४ करोड ९६ लाखका १८ योजनामा रु.३ करोड ३८ लाख खर्च गरेको छ। समन्वय नगरी सङ्घीय बजेट प्राप्त हुने निकायको लागि प्रदेश मन्त्रालयले खर्च गर्नु उचित देखिएन।

१५. **वारुण यन्त्र सञ्चालन** - नेपाल प्रहरी विशेष सुरक्षा गण ढल्केवर, मधेश प्रदेश प्रहरी गण, जनकपुर समेत विभिन्न ४ सुरक्षा निकायलाई हस्तान्तरण गरेको वारुण यन्त्र सञ्चालन इन्धन र मर्मतको लागि मन्त्रालयले रु.५ लाखका दरले रु.२० लाख निकासा प्रदान गरेको छ। वारुण यन्त्र सञ्चालन गर्ने निकायले इन्धन मर्मत लगायतका खर्च मितव्ययी किसिमले गर्नुपर्दछ।

१६. **वारुण यन्त्र हस्तान्तरण** - मन्त्रालयले पालिकाका लागि ६ थान तथा अन्य मन्त्रालयका लागि २ थान समेत गरी जम्मा ८ थान बारुणयन्त्र खरिद गरी रु.७ करोड ५८ लाख ४ हजार भुक्तानी गरेको छ। वारुण यन्त्र सम्बन्धित निकायलाई हस्तान्तरण गरेको छैन।

प्रदेश विपद् पीडित उद्धार तथा राहत कोष

प्रदेश विपद् पीडित उद्धार राहतसम्बन्धी कार्यविधि तथा मापदण्ड, २०७५ अनुसार आगलागी, दुर्घटना, बाढी लगायतका विपद्बाट मृतक तथा पीडित घर परिवारलाई राहत तथा उद्धार सामग्री वितरणको लागि कोषको स्थापना भएको छ। यस सम्बन्धमा निम्नानुसार देखिएको छः

१७. **वित्तीय स्थिति** - कोषले उपलब्ध गराएको विवरण अनुसार कोषको आय-व्यय देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

आय	रकम	व्यय	रकम
गत वर्षको जिम्मेवारी समेत	१२५६५१	कार्यसञ्चालन खर्च	५०९३
		मौज्दात	१२०५५८
जम्मा	**१२५६५१**	**जम्मा**	**१२५६५१**

१८. **राहत वितरण** - प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको २०८१।६।६ को निर्णय बमोजिम नारायणगढ मुग्लिङ्ग सडक खण्डको सिमलतालमा बेपत्ता भएका व्यक्तिका परिवारलाई राहत स्वरुप प्रति

मृतक रु.१ लाखका दरले रु.३९ लाख र पहिरोमा परी मृत्यु भएका पीडितहरूलाई रु.१ लाखका दरले राहत उपलब्ध गराउने निर्णय गरी रु.५ लाख खर्च लेखेको छ।

समिति तथा अन्य संस्था

चलचित्र तथा लोक सञ्चार प्रवर्धन बोर्ड

चलचित्र लगायत लोक संस्कृतिमा आधारित श्रव्य दृश्यसम्बन्धी लोक सञ्चारका विविध पक्षलाई विकास, विस्तार र नियमन गर्न प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७ बमोजिम स्वायत्त संस्थाको रूपमा चलचित्र तथा लोक सञ्चार प्रवर्धन बोर्ड गठन भई सञ्चालनमा रहेको छ।

१९. **वित्तीय स्थिति -** बोर्डको यस वर्षको आय-व्यय स्थिति निम्नानुसार रहेको छः

(रु.हजारमा)

आय	रकम	व्यय	रकम
गत वर्षको जिम्मेवारीको रकम	२०२१६	प्रत्यक्ष खर्च	८५९५
		सञ्चालन खर्च	९१३
		कर्मचारी खर्च	१९१३
		बैङ्क मौज्दात	८७९५
जम्मा	**२०२१६**	**जम्मा**	**२०२१६**

उल्लिखित विवरणअनुसार गत वर्षको मौज्दातबाट यो वर्ष रु.१ करोड १४ लाख २१ हजार खर्च भई रु.८७ लाख ९५ हजार मौज्दात बाँकी छ। कोषमा यो वर्ष थप आय प्राप्त भएको देखिएन।

२०. **कानुन तर्जुमा -** प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७ को दफा ५७ मा चलचित्र बोर्डको उद्देश्य चलचित्र निर्माण, प्रदर्शन र वितरण व्यवस्थित गर्न चलचित्र निर्माणको इजाजत, जाँच र प्रदर्शन अनुमति दिने, सोसँग सम्बन्धित भौतिक पूर्वाधार निर्माण गरी रेखदेख तथा सञ्चालन गर्ने, चलचित्र उद्योगको विकास र सिनेमाघर इजाजत दिने र नियमन गर्ने आवश्यक नियम बनाउन सक्ने उल्लेख छ। यो वर्षसम्म नियमावली तथा कार्यविधि लगायतका अन्य कानुन तर्जुमा नहुँदा बोर्डको कार्यसम्पादन प्रक्रिया, कर्मचारी व्यवस्थापन, कोष व्यवस्थापन, कार्यक्षेत्र, चलचित्र उद्योगको विकास र सिनेमाघर इजाजत दिने र नियमन गर्ने र अन्तरनिकाय समन्वय जस्ता विषयमा स्पष्ट हुन सकेको छैन। बोर्डको उद्देश्य हासिल गर्न आवश्यक कानुन तयार गरी लागु गर्नुपर्दछ।

२१. **वृत्तचित्र निर्माण -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा २ अनुसार प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने र नियमावली, २०६४ को नियम ८४ मा रु.२० लाखभन्दा बढीको खरिद कार्य बोलपत्रबाट गर्नुपर्ने व्यवस्था छ। यस वर्ष ६ वटा परामर्शसम्बन्धी कार्यक्रम गरेकोमा कोटेशनमार्फत छुवाछुत विरुद्ध जनचेतनामूलक लघु फिल्म निर्माण, ज्येष्ठ नागरिकसम्बन्धी लघु फिल्म निर्माण, दिनभद्रकी वृत्तचित्र निर्माण, छठ पूजा सम्बन्धी वृतचित्र निर्माण र मैथिली समुदायमा मनाउने झिझिया वृतचित्र निर्माण समेत ६ वटा वृतचित्र निर्माणको लागि रु.२९ लाख १५ हजार खर्च गरेको छ। वृतचित्र निर्माण गरेकोमा प्रसारण तथा उपयोगिताको मूल्याङ्कन गरेर मात्र यस्ता कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

मिडिया काउन्सिल

प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७ को दफा ३० मा मिडिया काउन्सिलको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था छ । मिडिया काउन्सिलको प्रमुख कार्य पत्रकार आचारसंहिता उल्लंघनका विषयमा उजुरी सुन्नु, सोउपर अध्ययन अनुसनधान गरी आवश्यक कारबाही गर्नु, आचारसंहितासम्बन्धी जागरण अभियान सञ्चालन गर्नु, आमसञ्चार माध्यममा आचारसंहिताको अनुगमन गर्नु र पत्रकारिताको विकासका लागि प्रदेश सरकारलाई सुझाव दिनु रहेको छ ।

२२. **वित्तीय स्थिति -** काउन्सिलको यस वर्षको आय-व्यय स्थिति निम्नानुसार रहेको छः

(रु.हजारमा)

आय	रकम	व्यय	रकम
गत वर्षको जिम्मेवारी रकम	३९८	सञ्चालन खर्च	६७८६
यस वर्षको आय	१५०००	बैङ्क मौज्दात	८६१२
जम्मा	**१५३९८**	**जम्मा**	**१५३९८**

२३. **कार्य जिम्मेवारी -** प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७ को दफा ३० बमोजिम काउन्सिलले सञ्चार माध्यमको अनुगमन र मूल्याङ्कन गरी मिडियाहरूको अभिलेखीकरण गर्नुपर्ने, सञ्चार सम्बन्धी नीतिलाई समयसापेक्ष सुधारका लागि सरकारलाई सुझाव दिने र पत्रपत्रिकामा प्रकाशित असामाजिक र आपत्तिजनक कुराहरूको छानबिन गर्ने व्यवस्था भएकोमा यसतर्फ कार्य गरेको पाइएन। तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ।

आम सञ्चार प्राधिकरण

आम सञ्चार माध्यमको इजाजत, अभिलेखीकरण, अनुगमन तथा नियमन गर्न प्रदेश सरकार गृह तथा सञ्चार मन्त्रालय मातहत रहने गरी स्वशासित सङ्गठित संस्थाको रूपमा वि.सं. २०७७ सालमा प्राधिकरणको स्थापना भएको हो। प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७ बमोजिम स्थापना भएको यस प्राधिकरणले सोही ऐनको दफा १२ मा तोकिए बमोजिमका कार्यहरू गर्दै आएको छ।

२४. **वित्तीय स्थिति -** प्राधिकरणको यस वर्षको आय-व्यय स्थिति निम्नानुसार रहेको छः

(रु.हजारमा)

आय	रकम	व्यय	रकम
गत वर्षको जिम्मेवारी रकम	११०७	प्रत्यक्ष खर्च	१४७३
यस वर्षको आय	१७२६९	सञ्चालन खर्च	१४५७२
		कर्मचारी खर्च	१२२४
		अन्य खर्च	७८९
		बैङ्क मौज्दात	३१८
जम्मा	**१८३७६**	**जम्मा**	**१८३७६**

२५. **लोक कल्याणकारी विज्ञापन** - मधेश प्रदेश लोक कल्याणकारी विज्ञापन व्यवस्थापन कार्यविधि, २०७९ को दफा २ को खण्ड (क) मा सामाजिक कुरीति एवं कुसंस्कार विरुद्ध जनचेतना फैलाउने, सामाजिक सांस्कृतिक तथा साहित्यिक विकासलाई टेवा पुऱ्याउने, विपद् व्यवस्थापन तथा दैवी प्रकोप उद्धार

कार्यलाई बल पुग्ने वा प्रदेश सरकार तथा स्थानीय सरकारद्वारा सञ्चालित कार्यक्रम एवं समसामयिक जनहितमा प्रचार प्रसार गर्ने खालका सन्देश वा सन्देशमुलक सूचना प्रसारण गरेबापत प्राधिकरणले यस वर्ष समितिको निर्णय अनुसार प्रकाशन तथा प्रसारण सञ्चार माध्यमलाई छनोट गरी लोक कल्याणकारी विज्ञापन बापत रकम भुक्तानी गर्न गृह, सञ्चार तथा कानुन मन्त्रालयले बजेट उपलब्ध गराएकोमा २०८१।१२।२२ देखि २०८२।२।१५ सम्म सञ्चार माध्यममार्फत प्रकाशन तथा प्रसारण गरेको विज्ञापन खर्च २८४ वटा सञ्चार माध्यमलाई रु.६८ लाख १७ हजार भुक्तानी गरेको छ। सबै सञ्चार माध्यमलाई प्रसारण गर्न लगाउँदा विज्ञापनको प्रभावकारीता सम्बन्धमा मूल्याङ्कन गरी उक्त खर्च गर्नुपर्दछ।

२६. **पत्रकार बिमा -** मधेश प्रदेश पत्रकार स्वास्थ्य र दुर्घटना बिमा कार्यविधि, २०७९ बमोजिम प्राधिकरणले मधेश प्रदेश अन्तर्गत ८ जिल्लाका ५२७ जना पत्रकारको दुर्घटना बिमा बापत प्रति बीमित रु.७ लाख र स्वास्थ्य बिमा बापत प्रति बीमित रु.१ लाख भुक्तानी पाउने गरी यस वर्ष दुर्घटना बिमा प्रति व्यक्ति रु.१००२.७५ का दरले ५२७ जनाको रु.५ लाख २८ हजार र स्वास्थ्य बिमा प्रति व्यक्ति रु.२ हजार ७०० को दरले ५२७ जनाको रु.१४ लाख २३ हजार समेत प्रिमियम बापत रु.१९ लाख ५१ हजार खर्च लेखेको छ। खर्च प्रभावकारीताको मूल्याङ्कन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा सङ्घीय कार्यालयको खर्च, बजेट कार्यान्वयन, बजेट समर्पण, शहीद तथा घाइते आश्रित परिवार अनुदान लगायतका विषयमा सुझाउ दिइएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिँदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः
  - सरकारी तर्फ यो वर्ष रु.१७ करोड ७४ लाख २२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फर्स्यौट हुन नसकी सोही रकम बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।
  - समिति तथा अन्य संस्थातर्फ यो वर्ष लगती बेरुजु देखिएको छैन। यससम्बन्धी विवरण **अनुसूची-१०** मा समावेश छ।

अर्थ मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन, मूल्याङ्कन तथा नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
- सङ्घको स्वीकृतिमा वैदेशिक सहयोग, ऋण र अनुदान प्राप्ति, लेखाङ्कन र प्रतिवेदन,
- सङ्घीय नीति अनुरूप सहवित्तीयकरण,
- प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन,
- प्रदेश पूरक अनुमान तथा पेस्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी,
- प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
- प्रदेश विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखापरीक्षण,
- घरजग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिबाना सङ्कलन, बाँडफाँट र उपयोग,
- सङ्घीय कानुन अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क सङ्कलन,
- राजस्व चुहावट नियन्त्रण,
- सङ्घ र स्थानीय तहसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य,
- प्रदेश तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन,
- बिमा र बिमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्धन तथा विस्तार,
- प्रदेशस्तरका सार्वजनिक संस्थान, बैङ्क तथा वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन र सुधार,
- आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहत समेतका ५ निकायको निम्नानुसार रु.११ अर्ब ६७ करोड ९६ लाख ८६ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१२९२६४	११५०४०८९	१९९१६	२६४१७	११६७९६८६

उल्लिखित विनियोजन खर्चमा अर्थ विविधतर्फको रु.४६ करोड २० लाख ३५ हजार तथा स्थानीय तहलाई हस्तान्तरण भएको रकम रु.२ अर्ब ४८ करोड ६४ लाख ८८ हजार र सङ्घीय अनुदान रु.९ अर्ब १८ करोड २९ लाख ६९ हजार समावेश छैन।

२. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालय र मातहतका कार्यालय समेतको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	८०२८९	५४९६७	४६४३८	८४.४८
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	३४६७	४६७	१६३	३४.९०
२२१०० सेवा महसुल	४६७९	३९७९	२८८६	७२.५३
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१३७०४	१८८०२	१७०४२	९०.६४
२२३०० कार्यालय सामान तथा सेवा	१११५२	१२५५२	११४७०	९१.३८
२२४०० सेवा तथा परामर्श खर्च	१५९३२	१३४९४	१२४०७	९१.९४
२२५०० कार्यक्रम सम्बन्धी खर्च	६७९३१	१६६२५	९१२४	५४.८८
२२६०० अनुगमन मूल्याङ्कन र भ्रमण खर्च	५१८२	६८८२	५३५९	७७.८७
२२७०० विविध खर्च	४७५०	४७५०	४५७६	९६.३४
२८१०० सम्पत्ति सम्बन्धी खर्च	४९२९	४८२९	४३१३	८९.३१
जम्मा	**२१२०१५**	**१३७३४७**	**११३७७८**	**८२.८४**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	२५४२०	१७७७०	१५४८६	८७.१५
कुल जम्मा	**२३७४३५**	**१५५११७**	**१२९२६४**	**८३.३३**

उल्लिखित विवरणअनुसार चालुतर्फ ८२.८४ प्रतिशत, पुँजीगततर्फ ८७.१५ प्रतिशत र समग्रमा ८३.३३ प्रतिशत खर्च भएको छ।

३. **दिगो विकास -** दिगो विकासको लक्ष्य २०१६-२०३० को कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले प्रदेश तथा स्थानीय तहलाई स्रोत व्यवस्थापन, संस्थागत प्रबन्ध, अनुगमन तथा मूल्याङ्कन समेतमा विभिन्न मार्गदर्शन उपलब्ध गराएको छ। मध्यमकालीन खर्च संरचना २०८१।८२-०८३।८४ मा मन्त्रालयसँग सम्बन्धित दिगो विकास लक्ष्य नं. ८ मा उल्लिखित सूचक समावेशी आर्थिक वृद्धि र मर्यादित काममा यस वर्ष कुल बजेटको १२.३९ प्रतिशत अर्थात् रु.५ अर्ब ४३ करोड ७१ लाख ८३ हजार अनुमान गरेको छ। यसरी विनियोजन भएको बजेटबाट दिगो विकासका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक अनुसार प्रदेश तहमा सम्पादन भएका कार्यको मूल्याङ्कन गरेर मन्त्रालयले प्रतिवेदन तयार गरेको छैन। स्पष्ट र समयबद्ध कार्ययोजना तयार गरी आवधिक रूपमा मूल्याङ्कन गर्नुपर्दछ।

४. **आवधिक योजना -** आत्मनिर्भर र समृद्ध मधेश, सुखी मधेशी भन्ने सोचका साथ प्रदेशले दोस्रो आवधिक योजना २०८१।८२-२०८५।८६ कार्यान्वयनमा ल्याएको छ। प्रथम आवधिक योजनाको अवधि २०७६।७७ देखि २०८०।८१ सम्म रहेकोमा २०८०।८१ सम्मको प्रगति समीक्षा नगरी २०७९।८० को समीक्षालाई आधार वर्षको उपलब्धि लिई दोस्रो आवधिक योजना तर्जुमा गरेको छ। यस मन्त्रालयका प्रमुख परिमाणात्मक लक्ष्यहरू देहाय बमोजिम रहेका छन्:

क्र.सं.	प्रमुख सूचकहरू	एकाइ	आधार वर्ष	परिमाणात्मक लक्ष्य	परिमाणात्मक लक्ष्य
			(२०७९।८०)	(२०८१।८२)	(२०८५।८६)
१	वार्षिक आर्थिक वृद्धिदर	प्रतिशत	१.५	६.२	७.५

क्र.सं.	प्रमुख सूचकहरू	एकाइ	आधार वर्ष (२०७९।८०)	परिमाणात्मक लक्ष्य (२०८१।८२)	परिमाणात्मक लक्ष्य (२०८५।८६)
२	कुल गार्हस्थ्य उत्पादन	रु.अर्ब	७०१	७७३	१०१४
३	निरपेक्ष गरिबी दर	प्रतिशत	२२.५३	२२	१५
४	खानेपानी सुविधा पुगेको घरपरिवार	प्रतिशत	९६.५	९६.८	९९.५
५	सडकको लम्बाइ	किमी	६६५६	६७००	७०००
६	प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन	अमेरिकी डलर	८६८	९१८	११४९
७	विद्युत पहुँच	प्रतिशत	९७.९	९८	९९.५
८	इन्टरनेट पहुँच पुगेको सङ्ख्या	प्रतिशत	२१.२	२५	४५

५. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश नीति तथा योजना आयोगले (२०८१।८२-२०८३।८४) त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तयार गरेको छ। मध्यमकालीन खर्च संरचना अनुसार यो वर्ष मन्त्रालयको लागि रु.२३ करोड ७४ लाख ३५ हजार खर्च प्रक्षेपण गरेकोमा रकमान्तरबाट थप/घट समेत रु.१५ करोड ५१ लाख १७ हजार विनियोजन भई रु.१२ करोड ९२ लाख ६४ हजार खर्च भएको छ। मध्यमकालीन खर्च संरचनाले प्रक्षेपण गरे भन्दा कम बजेट विनियोजन भएको र विनियोजित बजेटको ८३.३३ प्रतिशत मात्र खर्च भएको कारण तोकिएको समयमा योजना तथा कार्यक्रमहरू सम्पन्न गर्नसक्ने देखिएन। खर्च गर्ने क्षमतामा वृद्धि गरी मध्यमकालीन खर्च संरचना अनुसारको अवधिमा आयोजनाहरू कार्यान्वयन गर्नुपर्दछ। तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना अनुसार यस आर्थिक वर्षको प्रादेशिक खर्च प्रक्षेपण र अनुमानित आय देहाय अनुसार रहेको छः

(रु.हजारमा)

खर्च संरचना	खर्च प्रक्षेपण	अनुमानित आय
२०७९।८०-२०८१।८२	६०३८२६५९	३७६३२३३९
२०८०।८१-२०८२।८३	४८५२६०९५	३८५४४२५२
२०८१।८२-२०८३।८४	४३८६२६२६	४३८९२१७०

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६ बमोजिम स्रोत अनुमान समितिले अर्थ मन्त्रालयलाई बजेटको सीमा उपलब्ध गराउने र सोको आधारमा मन्त्रालयले बजेट तर्जुमा गर्ने व्यवस्था रहेकोमा स्रोत अनुमान समितिको सीमा भन्दा बढी हुने गरी बजेट विनियोजन भएको देखिन्छ। सभाबाट विनियोजित बजेटलाई संशोधन गर्दा समेत अनुमान बमोजिम खर्च हुन सकेको देखिएन। बजेटको स्रोत अनुमान, वास्तविक विनियोजन, संशोधित अनुमान र वास्तविक खर्चको बीचमा उल्लेखनीय भिन्नता देखिएकोले मध्यमकालीन खर्च संरचनाको अनुमान, प्राथमिकता र खर्च गर्ने क्षमताको आधारमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्दछ।

६. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको यो वर्षको वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका विषयहरूमध्ये मधेश प्रदेशको तथ्याङ्कलाई भरपर्दो र विश्वसनीय बनाउन आफ्नै डिजिटल तथ्याङ्क बैङ्क स्थापना गर्ने, छिन्नमस्ता, कंकालिनी, कोशी पर्यटन मार्ग निर्माण गरिने, मधेश प्रदेशलाई आयुर्वेदिक औषधीहरूमा आत्मनिर्भर बनाउन तथा अन्य प्रदेशमा निर्यात गर्न धनुषाको हंसपुरमा जडीबुटी उत्पादन र प्रशोधन केन्द्र स्थापना र सञ्चालन, प्रदेश सरकारको गौरवको आयोजनाको रूपमा रहेका मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रादेशिक अस्पताललाई आगामी वर्ष ५०० शय्याको अस्पतालमा स्तरोन्नति, पहिचान भएका प्रदेश लोकमार्ग, प्रदेश सहायक मार्ग तथा सडक पुलहरूको विस्तृत इन्भेन्टरी तयार

गरी प्रादेशिक सडक सञ्जाल गुरुयोजना तयार गरिने लगायतका विषयहरूलाई वार्षिक बजेटले सम्बोधन गरेको देखिएन। नीति तथा कार्यक्रममा समावेश भएका विषयहरू कार्यान्वयन हुनुपर्दछ।

७. **बजेट कार्यान्वयन -** यो वर्षको बजेट वक्तव्यमा प्रदेश सरकारको आधिकारिक दस्तावेज छपाइका लागि प्रदेश मुद्रण छापाखाना स्थापना गर्न रु.८० लाख, नारायणी क्रिकेट रंगशालामा अन्तर्राष्ट्रिय स्तरको क्रिकेट प्रशिक्षण केन्द्रको स्थापना गर्न रु.३० लाख, भूमिगत जलस्रोत नक्साङ्कन तथा रिचार्जिङ्ग जोनको अध्ययन गर्न रु.५० लाख, शिवालिक-चुरे क्षेत्रभित्रका नदीहरूलाई एक आपसमा जोड्ने योजना (मधेश नदी सञ्जालीकरण योजना) को अध्ययन अनुसन्धान गर्न रु.१ करोड, प्रदेशमा दुई हजार मेगावाटसम्मको सौर्य ऊर्जा उत्पादनका लागि सम्भाव्यता अध्ययन गर्न रु.१५ लाख, मधेश प्रदेशको पर्यटन गुरुयोजनाको तर्जुमा गर्न रु.५० लाख बजेट व्यवस्था भएकोमा ती कार्यक्रमहरू कार्यान्वयन भएको देखिएन। बजेटमा व्यवस्था भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

८. **एकीकृत वित्तीय विवरण** -प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको आयव्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार सामान्य प्रयोजनको वित्तीय विवरण तयारी एवम् प्रस्तुतीकरण गर्ने सार्वजनिक निकायले वार्षिक वित्तीय विवरण प्रस्तुतीकरण गर्दा सो मानमा उल्लिखित आवश्यकताहरू पूरा गर्नुपर्ने व्यवस्था बमोजिम सम्पूर्ण नगद प्राप्ति र भुक्तानीको विवरण, लेखा नीति र व्याख्यात्मक टिप्पणीहरू साथै स्वीकृत बजेट र यथार्थ रकमको तुलनात्मक विवरण तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले २०८१।८२ को एकीकृत वित्तीय विवरण तयार गरेको छैन। कानुनमा भएको व्यवस्था बमोजिम वित्तीय विवरण तयार गर्नुपर्दछ।

९. **वित्तीय प्रतिवेदन** – प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४६ बमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू तोकिएको समयावधि समाप्त भएको ७ दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले सो अनुसार वित्तीय प्रतिवेदन सार्वजनिक गरेको छैन। कानुनमा भएको व्यवस्था अनुसार वित्तीय प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ।

१०. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९(१) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारी कार्यालयको सम्पत्तिको अद्यावधिक अभिलेख तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको सम्पत्तिको एकीकृत प्रतिवेदनमा यस प्रदेश अन्तर्गत यो वर्षसम्म भवन संरचनामा रु.४५ करोड ६ लाख ७७ हजार, मेसिनरी उपकरणमा रु.४ अर्ब ९ करोड ६ लाख १० हजार, अन्य स्थिर सम्पत्तिमा रु.२२ करोड ५३ लाख ६० हजार, जगेडा समानहरूमा रु.३ लाख ७३ हजार, प्राकृतिक सम्पत्तिहरूमा रु.४१ लाख ७५ हजार र जिन्सी मालसामानहरूमा रु.६० करोड ९९ लाख ४० हजार समेत रु.५ अर्ब ३८ करोड ११ लाख ३५ हजारको सम्पत्ति रहेको छ। प्रदेश अन्तर्गतका सबै कार्यालयको सार्वजनिक सम्पत्तिको यथार्थ र अद्यावधिक विवरण प्रणालीमा आवद्ध गर्नुपर्दछ।

११. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा कुनै एक बजेट उपशीर्षकमा रकम नपुग भएमा अर्को उपशीर्षकको बचत हुने बजेटबाट तोकिएको सीमाभित्र सम्बन्धित मन्त्रालयको सचिवले र अन्यको हकमा अर्थ मन्त्रालयले रकमान्तर गर्नसक्ने व्यवस्था छ। यो वर्ष सुरु बजेट रु.४३

अर्ब ८९ करोड २१ लाख ७० हजार भएकोमा चालु खर्चतर्फ रु.६ अर्ब ४२ करोड ३० लाख १६ हजार र पुँजीगततर्फ रु.११ अर्ब ३१ करोड ५२ लाख २ हजार गरी रु.१७ अर्ब ७३ करोड ८२ लाख १८ हजार रकमान्तर भएकोमध्ये रु.२ अर्ब ३७ करोड ९३ लाख ५ हजार बजेट समर्पण भई पटकपटक निर्णयका आधारमा रकमान्तर गरी खर्च गरेको तथा असार महिनामा रु.१ अर्ब ३४ करोड ८२ लाख ७३ हजार रकमान्तर गरेको छ। पटके निर्णयका आधारमा वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

१२. **मार्गदर्शनको पालना -** मन्त्रालयले २०८१।८२ को बजेट कार्यान्वयनका लागि आयोजनाको ठेक्का व्यवस्थापन, प्रक्रिया, समयसीमा, वित्तीय विवरण तयारी लगायतका विषयहरूलाई समेटेर ६४ बुँदाको बजेट कार्यान्वयन मार्गदर्शन तयार गरेकोमा बजेट व्यवस्थापन गर्न आवश्यक पर्ने मुख्य सूचक तथा मार्गदर्शनका बुँदाहरू हटाएर ४ बुँदा मात्र भएको मार्गदर्शन तयार गरी सोही आधारमा बजेट खर्च गरेकोले बजेट व्यवस्थापन प्रभावकारी हुने अवस्था देखिएन। मन्त्रालयले बजेटको प्रभावकारी कार्यान्वयन गर्न मार्गदर्शन जारी गर्दा समयसीमा सहितको विस्तृत क्रियाकलापगत कार्यान्वयन निर्देशिका तयार गर्नुपर्दछ।

१३. **स्रोतगत अनुमान र खर्च** - प्रदेश सरकारको २०८१।८२ को सञ्चित कोषको वार्षिक आर्थिक विवरण अनुसार स्रोतगत अनुमान, प्राप्ति र खर्चको विवरण निम्नानुसार रहेको छः

(रु.हजारमा)

क्र.सं.	स्रोत	२०८१।८२ को यथार्थ खर्च			
		स्रोतगत अनुमान	यथार्थ प्राप्ति	खर्च	खर्च प्रतिशत
१	**नेपाल सरकारबाट प्राप्त अनुदान**	**११३५७१५०**	**९१८२९६९**	**९१३५९०३**	**९९.४८**
१.१	समानीकरण अनुदान	७७९९२००	७१५६५४८	७१५६५४७	१००.००
१.२	सशर्त अनुदान	३५५७९५०	२०२६४२१	१९७९३५६	९७.६८
१.३	समपूरक अनुदन	०	०	०	०.००
१.४	विशेष अनुदान	०	०	०	०.००
२	**आन्तरिक ऋण**	**२०००००**	**०**	**०**	**०.००**
३	**प्रदेश सरकारको राजस्व (मौज्दात समेत)**	**३०५३५०२०**	**२२०९७७०१**	**२२०९७७०१**	**१००.००**
	जम्मा	**४३८९२१७०**	**३१२८०६७०**	**३१२३३६०४**	**९९.८४**

कुल प्राप्ति रु.३१ अर्ब २८ करोड ६ लाख ७० हजार मध्ये रु.३१ अर्ब २३ करोड ३६ लाख ४ हजार खर्च भई रु.४ करोड ७० लाख ६५ हजार फिर्ता गरेको छ। यो वर्ष विनियोजनतर्फ सङ्घीय सरकारको अनुदानबाट रु.९ अर्ब १३ करोड ५९ लाख ३ हजार खर्च भएको छ। कुल खर्चमध्ये सङ्घीय सरकारको अनुदानबाट २९.२५ प्रतिशत र प्रदेश सरकारको राजस्व र गत वर्षको मौज्दातबाट ७०.७५ प्रतिशत खर्च गरेको छ। प्रदेश राजस्वमा वृद्धि गरी सङ्घीय अनुदानमाथिको निर्भरता कम गर्दै जानुपर्दछ।

१४. **बजेटको प्राथमिकता -** प्रदेशले यो वर्ष २०८१।८२ को लागि देहाय बमोजिम क्षेत्रगत प्राथमिकता निर्धारण गरी स्रोत विनियोजन गरेको छः

(रु.हजारमा)

क्षेत्र	खर्च रकम रु	प्रतिशत
सामान्य प्रशासन सेवा	३५६४८३३	११.४१
शान्ति तथा सुरक्षा	५४५७९९	१.७५
आर्थिक मामिला	१७७५०२४२	५६.८३
वातावरण संरक्षण	२०८३८	०.०७
आवास तथा सामुदायिक सेवा	३२१६७७९	१०.३
स्वास्थ्य	३४३५२८४	११
मनोरञ्जन, संस्कृति तथा धर्म	१७२९७२२	५.५४
शिक्षा	४९७९७८	१.५९
सामाजिक सुरक्षा	४७२१२९	१.५१
जम्मा	**३१२३३६०४**	**१००**

१५. **खर्च संरचना** - मधेश प्रदेशको रु.४३ अर्ब ८९ करोड २१ लाख ७० हजार बजेट विनियोजन भई रु.३१ अर्ब २३ करोड ३६ लाख ५ हजार खर्च भएको मध्ये चालु खर्चतर्फ (सञ्चित कोषमा व्ययभार पर्ने रकम समेत) रु.९ अर्ब ७५ करोड ८५ लाख ९६ हजार तथा पुँजीगत खर्चतर्फ रु.२१ अर्ब ४७ करोड ५० लाख ८ हजार खर्च भएको छ। कुल बजेटको तुलनामा ७१.१६ प्रतिशत खर्च भई चालुतर्फ ३१.२४ प्रतिशत र पुँजीगततर्फ ६८.७६ प्रतिशत खर्च भएको छ। बजेट वक्तव्यमा पुँजीगतमा रु.२७ अर्ब ८९ करोड १४ लाख ६९ हजार विनियोजन गरेकोमा संशोधन भई रु.२८ अर्ब ६१ करोड ३६ लाख ७३ हजार बजेट कायम गरी ७५.०५ प्रतिशत मात्र खर्च भएको देखिन्छ। दीर्घकालीन योजना, दिगो विकासको लक्ष्य, मध्यमकालीन खर्च संरचना र वार्षिक कार्यक्रमको लक्ष्य अनुसार क्षेत्रगत र विषयगत रूपमा विनियोजन र खर्च गर्नुपर्दछ।

१६. **स्रोत सुनिश्चितता र बजेट समर्पण** - प्रदेश विनियोजन ऐन, २०८१ को दफा ८(८) मा विनियोजन ऐनमा समावेश भएको प्रदेश स्रोततर्फको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको दोस्रो त्रैमासिकसम्म खर्च नभए वा बाँकी अवधिमा खर्च नहुने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र १५ भित्र अर्थ मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था छ। यो वर्ष प्रदेश अन्तर्गतका मन्त्रालय तथा निकायहरूको चैत्र १५ गतेभित्र रु.४ करोड ३ लाख ५० हजार र चैत्र १५ पछि रु.२ अर्ब ३३ करोड ८९ लाख ५५ हजार बजेट समर्पण गरेको छ। बहुवर्षीय ठेक्का व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुँदा ३ मा बहुवर्षीय आयोजना कार्यान्वयनको लागि मन्त्रालयबाट स्रोत सहमति प्राप्त गर्नुपर्ने र प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८(२) मा विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सञ्चालन हुने कार्यक्रमको आर्थिक वर्षको दोस्रो चौमासिकसम्म कार्यान्वयन नहुने भएमा अर्थ मन्त्रालयले त्यस्तो बजेट समर्पण गर्न लगाउने व्यवस्था छ। मन्त्रालयले यो वर्ष स्रोत सुनिश्चितता दिएका र बजेट समर्पण भएका आयोजनाको विवरण तयार गरेको पाइएन। स्रोत सुनिश्चितता भएका आयोजना र रकमको यकिन नभई वार्षिक बजेटले नभ्याउने गरी स्रोतको सुनिश्चितता हुने र बजेट खर्च नभएमा समेत समर्पण नहुने अवस्था रहन्छ। तोकिएको समयसीमा भित्र बजेट समर्पण गर्नुपर्दछ।

१७. **राजस्व प्राप्ति** - वित्तीय प्रतिवेदन अनुसार प्रदेशको विगत ३ वर्षको कर राजस्व र गैरकर राजस्व (अनुदान बाहेक) असुलीको अवस्था देहाय अनुसार रहेको छः

(रु.हजारमा)

आर्थिक वर्ष	कर राजस्व	अन्य राजस्व (विविध समेत)	जम्मा	वार्षिक वृद्धिदर
२०७९।८०	११६१५५८९	२०५४५८७	१३६७०१७६	(१०.३०)
२०८०।८१	१२८२२८२३	१५८५५५३	१४४०८३७६	५.४०
२०८१।८२	१३९८२७९३	१२९६१५९	१५२७८९५२	६.०४

आर्थिक वर्ष २०८०।८१ मा राजस्व असुलीको वार्षिक वृद्धिदर ५.४० प्रतिशत र यो वर्ष ६.०४ प्रतिशत रहेको छ।

१८. **राजस्वको स्रोतगत स्थिति -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षमा प्रदेश सरकारले सङ्कलन गरेको राजस्वको स्रोतगत स्थिति देहाय अनुसार रहेको छः

(रु.हजारमा)

क्र.सं.	राजस्व शीर्षक	२०७९।८०	२०८०।८१	वृद्धि प्रतिशत (२०७९।८० को तुलनामा)	२०८१।८२	वृद्धि प्रतिशत (२०८०।८१ को तुलनामा)
१.	मूल्य अभिवृद्धि कर	६१०६२६३	७२५३८३६	१८.७९	७९४३०२९	९.५०
२.	अन्तःशुल्क	२४३२०१५	२३९७१३६	(१.४३)	२८४२३२०	१८.५७
३.	वन रोयल्टी	२२३४०	१४४०४०	५४४.७६	३७०१२	(७४.३)
४.	घर जग्गा रजिष्ट्रेसन दस्तुर	१८७१०७२	१७३२०६०	(७.४३)	१६५६४०५	(४.३७)
५.	दहत्तर बहत्तर आय	१४७८४८	३२६५५	(७७.९१)	३८३४२	१७.४१
६.	सवारी साधन कर (बाँडफाँट अघि)	२००९३३०	२३९९३७४	१९.४१	२५६८०५९	७.०३
७.	चालक अनुमतिपत्र	६९०८७८	७७६९५७	१२.४६	७८८५३६	१.४९
८.	व्यवसाय रजिष्ट्रेसन दस्तुर	१०१७९०	७४७८३	(२६.५३)	५१०५७	(३१.७३)

उल्लिखित तालिका अनुसार यो वर्ष घरजग्गा रजिष्ट्रेसनमा र दहत्तर बहत्तरमा अघिल्लो वर्षको तुलनामा क्रमशः ४.३७ प्रतिशतले घटी र १७.४१ प्रतिशतले वृद्धि भएको, सङ्घीय सरकारबाट बाँडफाँट भई प्राप्त भएको मूल्य अभिवृद्धि कर ९.५० प्रतिशत वृद्धि भएको, सवारी साधन कर ७.०३ प्रतिशत र चालक अनुमतिपत्र दस्तुर आयमा १.४९ प्रतिशतले वृद्धि भएकोमा व्यवसाय रजिष्ट्रेसन दस्तुर गत वर्ष भन्दा ३१.७३ प्रतिशत घटी भएको छ। राजस्व घटी हुनुको कारण पहिचान गरी राजस्व सङ्कलन कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

१९. **सङ्घीय वित्तीय हस्तान्तरण -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार सङ्घीय सशर्त, विशेष, समानीकरण र समपूरक अनुदानको अनुमान, प्राप्ति र खर्चको अवस्था निम्नानुसार रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	बजेट	प्राप्ति	खर्च	फिर्ता गर्नुपर्ने	फिर्ता गरेको
समानीकरण अनुदान	७७९९२००	७१५६५४८	७१५६५४७	-	४७०६५
सशर्त अनुदान	३५५७९५०	२०२६४२१	१९७९३५६	४७०६५	
समपूरक अनुदान	०	०	०	-	
विशेष अनुदान	०	०	०	-	
जम्मा	**११३५७१५०**	**९१८२९६९**	**९१३५९०३**	**४७०६५**	**४७०६५**

सशर्त अनुदान रु.२ अर्ब २ करोड ६४ लाख २१ हजार प्राप्त भएकोमा रु.१ अर्ब ९७ करोड ९३ लाख ५६ हजार खर्च भई वर्षान्तमा बाँकी रहेको रु.४ करोड ७० लाख ६५ हजार आर्थिक वर्ष २०८२।८३ मा फिर्ता गरेको छ। बाँकी अनुदान समयमै फिर्ता गर्नुपर्दछ।

२०. **तुलनात्मक बजेट र खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारको विगत ३ वर्षको बजेट विनियोजन र वास्तविक खर्चको स्थिति निम्नानुसार रहेको छः

(रु.हजारमा)

आर्थिक वर्ष	कायम बजेट	वास्तविक खर्च	प्रतिशत
२०८१।८२	४३८९२१७०	३१२३३६०४	७१.१६
२०८०।८१	४४११४६३२	२४५४४९३०	५५.६४
२०७९।८०	४७०२५०५३	२६८६९८७०	५७.१४

विनियोजन दक्षता वृद्धि गरी बजेट कार्यान्वयन प्रभावकारी हुनुपर्दछ।

२१. **त्रैमासिक खर्च** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ अनुसार कार्यालयले वार्षिक कार्यक्रमको आधारमा रकम खर्च गर्दा मासिक र त्रैमासिक बजेट बाँडफाँट र वार्षिक खरिद योजना बनाई खर्च गर्नुपर्दछ। प्रदेश लेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको विवरणअनुसार प्रदेश सरकारको २०८१।८२ को त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय अनुसार रहेको छः

(रु.हजारमा)

शीर्षक	कुल खर्च	त्रैमासिक खर्च				असार महिना
		प्रथम	दोस्रो	तेस्रो	चौथो	
पुँजीगत खर्च	२१४७५००८	१२२९४	३५५७१६	१२२२८०९	१९८८४१८९	१६९२३०२७
प्रतिशत	१००	०.०६	१.६६	५.६९	९२.५९	७८.८०

यो वर्ष चौथो त्रैमासिकमा ९२.५९ प्रतिशत खर्च भएकोमा असार महिनामा मात्र ७८.८० प्रतिशत खर्च भएको देखिन्छ। तेस्रो त्रैमासिकसम्म पुँजीगत खर्च ७.४१ प्रतिशत मात्र भएको बाँकी रहेको रकम चौथो त्रैमासिक र असारमा मात्र खर्च गरेको छ। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा खर्च व्यवस्थापन गर्नुपर्दछ।

२२. **आकस्मिक कोष** - प्रदेश आकस्मिक कोष ऐन २०७५ को दफा ३ मा आकस्मिक कोष स्थापना गर्ने र दफा ४ मा प्रदेश सञ्चित कोषबाट आकस्मिक कोषमा रकम जम्मा गर्ने तथा दफा ९ मा कोषबाट भएको खर्च रकम यथाशीघ्र सोधभर्ना गर्नुपर्ने व्यवस्था भएकोमा कोषमा बजेट विनियोजन गरेको देखिएन।

२३. **गैर-बजेटरी निकाय** - मधेश प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६ मा प्रदेश सञ्चित कोष एवम् अन्य सरकारी कोषहरूको एकीकृत वार्षिक वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने उल्लेख छ। कार्यालयले यो वर्ष गैर बजेटरी निकायको वित्तीय विवरण तयार गर्दा प्राप्ति रु.२७ करोड ४१ लाख ५५ हजार, भुक्तानी रु.२७ करोड ४० लाख ७० हजार र अन्य कोषमा भएको परिवर्तन रु.४ करोड ९ लाख ४५ हजार र अन्तिम मौज्दात रु.४ करोड १० लाख ३० हजार रहेको छ। गैर बजेटरी निकायतर्फको वित्तीय विवरण तयार गर्दा एक प्रतिष्ठानको कारोबार मात्र समावेश गरेकोले प्रदेश मातहतका सबै निकायहरूको कारोबार समेट्नुपर्दछ।

२४. **खर्च प्रतिबद्धता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ११ मा प्रदेश सरकारले प्रतिबद्धता तथा दायित्वको लेखा राख्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयको प्रतिवेदन अनुसार यो वर्षसम्म प्रतिबद्ध सम्झौता रु.२४ अर्ब ७३ करोड २१ लाख ७३ हजारमध्ये गत वर्षसम्म रु.४ अर्ब ८ करोड ४ लाख ६८ हजार र यो वर्ष रु.२ अर्ब १७ करोड २० लाख १९ हजार गरी यो वर्षसम्म

रु.६ अर्ब २५ करोड २४ लाख ८७ हजार भुक्तानी भई प्रतिबद्धता रकम रु.१८ अर्ब ४७ करोड ९६ लाख ८६ हजार बाँकी रहेको छ। कार्यालयले आर्थिक वर्ष २०८२।८३ को लागि रु.१८ करोड ८ लाख २५ हजार मात्र प्रतिबद्धता खर्च व्यवस्था गरेको छ।

२५. **पेस्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेस्की दिने र फस्यौंट गर्ने सम्बन्धी व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको विवरण अनुसार बजेटरी निकायको गत वर्षको पेस्की रु.१८ करोड ९९ लाख ३४ हजार रहेकोमा यो वर्षको अन्तमा रु.१ अर्ब ९ करोड ४५ लाख ५२ हजार रहेकोले यो वर्ष मात्र रु.९० करोड ४६ लाख १८ हजार अर्थात ४७६.२८ प्रतिशतले वृद्धि भएको छ। समयमै पेस्की फस्यौंट गर्नेतर्फ ध्यान दिनुपर्दछ।

२६. **स्थानीय तह वित्तीय हस्तान्तरण -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरणअनुसार स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार रहेको छः

(रु.हजारमा)

अनुदानको प्रकार	वार्षिक बजेट	हस्तान्तरण	हस्तान्तरण प्रतिशत
समानीकरण अनुदान	११८०८०४	११८०८०४	१००
समपूरक अनुदान	५८५५५०	७०२१४	११.९९
विशेष अनुदान	४०८०००	२०५४००	५०.३४
सशर्त अनुदान	१३५२५००	१०३००७०	७६.१६
जम्मा	**३५२६८५४**	**२४८६४८८**	**७०.५०**

प्रदेशका १३६ स्थानीय तहलाई २०८१।८२ मा वित्तीय हस्तान्तरणमा रु.३ अर्ब ५२ करोड ६८ लाख ५४ हजार विनियोजन गरेकोमध्ये वित्तीय समानीकरण अनुदान रु.१ अर्ब १८ करोड ८ लाख ४ हजार, विशेष अनुदान रु.२० करोड ५४ लाख, समपूरक अनुदान रु.७ करोड २ लाख १४ हजार र सशर्त अनुदान रु.१ अर्ब ३ करोड ७० हजार समेत रु.२ अर्ब ४८ करोड ६४ लाख ८८ हजार (बजेटको ७०.५० प्रतिशत) निकासा गरेको छ।

२७. **अन्तर सरकारी अख्तियारी -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २६ मा प्रदेशलाई प्राप्त हुने सबै रकम सञ्चित कोषमा दाखिला हुनुपर्ने र दफा २७ मा सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेकका अन्य रकम आफ्नो बजेटमा व्यवस्था गरी सम्बन्धित व्यवस्थापिकाबाट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ। यो वर्ष सङ्घीय सरकारबाट सोझै कोष तथा लेखा नियन्त्रक कार्यालय, धनुषा मार्फत तीन प्रादेशिक मन्त्रालय, एक कार्यालय र एक आयोगलाई रु.११ करोड ६२ लाख ८३ हजार विनियोजन भएकोमा रु.७ करोड ८ लाख ८८ हजार खर्च गरेको छ। ऐनमा भएको व्यवस्था अनुसार सबै किसिमको अनुदान प्रदेश सञ्चितकोष मार्फत परिचालन गर्नुपर्दछ।

२८. **सङ्घीय कार्यालयको खर्च -** विनियोजन ऐन, २०८१ को दफा ७(२) मा प्रदेशको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगततर्फको कुनै योजना तथा कार्यक्रम प्रदेशले नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्नसक्ने व्यवस्था छ। गृह, सञ्चार तथा कानुन मन्त्रालय अन्तर्गत प्रदेश प्रहरी कार्यालयमा सुरु विनियोजन नभएकोमा रु.१२ करोड २ लाख ७७ हजार रकमान्तर गरी रु.११ करोड ९८ लाख ५३ हजार खर्च गरेको छ। कानुन बमोजिम सम्बन्धित निकायबाट स्वीकृति लिई खर्च गर्नुपर्दछ।

२९. **राजस्व छुट -** प्रदेश आर्थिक ऐन, २०८१ को दफा १२ मा यो ऐन वा अन्य कानुन बमोजिम लगाइएका शुल्क र करको दर घटाउन बढाउन वा छुट दिनसक्ने र छुट दिएको विवरण प्रत्येक वर्ष अर्थ मन्त्रालयले प्रदेश सभामा पेस गर्नुपर्ने उल्लेख छ। यस सम्बन्धमा निम्नानुसार देखिएको छः

२९.१. वैदेशिक रोजगारीबाट बैंकिङ्ग प्रणाली मार्फत रेमिट्यान्स प्राप्त भएको बैङ्कको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिट्यान्सबाट खरिद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेसन शुल्क छुट दिइने, पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेसन दस्तुर छुट दिने उल्लेख छ। मन्त्रालयले यसरी दिइएको छुटको एकीकृत विवरण तयार गरेको छैन। उद्देश्य अनुरूप छुट सुविधा उपयोगको अनुगमन गर्नुपर्दछ।

२९.२. सामुदायिक विद्यालयले विद्यार्थी ओसारपसार गर्ने बस, मिनीबस तथा माइक्रोबसमा लाग्ने सवारी साधन करमा पचास प्रतिशत छुट हुने, सवारी धनीले एकमुष्ट पाँच वर्षको लागि सवारी साधन नवीकरण गराएमा दश प्रतिशत छुट हुने, अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइएका १५० सी. सी.सम्मका स्कुटरमा सवारी साधन करमा पूर्ण छुट हुने, ढुवानी कार्यसञ्चालन गर्न दर्ता भएका प्राइभेट लिमिटेडले सञ्चालन गर्ने १० टनभन्दा माथिका बन्द कन्टेनर र ठूला ट्रकहरूले तिर्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुने उल्लेख रहेकोमा यो वर्ष छुट दिएको रकमको क्षेत्रगत तथा एकीकृत विवरण तयार गरेको छैन। प्रदेश सरकारबाट कर, राजस्व तथा शुल्कमा छुट प्रदान गरेको सम्बन्धमा अपेक्षित र प्राप्त नतिजाको मूल्याङ्कन हुनुपर्दछ।

३०. **मुख्यमन्त्री स्वच्छता अभियान -** आर्थिक ऐन, २०८१ मा मुख्यमन्त्री स्वच्छता अभियान कार्यक्रमको लागि पारित हुने लिखतको थैली रकममा ०.५ प्रतिशत शुल्क असुल गरी प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने उल्लेख छ। मुख्यमन्त्री स्वच्छता अभियान कोष स्थापना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ ले सो रकम मुख्यमन्त्री स्वच्छता अभियानमा परिचालन हुने व्यवस्था छ। मन्त्रालयले घर जग्गा रजिष्ट्रेसन दस्तुरमा रु.१ अर्ब ६५ करोड ६४ लाख ५ हजार आम्दानी देखाएकोमा सोमध्ये मुख्यमन्त्री स्वच्छता अभियानको रकम यकिन गरेको छैन। भूमि व्यवस्था तथा अभिलेख विभागबाट प्राप्त विवरण अनुसार यस वर्ष मुख्यमन्त्री स्वच्छता अभियानमा रु.४४ करोड ७९ लाख ४७ हजार सङ्कलन भएको छ। मन्त्रालयले कानुन बमोजिम सङ्कलित रकमको शीर्षकगत विवरण तयार गर्नुपर्दछ।

३१. **अर्थ विविध -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६(२) मा विनियोजन ऐन अनुसार खर्च गर्ने रकम एक पटक बाँडफाँट गरिसकेपछि पटकपटक बाँडफाँट गर्न नपाइने व्यवस्था छ। मन्त्रालयको अर्थ विविधमा चालु खर्चतर्फ रु.५० करोड र पुँजीगत खर्चतर्फ रु.५० करोड समेत रु.१ अर्ब (कुल बजेटको २.२७ प्रतिशत) एकमुष्ट बजेट विनियोजन गरेको छ। मन्त्रालयले अर्थ विविधबाट रकमान्तर गरी विभिन्न मन्त्रालयमा चालु खर्चतर्फ रु.२२ करोड ६३ लाख ५९ हजार र पुँजीगत खर्चतर्फ रु.२३ करोड ५६ लाख ७६ हजार गरी रु.४६ करोड २० लाख ३५ हजार खर्च गरेको छ। अर्थ विविध शीर्षकमा बजेट विनियोजन गरी पटके निर्णयको आधारमा निकासा दिने तथा सम्बन्धित कार्यक्रम र शीर्षकमा विनियोजन नगर्ने वा गरेकोमा पनि कम विनियोजन गरी अर्थ विविधबाट रकमान्तर गरी रकम थप गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

३२. **दरबन्दी तथा पदपूर्ति -** प्रदेश निजामती सेवा ऐन, २०७७ अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले यस मन्त्रालयमा ४७ दरबन्दी स्वीकृत गरेकोमा ३५ पदपूर्ति भई मन्त्रालयले विज्ञ १ जना, मन्त्रालय सहयोगी र हलुका सवारी चालक समेत १० जना करारमा राखेको छ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

३३. **प्रदेश सञ्चित कोष -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ बमोजिम प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रूपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरदायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। कार्यालयले पेस गरेको यो वर्षको प्रदेश सरकारको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन अनुसार प्रदेश सञ्चित कोषको अवस्था देहायअनुसार रहेको छः

(रु.हजारमा)

आर्थिक सङ्केत	विवरण	आर्थिक वर्ष २०८१।८२	आर्थिक वर्ष २०८०।८१
१	**प्राप्ति**		
	राजस्व र अनुदान	**२४३३४७६१**	**२५७२२०८४**
११०००	कर राजस्व	१३९८२७९३	१२८२२८२३
१४०००	अन्य राजस्व	१२१६०६४	१२७९०५२
१३०००	अनुदान	९१३५९०४	११६२०२०९
	अन्य प्राप्ति	**८००९५**	**३०६५०२**
१५०००	बेरुजु निकासा फिर्ता र अनुदान फिर्ता	८००९५	३०६५०२
क.	**कुल जम्मा प्राप्ति**	**२४४१४८५६**	**२६०२८५८६**
२	**भुक्तानी**		
२.१	**चालु खर्च**	**९७५८५९७**	**९२५५६२०**
२१०००	पारिश्रमिक र सुविधा खर्च	२१०६८४९	२०८७२५१
२२०००	मालसामान तथा सेवाको उपभोग खर्च	३९९२५७८	३३६७८२४
२५०००	सहायता खर्च	२५०	३४९
२६०००	अनुदान खर्च	३३९७१३०	३२५६०७४
२७०००	सामाजिक सुरक्षा खर्च	२००२४६	४९०५३७
२८०००	अन्य	६१५४४	५३५८५
३१०००	**पुँजीगत खर्च**	**२१४७५००८**	**१५२८९३११**
३११००	**स्थिर सम्पत्ति प्राप्ति खर्च**	**२१४७४९२५**	**१५२८९३११**
३१११०	भवन तथा संरचना	२६३०८३०	२०३३३७५
३११२०	सवारी साधन तथा मेसिनरी औजार	८२८४६२	५९८३८८
३११४०-४०	अन्य पुँजीगत खर्च	३६९३९	९२७६
३११५०	सार्वजनिक निर्माण	१७८३७१४७	१२३९६४५४
३११७०	पुँजीगत सुधार खर्च	१४१५४७	२५१८१७
३१४००	**प्राकृतिक सम्पत्ति खर्च**	**८३**	-
३१४१०	जग्गा प्राप्ति	८३	-
ख.	**जम्मा खर्च**	**३१२३३६०४**	**२४५४४९३०**
ग.	**बचत/(कमी) (ग=क-ख)**	**(६८१८७४८)**	**१४८३६५६**
घ.	गत आर्थिक वर्षको नगद तथा बैङ्क मौज्दात	११०७४५७२	१२५८०५८२
ङ.	विनिमय नाफा/घाटा तथा अन्य समायोजन	-	७६८१
च.	**आर्थिक वर्षअन्तको बाँकी नगद तथा बैङ्क मौज्दात**	**४२५५८२४**	**१४०७१९१९**

यस सम्बन्धमा देखिएका प्रमुख बेहोराहरू निम्नानुसार छन्:

३३.१. यस आर्थिक वर्षमा प्राप्ति भन्दा भुक्तानी रु.६ अर्ब ८१ करोड ८७ लाख ४८ हजार बढी भएकोले प्रदेश सञ्चित कोष रु.१४ अर्ब ७ करोड १९ लाख १९ हजारबाट घटेर वर्षान्तमा रु.४ अर्ब २५ करोड ५८ लाख २४ हजार रहेको छ। सञ्चित कोषमा परेको चाप अनुरूप वित्तीय व्यवस्थापन हुनुपर्दछ।

३३.२. उल्लिखित वार्षिक विवरणअनुसार वर्षान्तमा सञ्चित कोष नगद तथा बैङ्क मौज्दात रु.४ अर्ब २५ करोड ५८ लाख २४ हजार रहेकोमा बैङ्क स्टेटमेन्ट अनुसार रु.१२ अर्ब ५८ करोड ५ लाख ८२ हजार मौज्दात रहेको छ। आर्थिक विवरणको मौज्दात भन्दा बैङ्क मौज्दात रु.८ अर्ब ३२ करोड ४७ लाख ५८ हजार बढी रहेको सम्बन्धमा यकिन गरी हिसाब मिलान हुनुपर्दछ।

३३.३. उल्लिखित विवरण अनुसार २०८०।८१ को अन्तमा रु.१४ अर्ब ७ करोड १९ लाख १९ हजार मौज्दात देखिएकोमा २०८१।८२ मा रु.११ अर्ब ७ करोड ४५ लाख ७२ हजार मात्र सुरु जिम्मेवारी सारेको देखिन्छ। गतवर्षको भन्दा रु.२ अर्ब ९९ करोड ७३ लाख ४७ हजार घटी जिम्मेवारी सम्बन्धमा यकिन गर्नुपर्दछ।

३३.४. उल्लिखित विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ को तुलनामा आर्थिक वर्ष २०८१।८२ मा चालु खर्च ५.४३ प्रतिशत, पुँजीगत खर्च ४०.४६ प्रतिशत गरी कुल खर्चमा २७.२५ प्रतिशत वृद्धि भएपनि राजस्व तथा प्राप्तिमा ६.२० प्रतिशतले संकुचन देखिएकोले राजस्व र खर्चबीच सन्तुलन कायम हुनेगरी वित्तीय व्यवस्थापन हुनुपर्दछ।

३४. **कोष हिसाब मिलान -** नेपाल राष्ट्र बैङ्कबाट जारी गरिएको सरकारी कारोबार निर्देशिका, २०७६ अनुसार सञ्चित कोष मिलान खाता, प्रदेश सञ्चित कोष आम्दानी र खर्च रकमको अन्तिम समायोजन खाता हुने र सो खातामा राजस्व अनुदान तथा अन्य प्राप्ति खाता, वित्तीय प्राप्ति खाता र निकासा खर्च खाताको मौज्दात रकम प्रदेश लेखा नियन्त्रक कार्यालयको पत्रानुसार ट्रान्सफर गरी समायोजन तथा वार्षिक हिसाब मिलान गर्नुपर्ने व्यवस्था छ। कार्यालयले पेस गरेको सञ्चित कोष मिलान खाता अनुसार आर्थिक वर्ष २०८०।८१ को हिसाब मिलान २०८२।९।३ मा र २०८१।८२ को हिसाब मिलान २०८२।९।१० मा भएको छ। कोषको हिसाब यकिन नगरी आर्थिक कारोबार सञ्चालन गर्दा अन्तरनिहित वित्तीय जोखिम रहन्छ। कार्यविधिको व्यवस्था बमोजिम वार्षिक हिसाब समयमै तयार गर्नुपर्दछ।

३५. **राजस्व अनुमान र असुली -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त राजस्व प्रतिवेदन अनुसार २०८१।८२ मा राजस्वको शीर्षकगत लक्ष्य र प्रगति निम्नानुसार रहेको छ:

(रु.हजारमा)

राजस्व शीर्षक	लक्ष्य	असुली	असुली प्रतिशत
कर राजस्व	**२००५१०००**	**१५०७६५६२**	**७५.१९**
घर जग्गा रजिष्ट्रेसन दस्तुर	३५०००००	१६५६४०५	४७.३३
बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर	९१०००००	७९४३०२९	८७.२९
बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	२८०००००	२५६८०५९	९१.७२
बाँडफाँटबाट प्राप्त हुने अन्तःशुल्क	४५०००००	२८४२३२०	६३.१६
बाँडफाँटबाट प्राप्त हुने विज्ञापन तथा मनोरञ्जन कर	१०००	२०४	२०.४
वनक्षेत्रको रोयल्टी	१५००००	६६५४५	४४.३६

राजस्व शीर्षक	लक्ष्य	असुली	असुली प्रतिशत
अन्य र विविध राजस्व	**२६२१७००**	**१२९६१५८**	**४९.४४**
बाँडफाँटबाट प्राप्त हुने वन रोयल्टी	५००००	३७०१२	७४.०२
बाँडफाँटबाट प्राप्त हुने दहतर बहतरको बिक्रीबाट प्राप्त आय	३५००००	३८३४२	१०.९५
कृषि उत्पादनको बिक्री आय	७८००	५६११	७१.९४
परीक्षा शुल्क	२००००	१९२०५	९६.०३
यातायात क्षेत्रको आम्दानी	१२००००	११९८३५	९९.८६
व्यवसाय रजिष्ट्रेसन दस्तुर	२०००००	५१०५७	२५.५३
चालक अनुमतिपत्र सवारी दर्ता किताब दस्तुर	१००००००	७८८५३५	७८.८५
विविध प्राप्ति	८७३९००	२३६५६१	२७.०७
जम्मा	**२२६७२७००**	**१६३७२७२०**	**७२.२१**

आर्थिक वर्ष २०८१।८२ मा रु.२२ अर्ब ६७ करोड २७ लाख राजस्व सङ्कलन गर्ने अनुमान गरेकोमा रु.१६ अर्ब ३७ करोड २७ लाख २० हजार अर्थात् लक्ष्यको तुलनामा ७२.२१ प्रतिशत असुली भएको छ। गत आर्थिक वर्ष २०८०।८१ मा राजस्व सङ्कलन लक्ष्यको तुलनामा ९१.४२ रहेकोमा यस आर्थिक वर्षमा संकुचन देखिएको सम्बन्धमा समीक्षा हुनुपर्दछ।

३६. **राजस्व सङ्कलन** - प्रदेश आर्थिक ऐन, २०८१ को दफा ४ मा मनोरञ्जन कर, दफा ५ मा विज्ञापन कर, दफा ६ मा पर्यटन शुल्क, दफा ७ मा कृषि आयकर र दफा ८ मा ढुंगा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर शुल्क असुल गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार छन्:

३६.१. आर्थिक वर्ष २०८१।८२ मा विज्ञापन कर रु.१० लाख सङ्कलन गर्ने लक्ष्य रहेकोमा रु.२ लाख ४ हजार अर्थात् लक्ष्यको तुलनामा २०.४ प्रतिशत असुल भएको छ।

३६.२. दहत्तर बहत्तर शुल्क रु.३५ करोड सङ्कलन गर्ने लक्ष्य लिएकोमा रु.३ करोड ८३ लाख ४२ हजार अर्थात् लक्ष्यको तुलनामा १०.९५ प्रतिशत असुल भएको छ।

३६.३. कृषि आयकर रु.७८ लाख सङ्कलन गर्ने लक्ष्य लिएकोमा रु.५६ लाख ११ हजार अर्थात् लक्ष्यको तुलनामा ७१.९४ प्रतिशत असुली भएको छ।

३६.४. मनोरञ्जन कर र पर्यटन शुल्कको शीर्षकगत अभिलेख राखेको देखिएन।

राजस्व परिचालनमा न्यून प्रगति देखिएको सम्बन्धमा समीक्षा गरी कानुनमा भएको व्यवस्था अनुसार सबै स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुनुपर्ने कर र शुल्क रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्दछ। स्थानीय तहबाट राजस्व बाँडफाँट भई प्राप्त हुने रकमको अनुगमन हुनुपर्दछ। कार्यालयले शीर्षकगत अभिलेख राख्नुपर्छ।

३७. **कार्य सञ्चालन कोष** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६ मा प्रदेशस्थित सरकारी कोषको एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। प्रदेश अन्तर्गत दश मन्त्रालय र एक आयोगमा विविध कोषको अवस्था देहायअनुसार रहेको छः

(रु.हजारमा)

गत वर्षको मौज्दात	यो वर्षको प्राप्ति	जम्मा प्राप्ति	भुक्तानी रकम	मौज्दात	बैङ्क मौज्दात
७८६९९८	४६८०८८	१२५५०८६	४१४२७४	८४०८१२	८४०८३२

उल्लिखित विवरण अनुसार बैङ्क स्टेटमेन्टमा ८४ करोड ८ लाख ३२ हजार मौज्दात देखिएको सम्बन्धमा यकिन गरी हिसाब मिलान हुनुपर्दछ।

३८. **धरौटी** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६ मा प्रदेश स्थित सरकारी कोषको एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार धरौटीको अवस्था देहायअनुसार छः

(रु.हजारमा)

गत वर्षको मौज्दात	यो वर्षको प्राप्ति	जम्मा प्राप्ति	भुक्तानी रकम	मौज्दात	बैङ्क मौज्दात
१३९९९५९	७८४४९५	२१८४४५४	५६३०८३	१६२१३७१	१६१७१८५

उल्लिखित विवरणअनुसार वर्षको अन्त्यमा स्रेस्ता अनुसार रु.१ अर्ब ६२ करोड १३ लाख ७१ हजार बाँकी मौज्दात रहेकोमा बैङ्क स्टेटमेन्ट अनुसार रु.१ अर्ब ६१ करोड ७१ लाख ८५ हजार बाँकी देखिएको छ। बैङ्कमा रु.४१ लाख ८६ हजार कम मौज्दात देखिएको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ। गत आर्थिक वर्षको वर्षान्त मौज्दात रु.१ अर्ब ३९ करोड १९ लाख ७० हजार रहेकोमा यस आर्थिक वर्षको सुरु मौज्दात रु.१ अर्ब ३९ करोड ९९ लाख ५९ हजार जिम्मेवारी सारेकोमा फरक परेको रकम रु.७९ लाख ८९ हजार सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

३९. **प्रदेश विभाज्य कोष** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट र प्रदेश आर्थिक ऐन, २०८१ को दफा ३(३) मा प्रदेश विभाज्य कोषमा जम्मा भएको सवारी साधन कर रकमको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा बाँडफाँट गर्नुपर्ने व्यवस्था छ। यो वर्ष विभाज्य कोषमा सवारी साधन कर रु.२ अर्ब ५६ करोड ८० लाख ५९ हजार र प्राकृतिक स्रोतको रोयल्टी रु.६ करोड ६५ लाख ४५ हजार गरी रु.२ अर्ब ६३ करोड ४६ लाख ४ हजार सङ्कलन भएकोमध्ये सोही रकम बाँडफाँट भई सङ्घलाई रु.६ करोड ६५ लाख ४५ हजार, प्रदेशलाई रु.१ अर्ब ५४ करोड ८ लाख ३५ हजार र स्थानीय तहमा रु.१ अर्ब २ करोड ७२ लाख २४ हजार बाँडफाँट गरेको छ। राजस्व व्यवस्थापन सूचना प्रणाली अनुसार आर्थिक वर्षको अन्त्यमा सवारी साधन कर रु.१३ करोड ४५ लाख ५ हजार बाँडफाँट गर्न बाँकी देखिएकोमा वार्षिक विवरणमा उक्त रकम समेत समावेश गरी विभाज्य कोषको हिसाब तयार गरेकोले सञ्चित कोषमा रु.१३ करोड ४५ लाख ५ हजारले बढी आय लेखाङ्कन भएको छ।

४०. **भुक्तानी बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा सम्बन्धित शीर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले आगामी वर्षमा भुक्तानी दिन सक्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार आगामी वर्षको लागि रु.४ करोड ९७ लाख भुक्तानी दिन बाँकी रहेको तथा विनियोजित बजेट फ्रिज हुने तर काम भएको रकम भुक्तानी हुन नसक्दा अनावश्यक दायित्व सिर्जना भएको देखिन्छ। सम्पन्न भइसकेको कार्यको भुक्तानी सम्बन्धित आर्थिक वर्षमै गर्नुपर्दछ।

४१. **तलबी प्रतिवेदन** - प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ४३ मा प्रदेश निजामती कर्मचारीलाई तलबी प्रतिवेदन पारित नगराइ तलब भुक्तानी नगरिने उल्लेख छ। कार्यालयले प्रदेश अन्तर्गतका कर्मचारीहरूको तलबी प्रतिवेदन पारित नगरी यस वर्ष पारिश्रमिक कर्मचारी शीर्षकबाट रु.१ अर्ब ५६

करोड २६ लाख ८९ हजार खर्च लेखेको छ। कानुनमा भएको व्यवस्था बमोजिम कर्मचारीहरूको तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च गर्नुपर्दछ।

४२. **आन्तरिक लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ मा प्रदेश सरकार अन्तर्गतका प्रत्येक कार्यालय तथा निकायको चौमासिक रूपमा आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने र आन्तरिक लेखापरीक्षणबाट औँल्याइएका बेहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट तथा सम्परीक्षण गराइ बाँकी बेहोरा मात्र अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणको सम्बन्धमा उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्ष कार्यालयले प्रादेशिक निकाय १६ र मातहतका कार्यालय १४२ समेत १५८ कार्यालयहरूको आन्तरिक लेखापरीक्षण सम्पन्न गरी नियमित गर्नुपर्ने रु.९३ लाख २४ हजार, असुल गर्नुपर्ने रु.१ करोड २९ लाख ७२ हजार समेत कुल रु.२ करोड ६४ लाख ९० हजार बेरूजु कायम गरेको छ। ऐनमा भएको व्यवस्थालाई कार्यान्वयनमा ल्याई बेरुजु फस्यौंट गर्ने गराउनेतर्फ प्रदेश लेखा नियन्त्रक कार्यालय एवं मन्त्रालयले ध्यान दिनुपर्ने देखिन्छ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा विनियोजन र खर्च, स्रोतगत अनुमान र खर्च, बजेट वक्तव्यको कार्यान्वयन, रकमान्तर र सम्पत्तिको एकीकृत विवरण, राजस्व बाँडफाँट, तलबी प्रतिवेदन, त्रैमासिक खर्च, राजस्व छुट, अर्थ विविध लगायतका विषयमा सुझाव दिइएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहत निकायको लगती बेरुजु देखिएन। यससम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।

खेलकुद तथा समाज कल्याण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- खेलकुद प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण र कार्यान्वयन,
- युवा प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा र कार्यान्वयन,
- लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन,
- महिला अधिकार र बाल अधिकार नेपालको संविधानमा भएका व्यवस्था, अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिबद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना,
- बाल बालिकाको हकहित संरक्षण प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,
- ज्येष्ठ नागरिकको हकहित संरक्षण प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,
- अपाङ्गता भएका नागरिकको हकहित संरक्षण प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,
- अपाङ्गता भएका नागरिक सम्बन्धी नेपालको संविधानमा भएका व्यवस्था, अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिबद्धताको कार्यान्वयन, संरक्षणात्मक उपाय र पुनर्स्थापना,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यक नागरिकको हकहित संरक्षणको प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,
- प्रदेशभित्रका गैरसरकारी सङ्घ, संस्थाहरूको अभिलेख व्यवस्थापन,
- समाज कल्याण र सङ्घ संस्थाको कार्यहरूको अनुगमन तथा मूल्याङ्कन।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहत समेत ८ कार्यालयको निम्नानुसार रु.१ अर्ब २१ करोड ४९ लाख ५९ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
११९८१३३	१२९३	१५५३३	०	१२१४९५९

२. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक सङ्केत र वर्गीकरण अनुसार खर्चको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/ सुविधा	५२७४०	५२७४०	२९७६२	५६.४३
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	३६०	३६०	८२	२२.७८

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२१०० सेवा महसुल	४५१६	४५१६	१४०८	३१.१८
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१५६०१	१७४०१	९०३३	५१.९१
२२३०० कार्यालय सामान तथा सेवा	९४००	९४००	५९८५	६३.६७
२२४०० सेवा तथा परामर्श खर्च	९०३४	९०३४	४२६०	४७.१६
२२५०० कार्यक्रम सम्बन्धी खर्चह	५२५०३०	३७८२५१	१७६७६१	४६.७३
२२६०० अनुगमन मूल्याङ्कन र भ्रमण खर्च	५१००	५१००	१६१६	३१.६९
२२७०० विविध खर्च	२७३४	२७३४	१५५८	५६.९९
२६४०० सामाजिक सेवा	११७५०	९७५०	७४०८	७५.९८
२७२०० सामाजिक सहायता	२००	२००	१८९	९४.५०
२८१०० सम्पत्ति सम्बन्धी खर्च	३०९५	६१४७	५४४२	८८.५३
जम्मा	**६३९५६०**	**४९५६३३**	**२४३५०४**	**४९.१३**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१३१८७९०	१२४३८९०	९५४६२९	७६.७५
कुल जम्मा	**१९५८३५०**	**१७३९५२३**	**११९८१३३**	**६८.८८**

उल्लिखित विवरणअनुसार चालु खर्च ४९.१३ प्रतिशत पुँजीगत खर्च ७६.७५ प्रतिशत र समग्रमा ६८.८८ प्रतिशत खर्च भएको छ।

३. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालयको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आयव्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। सो अनुसार मन्त्रालयले २०८१।८२ को नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित वित्तीय विवरण तयार गरेको छैन। निर्धारित समयमा एकीकृत वित्तीय विवरण तयार गरी पेस गर्नुपर्दछ।

४. **आवधिक योजना** - आत्मनिर्भर र समृद्ध मधेश, सुखी मधेशी भन्ने सोचका साथ प्रदेशले दोस्रो आवधिक योजना २०८१।८२-२०८५।८६ कार्यान्वयनमा ल्याएको छ। प्रथम आवधिक योजनाको अवधि २०७६।७७ देखि २०८०।८१ सम्म रहेकोमा २०८०।८१ सम्मको प्रगति समीक्षा नगरी २०७९।८० को समीक्षालाई आधार वर्षको उपलब्धि लिई दोस्रो आवधिक योजना तर्जुमा गरेको छ। यस मन्त्रालयका प्रमुख परिमाणात्मक लक्ष्यहरू देहाय बमोजिम रहेका छन्:

क. सं.	सूचक	एकाइ	२०७९।८० को स्थिति	२०८१।८२ को लक्ष्य	२०८५।८६ को लक्ष्य
१	महिला साक्षरता दर	प्रतिशत	५४.७	५५	५७.७
२	थप भएका ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र	सङ्ख्या	१	४	८
३	बाल विवाह अनुपात	प्रतिशत	४२.४	४०	३२
४	लैंगिक विकास सूचकाङ्क	सूचकाङ्क	०.७८६	०.७९६	०.८८६
५	खेलकुद ग्रामहरू	सङ्ख्या	०	४०	१३६
६	प्रदेशले आयोजना गरेका खेलकुद प्रतियोगिताहरू	सङ्ख्या	०	८	२०
७	मधेश प्रदेशबाट राष्ट्रिय टोलीमा सहभागी खेलाडीहरू	सङ्ख्या	०	२	१०

दोस्रो आवधिक योजना कार्यान्वयन गर्दा प्रथम आवधिक योजनाको समीक्षा नगरेको तथा २०८१।८२ को सूचक बमोजिम प्रगति प्रतिवेदन तयार गरेको छैन। आवधिक योजनालाई वार्षिक बजेट तथा कार्यक्रममा आबद्ध गरी निर्धारित लक्ष्य हासिल गर्नुपर्दछ।

५. **नीति तथा कार्यक्रम** - प्रदेश सरकारका आर्थिक वर्ष २०८१।८२ को नीति तथा कार्यक्रम अनुसार प्रदेशका पिछडा वर्गको हकहित संरक्षणका लागि विषेश कार्यक्रमहरू सञ्चालन गर्ने, प्रदेश भरिका युवा जनशक्तिको क्षमता र योग्यताको पहिचान गरी युवावर्ग लक्षित प्रदेश युवा नीति तर्जुमा गर्ने, घर परिवार र आफन्तविहीन अनाथ, अपाङ्ग, असहाय मानवहरूको मानवोचित व्यवस्थापन गर्न पहल गर्ने, प्रदेशमा आगामी एघारौं राष्ट्रिय खेलकुद प्रतियोगिता सफल आयोजना गर्न सरकार, निजीक्षेत्र र सरोकारवाला निकायहरूको समन्वयमा संवाद कार्यक्रम गरी स्रोत साधन परिचालन गर्ने र प्रतिभावान खेलाडीलाई पुरस्कृत गर्ने कार्यक्रम कार्यान्वयन भएको छैन। त्यसैगरी युवा उद्यमशीलता तथा रोजगार अभिवृद्धिको लागि अन्तरनिकाय समन्वय र सहकार्य गर्ने, गरिब, दलित तथा सीमान्तकृत र विपन्न परिवारहरूको लागि एक विद्युतीय चुलो कार्यक्रमलाई निरन्तरता दिने, खेलकुद ऐन, पिछडा वर्ग र सङ्घ संस्था समन्वय ऐन ल्याउने लगायतका नीति कार्यान्वयन भएको देखिएन। वार्षिक नीति तथा कार्यक्रममा उल्लेख गरेका कार्यक्रमहरू प्राथमिकताका आधारमा कार्यान्वयन गर्नुपर्दछ।

६. **बजेट वक्तव्य** - प्रदेश सरकारको २०८१।८२ को बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमहरू मध्ये वीरगञ्ज महानगरपालिका-१५ अन्तर्गत नारायणी क्रिकेट रंगशालामा अन्तर्राष्ट्रियस्तरको क्रिकेट प्रशिक्षण केन्द्रको स्थापनाको लागि विस्तृत अध्ययन, मधेश ओलम्पिक स्पोर्टस केन्द्र निर्माण, शहीद राममनोहर र किसान आन्दोलन पार्क निर्माण, दलित युवा सशक्तीकरण लगायतका कार्यक्रमहरू कार्यान्वयन गरेको छैन। वार्षिक बजेटमा उल्लेख भएका विषयहरू कार्यान्वयन गर्नुपर्दछ।

७. **एकीकृत सम्पत्ति विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको विवरणअनुसार रु.४ करोड १४ लाख ३५ हजार मूल्यको सवारी साधन, उपकरण, फर्निचर, मेसिनरी औजार जस्ता सम्पत्तिहरू रहेको देखिन्छ। मन्त्रालय र मातहत कार्यालयहरूको सम्पत्तिको विवरण विद्युतीय प्रदेश सम्पत्ति व्यवस्थापन प्रणालीमा अद्यावधिक गरी संरक्षणको व्यवस्था गर्नुपर्दछ।

८. **कार्य सञ्चालन** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयको मुख्य जिम्मेवारी ऐन, कानुन, नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयनको समन्वय, केन्द्रीयस्तरको लेखा तथा अनुगमन लगायतका नीतिगत एवं नियमन कार्यमा केन्द्रित रहेको देखिन्छ। तर मन्त्रालयले जिल्ला ज्येष्ठ नागरिक सङ्घहरूको व्यवस्थापन सहयोग, मागमा आधारित खेल सामग्री वितरण, फुटबल खेलका लागि सामग्री खरिद, लैङ्गिक हिंसा सचेतनामूलक सडक नाटक कार्यक्रम, प्रदेशका महिला तथा बालबालिका माथि हुने हिंसा सम्बन्धी अध्ययन अनुसन्धान, सामाजिक सद्भाव अभिवृद्धिका लागि छठ, होली, इद, दशैं, माघी र घाँटो लगायतका धार्मिक तथा सामाजिक चाडपर्व लक्षित कार्यक्रमहरू सञ्चालन गरी रु.९ करोड ७५ लाख ९१ हजार खर्च गरेको देखिन्छ। मन्त्रालयले कार्य सञ्चालन स्तरको कार्यक्रम सञ्चालन गर्दा मातहत निकायको भूमिका कमजोर हुने, प्रशासनिक भार बढ्ने नीतिगत तथा

अनुगमन भूमिका कमजोर हुने देखियो। नियमावलीले तोकेको जिम्मेवारी पालना गर्न मन्त्रालय केन्द्रित हुनु जरुरी देखिन्छ।

९. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने उल्लेख गरेको छ। बजेट लक्षित उद्देश्य अनुरूप खर्च गर्न बजेटमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयको विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतको हुने उल्लेख छ। मन्त्रालयमा यो वर्ष रु.१ अर्ब ७३ करोड ९५ लाख २३ हजार बजेट मध्ये रु.१ अर्ब १९ करोड ८१ लाख ३३ हजार अर्थात ६८.८८ प्रतिशत बजेट खर्च भएको छ। ऐनको व्यवस्था अनुसार जिम्मेवारी र जवाफदेहिताको पूर्ण पालना भएको नदेखिएकोले तोकिएको जिम्मेवारी र जवाफदेहीता पालना गर्नुपर्दछ।

१०. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा तोकिएको शीर्षकमा बजेट अपुग भए बचत भएको शीर्षकबाट प्रदेश विनियोजन ऐनको सीमाभित्र रही अर्थ मन्त्रालयले रकमान्तर गर्ने व्यवस्था छ। मन्त्रालय र अन्तर्गतका निकायमा सुरु बजेट रु.१ अर्ब ९५ करोड ८३ लाख ५० हजार विनियोजन भएकोमा रु.२१ करोड ८८ लाख २७ हजार घटाइ रु.१ अर्ब ७३ करोड ९५ लाख २३ हजार कायम गरेको छ। रकमान्तरबाट ११.१७ प्रतिशत घटाइ अन्तिम बजेट कायम भएको देखिन्छ। मन्त्रालयले आवश्यकतामा आधारित बजेट अनुमान तयार गरी कार्यान्वयन गर्नुपर्दछ। रकमान्तर गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ।

११. **सवारी साधन खरिद** - उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४ को बुँदा नं.६(क) मा प्रतिस्पर्धाको लागि मालसामान निर्माण वा उत्पादन गर्ने कम्पनीले उत्पादनको विशेषता, गुणस्तर र सुविधाका लागि बिक्री मूल्य कम्पनीको एकीकृत सूचना सङ्गाल वा कागजात (ब्रोसर) मा सार्वजनिक गरेपछि मालसामान उत्पादन गर्ने कम्पनीले तोकेको थोक मूल्यमा प्रतिस्पर्धा गराउनुपर्ने व्यवस्था छ। मन्त्रालयले रु.६० लाख लागत अनुमान भएको चारपांग्रे सवारी साधन रु.५९ लाख ४५ हजारमा खरिद गरी भुक्तानी गरेको छ। उक्त खरिद गरेका सवारी साधनहरूको बिक्री मूल्य खरिद प्रक्रियामा समावेश नगरेको तथा सम्बन्धित कम्पनीको वेभसाइट र ब्रोसरमा सार्वजनिक गरेको पाइएन। उत्पादकको कागजात, अभिलेख र मूल्य विश्लेषण गरी सवारी साधन खरिद गर्नुपर्दछ।

१२. **बिमा** - बिमा तथा नागरिक दुर्घटना बिमा सम्झौतापत्रको नागरिक दुर्घटना बिमा व्यवस्थाको बुँदा नं.४ मा प्रदेशका नागरिकले दुर्घटनामा ज्यान गुमाएमा वा स्थायी अशक्तता भएमा पहिलो पक्षले ३० दिनभित्र दोस्रो पक्षसँग बिमा दाबी गर्नसक्ने र बीमितले रित बमोजिम कागजातहरू बुझाएको मितिले १५ दिनभित्र दोस्रो पक्षले दाबी रकम भुक्तानी दिनुपर्ने उल्लेख छ। मन्त्रालयले प्रदेशमा स्थायी बसोबास गरेका नागरिक र आवासको प्राकृतिक वा अन्य विपद्को जोखिमबाट सुरक्षा गर्न दुर्घटना र घर बिमा कार्यको लागि एक बिमा कम्पनीसँग १ लाख आवास र ६ हजार ६०० नागरिक बिमाको लागि २०८२।३।२५ मा १ वर्ष अवधिको सम्झौता गरी रु.३ करोड ९५ लाख ६२ हजार भुक्तानी दिएको छ। मन्त्रालयले पेस गरेको विवरणअनुसार २०८२।४।२० देखि २०८२।९।३० सम्म ६४ जना दुर्घटनामा परि ज्यान गुमाएको र रीत अनुसारको कागजातहरू पेस गरेकोमा बिमा कम्पनीले लेखापरीक्षणको अवधिसम्म

७ जनाको दाबी रु.७० लाख भुक्तानी दिएको छ। सम्झौताको शर्त बमोजिम बाँकी ५७ जनाको रु.१० लाखको दरले रु.५ करोड ७० लाख क्षतिपूर्ति बिमा कम्पनीबाट प्राप्त गर्नुपर्दछ।

१३. **रङ्गशाला निर्माण** - मन्त्रालयले श्री राम जानकी वहुउद्देश्यीय अन्तर्राष्ट्रिय रङ्गशाला निर्माण गर्न गुठी संस्थान मातहतको जनकपुर उपमहानगरपालिका वडा नं. १४ मा रहेको १६-१७-१९-१ क्षेत्रफल भएको जग्गा गुठी संस्थान र राष्ट्रिय खेलकुद परिषदबीच २०७४।८।३ मा वार्षिक रु.४९ लाख ९० हजार भुक्तानी गर्ने गरी सम्झौता मितिबाट बढीमा २५ वर्ष लिजमा उपलब्ध गराउने सम्झौता भएकोमा वहाल रकम पुनरावलोकन गर्न मन्त्रालयबाट २०८२।२।८ मा अनुरोध भएकोमा गुठी संस्थान सञ्चालक समितिको २०८२।२।२३ को बैठकबाट निर्देशिकाको व्यवस्था बमोजिम रु.२४ लाख ९५ हजार कायम गरेकोले उक्त रकम मन्त्रालयले गुठी संस्थानलाई भुक्तानी गरेको छ। भौतिक संरचनामा निर्माणको लागि लिजमा लिई भाडा भुक्तानी भएपछि रङ्गशाला निर्माण कार्यको सुरुवात गरेको छैन। मन्त्रालयले उद्देश्य अनुरूप रङ्गशाला निर्माण गर्नुपर्दछ।

१४. **अनुदान** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(५) मा कुनै सङ्घ संस्थालाई दिएको रकमको उद्देश्य र लक्ष्यअनुसार खर्च गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। मन्त्रालयले ३ वटा ब्रम्हकुमारी राजयोग सेवा केन्द्र, वृद्धवृद्धा तथा असहाय कल्याण समाज, वृद्धाश्रमहरूलाई सञ्चालन तथा व्यवस्थापन सहयोग, मानव सेवा आश्रम सहयोग र सप्तरी क्रिकेट सङ्घलाई रु.२ लाखदेखि रु.३५ लाखको दरले रु.६४ लाख ५० हजार अनुदान दिएकोमा कार्यक्रमको अनुगमन मूल्याङ्कन गरी प्रगति प्रतिवेदन सार्वजनिक नगरेको तथा गत वर्षहरूमा दिएको अनुदानको अभिलेख समेत राखेको पाइएन। बजेटमा भएको खर्च सुनिश्चित गरी अनुदान प्राप्त गर्नेको विवरण सार्वजनिक गर्नुपर्दछ।

व्यावसायिक तथा सीप विकास तालिम केन्द्र

१५. व्यावसायिक तथा सीप विकास तालिम केन्द्र धनुषा र रौतहटले ५४ वटा तालिममा रु.८ करोड ८२ हजार बजेट व्यवस्था गरी तालिम प्रदायक संस्था र कर्मचारी मार्फत रु.७ करोड ८५ लाख ६६ हजार खर्च गरी ५ हजार ४२१ जनालाई तालिम प्रदान गरेको छ। तालिम आवश्यकताको पहिचान बेगर सालबसाली एउटै प्रकृतिको कार्यक्रम सञ्चालन गरी उपलब्धि मापन नगरेको, तालिम पश्चात् प्रशिक्षार्थीहरूले आयआर्जनमा संलग्न भएको यकिन गरेको छैन। कार्यालयले प्रशिक्षार्थीहरूको अभिलेख राखी लगानी उपलब्धिको मूल्याङ्कन र समीक्षा गर्नुपर्दछ।

सामाजिक विकास इकाइ कार्यालय

१६. **फरक शीर्षक** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(२) मा अधिकार प्राप्त अधिकारीले बजेट खर्च गर्दा सम्बन्धित खर्च शीर्षकमा परेको वा खर्च गर्न बाँकी रहेमा बजेट खर्च गर्नुपर्ने व्यवस्था छ। सामाजिक विकास इकाइ कार्यालय, राजविराजले जिल्ला सहकारी सङ्घको सभाहल निर्माण कार्यको लागि रु.५० लाख बजेट व्यवस्था गरी प्राविधिक बिल तथा उपभोक्ताको बिल बमोजिमको रु.४७ लाख ४० हजार समितिलाई भुक्तानी गर्नुपर्नेमा रु.४ लाख ७४ हजार मात्र उक्त शीर्षकबाट भुक्तानी गरी यो वर्ष डुमरीटोलमा रामजानकी मन्दिरको घेराबार निर्माण कार्यको लागि विनियोजित रकमबाट रु.४२ लाख ६६ हजार भुक्तानी गरेको छ। स्वीकृत कार्यक्रममा मात्र उक्त रकम खर्च गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा वित्तीय प्रतिवेदन, सवारी साधन खरिद, बजेट कार्यान्वयन, रकमान्तर, सीप विकास तालिम, सम्पत्तिको एकीकृत विवरण लगायतका विषयमा सुझाव दिइएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** – मन्त्रालय र मातहतका निकायको यो वर्ष रु.७ करोड २८ लाख १७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फर्स्यौट हुन नसकी सोही रकम बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।

शिक्षा तथा संस्कृति मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशस्तरको शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन,
- प्रदेशस्तरमा पुस्तकालय सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशस्तरको शैक्षिक मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण,
- प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन र सर्वेक्षण तथा जनशक्ति विकास र उपयोग,
- संस्कृतिको विकास सम्बन्धी नीति तथा कानुन तर्जुमा र कार्यान्वयन,
- भाषा, लिपि, संस्कृति, ललितकलाको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- ऐतिहासिक, धार्मिक, पुरातात्विक, सांस्कृतिक कला र वास्तुकलाको दृष्टिले महत्त्वपूर्ण स्थल र धरोहरहरूको अध्ययन, अनुसन्धान तथा संरक्षण एवं सो सम्बन्धी नीति र कानुन तर्जुमा तथा कार्यान्वयन,
- सङ्ग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, पूर्वाधार निर्माण, कार्यान्वयन र व्यवस्थापन,
- विश्व सम्पदा सूचीमा परेका सम्पदा, प्राचीन स्मारक एवं स्थल र दरबारहरूको संरक्षण, सम्भार, उत्खनन् तथा पुनर्निर्माण तथा व्यवस्थापन।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय मातहतका ५ कार्यालयको निम्नानुसार रु.१ अर्ब २० करोड ६० लाख ३७ हजार लेखापरीक्षण भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
११६११७४	९७३१	२१५०२	१३६३०	१२०६०३७

यो वर्ष समिति तथा अन्य संथातर्फ ३ निकायको रु.२८ करोड १० हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

२. **लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिए बमोजिम लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउने व्यवस्था छ। कार्यालयको २०८१।८२ को स्रेस्ता एवं

सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ को घटनाको कारण पेस हुन नसेकेकोले विनियोजनतर्फ रु.७७ करोड ७१ लाख, राजस्वतर्फ रु.४ लाख ९२ हजार, धरौटीतर्फ रु.४६ लाख १६ हजार र अन्य कारोबार रु.५ लाख २५ हजार समेत रु.७८ करोड २७ लाख ३३ हजारको लेखापरीक्षण गरिएको छैन।

(रु.हजारमा)

कार्यालय	विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
शिक्षा तथा संस्कृति मन्त्रालय	४८४४९५	४९२	४६१६	५२५	४९०१२८
शिक्षा विकास इकाइ, धनुषा	२९२६०५	०	०	०	२९२६०५
जम्मा	**७७७१००**	**४९२**	**४६१६**	**५२५**	**७८२७३३**

३. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालय र मातहत कार्यालय समेतको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार बजेट तथा खर्चको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा (खर्च)	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	२१८९५३	२२२३६८	१६२७४४	७३.१९
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१३०	१३०	७२	५५.३८
२२१०० सेवा महसुल	७९७५	८४७५	६६७७	७८.७८
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१६४०९	१७६२४	१५६६०	८८.८६
२२३०० कार्यालय सामान तथा सेवाह	४३०८५	४४७२०	४२२७३	९४.५३
२२४०० सेवा तथा परामर्श खर्च	५२१६१	६९५५६	५३२७२	७६.५९
२२५०० कार्यक्रम सम्बन्धी खर्च	७०६४०४	५११०७९	३३४५३३	६५.४६
२२६०० अनुगमन मूल्याङ्कन र भ्रमण खर्च	५४४८	६२९८	४५४२	७२.१२
२२७०० विविध खर्च	१६८५	१२०५८	१२०४९	९९.९३
२६३०० अन्य तहका खर्च	५०	५०	०	०
२६४०० सामाजिक सेवा	६८५००	१३०००	११०००	८४.६२
२७२०० सामाजिक सहायता	२१४००	२१४००	२०१०१	९३.९३
२८१०० सम्पत्तिसम्बन्धी खर्च	४९५६	९४८६	८०७३	८५.१०
जम्मा	**११४७१५६**	**९३६२४५**	**६७०९९६**	**७१.६७**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति पुँजीगत खर्च	**१७५८०२०**	**१५७२९७०**	**१२६७२७८**	**८०.५७**
कुल जम्मा	**२९०५१७६**	**२५०९२१५**	**१९३८२७४**	**७७.२५**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७१.६७ प्रतिशत, पुँजीगततर्फ ८०.५७ प्रतिशत र समग्रमा ७७.२५ प्रतिशत खर्च भएको छ।

४. **वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहतका कार्यालयको प्रत्येक आर्थिक वर्षको आयव्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा तोकिएको अवधि भित्र पेस गरी सक्नुपर्ने र दफा ४६ बमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू ७ दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले

२०८१।८२ को एकीकृत वित्तीय विवरण तयार गरी पेस एवं सार्वजनिक गरेको छैन। एकीकृत वित्तीय विवरण तयार गरी सार्वजनिक गर्नुपर्दछ।

शिक्षा विकास इकाइ कार्यालयहरू

५. **आनुपातिक कट्टी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति मार्फत काम गराउँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। शिक्षा विकास एकाइ कार्यालय, सप्तरी मार्फत सञ्चालित १९ योजनाहरूमा सम्झौता बमोजिम उपभोक्ता समितिको योगदानको अंश घटी कट्टी गरेको छ। सम्झौताको सर्त बमोजिम निर्माण कार्य गराउँदा नापजाँच पछि तयार पारिएको प्राविधिक बिलमा उल्लेख भएको कुल खर्च रकममा उपभोक्ता समितिको योगदान कट्टी गरी भुक्तानी दिनुपर्नेमा कार्यान्वयन गरेको छैन। उपभोक्ता समितिलाई भुक्तानी गर्दा घटी कट्टी भएको रु.४ लाख २ हजार असुल गर्नुपर्दछ।

६. **संरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई मेसिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले सिरहा र सप्तरी जिल्लाका ९५ योजनामा आर.सि.सी. फ्रेम स्ट्रक्चरसहितका भवन तथा मन्दिर निर्माण लगायतका जटिल प्रकृतिको पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिमार्फत गराइ रु.२४ करोड ७ लाख ८५ हजार भुक्तानी दिएको छ। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र गरी प्रतिस्पर्धा मार्फत गराउनु पर्दछ।

७. **बिमा नगराएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(३क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट रु.२० लाखभन्दा बढीको निर्माण कार्य गराउँदा सम्झौता रकममा बिमा गराउनु पर्ने व्यवस्था रहेको छ। शिक्षा विकास इकाइ कार्यालय, सप्तरीले पुँजीगत खर्च शीर्षकबाट रु.२० लाख माथिका १५ योजना सञ्चालन गरी रु.४ करोड २ लाख ८३ हजार भुक्तानी गरेकोमा बिमा गरेको छैन। नियमावलीको व्यवस्था अनुसार बिमा गरी योजना सञ्चालन गर्नुपर्दछ।

समिति तथा अन्य संस्था

मधेश विश्वविद्यालय

सर्वसुलभ रूपमा उच्च शिक्षा उपलब्ध गराइ राष्ट्रको सर्वाङ्गिण विकासमा दक्ष जनशक्तिको आपूर्ति गर्न र प्रतिस्पर्धाको माध्यमबाट उच्च शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्दै शैक्षिक तथा प्राज्ञिक वातावरणलाई उपलब्धिमूलक बनाउने उद्देश्यले २०७९।५।२३ मा यस विश्वविद्यालयको स्थापना गरेको हो।

८. **वित्तीय स्थिति -** विश्वविद्यालयको यस वर्षको आय-व्यय स्थिति निम्नानुसार रहेको छ।

(रु.हजारमा)

विवरण	आय	विवरण	व्यय
गत वर्षको जिम्मेवारी	२३२८८३	प्रत्यक्ष खर्च	८६४९
बिक्री/सेवा शुल्क	०	सञ्चालन खर्च	४१०९०
अनुदान	६०००	अन्य खर्च	१००२
अन्य आय	१३९०८	वर्षान्तको मौज्दात	२०२०५०
जम्मा	**२५२७९१**	**जम्मा**	**२५२७९१**

९. **दरबन्दी र पदपूर्ति -** मधेश विश्वविद्यालय ऐन, २०७९ को दफा १५ बमोजिम विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूको नियुक्ति तथा बढुवा सिफारिस गर्न उपकुलपतिको अध्यक्षतामा पदपूर्ति समिति गठन गर्ने व्यवस्था रहेको छ। विश्वविद्यालयमा शैक्षिकतर्फ उपकुलपति र रजिष्ट्रार समेत ६४ र प्रशासनिकतर्फ ६२ दरबन्दी स्वीकृत भएकोमा क्रमशः २१ र १५ पदपूर्ति भएको देखिन्छ।

१०. **विद्यार्थी भर्ना -** यस शैक्षिक सत्रमा देहाय अनुसार १६५ कोटा निर्धारण भएकोमा ११० विद्यार्थी भर्ना भएको देखिन्छ।

विषय	कोटा	पहिलो व्याच	दोस्रो व्याच	बीचमा अध्ययन छाडेका
बि.ए.एल.एल.बि.	११०	१०४	१०२	२
वि.वि.एम.	५५	११	८	३
जम्मा	**१६५**	**११५**	**११०**	**५**

भर्ना भएका विद्यार्थीबाट यस वर्ष प्राप्त हुनु पर्ने रु.५५ लाख ६८ हजार सेमिष्टर शुल्क असुल गर्न बाँकी रहेको विवरण प्राप्त भएको छ।

मधेश कृषि विश्वविद्यालय

प्रादेशिक व्यवस्थापनमा उच्च स्तरीय कृषि जनशक्ति तयार गर्न कृषि, पशु तथा वन विज्ञान सम्बन्धी अध्ययन तथा अनुसन्धानलाई समयसापेक्ष, व्यापक, व्यवहारिक र स्तरीय बनाउने उद्देश्यले मधेश कृषि विश्वविद्यालय ऐन, २०७९ अनुसार यस विश्वविद्यालयको स्थापना भएको छ।

११. **वित्तीय स्थिति -** विश्वविद्यालयको यस वर्षको आय-व्यय स्थिति निम्नानुसार रहेको छ।

(रु.हजारमा)

विवरण	आय	विवरण	व्यय
गत वर्षको जिम्मेवारी	३४१९६१	प्रत्यक्ष खर्च	२७८११
अनुदान	०	सञ्चालन खर्च	१३८४३९
अन्य आय	१६७५७	वर्षान्तको मौज्दात	१९२४६८
जम्मा	**३५८७१८**	**जम्मा**	**३५८७१८**

१२. **दरबन्दी र पदपूर्ति -** मधेश कृषि विश्वविद्यालय ऐन, २०७९ को दफा १५ मा विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूको नियुक्ति तथा बढुवा सिफारिस गर्न उपकुलपतिको अध्यक्षतामा पदपूर्ति समिति गठन गर्ने व्यवस्था रहेको छ। विश्वविद्यालयमा विभिन्न पदका ७३ दरबन्दी स्वीकृत भएकोमा उपकुलपति, रजिष्ट्रार, उप-प्राध्यापक ८ सहित १९ पदमा नियुक्ति भई बाँकी ५४ पद रिक्त रहेको देखिन्छ।

१३. **विद्यार्थी भर्ना -** विश्वविद्यालयमा यस वर्ष बि.एस.सी.ए.जी. मा १५४ विद्यार्थी अध्ययनरत रहेको देखिन्छ। अध्ययनरत विद्यार्थीबाट यसवर्ष रु.१ करोड ३८ लाख ४२ हजार शुल्क प्राप्त भएको छ। विश्वविद्यालयले विद्यार्थीबाट उठ्न बाँकी शुल्कको विवरण अद्यावधिक राखेको छैन।

१४. **विश्वविद्यालयको लेखा -** कृषि विश्वविद्यालय आर्थिक नियमावली, २०७९ को नियम १९५ मा विश्वविद्यालयको आय-व्यय, पेस्की, धरौटी, जिन्सी, नगद, चल अचल सम्पत्ति, दाबी, दायित्व लगायतको आर्थिक व्यवहार तथा कारोबारको लेखा प्रणाली दोहोरो लेखा प्रणालीमा आधारित र कार्यकारी परिषद्ले तोके बमोजिम हुने उल्लेख छ। विश्वविद्यालयले आय व्यय विवरण र वासलात तयार गरी परिषद्मा

पेस गर्नुपर्नेमा गरेको छैन। नियमावलीको व्यवस्था पालना गरी आर्थिक कारोबार व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

मधेश प्रज्ञा प्रतिष्ठान

प्रदेशको सबै भाषा, साहित्य, ललितकला, सङ्गीत तथा संस्कृतिको अध्ययन अनुसन्धान गरी संरक्षण गर्ने उद्देश्यले मधेश प्रज्ञा प्रतिष्ठान (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७९ बमोजिम २०७९।११।१७ मा यस प्रतिष्ठानको स्थापना भएको छ।

१५. **वित्तीय स्थिति** - प्रतिष्ठानको यस वर्षको आय-व्यय स्थिति निम्नानुसार रहेको छः

(रु.हजारमा)

विवरण	आय	विवरण	व्यय
गत वर्षको जिम्मेवारी	३५४	प्रत्यक्ष खर्च	३१६४
अनुदान	१३०००	सञ्चालन खर्च	९४७९
		कर्मचारी खर्च	१८०
		अन्य खर्च	५३१
		वर्षान्तको मौज्दात	०
जम्मा	**१३३५४**	**जम्मा**	**१३३५४**

१६. **दरबन्दी तथा पदपूर्ति** - प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ९ बमोजिम पदपूर्तिको प्रकिया अवलम्बन गरी गराइ पदपूर्तिको व्यवस्था मिलाउनुपर्ने उल्लेख छ। प्रतिष्ठानले उपलब्ध गराएको विवरण अनुसार १३ जनाको दरबन्दीमा ७ जना पदपूर्ति भई ६ जना कर्मचारीहरूको दरबन्दी रिक्त रहेको देखिन्छ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतको मन्त्रालयको प्रतिवेदनमा एकीकृत वित्तीय विवरण, दरबन्दी पदपूर्ति, विद्यार्थी भर्ना लगायतका विषयमा सुझाउ दिइएकोमा सुधार गरेको देखिँदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष कार्यालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः

➢ सरकारी कार्यालयतर्फ यो वर्ष रु.३२ लाख १३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट बेरुजु फस्यौंट हुन नसकी सोही रकम बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।

➢ समिति र अन्य संस्थातर्फ यो वर्ष रु.२ करोड ७ लाख १२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट फस्यौंट नभएकोले सोही रकम बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-१०** मा संलग्न छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- स्वास्थ्य सम्बन्धी विपद् तथा महामारी पूर्व तयारी तथा प्रतिकार्य योजनाको निर्माण र कार्यान्वयन,
- स्वास्थ्यकर्मीको आचार संहिता निर्माण र कार्यान्वयन,
- प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन,
- प्रदेशमा स्वास्थ्य सेवाको गुणस्तर निर्धारण,
- राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम विसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण,
- खोपको आपूर्ति र व्यवस्थापन,
- सर्ने तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम,
- राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
- प्रदेशस्तरको सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,
- आयुर्वेदिक, युनानी, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा,
- जनसङ्ख्या, बसाइँसराइ र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन एवम् सो सम्बन्धमा सङ्घ तथा स्थानीय तहसँग समन्वय।

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष मन्त्रालय र मातहत समेत २१ कार्यालयको रु.३ अर्ब ९२ करोड ८९ लाख ९७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व अन्य प्राप्ति	धरौटी	अन्य कारोबार	जम्मा
३४३५२८४	४००९३	११७७७४	३३५८४६	३९२८९९७

यो वर्ष समिति तथा अन्य संस्थातर्फ ८ निकायको रु.३ अर्ब ४७ करोड ७ लाख ७७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

२. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालय र मातहतका कार्यालय समेतको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२११०० पारिश्रमिक / सुविधा	६५०९०४	६६०८७६	४७८६२५	७१.९५
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	४८९६	४८९६	४६२	९.४४
२२१०० सेवा महसुल	३३९६२	३८९६०	३३६३६	८६.३३
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	४००००	४५१५०	३८०९१	८४.३७
२२३००कार्यालय सामान तथा सेवाहरू	२९१२५	३६७२५	३५२९१	९६.०९
२२४०० सेवा तथा परामर्श खर्च	५५६८३४	४४१२५३	२५८८०२	५८.६५
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	१५३५९७८	१५९०००१	११४७५७९	७२.१७
२२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च	७२२५	७७७५	७३९८	९५.१५
२२७०० विविध खर्च	६१००	८१४१	७७१६	९४.७९
२६४०० अन्य तहका सरकारहरूलाई	२००२००	२५६२००	२५५०९३	९९.५६
२७२०० सामाजिक सुरक्षा	३९१५८७	३५५१८७	१७३७२५	४८.९१
२८१०० सम्पत्ति सम्बन्धी खर्च	४५८०	४५८०	४०९४	८९.३८
जम्मा	**३४६१३९१**	**३४४९७४४**	**२४४०५१२**	**७०.७४**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१७५५११५	१८१९८८०	९९४७७२	५४.६६
कुल जम्मा	**५२१६५०६**	**५२६९६२४**	**३४३५२८४**	**६५.१९**

उल्लिखित विवरणअनुसार मन्त्रालयले अन्तिम बजेटको चालुतर्फ ७०.७४ प्रतिशत, पुँजीगततर्फ ५४.६६ प्रतिशत र समग्रमा ६५.१९ प्रतिशत खर्च गरेको छ।

३. **वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आयव्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा तोकिएको अवधि भित्र पेस गरिसक्नुपर्ने र दफा ४६ बमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको ७ दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष एकीकृत वित्तीय विवरण तयार गरी पेस गरेको छैन। निर्धारित समयमा वित्तीय विवरण तयार गरी सार्वजनिक गर्नुपर्दछ।

४. **दिगो विकास -** दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) को कार्यान्वयनको लागि राष्ट्रिय योजना आयोगले प्रदेश तथा स्थानीय तहलाई स्रोत व्यवस्थापन, संस्थागत प्रबन्ध, अनुगमन तथा मूल्याङ्कन समेतको लागि मार्गदर्शन उपलब्ध गराएको छ। मध्यमकालीन खर्च संरचना (२०८१।८२-२०८३।८४) मा आर्थिक वर्ष २०८१।८२ को लागि रु.५ अर्ब २१ करोड ६५ लाख ६ हजार प्रक्षेपण भएकोमा र यस मन्त्रालयसँग सम्बन्धित सूचक स्वस्थ जीवनमा रु.६ अर्ब २१ करोड ३६ लाख ४३ हजार प्रक्षेपण गरेको छ। प्रक्षेपण भएको बजेटबाट दिगो विकासका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक अनुसार प्रादेशिक तहमा भएको कार्यको मूल्याङ्कन गरी मन्त्रालयले प्रतिवेदन तयार गरेको छैन। मन्त्रालयले स्पष्ट र समयबद्ध कार्य योजना तयार गरी आवधिक रूपमा मूल्याङ्कन गर्नुपर्दछ।

५. **आवधिक योजना** - आत्मनिर्भर र समृद्ध मधेश, सुखी मधेशी भन्ने सोचका साथ प्रदेशले दोस्रो आवधिक योजना २०८१।८२-२०८५।८६ कार्यान्वयनमा ल्याएको छ। प्रथम आवधिक योजनाको अवधि

२०७६।७७ देखि २०८०।८१ सम्म रहेकोमा २०८०।८१ सम्मको प्रगति समीक्षा नगरी २०७९।८० को समीक्षालाई आधार वर्षको उपलब्धि लिई दोस्रो आवधिक योजना तर्जुमा गरेको छ। यस मन्त्रालयका प्रमुख परिमाणात्मक लक्ष्यहरू देहाय बमोजिम रहेका छन्:

क्र.सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष २०७९।८०	२०८१।८२ को लक्ष्य	२०८५।८६ को लक्ष्य
१	अपेक्षित आयु	वर्ष	७१.८	७२	७३
२	मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा)	सङ्ख्या	१४०	१३०	१००
३	पाँच वर्षमुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा)	सङ्ख्या	३८	३५	२५
४	नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा)	सङ्ख्या	२७	२६	१५
५	शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा)	सङ्ख्या	३८	३५	२५
६	बालबालिका रक्त अल्पता	प्रतिशत	५१	४५	१०
७	महिला रक्त अल्पता	प्रतिशत	५२	४८	३०
८	कुपोषण दर	प्रतिशत	२९	२६	१५
९	पूर्ण खोप कभरेज	प्रतिशत	७८	८३	९५
१०	दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने	प्रतिशत	६८	७५	९५
११	संस्थागत प्रसुती सेवा	प्रतिशत	६७	७०	८८
१२	आधा घण्टाको दूरीमा स्वास्थ्य सेवा पहुँच	प्रतिशत	८८	९०	१००
१३	प्रोटोकल अनुसार ४ पटक संस्थागत गर्भ जाँच	प्रतिशत	७१.६	७४.६	९०
१४	परिवार नियोजन साधन प्रयोग दर	प्रतिशत	४०.५	४५	७०
१५	सुरक्षित मातृत्व यौन तथा प्रजनन स्वास्थ्य लागु भएका स्थानीय तह	सङ्ख्या	१३६	१३६	१३६

६. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश नीति तथा योजना आयोगले २०८१।८२ देखि २०८३।८४ सम्मको लागि तयार गरेको मध्यमकालीन खर्च संरचना अनुसार २०८१।८२ मा यस मन्त्रालय र अन्तर्गतका लागि रु.५ अर्ब २१ करोड ६५ लाख ६ हजार बजेट सीमा निर्धारण भएकोमा रु.५ अर्ब २६ करोड ९६ लाख २४ हजार विनियोजन भई रु.३ अर्ब ४३ करोड ५२ लाख ८४ हजार खर्च भएको छ। खर्च संरचनाले प्रक्षेपण गरेभन्दा बढी बजेट विनियोजन भए तापनि विनियोजन भएको बजेटको ६५.१९ प्रतिशत मात्र खर्च भएको कारण मध्यमकालीन खर्च संरचनाको उद्देश्य प्राप्त हुन कठिन छ। बजेट विनियोजन र खर्च क्षमतामा अभिवृद्धि गरी उपलब्ध स्रोत परिचालनमा प्रभावकारिता ल्याउनुपर्दछ।

७. **वार्षिक नीति तथा कार्यक्रम -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० को अनुसूची-२ मा स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी नीति, कानुन, गुणस्तर, मापदण्ड, योजना कार्यान्वयन, नियमन र प्रदेश स्वास्थ्य सेवाको सञ्चालन लगायतका विभिन्न ३१ वटा कार्य जिम्मेवारी समावेश छ। राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, अधिकतम खुद्रा मूल्य निर्धारण, सर्ने तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम, राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन, आयुर्वेदिक, युनानी, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा, जनसङ्ख्या, बसाइँसराइ र परिवार नियोजनसम्बन्धी प्रादेशिक नीति लगायतका कार्य सम्पादन भएका छैनन्। वार्षिक नीति तथा कार्यक्रममा उल्लिखित कार्यक्रमहरू प्राथमिकताका आधारमा कार्यान्वयन गर्नुपर्दछ।

८. **बजेट कार्यान्वयन -** प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेख मन्त्रालयसँग सम्बन्धित प्रदेशको नीति तथा कार्यक्रममा समावेश बेहोरा कार्यान्वयन गर्ने गरी बजेट वक्तव्यमा रहेका ८ वटा कार्यक्रममध्ये मेरो स्वास्थ्य मेरो जिम्मेवारी भन्ने नाराका साथ पालिकाहरूको समन्वयमा प्रत्येक जिल्लामा आरोग्य सेवा केन्द्र स्थापना र सञ्चालन, मन्त्रालय तथा मातहत निकायको सङ्गठन संरचनाको सङ्गठन व्यवस्थापन सर्वेक्षण, सम्भावित स्वास्थ्य जोखिम न्यूनीकरणको लागि मुख्यमन्त्री घरदैलो स्वास्थ्य कार्यक्रम, आमा र शिशुको उच्च मृत्युदर न्यूनीकरण गर्न मातृ तथा नवजात शिशु स्वास्थ्य व्यवस्थापन प्रणाली, मधेश प्रदेशका प्रत्येक जिल्लामा नागरिक आरोग्य सेवा केन्द्रको स्थापना हरेक जिल्लामा पूर्ण सुसज्जित मेडिकल उपकरणसहितको मोबाइल एम्बुलेन्स सञ्चालन लगायतका ५ कार्यक्रम कार्यान्वयन भएका छैनन्। बजेटमा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

९. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ। गत वर्षको महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा रहेको विवरण अनुसार मन्त्रालय र मातहतका कार्यालयका नाममा विभिन्न ३४ प्रकारका सरकारी भवन, जग्गा, कार,जीप, मोटरसाइकल, उपकरण, फर्निचर लगायत रु.६९ करोड ५५ लाख ५४ हजार मूल्यको सम्पत्ति अभिलेखमा रहेकोमा सम्पत्ति खरिद मूल्य, अनुदान तथा अन्य निकायबाट प्राप्त भएको अभिलेख अद्यावधिक राखेको छैन। त्यस्तै मन्त्रालयबाट प्राप्त जिन्सी विवरण अनुसार मोटर साईकल ३६३ थान, स्कुटर ४५ थान र गाडी ४ थान समेत ४१२ थान मात्र सम्पत्ति विवरणमा उल्लेख गरे तापनि अन्य सम्पत्ति उल्लेख गरेको छैन। मन्त्रालय र मातहत कार्यालय समेतको सम्पत्तिको विवरण प्रणालीमा अद्यावधिक गरी संरक्षणको उचित प्रबन्ध गर्नुपर्दछ।

१०. **कर्मचारी व्यवस्थापन -** प्रदेश निजामती सेवा ऐन, २०७७ को परिच्छेद ३ को दफा ८ मा पदहरूको दरबन्दी सिर्जना तोकिए बमोजिम हुने र दफा ९ मा प्रदेश निजामती सेवाको दरबन्दीको पदपूर्ति गर्नुपर्ने व्यवस्था रहेको छ। यस मन्त्रालयमा प्रदेश सचिवसहित ३८ जना दरबन्दी रहेकोमा १८ जना स्थायी ९ जना करार र १ पदमा काजमा गरी २८ जना पदपूर्ति भएको र विभिन्न १० पद रिक्त रहेको छ। साथै मन्त्रालय र अन्तर्गतको कुल स्थायी स्वीकृत दरबन्दी ९१७ जना र अस्थायी दरबन्दी १८३ जना रहेको छ।

११. **प्रदेश गौरवका आयोजना -** मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान प्रादेशिक अस्पताललाई आगामी वर्षमा ५०० बेडमा स्तरोन्नति गर्ने गरी प्रदेशको नीति तथा कार्यक्रमको बुँदा नं. १२१ प्रदेश गौरवको आयोजनाको रूपमा निर्धारण गरेको छ। उक्त प्रतिष्ठानमा हाल सञ्चालित शैक्षिक कार्यक्रमहरूमा आगामी वर्षमा एम.बी.बी.एस., बी.डि.एस., बी.फर्मा, फार्मेसी, बी.एल.एम.टी. लगायतका स्नातक तह कार्यक्रम सञ्चालन गर्न आवश्यक हुने पूर्वाधारलाई थप विस्तार तथा व्यवस्थापन गरिदै लगिने नीति समेत समावेश छ। यस वर्ष एम.बी.बी.एस. अध्यापन, पूर्वाधार विकास विद्यार्थी अनुदान लगायतका कार्यक्रममा रु.२० करोड २ लाख अनुदान प्रदान गरेको छ। यस कार्यक्रममा प्रतिष्ठानले गत वर्ष रु.६३ करोड ३८ लाख ७६ हजार खर्च गरेकोमा यस वर्ष रु.६२ करोड ४७ लाख ८४ हजार खर्च गरेको छ। मन्त्रालयले प्रतिष्ठानमा हालसम्म भएको खर्चको अभिलेख र प्रगति विवरण तयार गरेको छैन। खर्चको अभिलेख तथा प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ।

१२. **कार्यक्रम कार्यान्वयन** - मधेश प्रदेश सरकारको २०८१।८२ नीति तथा कार्यक्रमको बुँदा नं. १०७ मा मधेश प्रदेश अन्तर्गतका अस्पतालहरूबाट निःशुल्क रगत तथा रगतजन्य सेवाको व्यवस्था एवं विस्तार गर्ने नीति रहेको छ। नीति कार्यान्वयनका लागि प्रदेश जनस्वास्थ्य प्रयोगशालाहरूमा यस वर्ष रु.३६ करोड ६१ लाख बजेट विनियोजन गरी रु.१८ करोड ९२ लाख ४२ हजार खर्च गरेको छ। मन्त्रालयले उक्त सेवा सञ्चालनमा रहेको जनाएपनि प्रगति विवरण तयार गरेको छैन। कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ।

१३. **अनुगमन** - मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० ले प्रत्येक मन्त्रालयको कार्य विभाजनमा आफु र अन्तर्गत निकायको समग्र कार्य सञ्चालन व्यवस्था र प्रक्रियाको अनुगमन मूल्याङ्कन गरी देखिएका समस्याको समाधान गर्नुपर्ने व्यवस्था गरेको छ। मन्त्रालयले यस वर्ष रु.१८ लाख २६ हजार खर्च गरी मातहत निकायको अनुगमन गरेको भए तापनि अनुगमनबाट देखिएका बेहोरा र गरेको सुधारसम्बन्धी अभिलेख राख्ने गरेको छैन। तोकिए बमोजिमको अभिलेख राख्नुपर्दछ।

१४. **नवीकरण अभिलेख** - जनस्वास्थ्य संस्था नियमावली, २०७७ को नियम १२ मा स्वास्थ्य संस्थाको इजाजत तथा नवीकरण र नियम १४ मा स्वास्थ्य संस्थाको अनुमगन तथा नियमनसम्बन्धी व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार सञ्चालन अनुमति लिएका २५ देखि २०० शय्यासम्मका जनरल तथा विशेषज्ञ अस्पताल, २५ देखि ५० शय्यासम्मका आयुर्वेद अस्पताल, डेन्टल क्लिनिक, विशेषज्ञ क्लिनिक र पोलिक्लिनिक, स्वास्थ्य प्रयोगशाला, रेडियो ईमेजिङ सेन्टर र डायलोसिस केन्द्र समेत ६८ वटा स्वास्थ्य संस्था दर्ता तथा सञ्चालन अनुमति प्राप्त गरेको विवरण अद्यावधिक गरेको छ। प्रदेशका स्वास्थ्य संस्थाको अनुगमन गरी कानुन बमोजिम सञ्चालनमा रहे नरहेको सुनिश्चित हुनुपर्दछ।

१४.१. **स्वास्थ्य संस्था नियमन** - प्रदेश स्वास्थ्य सेवा ऐन,२०७८ को दफा ११ मा मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थालाई प्रदेश सरकारको स्वीकृतिमा मन्त्रालयले ५ वर्षको लागि स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने र दफा १५ मा अनुमति प्राप्त संस्थाले अवधि समाप्त हुनुभन्दा ६ महिना अगावै नवीकरणको लागि मन्त्रालयमा निवेदन दिनुपर्ने व्यवस्था छ। मन्त्रालयले उपलब्ध गराएको विवरण अनुसार प्रदेशमा अनुमति प्राप्त स्वास्थ्य संस्था ६८ रहेकोमा यो वर्षसम्म नवीकरण भएका ३८ र नवीकरण नगरेका ३० संस्था रहेको छ। नवीकरण नगरेका संस्थाबाट नवीकरण दस्तुर असुल गर्नुपर्दछ।

१५. **प्रगति विवरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा केन्द्रीय निकायले मातहत कार्यालयबाट त्रैमासिक प्रगति विवरण लिने र नियम ३६ मा त्यसको भौतिक तथा वित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समीक्षा गर्ने व्यवस्था छ। यसरी समीक्षा गर्दा प्रगति कम भएको कारण र सोको जिम्मेवार व्यक्ति पहिचान गरी सुधारका लागि चाल्नुपर्ने कदम र न्यून प्रगति भएको सम्बन्धमा जिम्मेवार व्यक्ति उपर आवश्यक कारबाही समेत हुने व्यवस्था छ। मन्त्रालयले उक्त व्यवस्था अनुसार सबै कार्यालयबाट प्रगति लिई केन्द्रीय प्रगति विवरण तयार नगरेको कारण उपलब्धि मूल्याङ्कन गर्न सकिएन। प्रगति विवरण तयार गरी देखिएका समस्याको निरुपण गर्नुपर्दछ।

१६. **विनियोजन दक्षता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ मा विनियोजन दक्षतासम्बन्धी व्यवस्था छ। जसअनुसार मन्त्रालयले बजेट पेस गर्दा खर्च हुने स्पष्ट आधारसहित मन्त्रालय र अन्तर्गतका निकायको लागि बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। यस वर्ष मन्त्रालयलाई रु.६६ करोड १२ लाख

२१ हजार बजेट विनियोजन भएकोमा रु.३३ करोड ४८ लाख ४८ हजार खर्च भएको छ। विनियोजित बजेटको तुलनामा ५०.६४ प्रतिशत मात्र खर्च भएकोले विनियोजन दक्षता अभिवृद्धि गरी तोकिएका कार्यहरू सम्पन्न गर्नुपर्दछ।

१७. **रकमान्तर** - मधेश प्रदेश विनियोजन ऐन, २०८१ को दफा ३(३) मा अर्थ मन्त्रालयले चालु बजेटबाट चालु खर्च शीर्षक र पुँजीगत बजेटबाट पुँजीगत खर्च शीर्षकमा रकमान्तर गर्दा सो बजेट शीर्षकको १० प्रतिशत भन्दा बढी रकमान्तर गर्न नसक्ने व्यवस्था छ। यस मन्त्रालयको सुरु बजेट रु.५ अर्ब २१ करोड ६५ लाख ६ हजार भएकोमा विभिन्न शीर्षकमा रु.१ अर्ब ८८ करोड ३० लाख ५२ हजार थप र रु.१ अर्ब ८२ करोड ९९ लाख ३४ हजार घट गरी अन्तिम बजेट रु.५ अर्ब २६ करोड ९६ लाख २४ हजार कायम गरेको छ। मन्त्रालयले आवश्यकतामा आधारित बजेट अनुमान तयार गरी कार्यान्वयन गर्नुपर्दछ। रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ।

१८. **विविध कोष** - विभिन्न ऐन, नियम, निर्देशिका, कार्यविधि तथा नीति नियम अनुसार खोलिएका बैङ्क खाता र सो खातामा कार्यक्रम तथा उद्देश्य समाप्त भई बाँकी रहेको मौज्दात रकम सोही नियम अनुसार सम्बन्धित शीर्षकमा फिर्ता वा सदरस्याहा गरी राजस्व दाखिला गर्नुपर्दछ। कार्यालयले पेस गरेको विवरण अनुसार २०७७।७८ देखि जिम्मेवारी सर्दै आएको विविध कोष खातामा रहेको रु.४० लाख ७ हजार यस वर्ष समेत खर्च नभई निस्क्रिय रहेको छ। ऐन तथा नियमको प्रक्रिया पूरा गरी राजस्व दाखिला गर्नुपर्दछ।

१९. **विपन्न उपचार सहायता** - मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधी उपचार कार्यक्रम सञ्चालन निर्देशिका, २०८० ले औषधी उपचार बापत सहायता दिँदा अपनाउनुपर्ने प्रक्रिया उल्लेख छ। यस वर्ष आर्थिक सहायता व्यवस्थापन कार्यविधि, २०८० (पहिलो संशोधन) स्वीकृत गरी कडा रोग लागि उपचार गर्न असमर्थ नागरिकले अनुसूची-१(ख) बमोजिमको ढाँचामा निवेदन दिने व्यवस्था गरी प्रतिव्यक्ति रु.१ लाख उपलब्ध गराउने व्यवस्था बमोजिम १ हजार ६३८ व्यक्तिलाई रु.१६ करोड ३८ लाख सहायता प्रदान गरेकोमा खर्च अभिलेख राखी वेबसाइट मार्फत सार्वजनिक गरेको छैन। उपचार सहायता पाउने नागरिकको नाम र विवरण सार्वजनिक गर्नुपर्दछ।

प्रदेश स्वास्थ्य आपूर्ति तथा व्यवस्थापन केन्द्र

२०. **बजेट तथा खर्च स्थिति** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ मा बजेट विनियोजन गर्दा खर्च गर्नसक्ने क्षमताको आधारमा गर्नुपर्ने उल्लेख छ। यो वर्ष केन्द्रलाई रु.८२ करोड ६० लाख ७७ हजार बजेट व्यवस्था भएकोमा रु.३४ करोड ३५ लाख ८५ हजार (४१.५९ प्रतिशत) खर्च गरेको छ। आवश्यकता विश्लेषण गरी बजेट विनियोजन गर्नुका साथै खर्च गर्नको लागि खर्च दक्षता अभिवृद्धि गर्नुपर्दछ।

२१. **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा औषधीजन्य मालसामान रु.५० लाख भन्दा बढीको खरिद गर्नुपरेमा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। केन्द्रले रु.८९ लाख १७ हजारको विभिन्न औषधी तथा औषधीजन्य सामग्री पटकपटक कोटेसन मार्फत खरिद गरेको छ। कानुनी व्यवस्थाको पालना गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्दछ।

२२. **उपकरण खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(२) मा सार्वजनिक निकायले खरिद गर्ने मालसामानको आवश्यकता पहिचान एवं प्रयोगको सुनिश्चितता गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। केन्द्रले मेडिकल उपकरणको लागि रु.४ करोड ९७ लाख ४५ हजारको लागत अनुमान तयार गरी रु.४ करोड ३२ लाख २३ हजारमा एक सप्लायर्ससँग सम्झौता गरी रु.४ करोड भुक्तानी गरेकोमा ३ थान डिफेब्रीलेटर प्रतिथान रु.१ लाख ६५ हजार, ५ थान पेसेन्ट मोनिटर रु.११ लाख र १ थान डिजिटल रेडियोग्राफी प्रणाली रु.९५ लाख समेत रु.१ करोड २२ लाख ५० हजार मूल्य बराबरका उपकरण जडान तथा हस्तान्तरण गरेको छैन। मेसिन उपकरण खरिद पूर्व सम्बन्धित अस्पतालसँग समन्वय गरी आवश्यकता पहिचान गरेरमात्र उपकरण खरिद गर्नुपर्दछ।

२३. **सिटी स्क्यान खरिद -** लागत अनुमान रु.१६ करोड २५ लाख भएको १२८ स्लाइसको सिटी स्क्यान मेसिन २०८२।७।२४ सम्म आपूर्ति गरिसक्ने गरी एक आपूर्तिकर्तासँग २०८२।३।२४ मा रु.१२ करोड ३८ लाख ४८ हजारको सम्झौता भएको छ। सम्झौता अनुसार सुरुवातमा २० प्रतिशत, ढुवानी सुरुवात हुँदा ३० प्रतिशत र मेसिन आपूर्ति पश्चात ५० प्रतिशत भुक्तानी हुने गरी प्रतितपत्र खोल्ने बेहोरा सम्झौतामा समावेश छ। सम्झौता अनुसार आपूर्तिकर्ताले भुक्तानी पाउने व्यवस्था सहित प्रतितपत्र पेस्की कायम नगरी बजेट खर्च जनाई एक बैङ्कमा प्रतितपत्र खोलेकोमा लेखापरीक्षण अवधिसम्म मेसिन आपूर्ति भएको छैन। सम्झौता अनुसार भुक्तानी हुने गरी प्रतितपत्र खोलेको रकम पेस्की जनाउनुपर्दछ।

२४. **कार्यक्रम संशोधन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ र ३८ मा कार्यक्रम संशोधन र खर्च गर्ने सम्बन्धी व्यवस्था गरेको छ। कार्यालयबाट वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत रहेको औषधी तथा मेसिनरी औजार खरिदको बचत भएको रकमबाट पुनः औषधी खरिद गरेकोमा कार्यक्रम संशोधन गरेरमात्र खरिद कार्य गर्नुपर्नेमा नगरी विभिन्न ५ फर्म तथा आपूर्तिकर्ता मार्फत रु.४२ लाख ८५ हजारको औषधी तथा औषधीजन्य सामान खरिद गरेको छ। कार्यक्रम संशोधन गरेरमात्र खरिद कार्य गर्नुपर्दछ।

स्वास्थ्य निर्देशनालय, धनुषा

२५. **बजेट तथा खर्च स्थिति -** निर्देशनालयले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.२५ करोड ४० लाख ८५ हजार बजेट विनियोजन भएकोमा रु.२१ करोड ३९ लाख ६ हजार खर्च भएको र असारमा ६४.४५ प्रतिशत अर्थात् रु.१३ करोड ७८ लाख ६३ हजार खर्च गरेको छ। विनियोजित बजेटको १५.८१ प्रतिशत अर्थात् रु.४ करोड १ लाख ७९ हजार बजेट खर्च हुन सकेको छैन। स्वीकृत कार्यक्रम अनुसार खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

२६. **कर्मचारी नियुक्ति -** प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ८ बमोजिम कार्यालयले स्वीकृत दरबन्दी अनुसारमा तोकिएको पदमा करार कर्मचारी राख्न पाउने व्यवस्था छ। निर्देशनालयले स्वीकृत दरबन्दी बाहिर कम्प्युटर अपरेटर र हेल्थ अस्सिस्टेन्ट पदमा ३ कर्मचारी नियुक्ति गरी यो वर्ष रु.४ लाख ९० हजार भुक्तानी गरेको छ। स्वीकृत दरबन्दीभित्र कर्मचारी नियुक्त गर्नुपर्दछ।

२७. **पोषण सामग्री वितरण -** कार्यालयले पोषण विशेष कार्यक्रमको लागि २ लाख ३१ हजार २६० किलोग्राम तयारी पौष्टिक आहार प्रति किलोग्राम रु.३८५.३३ का दरले रु.८ करोड ९१ लाख ११ हजार खरिद

गरी विभिन्न स्थानीय तहलाई वितरणका लागि हस्तान्तरण गरेको छ। पौष्टिक आहारको सदपुयोग भएको समीक्षा गर्नुपर्दछ।

स्वास्थ्य कार्यालयतर्फ

२८. **योजना सञ्चालन -** प्रदेश सरकारको आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ मा विनियोजन ऐन वा पेस्की खर्च ऐन जारी भएपछि मात्र सम्बन्धित कार्यालयलाई खर्च गर्ने अधिकार प्रदान गर्ने र सोही ऐनको दफा १८ मा प्रदेशको आर्थिक अवस्था र सञ्चित कोषको स्थितिलाई विचार गर्दै अर्थ मन्त्रालयलाई विनियोजित बजेटमा आवश्यकता अनुसार पूर्ण वा आंशिक बजेट रोक्का वा नियन्त्रण गर्नसक्ने व्यवस्था छ। त्यस्तै अर्थ मन्त्रालयको २०८१।४।२ को बजेट कार्यान्वयन मार्गदर्शनको बुँदा नं. ४० मा १६ वटा खर्च शीर्षकमा बजेट खर्च गर्न पूर्व स्वीकृति अनिवार्य गरेको छ। स्वास्थ्य कार्यालय धनुषाले सबै योजना २०८२ वैशाख र जेठ महिनामा कार्यान्वयन गर्ने, बहुवर्षीय योजना बाहेक अधिकांश योजना उपभोक्ता समितिबाट र २६ योजना सोझै खरिद विधिबाट सञ्चालन गर्ने गरी खरिद योजना तयार गरेको भए तापनि कार्यान्वयन अवस्था खुल्ने विवरण पेस भएन।

समिति तथा अन्य संस्था

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७७ बमोजिम यस प्रतिष्ठानको स्थापना भई सञ्चालनमा रहेको छ। मधेश प्रदेशमा सर्वसाधारणलाई गुणस्तरीय तथा विशिष्टिकृत स्वास्थ्य सेवा उपलब्ध गराउने, स्वास्थ्य सेवामा गुणात्मक तथा सङ्ख्यात्मक अभिवृद्धि गर्ने, मधेश प्रदेशमा दक्ष तथा अनुभवी स्वास्थ्यकर्मीहरूको सेवाको सहज उपलब्धतासहित २०० बेडको अस्पताललाई ५०० बेडमा स्तरोन्नति गर्ने यस प्रतिष्ठानको मुख्य उद्देश्य रहेको छ।

२९. **वित्तीय स्थिति -** प्रतिष्ठानको यस वर्षको आय-व्यय स्थिति निम्नानुसार रहेको छः

(रु.हजारमा)

क्र.सं.	विवरण	आय	विवरण	व्यय
१	गत वर्षको मौज्दात	१३०५९	चालु खर्च	५४९४५९
२	यस वर्षको अन्य आय	२५२१८२	पुँजीगत खर्च	७५३२५
३	स्वास्थ्य विज्ञान प्रतिष्ठान अनुदान	२५५०९३	बाँकी मौज्दात	४४७१९
४	स्वास्थ्व क्षेत्र सुधार कार्यक्रमबाट प्राप्त	८७५९		
५	आन्तरिक आय	१४०४१०		
जम्मा		**६६९५०३**	**जम्मा**	**६६९५०३**

३०. **वार्षिक प्रतिवेदन -** मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७७ को दफा ३८ मा उप-कुलपतिले आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र आफूले वर्ष भरी गरेका कामको वार्षिक प्रगति विवरण तयार गरी परिषद् समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा २०८१।८२ को वार्षिक प्रगति विवरण तयार गरेको देखिएन। ऐनको व्यवस्था अनुसार वार्षिक प्रगति प्रतिवेदन तयार गरी परिषद् समक्ष पेस गर्नुपर्दछ।

३१. **दरबन्दी र पदपूर्ति** - मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७७ को दफा २२ मा ऐन प्रारम्भ हुँदाका बखत प्रादेशिक अस्पताल, जनकपुरधाममा कार्यरत स्वास्थ्य सेवाका कर्मचारीहरूमध्ये प्रतिष्ठानमा काम गर्न चाहने कर्मचारीहरूले ऐन अन्तर्गत बनेको कर्मचारी सेवा सम्बन्धी विनियम प्रारम्भ भएको मितिले

६ महिना भित्र मन्त्रालयमा निवेदन दिनुपर्ने र प्रतिष्ठानले आवश्यकता अनुसार प्रतिष्ठानको कर्मचारीको रूपमा रहने स्वीकृति दिएमा त्यस्ता कर्मचारी प्रतिष्ठानको कर्मचारी मानिने उल्लेख छ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रमुख प्रशासकदेखि कार्यालय सहयोगीसम्म कुल १ हजार ११४ दरबन्दी स्वीकृत रहेकोमा २२० पदपूर्ति भई ८९४ रिक्त रहेको देखिन्छ।

प्रदेश अस्पतालतर्फ

३२. **सेवा शुल्क** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २४(२) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट दाखिला नगरेमा दश दिनसम्म ढिलो भए दश प्रतिशत जरिबानासहित दाखिला गर्न लगाउनु पर्ने र सो भन्दा बढी ढिलो भए दश प्रतिशत जरिबाना समेत दाखिला गर्न लगाई प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्न, गराउन सक्ने उल्लेख छ। गौर अस्पतालले विभिन्न सेवा शुल्क बापत असुल गरेको रु.२ करोड ७ लाख १३ हजारमध्ये रु.१ करोड ८० लाख ८१ हजार मात्र दाखिला गरेको छ। दाखिला गर्न बाँकी रु.२६ लाख ३२ हजार रहेकोमा सोको दश प्रतिशतले हुने जरिबाना समेत रु.२८ लाख ९५ हजार असुल गर्नुपर्दछ।

३३. **स्वास्थ्य बिमा** - स्वास्थ्य बिमा ऐन, २०७४ को दफा ११ अनुसार स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध हुने हरेक नेपाली नागरिकलाई स्वास्थ्य बिमा बापतको रकम अस्पताल मार्फत भुक्तानी गर्नुपर्ने व्यवस्था छ। स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत यो वर्ष अस्पतालमा स्वास्थ्य सेवा प्रदान गरेका बिरामीको सङ्ख्याको आधारमा विरामीहरूलाई सुविधा उपलब्ध गराए बापत अस्पतालको मासिक विवरणअनुसार प्रादेशिक अस्पताल, गौरले रु.१ करोड ९ लाख ७७ हजार, प्रादेशिक अस्पताल मलंगवाले रु.४ लाख ६६ हजार, प्रादेशिक अस्पताल लहानले रु.७९ लाख ८२ हजार र प्रादेशिक अस्पताल बारालेरु.२ करोड २२ लाख ६२ हजार बिमा वोर्डसँग सोधभर्ना लिन बाँकी रहेको देखिन्छ। उक्त रकम सोधभर्ना लिई अस्पतालको खातामा आम्दानी बाँध्नु पर्दछ।

३४. **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु.२५ लाख रुपैँयासम्म लागत अनुमान भएको औषधीजन्य सामान सोझै, नियम ८४(१क) मा रु.५० लाख रुपैँयासम्म लागत अनुमान भएको औषधीजन्य सामान शिलबन्दी दरभाउपत्रबाट सो भन्दा माथि खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने उल्लेख छ। प्रादेशिक अस्पताल, मलंगवाले रु.४० लाख २८ हजारको औषधी र रु.५४ लाख ३५ हजारको मसलन्द तथा कार्यालय सामग्री समेत खरिदका लागि कुल रु.९४ लाख ६३ हजार, प्रादेशिक अस्पताल सिरहाले रु.१ करोड १५ लाख ९८ हजारको औषधी तथा औषधीजन्य सामग्री, प्रादेशिक अस्पताल लहानले रु.२ करोड ८७ लाख ५५ हजारको औषधी तथा औषधीजन्य सामग्री, प्रादेशिक अस्पताल बारालेरु.२ करोड १५ लाख ५८ हजारको औषधी खरिद र रु.९४ लाख ९८ हजारको औषधीजन्य सामग्री, प्रादेशिक अस्पताल धनुषालेरु.४९ लाख ६० हजारको औषधीहरू र मसलन्द तथा कार्यालय सामग्रीमा रु.५० लाख २४ हजार खर्च गरेको छ। यस्ता खरिद कार्य गर्दा एकमुष्ट लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा आपूर्तकबाट दररेट माग गरेर सोझै खरिद गरेको छ। सार्वजनिक खरिद ऐन नियमको पालना गरी खरिद कार्य मितव्ययी हुनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतको मन्त्रालयको प्रतिवेदनमा उपकरण खरिद, सोझै खरिद, पोषण सामग्री खरिद, स्वास्थ्य बिमा, विपन्न उपचार सहायता लगायतका विषयमा सुझाउ दिइएकोमा सुधार गरेको देखिँदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष कार्यालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः

➢ सरकारी कार्यालयतर्फ यो वर्ष रु.२२ करोड १ लाख १८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिकृयाबाट रु.१ लाख ९ हजार बेरुजु फर्स्यौट गरेकोले रु.२२ करोड ९ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.१ करोड ८१ लाख ७४ हजार रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।

➢ समिति र अन्य संस्थातर्फ यो वर्ष रु.७ करोड ९८ लाख ३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट रु.६२ लाख १९ हजार फर्स्यौट गरेकोले रु.७ करोड ३५ लाख ८४ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.३ लाख ५० हजार रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-१०** मा संलग्न छ।

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशभित्रको ग्रामीण तथा सहरी विकास योजना तर्जुमा, पूर्वाधार निर्माण, सञ्चालन, मर्मत सम्भार,
- ग्रामीण तथा सहरी आवास/भवन सम्बन्धी योजनाहरूको कार्यान्वयन र नियमन,
- प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक पूर्वाधार निर्माण र व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्धन,
- प्रदेशस्तरमा भवन संहिताको कार्यान्वयन र नियमन,
- प्रदेश राजधानी शहरको विकास, योजना तर्जुमा, कार्यान्वयन र संयोजन,
- भौगर्भिक अध्ययन, सुरक्षित बसोवास, बस्ती एकीकरण र स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन,
- प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, सडक सुरक्षा, कार्यान्वयन र नियमन,
- सडक, पुल, झोलुङ्गे पुल लगायत अन्य भौतिक पूर्वाधार व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना, तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन,
- प्रदेश लोकमार्ग मर्मत सम्भार कोष व्यवस्थापन,
- आदिवासी, सीमान्तकृत, गरिब, लोपोन्मुख, ज्येष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन।

१. **लेखापरीक्षण अङ्क** - यो वर्ष मन्त्रालय र मातहतका १ कार्यालयको बक्यौता समेत १२ कार्यालयको रु.१४ अर्ब २१ करोड ५९ लाख ३४ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विवरण	विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
यसवर्ष	१११७६२५६	१०४४८४०	७६३९१४	७८२७	१२९९२८३७
बक्यौता	११८६८९३	११९	३६०८५	०	१२२३०९७
जम्मा	**१२३६३१४९**	**१०४४९५९**	**७९९९९९**	**७८२७**	**१४२१५९३४**

२. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालय र मातहतका कार्यालय समेतको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार खर्चको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	१६८६६८	१६९०१८	८४२५७	४९.८५
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१०३३	१०३३	४७०	४५.५०
२२१०० सेवा महसुल	७५५९	७९०९	४८३६	६१.१५
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	२१३५६	२२६५६	१९११२	८४.३६
२२३०० कार्यालय सामान तथा सेवा	१२६७५	१२८७५	१०६१६	८२.४५
२२४०० सेवा तथा परामर्श खर्च	३८६७६	३२७६६	२१६३२	६६.०२
२२५०० कार्यक्रम सम्बन्धी खर्च	५०००	७४१०	४४७८	६०.४३
२२६०० अनुगमन मूल्याङ्कन र भ्रमण खर्च	५७२६	६२२६	५७२४	९१.९४
२२३०० विविध खर्च	४४००	५२००	४८३७	९३.०२
२६३०००० समपूरक अनुदान	१५५०००	३१३५००	३००१३२	९५.७४
२८१०० सम्पत्ति सम्बन्धी खर्च	६१७०	६१७०	३२६५	५२.९२
जम्मा	**४२६२६३**	**५८४७६३**	**४५९३५९**	**७८.५५**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१२६७९०११	१३७००९४७	१०७१६८१४	७८.२२
३१४११ जग्गा प्राप्ति	१००००	१००००	८३	०.८३
जम्मा	**१२६८९०११**	**१३७१०९४७**	**१०७१६८९७**	**७८.१६**
कुल जम्मा	**१३११५२७४**	**१४२९५७१०**	**१११७६२५६**	**७८.१७**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७८.५५ प्रतिशत र पुँजीगततर्फ ७८.१६ प्रतिशत र समग्रमा ७८.१७ प्रतिशत खर्च भएको छ।

३. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५ को उपदफा २ मा लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा तोकिएको अवधि भित्र पेस गर्नुपर्ने र दफा ४६ बमोजिम मन्त्रालयले त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको ७ दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले २०८१।८२ को एकीकृत वित्तीय विवरण तयार गरेको छैन। कानुनमा भएको व्यवस्था बमोजिम निर्धारित समयमा सार्वजनिक क्षेत्र लेखामान अनुसारको वित्तीय विवरण तयार गरी पेस गर्नुपर्दछ।

४. **दिगो विकास** - दिगो विकास लक्ष्य (२०१६-२०३०) को कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले प्रदेश तथा स्थानीय तहलाई स्रोत व्यवस्थापन, संस्थागत प्रबन्ध, अनुगमन तथा मूल्याङ्कन समेतमा विभिन्न मार्गदर्शन उपलब्ध गराएको छ। यस मन्त्रालयसँग सम्बन्धित सूचकहरूमा उद्योग नवप्रवर्धन खोज र पूर्वाधारमा रु.१५ अर्ब २३ करोड ३८ लाख ३० हजार प्रक्षेपण गरेको छ। दिगो विकासका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक अनुसार प्रादेशिक तहमा भएको कार्य मूल्याङ्कन र प्रतिवेदन तयार गरेको छैन। स्पष्ट र समयबद्ध कार्ययोजना तयार गरी आवधिक रूपमा मूल्याङ्कन गर्नुपर्दछ।

५. **आवधिक योजना** - आत्मनिर्भर र समृद्ध मधेश, सुखी मधेशी भन्ने सोचका साथ प्रदेशले दोस्रो आवधिक योजना २०८१।८२-२०८५।८६ कार्यान्वयनमा ल्याएको छ। प्रथम आवधिक योजनाको अवधि २०७६।७७ देखि २०८०।८१ सम्म रहेकोमा २०८०।८१ सम्मको प्रगति समीक्षा नगरी

२०७९।८० को समीक्षालाई आधार वर्षको उपलब्धि लिई दोस्रो आवधिक योजना तर्जुमा गरेको छ। यस मन्त्रालयका प्रमुख परिमाणात्मक लक्ष्यहरू देहाय बमोजिम रहेका छन्:

क्र.सं.	सूचक	एकाइ	२०७९।८० को अवस्था	२०८१।०८२ लक्ष्य	२०८५।८६ को लक्ष्य
१	सडक निर्माण	किलोमिटर	६६५६	६७००	७०००
२	मर्मतसम्भार	किलोमिटर	२०००	२१००	२५००
३	सडक स्तरोन्नति	सङ्ख्या	३२०	४५०	१०००
४	सडक पुल	सङ्ख्या	४३	५०	७५
५	झोलुङ्गे पुल	सङ्ख्या	१३	१६	२५

६. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश नीति तथा योजना आयोगले उपलब्ध स्रोत र साधनलाई प्रभावकारी व्यवस्थापन गर्न २०८०।८१ देखि २०८२।८३ को लागि ३ वर्षीय मध्यमकालीन खर्च संरचना निर्माण गरेको छ। उक्त खर्च संरचना अनुसार २०८१।८२ मा मन्त्रालयको लागि रु.१३ अर्ब ११ करोड ५२ लाख ७४ हजार खर्च प्रक्षेपण गरेकोमा रु.१४ अर्ब २९ करोड ५७ लाख १० हजार विनियोजन भई रु.११ अर्ब १७ करोड ६२ लाख ५६ हजार खर्च भएको छ। प्रक्षेपण भन्दा बढी बजेट विनियोजन भएकोमा ७८.१७ प्रतिशत मात्र खर्च भएको छ। कार्यान्वयन क्षमता वृद्धि गरी स्रोत परिचालनमा प्रभावकारिता ल्याउनुपर्दछ।

७. **बजेट कार्यान्वयन -** प्रदेश सरकारको बजेट वक्तव्य २०८१।८२ मा यस मन्त्रालयसँग सम्बन्धित कार्यक्रममध्ये हुलाकी राजमार्ग देखि चनौरा टोलसम्म बाटो स्तरोन्नतिको लागि रु.२५ लाख, हरेक निर्वाचन क्षेत्र एक रोजगारी प्रवर्धन केन्द्रको लागि रु.५ लाख, सडक, पुल र भवन सम्बन्धी अनुसन्धान तथा परामर्शको लागि रु.४० लाख, मधेश शहीद लोकमार्ग निर्माणको लागि रु.४६ लाख ७१ हजार बजेट व्यवस्था भएकोमा उक्त कार्यक्रमहरू कार्यान्वयन भएको पाइएन। कार्यान्वयनयोग्य कार्यक्रम बजेटमा समावेश गरी प्रगति हासिल गर्नुपर्दछ।

८. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ। मन्त्रालयले आफ्नो र मातहत कार्यालयको समेत जिन्सी प्रतिवेदन एकीकृत रूपमा तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त विवरणअनुसार रु.४२ करोड ८६ लाख ७१ हजार मूल्यको सम्पत्ति रहेको देखिन्छ। सङ्घीय सरकार अन्तर्गत रहेका सहरी विकास, खानेपानी तथा सरसफाइ लगायतका कार्यालयहरू प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयहरूले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी संरक्षण तथा सम्भारको उचित प्रबन्ध गरेको छैन। मन्त्रालयले मातहत कार्यालयको स्वामित्व भोगाधिकार र प्रयोगमा रहेको तर स्वामित्व प्राप्त हुन नसकेको घरजग्गा र सवारी साधनसहित जिन्सी सामानको लगत राखेको देखिएन।

९. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा २ मा खरिदमा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। मन्त्रालयले राम जानकी बहुउद्देश्यीय रङ्गशालाको डिपिआर तयारीका लागि लागत अनुमान रु.३७ लाख २९ हजारलाई टुक्रा गरी २ फरक परामर्शदाताहरूबाट कार्य गराएको नियमसम्मत देखिएन।

१०. **आवास कार्यक्रम -** प्रदेश सरकारले सञ्चालन गरेको आवास कार्यक्रम सम्बन्धमा देखिएको बेहोरा देहाय अनुसार छन्:

१०.१. **महेन्द्र नारायण निधि आवास -** महेन्द्र नारायण निधि आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ को दफा ३, ४ र १६ मा लक्षित वर्ग पहिचान, आधार निर्धारण र जिल्ला स्तरीय समितिबाट लाभग्राही छनोट गर्ने व्यवस्था छ। मधेश प्रदेशका ८ पूर्वाधार विकास कार्यालयले २ हजार २१ लाभग्राही छनोट गरी प्रदेशका असहाय, विपन्न, एकल महिला तथा घरबारविहीनलाई आवास उपलब्ध गराउने कार्यक्रम अन्तर्गत प्रति घर तीन किस्तामा रु.५ लाख ६० हजार अनुदान प्रदान गरी आवास निर्माण गर्रिदै आएको छ। यस वर्ष ८ कार्यालयहरूले रु.५६ करोड ३८ लाख ७ हजार खर्च गरेको देखिन्छ। कुल ३ हजार १३ आवास एकाइमध्ये २ हजार ४७९ सम्पन्न भएका छन्। अधुरो रहेका ५३४ योजना समयमै सम्पन्न गर्नुपर्दछ।

१०.२. **जनता आवास -** जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ अनुसार जिल्ला स्तरीय समितिले लाभग्राही छनोट गर्ने व्यवस्था रहेको छ। प्रति घर तीन किस्तामा रु.३ लाख ५० हजार अनुदान प्रदान गरी आवास निर्माण कार्य गर्दै आएकोमा यस वर्ष ८ पूर्वाधार विकास कार्यालयहरूले २ हजार ९०२ लाभग्राही छनोट गरी यस वर्ष रु.७ करोड ४४ लाख ३२ हजार खर्च भएको छ। कुल ६ हजार ८९८ आवास एकाइमध्ये ५ हजार ५७८ सम्पन्न भई १ हजार ३२० अधुरा रहेका छन्। अधुरा आवास भवन समयमा निर्माण कार्यसम्पन्न गर्नुपर्दछ।

१०.३. **मदन भण्डारी विपन्न आवास -** मदन भण्डारी विपन्न आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को बुँदा ३ र ४ अनुसार जिल्ला स्तरीय छनोट तथा अनुगमन समितिले लक्षित वर्ग पहिचान गरी अनुसूची-१ अनुसार आधार र प्राथमिकता निर्धारण गरेर लाभग्राही सूची तयार गरी लक्षित व्यक्तिहरूलाई प्राथमिकतामा राख्ने प्रावधान छ। मधेश प्रदेशका ८ पूर्वाधार विकास कार्यालयहरूले २ हजार ६६० लाभग्राही छनोट गरेका छन्। कार्यान्वयन कार्यविधि २०८१ को बुँदा १२ अनुसार लाभग्राहीलाई ३ किस्तामा रु.५ लाख ६० हजार प्रदान गर्ने व्यवस्था रहेकोमा प्रदेश अन्तर्गतका ८ जिल्लामा रु.८५ करोड ६९ लाख ७५ हजार वितरण गरेको छ। कार्यविधिले तोकिएका आधार र प्राथमिकता अनुसार लाभग्राही छनोट भएको सुनिश्चित गर्नुपर्दछ।

समयमा निर्माण सम्पन्न नहुँदा लाभग्राहीहरू आवास सुविधाबाट वञ्चित हुनुपरेको अवस्था छ। समयमै निर्माण सम्पन्न हुने व्यवस्था मिलाई लक्षित समूहलाई आवास सुविधा उपलब्ध गराउनुपर्दछ।

११. **प्रदेश गौरवका योजना -** यस मन्त्रालय अन्तर्गत सञ्चालित २ प्रदेश गौरवका योजना कार्यान्वयनको अवस्था देहायअनुसार रहेको छः

११.१. प्रदेश गौरवका योजनाको रूपमा एक निर्वाचन क्षेत्र एक कालोपत्रे सडक योजना अन्तर्गत हरेक निर्वाचन क्षेत्रमा कम्तीमा ५ किलोमिटर कालोपत्रे सडक निर्माण गर्ने गरी पहिलो चरणमा ६४ वटा निर्वाचन क्षेत्र अन्तर्गत ३२० किलोमिटर लक्ष्य राखी पूर्वाधार विकास कार्यालय मार्फत कार्यक्रम सञ्चालन हुँदै आएको छ। विभिन्न ८ पूर्वाधार विकास कार्यालय मार्फत पहिलो चरणमा ५९ सडक योजना कार्यान्वयन भएकोमा २४ सम्पन्न र ३५ निर्माणाधीन रहेको देखिन्छ। दोस्रो चरणमा १८ योजनाको विस्तृत

परियोजना प्रतिवेदन तयार गरी रु.१२ अर्ब ८० करोड लागत अनुमान तयार गरेकोमा यस वर्ष रु.१ अर्ब ६० करोड बजेट विनियोजन गरेको छ। निर्माणाधीन सडक तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ।

११.२. **मधेश शहीद लोकमार्ग** - पर्सादेखि सप्तरीसम्म ३०७ किलोमिटर सडक निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरी रु.१० अर्ब ७५ करोडको लागत अनुमान तयार गरेकोमा २०८१।८२ को बजेटमा मधेश शहीद लोकमार्ग योजनालाई प्रदेश गौरव योजनाको रूपमा समावेश गरेको छ। यो वर्ष उक्त योजनामा रु.४ करोड विनियोजन गरेको भए तापनि खर्च भएको छैन।

१२. **प्रगति विवरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा केन्द्रीय निकायले मातहत कार्यालयबाट त्रैमासिक प्रगतिको विवरण लिने र नियम ३६ मा त्यसको भौतिक तथा वित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समीक्षा गर्ने व्यवस्था छ। समीक्षा गर्दा प्रगति कम भएको कारण र सोको जिम्मेवार व्यक्ति पहिचान गरी सुधारका लागि चाल्नुपर्ने कदम र प्रगति न्यून भएको सम्बन्धमा जिम्मेवार व्यक्ति उपर आवश्यक कारबाही समेत हुने व्यवस्था छ। मन्त्रालयले उक्त व्यवस्था अनुसार सबै कार्यालयबाट प्रगति विवरण लिई समीक्षा नगरेको कारण भौतिक पूर्वाधारको क्षेत्रमा लगानीको उपलब्धि मूल्याङ्कन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसारको भौतिक तथा वित्तीय प्रगतिका सम्बन्धमा कार्यालयगत तथा केन्द्रीय निकायगत प्रगति तयार गरी समीक्षाबाट देखिएका समस्या निरुपण गर्नुपर्दछ।

१३. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने उल्लेख छ। योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे/नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरूप खर्च गर्ने जिम्मेवारी कार्यालयमा निकाय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ। मन्त्रालयले जिम्मेवारी र जवाफदेहिता पालनासम्बन्धी अभिलेख राखेको छैन। ऐनको व्यवस्थाअनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन कायम गर्नुपर्दछ।

१४. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशीर्षकमा नपुग भएमा सोही ऐनमा तोकिएको कुनै वा एक भन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकममध्येबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ। मन्त्रालय र अन्तर्गतको सुरु बजेट रु.१३ अर्ब ११ करोड ५२ लाख ७४ हजार रहेकोमा रकमान्तरबाट रु.१ अर्ब १८ करोड ४ लाख ३६ हजार थप भई अन्तिम बजेट रु.१४ अर्ब २९ करोड ५७ लाख १० हजार कायम भएकोमा ७८.१७ प्रतिशत मात्र खर्च भएको छ। मन्त्रालयले आवश्यकतामा आधारित बजेट अनुमान तयार गरी कार्यान्वयन गर्नुपर्दछ। रकमान्तर गरी खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ।

१५. **बजेट समर्पण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८ मा दोस्रो त्रैमासिकसम्म पनि सन्तोषजनक कार्य हुन नसकेमा कार्यान्वयन योग्यताको विश्लेषण गरी अर्थ मन्त्रालयले बजेट समर्पण गर्ने गराउने व्यवस्था छ। मन्त्रालय र मातहतका कार्यालयहरूको लागि यो वर्ष कुल रु.१४ अर्ब २९

करोड ५७ लाख १० हजार अन्तिम बजेट विनियोजन भएकोमा रु.११ अर्ब १७ करोड ६२ लाख ५६ हजार खर्च भएको छ। चालुतर्फ कुल बजेट रु.५८ करोड ४७ लाख ६३ हजार विनियोजन भएकोमा रु.४५ करोड ९३ लाख ५९ हजार खर्च र पुँजीगततर्फ रु.१३ अर्ब ७१ करोड ९ लाख ४७ हजार विनियोजन भएकोमा रु.१० अर्ब ७१ करोड ६८ लाख ९७ हजार खर्च भएको छ। मन्त्रालयले उल्लिखित अवधिमा पूर्वाधार विकास कार्यालय, सिरहाका विभिन्न ३० वटा योजनाहरूको रु.१२ करोड ८१ लाख ५० हजार २०८२।३।१० मा बजेट समर्पण गरेतापनि कानुनमा तोकिए बमोजिम अन्तर्गतका अन्य कार्यालयहरूले खर्च हुन नसकेको बजेट समर्पण गरेको देखिएन। अत: कानुनमा भएको व्यवस्था बमोजिम बजेट समर्पण गरी खर्च सुनिश्चित गर्नुपर्दछ।

१६. **कार्यसम्पादन करार -** सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १९ मा सरकारले कार्यसम्पादन गर्ने कुनै काम निश्चित अवधिभित्र सम्पादन गरी सक्नुपर्ने वा सरकारको प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रम कार्यन्वयन गर्नुपर्ने भएमा कुनै अधिकारीसँग कार्यसम्पादन करार गरी त्यस्तो कार्यसम्पादन गर्ने जिम्मेवारी निजलाई दिँदा कामको विवरण, कार्यसम्पादन गर्नुपर्ने समयअवधि र कार्यसम्पादनको गुणस्तर वा परिमाणसमेत उल्लेख गर्नुपर्ने व्यवस्था भएकोमा मन्त्रालयले कार्यसम्पादन करार गरेको छैन।

१७. **अधुरो योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(ङ) मा सम्झौता कार्यान्वयनको अनुगमन गर्ने व्यवस्था छ। निर्माण व्यवसायीले ठेक्का अविधभित्र सम्झौता अनुसारको कार्य सम्पन्न गर्नुपर्नेमा म्याद थप गर्दा पनि कार्य सम्पन्न नगरी तपसिल अनुसार रु.६८ करोड ९५ लाख ८५ हजार सम्झौता रकमका ६ ठेक्काको रु.२२ करोड ५८ लाख ७३ हजार भुक्तानी भई बाँकी कार्य अधुरो रहेको देखिन्छ। कार्यालयले पटक पटक ताकेता गरी सूचना जारी गरेकोमा थप कुनै कारबाही नगरेको कारण अधुरा रहने ठेक्काहरूको सङ्ख्या र समायावधि बढ्दै गएको छ। यस्ता ठेक्काहरू कानुनअनुसार समयमा फरफारक गर्नुपर्दछ।

(रु.हजारमा)

क्र.सं.	योजनाको नाम	सम्झौता रकम	सम्झौता मिति	म्याद थप	२०८०।८१ सम्मको भुक्तानी	२०८१।८२ मा भुक्तानी
१.	दुधौरा रमौली नदीमा पुल	१२७०७२	२०७६।६।२८	२०७९।१२।२७	नभएको	नभएको
२.	रामनगर बलधुसवा जमुनी नदी पुल	९३२१६	२०७६।६।२८	२०८२।३।२९	नखुलेको	नखुलेको
३.	परवानीपुर र प्रस्टोकाबीच बदरवाघाट पुल निर्माण	१०१५४५	२०७६।६।२८	२०८१।१।८	९८२३०	नभएको
४.	ज.चु.का.लि. भित्र सडक कालोपत्रे	६१७३६	२०७७।३।२५	२०८१।३।२०	७०७४८	बजेट विनियोजन नभएको
५.	विगही नदी सडक पुल	१३८६४४	२०७६।६।२८	२०८२।३।३०	५६८९५	नभएको
६.	सिङग्याही नदी पुल	१६७३७२	२०७६।३।२३	२०७९।१२।२१	नखुलेको	नभएको
जम्मा		**६८९५८५**			**२२५८७३**	

उल्लिखित निर्माण कार्यमा गत विगतको लेखापरीक्षण प्रतिवेदनमा नै पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी निर्माण सम्बन्धी कारबाही अगाडि बढाउनुपर्ने बेहोरा उल्लेख भएकोमा हालसम्म पनि उक्त निर्माण कार्य सम्पन्न गर्ने तथा ठेक्का फरफारक गर्ने कार्य भएको छैन।

पूर्वाधार विकास कार्यालयहरू

१८. **ठेक्का व्यवस्थापन -** प्रदेश सरकारको २०८१।८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा विपद् जोखिम न्यूनीकरण आयोजना कार्यक्रम बाहेक मंसिर मसान्तभित्र ठेक्का लगाई सक्नुपर्ने, माघ मसान्त पछि ठेक्का व्यवस्था नगरिने र सो पश्चात् गर्नुपर्ने भएमा अर्थ मन्त्रालयको स्वीकृतिमा मात्र गर्नुपर्ने उल्लेख छ। यातायात तथा पूर्वाधार विकास निर्देशनालयले ११ योजनामा रु.१० करोड ९१ लाख ९४ हजार, पूर्वाधार विकास कार्यालय, सप्तरीले ५१ योजनामा रु.२ अर्ब १८ करोड ९७ लाख २३ हजार, पूर्वाधार विकास कार्यालय, महोत्तरीले १० योजनामा रु.७९ करोड १० लाख ३५ हजार र पूर्वाधार विकास कार्यालय, धनुषाले ७ योजनामा रु.९० करोड ६ लाख २८ हजार समेत ७९ योजनामा अर्थ मन्त्रालयको स्वीकृति नलिई रु.३ अर्ब ९९ करोड ५ लाख ८० हजारको सम्झौता असार महिनामा गरेको छ। बजेट कार्यान्वयसम्बन्धी मार्गदर्शनको पालना गर्नुपर्दछ।

१९. **ट्याक कोट -** सडक विभागबाट स्वीकृत भएको स्टाण्डर्ड स्पेसिफिकेशन फर रोड एण्ड ब्रिज वर्क्स, २०७३ संशोधन समेतको सेक्सन १३०० (विटुमिनस सर्फेस एण्ड वेस कोर्स) मा ट्याककोट प्रति वर्गमिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, सर्लाहीले १ योजनामा निर्माण व्यवसायीलाई सडक कालोपत्रे कार्यमा ०.६ लिटर प्रतिवर्गमिटर भन्दा बढी स्प्रे दरले भुक्तानी दिएको कारण रु.८ लाख ८८ हजार, सप्तरीले १ योजनामा रु.१ लाख ९० हजार र पर्साले १ योजनामा रु.६ लाख ७१ हजार समेत रु.१७ लाख ४९ हजार बढी भुक्तानी भएको छ। उक्त रकम असुल गर्नुपर्दछ।

२०. **संकल्प प्रस्ताव -** प्रदेश सभाको चौथो अधिवेशनबाट प्रदेश सरकारको २०८१।८२ को सार्वजनिक निर्माण सम्बन्धी आयोजनाहरूको कार्यान्वयन गर्दा एकल स्थानको लागि विनियोजित बजेट रु.५० लाख भन्दा माथिका योजनालाई अनिवार्य ठेक्का प्रक्रियामा लाने र अन्यको हकमा नेपाल सरकारको सार्वजनिक खरिद ऐन, २०६३ र सो ऐनको संशोधित नियमावली अनुसार रहेका सबै खरिद विधिमध्ये उपयुक्तताको आधारमा खरिद प्रक्रिया गरिनेछ भन्ने संकल्प प्रस्ताव पारित भएको छ। उपभोक्ता समितिबाट रु.५० लाख भन्दा बढीको लागत अनुमान भएका योजनाको कार्य गराइ पूर्वाधार विकास कार्यालय, पर्साले ७ वटा योजनामा रु.२ करोड ८७ लाख ४६ हजार, महोत्तरीले ३३ योजनामा रु.१९ करोड ८९ लाख ५२ हजार, सप्तरीले २२ योजनामा रु.९ करोड ७४ लाख ५९ हजार भुक्तानी दिएको छ। यसरी सभाले पारित गरेको प्रस्ताव विपरित उपभोक्ता समितिबाट कार्य गराउनु नियमसम्मत देखिएन।

२१. **भवन निर्माण -** पूर्वाधार विकास कार्यालय, जनकपुरले उखु उत्पादक सहकारी संस्था, ढल्केवरको भवन निर्माणका लागि रु.२५ लाख २७ हजारको लागत अनुमान तयार गरी २०८१।१२।२२ मा सहकारी संस्थासँग सम्झौता गरेको छ। कार्यालयले २०८२।३।२१ मा रु.५० लाख ५८ हजारको संशोधित लागत अनुमान अनुसार सम्झौता नवीकरण गरी कार्यादेश दिएको छ। संस्थाको अध्यक्षको परिवारको नाममा रहेको ढल्केवर-५ को जग्गामा भवन निर्माण गरी रु.४४ लाख ५३ हजार भुक्तानी गरेको छ। सहकारी संस्थामा सार्वजनिक लगानीबाट भवन निर्माण गर्नु मनासिब देखिएन। उक्त भवन सार्वजनिक निकायको रूपमा व्यवस्थापन गर्नुपर्दछ।

२२. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा बिल विजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार छन्:

२२.१. पूर्वाधार विकास कार्यालय, बाराले रानीबास कंकाल्नी सडक निर्माण कार्यको लागि कार्यालय र एक संयुक्त उपक्रमबीच भएको सम्झौता अनुसार निर्माण भई रहेको कार्यको आठौं रनिङ बिल भुक्तानी गर्दा उक्त अवधिसम्मको मूल्याङ्कन रु.२ करोड ३५ लाख ४९ हजारबाट अघिल्लो मितिसम्म भएका कामको मूल्याङ्कन रु.१ करोड ९६ लाख ६५ हजार घटाउदा रु.३८ लाख ८४ हजार भुक्तानी गर्नुपर्नेमा रु.१ करोड ३५ लाख ५० हजार घटाई मूल्य वृद्धि समेत रु.९९ लाख ९९ हजार भुक्तानी गरेको छ। मूल्य अभिवृद्धि करसमेत रु.६१ लाख १५ हजार बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ।

२२.२. पूर्वाधार विकास कार्यालय, बाराले जीतपुर सिमरा-६ मा जनहित समिति सडक निर्माण कार्य गर्न कार्यालय र एक संयुक्त उपक्रमबीच भएको सम्झौता अनुसार निर्माण भई रहेको कार्यको हालसम्मको छैटौं प्राविधिक विलको मूल्याङ्कन रु.५ करोड २८ लाख ९७ हजार रहेकोमा हालसम्म रु.५ करोड ४६ लाख ३८ हजार भुक्तानी भएको देखिएकोले रु.१७ लाख ४१ हजार बढी भुक्तानी भएको छ। कार्यालयबाट थप यकिन गरी बढी भुक्तानी देखिएको रकम सम्बन्धितबाट असुल हुनुपर्दछ।

२२.३. पूर्वाधार विकास कार्यालय बाराले सिम्रौनगढ झरोखेत पोखरी पटेर्वा हुलाकी रोडसम्मको सडक निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा निर्माण व्यवसायीले छैटौं रनिङ विल अनुसारको प्राविधिक मूल्याङ्कन रु.३ करोड ११ लाख ६४ हजार भएकोमा २०८१।३।२४ मा रु.३ करोड ४ लाख भुक्तानी भएको छ। उक्त विलको भुक्तानी गर्न बाँकी रु.७ लाख ८४ हजार देखिन्छ। उक्त छैटौं विलको छुट भुक्तानी भनी २०८१।३।२४ मा कर, पेस्की र धरौटी कट्टी नगरी रु.३८ लाख ६८ हजार र २०८१।११।२५ मा रु.७ लाख ६४ हजार थप भुक्तानी गरेको छ। बढी भुक्तानी सम्बन्धमा यकिन गरी असुल हुनुपर्दछ।

२२.४. पूर्वाधार विकास कार्यालय, पर्साले सबैठवा देखि भेडिघरी हरिपुर हुँदै गण्डक नहरसम्म सडक निर्माण कार्यको चेनेज नं. १+००० देखि चेनेज नं. १+१५३ सम्म प्राइम कोट तथा ट्याक कोटको काम नभएकोमा ४७.६६ घनमिटर बढी कालोपत्रेको नापी गरी भुक्तानी गरेको छ। प्राइम कोट तथा ट्याक कोटको काम नहुँदै अस्फाल्ट कंक्रिटको परिमाण ४७.६६ घनमिटरको भुक्तानी गरेकोले रु.९ लाख १५ हजार भुक्तानी गरेको रकम यकिन गर्नुपर्दछ।

२३. **भेरिएसन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ अनुसार खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाइ अख्तियार प्राप्त अधिकारीले तोकिएको कार्यविधि अपनाइ भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्न छन्:

२३.१. पूर्वाधार विकास कार्यालय, सर्लाहीले १ योजनामा रु.१७ लाख ९३ हजार, सप्तरीले १ योजनामा रु.१२ लाख ६ हजार र रौतहटले ६ योजनामा रु.३९ लाख ९७ हजार समेत रु.७१ लाख ७५ हजार सम्झौतामा उल्लिखित परिमाण भन्दा बढी परिमाण कार्य गरेको भनी भेरिएसन आदेश स्वीकृत नगरी

भुक्तानी गरेको छ। सम्झौताभन्दा बढी परिमाणको कार्य गराइ भुक्तानी गर्दा भेरिएसन आदेश स्वीकृत गर्नुपर्दछ।

२३.२. पूर्वाधार विकास कार्यालय, बारले भोडा खामुवा दोहरी कलैया सडक निर्माण कार्य खुला बोलपत्र मार्फत एक संयुक्त उपक्रमलाई मूल्य अभिवृद्धि कर बाहेक रु.७ करोड ९४ लाख १७ हजारमा २०७४।८।२५ मा सम्झौता गरेकोमा यो वर्ष रु.२२ लाख ३० हजारको भेरिएसन गरी संशोधित सम्झौता अङ्क मूल्य अभिवृद्धि कर बाहेक रु.७ करोड ७१ लाख ८७ हजार कायम गरेको छ। सोही सडक निर्माणको थप कार्यको लागि रु.३४ लाख ९२ हजारमा उपभोक्ता समिति मार्फत सम्झौता गरी भुक्तानी गरेको छ। निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसारको परिमाणमा भेरिएसन गरी घटाई उपभोक्ता समिति मार्फत गरेको कार्य नियमसम्मत देखिएन।

२४. **सीमाभन्दा बढीको कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निर्माण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, धनुषाले जनकपुर उपमहानगरपालिका-७ मा रहेको रामजानकी तेली कुटी भवन निर्माणका लागि दुई वटा क्रियाकलापमा ५०/५० लाख गरी जम्मा १ करोड बजेट विनियोजन गरेको छ। एउटै निर्माण स्थल र एकै नाम भएको योजनालाई टुक्रा पारी बजेट विनियोजन भएकोमा कार्यालयले रु.१ करोड १ लाख १८ हजार लागत अनुमान तयार गरी दुई उपभोक्ता समितिबाट निर्माण कार्य गराएको छ। सीमाभन्दा बढीको कार्यलाई टुक्रा बनाई उपभोक्ता समितिबाट निर्माण गराउनु मनासिब देखिएन।

२५. **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७ सँग सम्बन्धित अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सीको व्यवस्था रहेको छ। पूर्वाधार विकास कार्यालय, सर्लाहीले रु.१ करोड ८१ लाख २६ हजार, सिराहाले रु.२ करोड २४ लाख ४९ हजार, धनुषाले रु.२ करोड ९२ लाख ८ हजार, पर्साले रु.२ करोड ५६ लाख ४६ हजार, सप्तरीले रु.३ करोड ७० हजार, महोत्तरीले रु.५ करोड ३ लाख ३४ हजार, बारले रु.१ करोड ४० लाख ११ हजार र रौतहटले रु.६ करोड ८६ लाख ९४ हजार समेत रु.२५ करोड ८५ लाख ३८ हजार कन्टिन्जेन्सी खर्च गरेका छन्। आयोजनागत रूपमा स्पष्ट हुनेगरी अभिलेख राख्नुपर्नेमा एकमुष्ट रूपमा खर्च गरेको छ। कन्टिन्जेन्सी खर्च गर्दा नापी किताबमा प्रविष्ट नगरेको, मष्टरोलबाट रकम भुक्तानी गर्दा कामको मूल्याङ्कन नगरेको र इन्धन तथा मर्मत खर्च गर्दा औचित्य पुष्टि गर्ने लगबुक जस्ता प्रमाण संलग्न नगरी खर्च भुक्तानी गरेकोले अभिलेख राखेर मात्र उक्त रकम भुक्तानी गर्नुपर्दछ।

२६. **ठेक्का व्यवस्थापन -** पूर्वाधार विकास कार्यालय, सप्तरीको ५१ वटा ठेक्का सम्झौता गरेकोमा प्रथम त्रैमासिकमा सम्झौता भएको छैन। कार्यालयबाट प्राप्त विवरणअनुसार चालु वर्ष ठेक्का सम्झौता भएका रु.२ अर्ब १८ करोड ९७ लाख २२ हजारका ५१ ठेक्कामध्ये प्रथम र दोस्रो त्रैमासिकमा सम्झौता नभएको, तेस्रो त्रैमासिकमा रु.१० करोड ९२ लाख २० हजारको १५ ठेक्का, चौथो त्रैमासिकमा रु.२ अर्ब ८ करोड ४ लाख ४२ हजारका ३६ ठेक्का र असार महिनामा रु.१ अर्ब १० करोड २० लाखको १० वटा ठेक्का सम्झौता भएकोमा सबै ठेक्का सम्पन्न हुन बाँकी छ।

२७. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा लिन सक्ने, प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने, दफा ३१ मा प्रस्ताव माग गर्ने र प्रस्तावदाताको काम सम्बन्धी अनुभव, परामर्शदाताले प्रस्तावित काम सम्पादन गर्ने कार्यपद्धति गुणस्तर, प्रस्तावित मुख्य जनशक्तिको योग्यता जस्ता मूल्याङ्कनको आधारहरू तोकेको छ। यससम्बन्धी देखिएका बेहोराहरू निम्नानुसार छन्:

२७.१. पूर्वाधार विकास कार्यालय, रौतहटले रु.१ अर्ब ५९ करोड ३३ लाख ५३ हजारको निर्माण कार्यका लागि विभिन्न ६ वटा परामर्श फर्मलाई रु.९० लाख ५८ हजार भुक्तानी गर्दा प्याकेज नबनाई पटकपटक सोझै खरिद गरेको छ। एकै प्याकेजमा हुन सक्ने काम पटकपटक खरिद गर्दा प्रतिस्पर्धा र मितव्ययिता कायम भएको देखिदैन। यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान सम्बन्धित कार्य क्षेत्रको नर्म्सको आधारमा लागत अनुमान तयार गर्नुपर्नेमा जनशक्ति र सामग्रीको स्पष्ट आधार संलग्न गरेको छैन। विभागीय नर्म्स अनुसार लागत अनुमान तयार गरी खरिद कार्यलाई मितव्ययी बनाउनुपर्दछ।

२७.२. यातायात तथा पूर्वाधार निर्देशनालय, धनुषाले बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्नेमा यस वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार ३ वटा कार्य परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरी रु.३९ लाख ३३ हजार खर्च गरेको छ। विस्तृत परियोजना प्रतिवेदन तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगरेको र विस्तृत परियोजना प्रतिवेदन तयार भएका आयोजना कार्यान्वयनमा समेत नगएकोले उक्त खर्च नियमसम्मत देखिएन।

२८. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्यसम्पादन (लमसम कन्ट्रयाक्ट) बजेटको आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ। मन्त्रालयले डिजाईन एण्ड बिल्ड सम्झौताबाट पुलको निर्माण कार्यको खरिद सम्झौताको शर्तमा मूल्य समायोजन गर्ने उल्लेख गरी जमुनी नदी खोला पुल निर्माण कार्यको एक निर्माण व्यवसायीसँग ठेक्का सम्झौता गरी हालसम्म रु.१ करोड ३८ लाख ७१ हजार भुक्तानी गरेकोमा मूल्य समायोजनबापत रु.४ लाख ५ हजार भुक्तानी गरेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

२९. **कार्य स्वीकार प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११७(२) मा निर्माण कार्यको हकमा कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र उद्देश्य अनुरूप सञ्चालनमा आएको अवस्था भएमा कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। सम्झौता अनुसार नब्बे प्रतिशतभन्दा घटी कार्य भएको अवस्थामा कार्य स्वीकार प्रतिवेदन तयार गरी पूर्वाधार विकास कार्यालय सिरहाले ४ वटा योजनामा रु.८४ लाख ८७ हजार, धनुषाले १ योजनामा रु.३६ लाख ३६ हजार, रौतहटले ५ योजनामा रु.१ करोड ७३ लाख ६२ हजार, पर्साले ५ योजनामा रु.१ करोड २६ लाख १३ हजार र सप्तरीले ५ योजनामा रु.१ करोड ३८ लाख ११ हजार समेत रु.५ करोड ५९ लाख ९ हजार भुक्तानी गरेको छ। नब्बे प्रतिशत भन्दा न्यून कार्य भएको अवस्थामा कार्यसम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिने कार्यमा नियन्त्रण हुनुपर्दछ।

३०. **कार्य क्षेत्र -** सङ्घीय कार्यालयको निर्माण कार्य प्रदेश मन्त्रालयको कार्य क्षेत्रमा पर्ने देखिदैन। पूर्वाधार विकास कार्यालय, धनुषाले जिल्ला प्रशासन कार्यालयमा सेवाग्राही अतिथि गृह निर्माण कार्यका लागि

रु.२५ लाख बजेट विनियोजन गरी एक निर्माण व्यवसायीलाई रु.२२ लाख ४० हजार भुक्तानी गरेको छ। कार्य क्षेत्र भन्दा बाहिरको काम गरी भुक्तानी गर्नु मनासिब देखिएन।

३१. **फरक शीर्षक -** महालेखा नियन्त्रक कार्यालयद्वारा जारी एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार सम्बन्धित शीर्षकमा खर्च लेख्नुपर्ने व्यवस्था छ। पूर्वाधार निर्देशनालयले चालु शीर्षकतर्फ रहेको रु.१० करोडमध्ये यस वर्ष खर्च भएको रु.९ करोड ६७ लाख २३ हजार प्रदेश समपूरक अनुदानबाट निर्माण भइरहेका २ वटा सडकको लागि भुक्तानी गरेको छ। सम्बन्धित शीर्षकमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

३२. **प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक निकायले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी केन्द्रीय निकायमा पठाउनु पर्ने र केन्द्रीय निकायले बजेट शीर्षकको आधारमा प्रगति विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनु पर्ने र नियम ३६ मा त्रैमासिक प्रगति विवरण प्राप्त भएपछि केन्द्रीय निकायले त्यसको भौतिक र वित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समीक्षा गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पूर्वाधार विकास कार्यालय धनुषाले पुँजीगततर्फ २८५ वटा योजनाका लागि रु.१ अर्ब ४३ करोड ७२ लाख ८१ हजार बजेट विनियोजन भएकोमा २६१ वटा योजना मात्र कार्यान्वयन गरी रु.१ अर्ब ४ करोड ७६ लाख ९२ हजार खर्च भई न्यून प्रगति गरेको छ। सबैला नगरपालिका ११ मा अधुरो धर्मशाला निर्माण, हँसपुर-८ मा अधुरो दलित सामुदायिक भवन निर्माण, जानकी मन्दिर सौन्दर्यकरण तथा संरचना निर्माण, यादव टोल पोखरी पुनर्उत्थान धबौली लगायत २४ वटा योजनामा शून्य प्रगति रहेको देखिन्छ। तोकिएअनुसार प्रगति हासिल गर्नुपर्दछ।

३३. **योजना सञ्चालन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ ले विनियोजन ऐन वा पेस्की खर्च ऐन जारी भएपछि मात्र सम्बन्धित कार्यालयलाई खर्च गर्ने अधिकार प्रदान गर्ने र सोही ऐनको दफा १८ ले प्रदेशको आर्थिक अवस्था र सञ्चित कोषको स्थितिलाई विचार गर्दै अर्थ मन्त्रालयलाई विनियोजित बजेटमा आवश्यकता अनुसार पूर्ण वा आंशिक रोक्का वा नियन्त्रण गर्नसक्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, धनुषाले सबै योजना सम्झौता २०८२ वैशाख र जेठ महिनामा कार्यान्वयन गरी बहुवर्षीय योजना बाहेक अधिकांश योजना उपभोक्ता समिति तथा सोझै खरिद विधिबाट २६१ वटा योजना सञ्चालन गरेको छ। अर्थ मन्त्रालयको २०८१।४।२ को बजेट कार्यान्वयन मार्गदर्शनको बुँदा नं. ४ अनुसार १६ वटा खर्च शीर्षकमा बजेट खर्च गर्न पूर्व स्वीकृति अनिवार्य गरेको छ तर बजेट रोक्का राख्नुको कानुनी आधार र परिपत्र बेगर बजेट प्रणाली लक गरी रोक्का राखेको छ। कानुनी व्यवस्था अनुसार खर्च गर्ने अख्तियारी प्राप्त भए पश्चात तत्काल योजना कार्यान्वयन गर्ने गरी सम्बन्धित निकायलाई जिम्मेवार बनाउनुपर्दछ।

३४. **टुक्रा पारी खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा खरिद गर्नु नहुने र नियमावलीको नियम ८ मा खरिद योजना बनाउँदा खरिदको सम्भावित प्याकेज बनाउनुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, बाराले २०८०।८१ मा सडक पुल कार्यक्रम अन्तर्गत विनियोजित कुल रु.२१ करोड ३५ लाख मध्ये रु.२० करोड ८८ लाख ६९ हजार खर्च गरेको छ। उक्त निर्माण कार्यलाई प्रतिस्पर्धात्मक विधिबाट खुला बोलपत्र आह्वान गरी निर्माण कार्य गर्न सकिने अवस्था भएकोमा १९३ टुक्रा पारी विभिन्न १८८ निर्माण व्यवसायीहरू र ५

उपभोक्ता समिति मार्फत सोझै खरिद विधिबाट खरिद गरेको छ। अधिकांश योजनाहरू ११४ मिटर लम्बाइका सडकमा ६६.१२ घन मिटर सबबेस र १२३.१२ घन मिटर बेसकोर्सको काम गरी सडक ग्राभेल गर्ने कार्य भएको छ। भौतिक पूर्वाधार मन्त्रालयले उक्त योजना एउटै ठाँउमा गरिने निर्माण कार्य भएता पनि विभिन्न साना साना खण्डहरूलाई योजनाहरूको नाम दिई विनियोजित रकमलाई रु.१० लाख भन्दा कमको बजेट बनाई १८८ योजनाहरूमा बजेट बाँडफाँट गरेको छ। प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा पारी खरिद गरेको उचित देखिएन।

३५. **पेस्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा तोकिएको म्यादभित्र पेस्की फर्स्यौट गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, बाराबाट प्राप्त आर्थिक विवरणमा म्याद ननाघेको पेस्की रु.३ करोड ७० लाख उल्लेख भए तापनि पेस्कीको व्यक्तिगत खाता लेखापरीक्षणमा उपलब्ध नभएकोले पेस्कीको विवरण यकिन हुन सकेन। पेस्की लिने व्यक्ति तथा फर्मको व्यक्तिगत नाम नामेसी र निजहरूको जमानत सम्बन्धी कागजातहरू अद्यावधिक गरी नियमानुसार पेस्की फर्स्यौट हुनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा एकीकृत वित्तीय विवरण, बजेट समर्पण, सम्पत्तिको एकीकृत विवरण, खरिद व्यवस्थापन, प्रदेश गौरवका आयोजना, आवास कार्यक्रम, परामर्श खरिद, रकमान्तर, भेरिएसन लगायतका विषयमा सुझाव दिइएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिँदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** मन्त्रालय र मातहतका निकायको रु.१ अर्ब ६ करोड १६ लाख ५० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु.१ करोड २३ लाख २९ हजार फर्स्यौट र रु.५४ लाख ७२ हजार थप भई रु.१ अर्ब ५ करोड ४७ लाख ९३ हजार बाँकी रहेको छ। सोमध्ये रु.४२ करोड २० लाख २४ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।

ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरको खानेपानी, सिँचाइ, ऊर्जा तथा जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानुन, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत सम्भार, समन्वय र नियमन,
- प्रदेशस्तरमा खानेपानी, सिँचाइ तथा ऊर्जा सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन,
- खानेपानी, सिँचाइ तथा ऊर्जा सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन,
- राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन,
- प्रदेशको जलस्रोत उपयोग, नदी नियन्त्रण तथा संरक्षण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन,
- प्रदेशको जलस्रोत उपयोग हुने आयोजनाहरूको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय,
- प्रदेशमा जलाधार संरक्षण तथा जल उपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन,
- जल गुणस्तरसम्बन्धी प्रयोगशाला व्यवस्थापन,
- खानेपानीको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,
- स्वच्छ खानेपानी सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- सबैलाई स्वच्छ खानेपानीको उपलब्धता र स्वच्छ खानेपानीमा पहुँचको सुनिश्चितता,
- फोहरमैला व्यवस्थापनमा स्थानीय तहलाई प्राविधिक सहयोग र समन्वय,
- ढल निकास तथा सरसफाइ व्यवस्थापन।

१. **लेखापरीक्षण अङ्क** - यो वर्ष मन्त्रालय र मातहत समेतका १७ कार्यालयको निम्नानुसार रु.५ अर्ब ६ करोड ५३ लाख १४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
४२६९६२५	३४०५४	७५६३१३	५३२२	५०६५३१४

२. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालय र मातहतका कार्यालय समेतको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	२४५८२३	२४६४१८	१२०४९४	४८.८९
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१३९०	१३९०	६४९	४६.६९
२२१०० सेवा महसुल	१५७७९	१६२२९	१०९९५	६७.७४
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	४१६१४	४४२१४	३८१३८	८६.२५
२२३००कार्यालय सामान तथा सेवाहरू	१४४४२	१५८४२	१४५६६	९१.९४
२२४०० सेवा तथा परामर्श खर्च	६१५५२	६३४८५	४९६२५	७८.१६
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	२५८००	६६४५	२८२३	४२.४८
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	९८००	१०४००	९४४४	९०.८०
२२७०० विविध खर्च	४६५६	५३५६	५३१४	९९.१९
२८१०० सम्पत्ति सम्बन्धी खर्च (घरभाडा)	१२२६३	१२२६३	५६१७	४५.८०
जम्मा	**४३३११९**	**४२२२४२**	**२५७६६५**	**६१.०२**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	४७४६५२३	५२७३३४६	४०११९६०	७६.०७
कुल जम्मा	**५१७९६४२**	**५६९५५८८**	**४२६९६२५**	**७४.९६**

उल्लिखित विवरणअनुसार मन्त्रालयले चालुतर्फ ६१.०२ प्रतिशत, पुँजीगततर्फ ७६.०७ प्रतिशत र समग्रमा ७४.९६ प्रतिशत खर्च गरेको छ।

३. **वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा तोकिएको अवधि भित्र पेस गरीसक्नुपर्ने र दफा ४६ बमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको ७ दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। सो अनुसार मन्त्रालयले २०८१।८२ को एकीकृत वित्तीय विवरण पेस गरेको छैन। ऐनमा भएको व्यवस्था कार्यान्वयन हुनुपर्दछ।

४. **आवधिक योजना** - आत्मनिर्भर र समृद्ध मधेश, सुखी मधेशी भन्ने सोचका साथ प्रदेशले दोस्रो आवधिक योजना २०८१।८२-२०८५।८६ कार्यान्वयनमा ल्याएको छ। प्रथम आवधिक योजनाको अवधि २०७६।७७-२०८०।८१ सम्म रहेकोमा २०८०।८१ सम्मको प्रगति समीक्षा नगरी २०७९।८० को समीक्षालाई आधार वर्षको उपलब्धि लिई दोस्रो आवधिक योजना तर्जुमा गरेको छ। यस मन्त्रालयका प्रमुख परिमाणात्मक लक्ष्यहरू देहाय बमोजिम रहेका छन्:

क्र सं	सूचक	एकाइ	२०७९।८० को अवस्था	२०८१।८२ लक्ष्य	२०८५।८६ को लक्ष्य
१.	आधारभूत खानेपानी सुविधा पुगेको परिवार	प्रतिशत	९६.५	९६.८	९९.५
२.	पाइप प्रणालीबाट खानेपानी सुविधा पुगेको परिवार	प्रतिशत	२२.६	३०	७५

क्र सं	सूचक	एकाइ	२०७९।८० को अवस्था	२०८१।८२ लक्ष्य	२०८५।८६ को लक्ष्य
३.	आधारभूत शौचालय पुगेको घरधुरी	प्रतिशत	८८	९०	९९
४.	फ्लससहितको शौचालय भएको परिवार	प्रतिशत	३८.५	४२	७५
५.	कुल खेतीयोग्य भूमिमध्ये बर्षभरि सिँचाइ सुविधा पुगेको भूमि	प्रतिशत	४९.५	५२	६०
६.	सिँचाइको क्षमता उपयोग	प्रतिशत	५०	५२	७०
७.	मर्मत र पुनर्स्थापन गर्नुपर्ने सिँचाइ आयोजना	सङ्ख्या	५०	४५	२०
८.	विद्युतको पहुँच	प्रतिशत	९७.९	९८	९९.५

५. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश नीति तथा योजना आयोगले उपलब्ध स्रोत र साधनलाई प्रभावकारी व्यवस्थापन गर्न २०८१।८२ देखि २०८३।८४ को लागि ३ वर्षीय मध्यमकालीन खर्च संरचना निर्माण गरेको छ। उक्त खर्च संरचना अनुसार २०८१।८२ मा यस मन्त्रालयको लागि रु.५ अर्ब १७ करोड ९६ लाख ४२ हजार बजेट सीमा निर्धारण भएकोमा रु.५ अर्ब ६९ करोड ५५ लाख ८८ हजार विनियोजन भई रु.४ अर्ब २६ करोड ९६ लाख २५ हजार खर्च भएको छ। खर्च संरचनाले प्रक्षेपण गरेभन्दा बढी बजेट विनियोजन भएतापनि विनियोजन भएको बजेटको ७४.९६ प्रतिशत मात्र खर्च भएको कारण मध्यमकालीन खर्च संरचनाको उद्देश्य प्राप्त हुन कठिन देखिन्छ। बजेट विनियोजन र खर्च क्षमतामा अभिवृद्धि गरी उपलब्ध स्रोत परिचालनमा प्रभावकारिता ल्याउनुपर्दछ।

६. **वार्षिक नीति तथा कार्यक्रम -** वार्षिक नीति तथा कार्यक्रममा समावेश मन्त्रालयसँग सम्बन्धित सौर्य ऊर्जाबाट सञ्चालन हुने भूमिगत सिँचाइ कार्यक्रमलाई नगदेवालीको प्रवर्धन गर्न किसान केन्द्रित कार्यक्रमको रूपमा आवश्यकता पहिचान, शिवालिक चुरे क्षेत्रभित्रका नदीहरूलाई एक आपसमा जोड्ने योजनाको अध्ययन अनुसन्धान गरी सम्भाव्य भएका बहुउद्देश्यीय आयोजनालाई उच्च प्राथमिकतामा राखी प्रदेश गौरवको आयोजना, सतह सिँचाइमा पहुँच नभएका खेतीयोग्य जग्गाहरू तथा नगदेबाली सम्भाव्य क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रमा नवीन प्रविधिमा आधारित सिँचाइ कार्यक्रम कार्यान्वयन भएको देखिएन। नीति तथा कार्यक्रमको व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

७. **बजेट कार्यान्वयन** - प्रदेश सरकारको बजेट वक्तव्य २०८१।८२ मा ईलेक्ट्रिक शवदाह गृह निर्माणमा रु.२ करोड, हाम्रो प्रदेश उज्यालो प्रदेश अन्तर्गत प्रदेश भित्र स्ट्रिट लाइट जडान कार्यमा रु.१ करोड, प्रदेशका सामुदायिक विद्यालयहरूमा खानेपानी संरचना निर्माणमा रु.१ करोड, निर्माण सामग्री परीक्षण प्रयोगशाला भवन निर्माण तथा अन्य संरचना निर्माणमा रु.२ करोड, प्रदेशस्तरीय पानी गुणस्तर परीक्षण प्रयोगशाला स्थापना कार्यमा रु.५० लाख, सौर्य ऊर्जाबाट सञ्चालन हुने भूमिगत सिँचाइ कार्यक्रममा रु.१ करोड बजेट विनियोजन भए तापनि कार्यान्वयन भएको छैन। मन्त्रालयले बजेट विनियोजन भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

८. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले जिम्मेवारी र जवाफदेहिता पालना सम्बन्धी अभिलेख राखेको छैन। योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्वको पालना

लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे/नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरूप खर्च गर्ने जिम्मेवारी कार्यालयमा निकाय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ। सो अनुसारको जिम्मेवारी र जवाफदेहिताको पूर्ण रूपमा पालना भएको देखिएन। ऐनको व्यवस्थाअनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन कायम गर्नुपर्दछ।

९. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त विवरण अनुसार रु.३१ करोड ७ लाख १२ हजार मूल्यको सरकारी भवन, जग्गा, कार, जीप, मोटरसाइकल, उपकरण, फर्निचर लगायत विभिन्न २७ प्रकारको सम्पत्तिहरू रहेको देखिन्छ। प्राप्त विवरण अनुसार कार्यालय भवन र जमिनको मूल्याङ्कन सांकेतिक रूपमा रु.१ मूल्य कायम गरेको देखिन्छ। मन्त्रालयले मातहत कार्यालय समेतको सम्पत्ति विवरण उक्त प्रणालीमा अद्यावधिक गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ।

१०. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एक भन्दा बढी अनुदान सङ्केत अन्तगर्तको उपशीर्षकमा बचत हुने रकम मध्येबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमा भित्र रही मन्त्रालयले रकमान्तर गर्ने व्यवस्था छ। साथै मधेश प्रदेश विनियोजन ऐन २०८१ को दफा ३(३) मा बचत हुने अनुदान सङ्ख्याबाट अपुग हुने अनुदान सङ्ख्यामा जम्मा रकमको १० प्रतिशतले नबढ्ने गरी रकमान्तर गर्न सकिने, एउटै अनुदान सङ्ख्या भित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न पाउने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्राप्त विवरण अनुसार सिँचाइ, ऊर्जा, जलस्रोत र खानेपानी क्षेत्रमा सुरु बजेट रु.५ अर्ब १७ करोड ९६ लाख ४२ हजार बजेट विनियोजन भएकोमा रु.५१ करोड ५९ लाख ४७ हजार अर्थात सुरु बजेटको तुलनामा ९.९६ प्रतिशत थप भई अन्तिम बजेट रु.५ अर्ब ६९ करोड ५५ लाख ८८ हजार कायम भएको मध्ये रु.४ अर्ब २६ करोड ९६ लाख २५ हजार (७४.९६ प्रतिशत) मात्र खर्च भएको छ। मन्त्रालयले यस वर्ष विभिन्न शीर्षकमा रु.१ अर्ब ५५ करोड ३२ लाख ९ हजार रकमान्तर गरेको छ। साथै वर्षान्तको अन्तिम महिनामा मात्र रु.२३ करोड २९ लाख २८ हजार रकमान्तर गरेको छ। मन्त्रालयले बर्षान्तमा रकमान्तर गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

११. **आयोजना कार्यान्वयन** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ। यस वर्ष मन्त्रालयको रु.४६ करोड ५१ लाखको ४८ आयोजना, जलस्रोत तथा सिँचाइ विकास डिभिजन, सर्लाहीको रु.१ करोड ६६ लाखको ८ आयोजना र धनुषाको रु.११ करोड ४६ लाखको ५१ आयोजना कार्यान्वयन भएको देखिएन। बजेट विनियोजन भएका आयोजना तथा कार्यक्रम समयमै कार्यान्वयन गरी उपलब्धि हासिल गर्नुपर्दछ।

१२. **अधुरा आयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा भएका निर्माण व्यवसायीले सम्झौता बमोजिम काम नगरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कार्य नगरेमा कारबाही हुने व्यवस्था छ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन सर्लाही अन्तर्गत साविकमा मध्यमाञ्चल सिँचाइ विकास डिभिजन नं. ३ सर्लाहीले २०६८।६९ देखि २०७०।७१ सम्म २ वर्षको अवधिभित्र कार्यसम्पन्न गर्नेगरी खरिद सम्झौता गरेकोमा विभिन्न ५ ठेक्काको कार्यसम्पन्न नभई यो वर्षसम्म अधुरै रहेको पाइयो। उक्त ५ वटा ठेक्काको सम्झौता रकम रु.१६ करोड २५ लाख ५७ हजार रहेकोमा हालसम्म ११ करोड ३८ लाख २० हजार भुक्तानी भएको छ। उल्लिखित ठेक्कामध्ये मलेनिया सिँचाइ योजना, हरिपुरको रु.६ लाख र एकादशी सिँचाइ योजनाको रु.५४ लाखसहित रु.६० लाख पेस्की बाँकी रहेको छ। कार्य सम्पन्नको लागि बजेट व्यवस्थापन नगर्ने तर निर्माण व्यवसायीलाई म्याद थप्दै जाने प्रवृत्तिले योजना अधुरो रहने र पेस्की फस्यौंट नहुने हुँदा अधुरा योजनाको टुङ्गो लगाएर बाँकी योजनाको निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

१३. **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी व्यवस्था रहेको छ। यस वर्ष मन्त्रालय र मातहतका निकायहरूले रु.९ करोड ५३ लाख १९ हजार कन्टिजेन्सी खर्च गरेको छ। आयोजनागत खर्च स्पष्ट हुनेगरी तथा वर्क चार्ज स्टाफ खर्च र अन्य खर्च छुट्टिने गरी अभिलेख राख्नुपर्नेमा एकमुष्ट खर्च गरेका छन्। कन्टिन्जेन्सी खर्च गर्दा नापी किताबमा प्रविष्ट नगरेको, मष्टरोलबाट रकम भुक्तानी गर्दा कामको मूल्याङ्कन नगरेको र इन्धन तथा मर्मत खर्च गर्दा औचित्य पुष्टि गर्ने लगबुक जस्ता प्रमाण संलग्न नगरी खर्च गरेकोले सुधार हुनुपर्दछ।

१४. **एकमुष्ट बजेट** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६(२) मा विनियोजन ऐन अनुसार खर्च गर्ने रकम एकपटक विनियोजन गरिसकेपछि पटक पटक बाँडफाँट गर्न नपाइने व्यवस्था छ। भूमिगत, जलस्रोत तथा सिँचाइ विकास डिभिजन, सप्तरी र सिरहालाई यस वर्षको बजेटमा योजनाको नाम र स्थल नतोकी प्राविधिक अध्ययनको आधारमा मन्त्रालयबाट स्वीकृत योजना कार्यान्वयन गर्ने गरी एकमुष्ट रु.२५ करोड १४ लाख बजेट विनियोजन गरेकोमा उक्त बजेटबाट मन्त्रालयको स्वीकृतिमा विभिन्न ५२ योजनामा रु.२४ करोड ९९ लाख १ हजार खर्च गरेको छ। यसरी एकमुष्ट बजेट व्यवस्था गरी खर्च गरेको उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ।

१५. **संकल्प प्रस्ताव** - प्रदेश सभाको २०८१।१०।६ मा बसेको बैठकले सार्वजनिक निर्माण सम्बन्धी आयोजनाहरूको कार्यान्वयन गर्दा विनियोजित बजेट रु.५० लाख भन्दा बढी भएमा अनिवार्य ठेक्का प्रक्रियाबाट गर्ने र अन्यको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सोको संशोधित नियमावली अनुसार गर्ने संकल्प प्रस्ताव पारित गरेको छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन सर्लाहीले विभिन्न ४७ स्थानमा रु.५० लाख भन्दा बढीको लागत अनुमान भएका योजना उपभोक्ता समितिबाट गराइ रु.२१ करोड ५० लाख ७० हजार भुक्तानी दिएको छ। संकल्प प्रस्ताव विपरित हुने गरी निर्माण कार्य गर्नु नियमसँगत देखिएन। यसमा सुधार हुनुपर्दछ।

१६. **नदी व्यवस्थापन** - मन्त्रालय मातहत ८ जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरूले खोलामा जग्गा संरक्षण गर्ने, सिँचाइ कुलो निर्माण गर्ने, जग्गा उकास गर्ने, खेतीयोग्य जग्गा संरक्षण गर्न ग्याविनको काम गर्ने लगायतका कार्यहरू गरेका छन। यस्ता कार्य गर्दा खोलाको चेनेज एवं स्थानको अभिलेख खुलाउने गरेको देखिएन। खोलाको चौडाइ, गहिराइ, बहावको दिशा, पानीको मात्रा, बाढीको प्रकृति,

माटोको प्रकार तथा कटानको अवस्थाको अध्ययन नगरी कार्य गरेका छन्। एक स्थानमा नदी कटान रोकथाम गर्दा अर्को स्थानमा झन् तीव्र कटान हुनसक्ने, बाढीको पानी अनियन्त्रित रूपमा बस्ती वा खेतीयोग्य जमिनतर्फ पस्न सक्ने, बनाइएका ग्याविन संरचनाहरू छोटो समयमा नै भत्किने, माथिल्लो र तल्लो तटीय क्षेत्रमा असर पर्ने, नदी खोलासँग सम्बन्धित प्राकृतिक प्रणाली बिग्रने र स्थानीय समुदायको जीविकोपार्जनमा नकारात्मक असर पर्ने देखिन्छ। विस्तृत अध्ययन प्रतिवेदन तयार नगरी यसवर्ष ८ जिल्लामा रु.१ अर्ब ७२ करोड ७५ लाख ७५ हजार विनियोजन भई रु.१ अर्ब ४२ करोड ३७ लाख १६ हजार खर्च गरेको छ। खोलाको प्राकृतिक बहाव, जलाधार क्षेत्र, बाढीको प्रकृति, माटोको प्रकार र वातावरणीय अवस्थाको विस्तृत अध्ययन गरी वैज्ञानिक तथा प्राविधिक डिजाइन अनुसारको समग्र नदी व्यवस्थापकीय दृष्टिकोणबाट नदी व्यवस्थापन प्रणाली तयार गर्नुपर्दछ।

१७. **बिमा नगराएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(३क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट रु.२० लाखभन्दा बढीको निर्माण कार्य गराउँदा सम्झौता रकममा बिमा गराउनु पर्ने व्यवस्था रहेको छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, सप्तरी, भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन, सिरहा र जलस्रोत तथा सिँचाइ विकास डिभिजन, रौतहटले पुँजीगत खर्च शीर्षकबाट २० लाख माथिका १० वटा योजना सञ्चालन गरी रु.३ करोड ४९ लाख ४६ हजार भुक्तानी गरेकोमा बिमा गरेको छैन। नियमावलीको व्यवस्थाअनुसार बिमा गरी योजना सञ्चालन गर्नुपर्दछ।

१८. **आयोजना कार्यान्वयन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा कार्यक्रमको प्रगति समीक्षा गरी प्रगति कम भएमा सुधार गर्न निर्देशन दिई कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौता कार्यान्वयन, नियम १२० मा म्याद थप गर्न सकिने र नियम १२१ मा पूर्व निर्धारित क्षतिपूर्ति लिई काम गराउन सकिने व्यवस्था छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन, धनुषाबाट आर्थिक वर्ष २०७८।७९ देखि २०८०।८१ सम्म सम्पन्न हुने गरी खरिद सम्झौता गरेका प्रोटेक्सन वर्क, साइड इन्टेक र हेडवर्क निर्माण लगायतको सम्झौता रकम रु.२९ करोड ५० लाख ३५ हजार रहेको ४ ठेक्काको कार्यमा यो वर्षसम्म रु.१४ करोड ३८ लाख २५ हजार खर्च भई अधुरो रहेको छ। अधुरा योजनाहरूको काम सार्वजनिक खरिद ऐन, नियम तथा खरिद सम्झौता बमोजिम गुणस्तरीय रूपमा समयमै सम्पन्न गर्नुपर्दछ।

१९. **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ (१) (ङ) अनुसार खरिद सम्झौता कार्यान्वयन कार्ययोजना अनुसार प्रगतिको अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने व्यवस्था छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन धनुषाले ७२ उपभोक्ता समिति मार्फत सिँचाइ योजना मर्मत, नदी नियन्त्रण, बस्ती संरक्षण, तटबन्ध निर्माण लगायतका कार्य गरी रु.२० करोड ५१ लाख १० हजार भुक्तानी दिएकोमा निर्माण कार्यमा प्रयोग भएका सिमेन्ट, गिट्टी, ढुंगा, डण्डी, तार जाली र बालुवाको परीक्षण गराउनु पर्नेमा गुणस्तर परीक्षण गराएको छैन। नियमको पालना गरी गुणस्तर सुनिश्चित गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतको प्रतिवेदनमा नीति तर्जुमा तथा कार्यान्वयन, वित्तीय जिम्मेवारी तथा जवाफदेहीता, सम्पत्तिको एकीकृत विवरण, कन्टिन्जेन्सी खर्च, अधुरो आयोजना लगायतका विषयमा सुझाव दिइएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिँदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - मन्त्रालय र मातहत निकायको रु.१३ करोड ७५ लाख ४३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु.१२ लाख फर्स्यौट गरेकोले रु.१३ करोड ६३ लाख ४३ हजार बाँकी रहेको छ। सोमध्ये रु.२ लाख ८० हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।

वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- वन्यजन्तु र वन पैदावार ओसारपसार, नियमन र अपराध नियन्त्रण,
- वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता, प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन,
- जडिबुटी खेती प्रविधि प्रवर्धन, विस्तार तथा बजारीकरण, नीति तथा कानुन तर्जुमा तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क सङ्कलन,
- वन तथा वातावरण विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह,
- वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम, नीति, समन्वय र सहयोग,
- प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरियमहरूको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन,
- वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन,
- वातावरणीय सूचना प्रणालीको स्थापना एवं वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति, अनुगमन र नियमन,
- प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा विद्युतीय लगायत प्रदूषणको मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन,
- वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण,
- भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन,
- वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ बगैंचा स्थापना र व्यवस्थापन,
- प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशभित्र भू-तथा जलाधार एवं चुरे संरक्षण।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहत समेतका १४ कार्यालयको निम्नानुसार रु.२ अर्ब १२ करोड १५ लाख ६२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१७७८२५६	४५४६१	१४४८६६	१५२९७९	२१२१५६२

२. **लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिम लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउने व्यवस्था छ। डिभिजन वन कार्यालय, रौतहटको

२०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ को घटनाको कारण पेस हुन नसकेकोले विनियोजनतर्फ रु.१४ करोड २२ लाख ९३ हजार, राजस्वतर्फ रु.६६ लाख ४९ हजार, धरौटीतर्फ रु.३ करोड २८ लाख ५ हजार र अन्य कारोबार रु.८ करोड ९९ लाख ४७ हजार समेत रु.२७ करोड १६ लाख ९४ हजारको लेखापरीक्षण गरिएको छैन।

३. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालय र मातहत कार्यालय समेतको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार खर्चको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	७१८०७९	७१८०७९	५०५१३९	७०.३४
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	३८९३	३८९३	२७५७	७०.८१
२२१०० सेवा महसुल	१५६१७	१५६१७	१२५३४	८०.२५
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	५८६०४	६१८६६	५२१९०	८४.३६
२२३००कार्यालय सामान तथा सेवा	२४६७८	२५७७८	२२१८९	८६.०७
२२४०० सेवा तथा परामर्श खर्च	५६५०१	५६५०१	४०४३९	७१.५७
२२५०० कार्यक्रम सम्बन्धी खर्च	३५३००९	३५२३०९	२२०७५५	६२.६५
२२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च	१६३६३	१६८१३	१४६२१	८६.९५
२२७०० विविध खर्च	८६३०	८७३०	६७५९	७७.४२
२७२०० राहत तथा पुनर्स्थापना खर्च	५०००	५०००	४७३२	९४.६४
२८१०० सम्पत्ति सम्बन्धी खर्च (घरभाडा)	९९९७	९९९७	६२२६	६२.२८
जम्मा	**१२७०३७१**	**१२७४५८३**	**८८८३४१**	**६९.६९**
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	११५३६५४	१२१६०५४	१०३२२०८	८४.८८
कुल जम्मा	**२४२४०२५**	**२४९०६३७**	**१९२०५४९**	**७७.११**

उल्लिखित विवरणअनुसार चालुतर्फ ६९.६९ प्रतिशत, पुँजीगततर्फ ८४.८८ प्रतिशत र समग्रमा ७७.११ प्रतिशत खर्च भएको छ।

४. **वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा तोकिएको अवधिभित्र पेस गरिसक्नुपर्ने र दफा ४६ बमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको ७ दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले २०८१।८२ को एकीकृत वित्तीय विवरण तयार गरी पेस गरेको छैन। वित्तीय विवरण तयार गरी तोकिएको निकायमा पेस गरी सम्पादित कार्यलाई पारदर्शी बनाउनुपर्दछ।

५. **आवधिक योजना** - आत्मनिर्भर र समृद्ध मधेश, सुखी मधेशी भन्ने सोचका साथ प्रदेशले दोस्रो आवधिक योजना २०८१।८२-२०८५।८६ कार्यान्वयनमा ल्याएको छ। प्रथम आवधिक योजनाको अवधि २०७६।७७ देखि २०८०।८१ सम्म रहेकोमा २०८०।८१ सम्मको प्रगति समीक्षा नगरी

२०७९।८० को समीक्षालाई आधार वर्षको उपलब्धि लिई दोस्रो आवधिक योजना तर्जुमा गरेको छ। यस मन्त्रालयका प्रमुख परिमाणात्मक लक्ष्यहरू देहाय बमोजिम रहेका छन्:

क्र. सं.	सूचक	एकाइ	२०७९।८० को अवस्था	२०८१।८२ को लक्ष्य	२०८५।८६ को लक्ष्य
१	वन क्षेत्रफल	प्रतिशत	२४.७८	२४.९०	२६.५
२	वन डढेलोबाट प्रभावित क्षेत्रफल	हेक्टर	२६३०००	१०००००	१०५०००
३	प्रतिव्यक्ति काठको प्रयोग	क्यु फिट	०.३९	०.४१	०.५०
४	दिगो व्यवस्थापन भएको वनको क्षेत्रफल	हेक्टर	५००००	६००००	८००००
५	वातावरणमैत्री स्थानीय शासन लागु भएका स्थानीय तहहरू	प्रतिशत	०	१०	२५
६	हानिकारक तथा रासायनिक फोहोर व्यवस्थापन स्थल	सङ्ख्या	०	२	८
७	मुख्य सहरमा फोहोरमैला व्यवस्थापन तथा मल उत्पादन प्लान्ट	सङ्ख्या	०	३	१५
८	औद्योगिक क्षेत्रबाट निस्कने फोहोर पानीको प्रशोधन तथा शुद्धीकरण प्लान्ट	सङ्ख्या	०	३	१५
९	वायु प्रदूषण अनुगमन केन्द्रको स्थापना र निरन्तर सञ्चालन भएका नगरपालिका/ गाउँपालिका	सङ्ख्या	०	१०	४६

६. **दिगो विकास -** दिगो विकास लक्ष्य (२०१६ देखि २०३०) को कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले प्रदेश तथा स्थानीय तहलाई स्रोत व्यवस्थापन, संस्थागत प्रबन्ध, अनुगमन तथा मूल्याङ्कन समेतमा विभिन्न मार्गदर्शन उपलब्ध गराएको छ। दिगो विकास लक्ष्य उन्मुख मधेश पार्श्वचित्र २०८२ अनुसार दिगो विकासको लक्ष्य र मधेश प्रदेशको प्रगति विवरण देहायअनुसार रहेको छ।

दिगो विकास लक्ष्य	राष्ट्रिय आधार रेखा सन् २०१५	२०१६-२०३० राष्ट्रिय लक्ष्य	सन् २०२४ सम्मको प्रगति
वनको घनत्व (प्रति हेक्टर औसत रुख सङ्ख्या)	४३०	६४५	-
सामुदायिक वन व्यवस्थापन अन्तर्गतको वन (प्रतिशत)	३९	४२	४०.३७
संरक्षित क्षेत्र (प्रतिशत)	२३.२	२३.३	छैन
वन घनत्व (प्रति हेक्टर औसत रुख सङ्ख्या)	४३०	६४५	छैन

*(**स्रोतः** दिगो विकास लक्ष्य उन्मुख पार्श्वचित्र, २०८२)*

उल्लिखित विवरणअनुसार संरक्षित क्षेत्र र वन घनत्वको प्रगति विवरण तयार गरेको छैन।

७. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश नीति तथा योजना आयोगले उपलब्ध स्रोत र साधनलाई प्रभावकारी व्यवस्थापन गर्न २०८१।८२ देखि २०८३।८४ को लागि ३ वर्षीय मध्यमकालीन खर्च संरचना निर्माण गरेको छ। उक्त खर्च संरचना अनुसार २०८१।८२ मा यस मन्त्रालयको लागि रु.२ अर्ब ४२ करोड ४० लाख २५ हजार बजेट सीमा निर्धारण गरेकोमा रु.२ अर्ब ४९ करोड ६ लाख ३७ हजार विनियोजन भई रु.१ अर्ब ९२ करोड ५ लाख ४९ हजार खर्च भएको छ। खर्च संरचनाले प्रक्षेपण गरेभन्दा बढी बजेट विनियोजन भएपनि ७७.४० प्रतिशत मात्र खर्च भएको कारण मध्यमकालीन खर्च संरचनाको उद्देश्य प्राप्त गर्न थप बजेट खर्च गर्नुपर्ने देखिन्छ। मन्त्रालयको विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान अनुसार बजेट विनियोजन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

८. **नीति तथा कार्यक्रम -** वार्षिक नीति तथा कार्यक्रममा समावेश मन्त्रालयसँग सम्बन्धित चुरे जोगाउ, मधेश बचाउ अभियान, चुरे संरक्षण सम्वाद, सहरी जलाधार व्यवस्थापन, प्रदेशका प्रमुख नदीनाला नियन्त्रण तथा जल संरक्षण, मुख्यमन्त्री हरित प्रदेश अभियान, जहाँ माटो त्यहाँ रुख त्यसले ल्याउँछ परम सुख,

एक नागरिक एक बिरुवा वृक्षारोपण, हरित सहर, स्वच्छ शहर अन्तर्गत प्रदेश राजधानी लगायतका सहरहरूमा सघन वृक्षारोपण कार्यक्रम कार्यान्वयन भएको देखिएन। नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

९. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त विवरण अनुसार रु.३० करोड १७ लाख ५४ हजार मूल्यको सरकारी भवन, जग्गा, कार, जीप, मोटरसाइकल, उपकरण, फर्निचर लगायत सम्पत्तिहरू रहेको देखिन्छ। मन्त्रालयले मातहत कार्यालय समेतको सम्पत्तिको विवरण उक्त प्रणालीमा अद्यावधिक गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ।

डिभिजन वन कार्यालयहरू

१०. **वन क्षेत्र -** वन ऐन, २०७६ को दफा ८ मा अधिकार प्राप्त व्यक्तिबाट पट्टापूर्जी पाएको बाहेक वन क्षेत्रको जग्गामा कुनै किसिमको हक नहुने उल्लेख छ। वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ मा तोकिएको कार्यविधि बनाई अतिक्रमण हुन नदिने र अतिक्रमण हटाउनुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त प्रगति विवरणअनुसार मधेश प्रदेशको ८ जिल्लामा ३ लाख १३ हजार २३३ हेक्टर क्षेत्रफल वन रहेको छ। ८ डिभिजन कार्यालयको विवरणअनुसार ७ हजार ६०२ हेक्टर वन क्षेत्र अतिक्रमण भएकोमा २९२ हेक्टर क्षेत्रफलमा अतिक्रमण नियन्त्रण भएको छ।

जिल्ला	क्षेत्रफल हेक्टरमा	वन क्षेत्र प्रतिशत	अतिक्रमण भएको वनको क्षेत्रफल	वन अतिक्रमण नियन्त्रण क्षेत्रफल
पर्सा	७९००७	५६.१०	१३४.३२	२७
बारा	५०२९९	३९.५०	९८५.३०५	३९.८७
रौतहट	३०६१३	२९.५०	३१९०.३८	१२.९४
सर्लाही	३५९५९	२८.५०	१६४.७८	१७५
महोत्तरी	३०८७८	३०.९०	११६३.२	१०
धनुषा	३५३६४	२९.८०	८७२	१०.२
सिरहा	२४८४४	२१.८०	९८०.७	१२.३
सप्तरी	२६२६९	२०.५	१११.३८	५.३८
जम्मा	**३१३२३३**		**७६०२.०६**	**२९२.६९**

अतिक्रमित क्षेत्र खाली गराइ वन क्षेत्रको संरक्षण गर्नुपर्दछ।

११. **वन मुद्दा -** वन ऐन, २०७६ को दफा ६७ अनुसार रु.२ लाख रुपैयाँसम्म जरिबाना लगाउने वा एक वर्ष कैद वा दुवै सजाय हुने वन सम्बन्धी मुद्दा नेपाल सरकारको वन अधिकृतले कारबाही र किनारा लगाउन सक्ने व्यवस्था छ। प्रदेश वन ऐन, २०७७ ले वन मुद्दा हेर्ने अधिकार वन अधिकृतलाई प्रदान नगरेकोले यी दुई ऐन बीच सामञ्जस्यता कायम भएको देखिएन। मन्त्रालय अन्तर्गत गत वर्षसम्म १ हजार १० र यस वर्ष १२२ मुद्दा समेत १ हजार १३२ मध्ये ८ वटा मुद्दा फर्स्यौट भई १ हजार १२४ मुद्दा फर्स्यौट हुन बाँकी रहेकोले ऐनमा व्यवस्था भए अनुसार समयमै फर्स्यौट गर्नुपर्दछ।

१२. **बिरुवा उत्पादन तथा मौज्दात -** कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०७८ को बुँदा नं. ९१ र ९२ मा डिभिजन वन कार्यालयले उत्पादन तथा वितरण गर्ने बिरुवाको अद्यावधिक अभिलेख राखुपर्ने व्यवस्था छ। मधेश प्रदेशका ७ डिभिजन वन कार्यालयमा यस वर्षसम्म बिरुवाको जम्मा

मौज्दात ४१ लाख ८ हजार ३७१ रहेकोले माग एवं आवश्यकताको आधारमा बिरुवा उत्पादन र वृक्षारोपण गरी वर्षेनी ठूलो मात्रामा हुने मौज्दात घटाउनुपर्दछ।

१३. **समृद्धिका लागि वन कार्यक्रम** - विश्व बैङ्क र प्रदेश वन तथा वातावरण मन्त्रालयबीच भएको सम्झौता अनुसार १६ जुलाई २०२१ देखि ३० सेप्टेम्बर २०२५ सम्मको समृद्धिका लागि वन कार्यक्रमसम्बन्धी सम्झौता भएको छ। यस कार्यक्रमको कुल लागत २४ मिलियन अमेरिकी डलरमध्ये १७.९ मिलियन ऋण र ६.१ मिलियन अमेरिकी डलर अनुदान रहेको छ। समृद्धिका लागि वन कार्यक्रम परियोजनाको समग्र प्रगति जम्मा ६४.२८ प्रतिशत मात्र रहेकोले कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा मन्त्रालयले जोड दिनुपर्दछ।

१४. **राजस्व बाँडफाँट** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७(१) मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबीच सङ्घीय कानुन बमोजिम प्रादेशिक स्रोतबाट प्राप्त हुने रोयल्टी बाँडफाँट गर्न नेपाल सरकारले सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। मन्त्रालय मातहतका ८ डिभिजन वन कार्यालयले यस वर्ष काठ दाउराको ठेक्काबाट प्राप्त रु.५ करोड ९६ लाख ४१ हजार विविध कोषमा जम्मा गरेकाले उल्लिखित व्यवस्था बमोजिम उक्त रकम सङ्घीय विभाज्य कोषमा दाखिला गर्नुपर्दछ।

१५. **राजस्व दाखिला** - प्रदेश वन ऐन, २०७७ को दफा ७९(२घ) अनुसार वन क्षेत्रको वन पैदावार बिक्रीबाट तोकिएबमोजिम प्राप्त हुने रकम वन विकास कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८१।८२ मा डिभिजन वन कार्यालय, महोत्तरीबाट बिक्री भएका काठ दाउराको आम्दानी आपूर्ति समितिले खातामा राखेको छ। काठ दाउरा बिक्रीबाट प्राप्त भएको राजस्व रु.५२ लाख १६ हजार तथा मूल्य अभिवृद्धि कर रु.९ लाख २७ हजार गरी जम्मा रु.६१ लाख ४२ हजार सम्बन्धित कोषमा दाखिला गरेको प्रमाण पेस गर्नुपर्दछ।

१६. **बायो इञ्जिनियरिङ्ग** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा निर्दिष्ट गरेको कार्य र कार्यक्षेत्र बाहिर खर्च गर्न नपाउने व्यवस्था छ। डिभिजन वन कार्यालय, पर्साले हुलाकी राजमार्ग अन्तर्गतका विभिन्न सडक खण्डहरूको सुरक्षा, माटो स्थिरता र पहिरो नियन्त्रणका लागि वृक्षारोपण गर्न रु.३० लाख बजेट व्यवस्था गरी रु.२९ लाख ९९ हजार खर्च गरेको छ। स्वीकृत विस्तृत परियोजना प्रतिवेदन बमोजिम सडक बायो-इन्जिनियरिङ्ग कार्य गर्ने जिम्मेवारी हुलाकी सडक आयोजनाको रहेकोमा क्षेत्राधिकार बाहिर गरिने यस्ता खर्च नियन्त्रण हुनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतको प्रतिवेदनमा नीति तथा कार्यक्रम कार्यान्वयन, वन अतिक्रमण, बिरुवा मौज्दात, वन मुद्दा, बजेट कार्यान्वयन, रकमान्तर लगायतका विषयमा सुझाव दिइएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय र मातहत निकायको रु.२ करोड १८ लाख ५४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट रु.१ लाख ७४ हजार फर्स्यौंट गरेकोले रु.२ करोड १५ लाख ९४ हजार बाँकी रहेको छ। सोमध्ये रु.८९ लाख ४४ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, नियमन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- उद्योग तथा वाणिज्य सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजनाको तर्जुमा र कार्यान्वयन,
- उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी,
- औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्धन,
- प्रादेशिक व्यापार प्रवर्धन, समन्वय तथा तथ्याङ्क प्रणाली,
- बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन र अनुसन्धान,
- व्यापारिक फर्महरूको दर्ता, नवीकरण र खारेजी,
- वस्तु तथा सेवा आपूर्ति सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,
- सङ्घ र स्थानीय तहसँगको समन्वयमा सिन्डिकेट, कार्टेलिङ, अनुचित मूल्यवृद्धि, कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् बजार अनुगमन,
- करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तर्जुमा र कार्यान्वयन,
- प्रदेशस्तरमा औद्योगिक हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन,
- प्रदेशभित्रका ठूला, साना, मझौला, घरेलु तथा लघु उद्योगहरू स्थापना र प्रवर्धन सम्बन्धमा नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,
- औद्योगिक तथा व्यापारिक प्रदर्शनीको आयोजना,
- प्रादेशिक पर्यटन विकासको नीति, कानुन, मापदण्ड र योजना निर्माण र कार्यान्वयन,
- पर्यटन पूर्वाधारको विकास र प्रवर्धन,
- पर्यटकीय होटल, मोटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, ऱ्याफ्टिङ्ग, क्यानोइङ्ग आदिको दर्ता, अनुमति र नवीकरण लगायतका कार्यक्षेत्र रहेका छन्।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतसमेतका १४ कार्यालयको निम्नानुसार रु.२ अर्ब २२ करोड ७५ लाख ५८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२०२०९७३	८५३००	१२०८७६	४०९	२२२७५५८

२. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालय र मातहत कार्यालय समेतको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	८४१९३	८४६४५	५३८१४	६३.५८
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१२४१	१२४१	३८१	३०.७०
२२१०० सेवा महसुल	४७१८	५०४६	३५५९	७०.४९
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१८८१०	२१३६४	१९६३१	९१.८७
२२३०० कार्यालय सामान तथा सेवा	१३७८०	१४९४०	१४४२५	९६.५४
२२४०० सेवा तथा परामर्श खर्च	२५०७३	२७३७६	२५२७६	९२.३३
२२५०० कार्यक्रम सम्बन्धी खर्च	१६५९६०	११३०१०	८३१९०	७३.६१
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१४७४६	१४९४६	८८९९	५९.५३
२२७०० विविध खर्च	४३८०	५०१०	४९९९	९९.७८
२५३०० अन्य सहायता	२४५०	४५०	२५०	५५.५६
२८१०० सम्पत्ति सम्बन्धी खर्च	७९९६	८२४१	६६९५	८१.२३
जम्मा	**३४३३४७**	**२९६२६९**	**२२१११९**	**७४.६३**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति	२६४२४७५	२४५६१८२	१७९९८५४	७३.२८
कुल जम्मा	**२९८५८२२**	**२७५२४५१**	**२०२०९७३**	**७३.४२**

उल्लिखित विवरणअनुसार चालुतर्फ ७४.६३ प्रतिशत, पुँजीगततर्फ ७३.२८ र समग्रमा ७३.४२ प्रतिशत खर्च भएको छ।

३. **वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालय समेतको आर्थिक वर्षको आयव्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा तोकिएको अवधिमा पेस गरिसक्नुपर्ने र दफा ४६ बमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू तोकिएको समयावधि समाप्त भएको ७ दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। सो अनुसार मन्त्रालयले २०८१।८२ को एकीकृत वित्तीय विवरण तयार गरेको छैन। आयव्ययको एकीकृत वित्तीय विवरण समयमा तयार गरी सार्वजनिक गर्नुपर्दछ।

४. **दिगो विकास लक्ष्य** - दिगो विकास लक्ष्य पूरा गर्न सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्धन गर्ने एवं दिगो उपभोग तथा उत्पादन ढाँचा सुनिश्चित गर्न सन् २०२५ सम्म कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको १० प्रतिशत योगदान पुऱ्याउने, १० वर्षे नेपालको राष्ट्रिय पर्यटन रणनीति योजना (२०१६-२०२५) बमोजिम सन् २०२५ मा २० लाख पर्यटक आगमन बढाउने राष्ट्रिय लक्ष्य तोकिएको र आवधिक योजनामा देहायानुसार दिगो विकास लक्ष्यको प्रमुख सूचक र उपलब्धि रहेको छ।

प्रमुख सूचक	आधार वर्ष (२०७५।७६)	प्रथम योजना लक्ष्य (२०८०।८१)	वास्तविक प्रगति/अवस्था (२०८० सम्म)
प्रदेशको औसत आर्थिक वृद्धिदर (प्रतिशत)	६.५०	११	२.३-३
वार्षिक पर्यटक आगमन सङ्ख्या (हजारमा)	६,०९	२०,००	१६,०८
कुल गार्हस्थ्य उत्पादनमा उद्योगको योगदान (प्रतिशत)	१०.६०	१५	११.५०

प्रमुख सूचक	आधार वर्ष (२०७५।७६)	प्रथम योजना लक्ष्य (२०८०।८१)	वास्तविक प्रगति/अवस्था (२०८० सम्म)
पर्यटन र उद्योगमा प्रत्यक्ष रोजगारी (हजारमा)	३५	१,००	४८
दर्ता भएका साना तथा घरेलु उद्योग (हजारमा)	३८	७०	६५.७
पर्यटकको औसत बसाई (दिन)	१.५	५	२.५
व्यापारमा वाणिज्य क्षेत्रको हिस्सा	न्यून	उल्लेख्य वृद्धि	निर्यात व्यापारमा सुधार

४.१. **पर्यटन क्षेत्र** - प्रदेशले धार्मिक पर्यटनलाई प्राथमिकतामा राखेका कारण पर्यटक आगमनमा सुधार देखिए तापनि बसाइ अवधि र प्रतिपर्यटक खर्चको लक्ष्य तोकेको छैन। पर्यटकको औसत बसाइ सन् २०३० सम्म ५ दिने लक्ष्य तोकिएको १.५ दिनबाट बढेर २.५ दिन पुगेको छ। जानकी, गढीमाई मन्दिर र सिम्रौनगढ जस्ता धार्मिक धरोहरहरूको प्रवर्धन गर्न पर्याप्त पर्यटकीय पूर्वाधार र एकीकृत पर्यटन प्याकेजको रूपमा विकास र विस्तार नहुँदा अपेक्षित लाभ हासिल गर्न सकेको देखिँदैन।

४.२. **औद्योगिकीकरण** - प्रदेशमा स्थानीय स्तरमा स्वरोजगार सिर्जना गर्न साना तथा घरेलु उद्योगहरूको दर्ता सङ्ख्या ३८ हजारबाट वृद्धि भई ६५ हजार, कुल गार्हस्थ्य उत्पादनमा उद्योगको योगदान १०.६ प्रतिशतबाट वृद्धि भई ११.५ प्रतिशत पुगेको छ। समावेशी औद्योगिकीकरणको यो वर्षको लक्ष्यको ३.५ प्रतिशत हासिल भएको छैन। तोकिएको लक्ष्य बमोजिम प्रगति हासिल गर्नुपर्दछ।

५. **आवधिक योजना** - आत्मनिर्भर र समृद्ध मधेश, सुखी मधेशी भन्ने सोचका साथ प्रदेशले दोस्रो आवधिक योजना २०८१।८२-२०८५।८६ कार्यान्वयनमा ल्याएको छ। प्रथम आवधिक योजनाको अवधि २०७६।७७ देखि २०८०।८१ सम्म रहेकोमा २०८०।८१ सम्मको प्रगति समीक्षा नगरी २०७९।८० को समीक्षालाई आधार वर्षको उपलब्धि लिई दोस्रो आवधिक योजना तर्जुमा गरेको छ। यस मन्त्रालयका प्रमुख परिमाणात्मक लक्ष्यहरू देहाय बमोजिम रहेका छन्:

सि.नं.	सूचक	एकाइ	आधार वर्ष २०७९।८०	२०८१।८२ को लक्ष्य	२०८५।८६ लक्ष्य
१	पर्यटक आगमन सङ्ख्या	हजारमा	६०९	६२६	७००
२	पर्यटकको औसत बसाई	दिन	-	३	५
३	होटल बेड सङ्ख्या	सङ्ख्या	७१०१	७२७१	८०००
४	पर्यटन क्षेत्रबाट रोजगारी	सङ्ख्या	-	५००००	१०००००
५	कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान	प्रतिशत	२.४	३	७
६	पर्यटकस्तरीय होटल र लजहरू	सङ्ख्या	३४९	३५८	४००

आगामी पाँच वर्षभित्र पर्यटक आगमनलाई ७ लाख पुऱ्याउने र बसाइ अवधिलाई औसत ५ दिन पुऱ्याउने लक्ष्य राखेको देखिन्छ। होटल बेड सङ्ख्या ८ हजार पुऱ्याउने र पर्यटनमार्फत एक लाख रोजगारी सिर्जना गर्ने, कुल गार्हस्थ्य उत्पादनमा पर्यटनको योगदानलाई २.४ प्रतिशतबाट ७ प्रतिशत पुऱ्याउने लक्ष्य रहे तापनि पर्यटकको सङ्ख्या वृद्धि गरी बसाइ र खर्च गर्ने क्षमता वृद्धि भएमा आर्थिक समृद्धि हासिल हुने भएकोले यस क्षेत्रमा कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

६. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश नीति तथा योजना आयोगले उपलब्ध स्रोत र साधनलाई व्यवस्थापन गर्न २०८१।८२ देखि २०८३।८४ को लागि ३ वर्षीय मध्यमकालीन खर्च संरचना

तर्जुमा गरेको छ। खर्च संरचना अनुसार २०८१।८२ मा यस मन्त्रालयको लागि रु.२ अर्ब ९८ करोड ५८ लाख २२ हजार बजेट प्रक्षेपण गरे अनुसार विनियोजन भएकोमा रकमान्तरबाट घटाइ अन्तिम बजेट रु.२ अर्ब ७५ करोड २४ लाख ५१ हजार कायम गरी रु.२ अर्ब २ करोड ९ लाख ७३ हजार खर्च भएको छ। मध्यमकालीन खर्च संरचनाले प्रक्षेपणको तुलनामा रु.९६ करोड ४८ लाख ४९ हजार कम बजेट विनियोजन भएकोमा विनियोजनको ७३.४२ प्रतिशत मात्र खर्च भएको कारण योजनाहरू सम्पन्न गर्नसक्ने देखिएन। खर्च गर्ने क्षमतामा अभिवृद्धि गरी मध्यमकालीन खर्च संरचना अनुसार कार्यान्वयन गर्नुपर्दछ।

७. **बजेट वक्तव्य** - प्रदेश सरकारको २०८१।८२ को बजेट वक्तव्यमा मधेश भ्रमण वर्ष २०८२ लाई मुख्य प्राथमिकता तोकी घुमौं मधेश, बुझौं मधेश अभियानमार्फत आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धन गर्नका लागि जानकी, गढीमाई र छिन्नमस्ता मन्दिर जस्ता प्रसिद्ध धार्मिक स्थलहरूलाई जोडेर पर्यटकीय सर्किट विकास गर्ने र भौतिक पूर्वाधारमा लगानी बढाउने, मधेश प्रदेशलाई कृषि हबका रूपमा स्थापित गरी कृषिमा आधारित उद्योगहरूको विकास गर्ने उल्लेख भएकोमा जानकी, गढीमाई र छिन्नमस्ता मन्दिर जस्ता पर्यटकीय सर्किट विकास गर्ने कार्य थालनी भएको छैन। बजेट तथा कार्यक्रममा कार्यान्वयनयोग्य कार्यक्रम समावेश गरी उपलब्धि हासिल गर्नुपर्दछ।

८. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त विवरण अनुसार रु.३२ करोड २८ लाख ८३ हजार मूल्यको सरकारी भवन, जग्गा, कार, जीप, मोटरसाइकल, उपकरण, फर्निचर लगायत सम्पत्तिहरू रहेको देखिन्छ। मन्त्रालयले आफू र मातहत कार्यालयहरूको सम्पत्तिको विवरण उक्त प्रणालीमा अद्यावधिक रहे/नरहेको सुनिश्चित गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ।

९. **प्रविधि हस्तान्तरण** - लघु, घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्रको वार्षिक बजेट तथा कार्यक्रममा उद्यम प्रवर्धन, सीप विकास र प्रविधि सहयोग, प्रविधि हस्तान्तरण, बीउपुँजीमा सहयोग तथा औद्योगकि प्रदर्शनी लगायतका कार्यक्रम सञ्चालन गर्न लघु, घरेलु तथा साना उद्योग प्रवर्धन तथा प्रविधि हस्तान्तरण कार्यविधि, २०८० जारी गरेको छ। यस वर्ष मन्त्रालय अन्तर्गतका ८ घरेलु तथा साना उद्योग कार्यालयहरूबाट रु.४३ लाख ६५ हजार बराबरको प्रविधि हस्तान्तरण गरिएकोमा लाभग्राहीको योगदान रु.१० लाख ४२ हजार रहेको छ। कार्यविधिको बुँदा नं. ३३ अनुसार उद्यमीलाई हस्तान्तरण गरिएको प्रविधिको अनुगमन तथा निरीक्षण गरेको छैन। हस्तान्तरित प्रविधि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्नुपर्दछ।

१०. **मापदण्ड र नर्म्स** - प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० मा पर्यटन पूर्वाधार विकास र प्रवर्धन गर्ने कार्य यस मन्त्रालयमा रहेको छ। मन्त्रालयले करिब २ अर्ब बजेट विनियोजन गरी ४ वटा पर्यटन विकास कार्यालय मार्फत १५० भन्दा बढी धर्मशाला, ३०० भन्दा बढी मन्दिरहरूको सौन्दर्यीकरण, गुम्बा निर्माण र पहुँचमार्ग विस्तारका साना योजनाहरू सञ्चालन गरेको छ। प्रदेशस्तरीय ऐतिहासिक, पुरातात्विक महत्वका मठमन्दिर, गुम्बा, मस्जिद, धर्मशाला निर्माणमा परम्परागत र

पुरातात्विक नर्म्स, मौलिक वास्तुकला, वास्तुशास्त्र, शिल्पशास्त्रका मानकहरू तयार नगरी कंक्रिटजन्य पूर्वाधार निर्माण कार्यहरू गरेको छ। यस सम्बन्धमा देखिएका बेहोराहरू देहाय अनुसार छन्:

१०.१. बौद्ध दर्शन तथा गुम्बा विकास समितिले गुम्बा निर्माणका लागि मौलिक बौद्ध वास्तुकला, स्थानीय सामग्री र प्रतीकात्मक संरचना जोगाउने अभ्यासमा आधारित परम्परागत नर्म्सहरू रहेकोमा कंक्रिटजन्य कार्यहरू सिमेन्ट, रड प्रयोग गरी परम्परागत काठका आकृति, परम्परागत छाना, रङ्ग संयोजन, बौद्ध चर्या अनुरूपका चिन्हहरू र परम्परागत नर्म्स संरचना निर्माण कार्यमा समावेश नगरी यस वर्ष मन्त्रालय अन्तर्गतका ३ वटा पर्यटन विकास कार्यालयबाट रु.२ करोड बजेट व्यवस्थापन गरी ४ वटा निर्माण संरचनामा रु.१ करोड ७२ लाख ८३ हजार खर्च गरेका छन्। पुरातात्विक र ऐतिहासिक परम्परागत निर्माणमा नर्म्सको प्रयोग गर्नुपर्दछ।

१०.२. मन्दिर संरचना निर्माणका लागि वास्तुशास्त्र र शिल्पशास्त्रका मानकहरू मन्दिरको दिशा, आकार, मूर्तिको प्रमाण र भूमिशुद्धिको विधि, मन्दिरको मुखाकृत पूर्वतर्फ, गर्भगृह सही स्थानमा, शिखरको उचाइ र पवित्रताका लागि मन्दिर निर्माणमा हुने ढुङ्गा, ईंट्टा, काठ जस्ता प्राकृतिक निर्माण सामग्रीलाई प्राथमिकता र आध्यात्मिक पक्षमा मूर्ति स्थापनाको मुहूर्त, गर्भाधान संस्कार र नित्य पूजाको व्यवस्था सुनिश्चित गरेर मात्र मन्दिर निर्माण कार्यमा खर्च गर्नुपर्दछ। तीन पर्यटन विकास कार्यालयले रु.३९ करोड ६ लाख ९ हजार बजेट व्यवस्था गरी ९५ वटा योजनामा रु.२७ करोड ४४ लाख ९१ हजार खर्च गरेकोमा उक्त प्रमाण राखेको देखिएन। पुरातात्विक र ऐतिहासिक महत्त्वका संरचना निर्माण गर्दा परम्परा एवं विधिलाई समेत पालना हुनेगरी निर्माण गर्नुपर्दछ।

१०.३. यस वर्ष मन्त्रालय अन्तर्गतका ३ वटा पर्यटन विकास कार्यालयबाट रु.५ करोड ५५ लाख बजेट व्यवस्थापन गरी १२ वटा मस्जिद निर्माणमा रु.४ करोड १२ लाख ४८ हजार खर्च गरेको छ। ऐतिहासिक मान्यता समेतका आधारमा यस्ता निर्माण कार्यमा खर्च गर्नुपर्दछ।

११. **अधुरो योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(ङ) मा सम्झौता कार्यान्वयनको अनुगमन गर्ने व्यवस्था छ। मन्त्रालयले यस वर्ष अधुरो मन्दिर निर्माण तथा सौन्दर्यकरण, छटघाट, गुम्बा, मस्जिद, बाटो लगायतका कार्यमा रु.७ करोड ६० लाख बजेट व्यवस्था गरी रु.२ करोड ३७ लाख ५५ हजार खर्च गरेको छ। मन्त्रालयले पालिका, सङ्घीय निकाय, गैर सरकारी संस्था लगायतका अन्य निकायबाट सुरुवात भई अधुरा रहेका योजनाहरू मन्त्रालय अन्तर्गतका कार्यालयमा गत विगतको अधुरो निर्माण यकिन नगरी २७ योजनामा खर्च भएकोमा यो वर्ष पनि अधुरै रहेका छन्। अधुरा आयोजना सम्पन्न गर्ने गरी बजेट व्यवस्थापन हुनुपर्दछ।

१२. **विस्तृत आयोजना प्रतिवेदन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि निर्माण कार्य गर्नुअघि त्यसको योजना, नक्सा, डिजाइन र लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट रु.२ करोड ४६ लाख २३ हजारमा रु.२ अर्ब ३० करोड ५५ लाखको लागत हुने गरी १३ योजनाको विस्तृत आयोजना प्रतिवेदन तयार गरेको छ। हस्तान्तरण भएको प्रतिवेदनमध्ये प्रदेश राजधानी सौन्दर्यकरणको ठेक्का आह्वान गरी निर्माण भैरहेको अवस्था छ। विस्तृत आयोजना प्रतिवेदन तयार गर्न लाग्ने समय, प्राविधिक जनशक्ति र परामर्श सेवामा उल्लेखनीय खर्च भई आयोजना बजेट, जग्गा व्यवस्थापन, वातावरणीय स्वीकृति, संस्थागत क्षमताको लागत यकिन नगरी लामो समयसम्म

आयोजना कार्यान्वयन नगर्दा विस्तृत आयोजना प्रतिवेदनमा भएको खर्चको उपलब्धि नहुने हुँदा यस्ता कार्य गर्दा उचित ध्यान दिनुपर्दछ।

१३. **कार्यस्वीकार प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा संरचना निर्माण ९० प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरूप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र अनुरोध गरेमा कार्य स्वीकार प्रतिवेदन तयार गर्न सकिने व्यवस्था छ। पर्यटन विकास कार्यालय, पर्साले खरिद सम्झौता बमोजिम कार्य नगराइ यस वर्ष रु.३ करोड ६३ लाख ७ हजारका १२ ठेक्का सम्झौतामा ११.१८ प्रतिशतदेखि ७७.४४ प्रतिशतसम्म नतिजा हासिल गरी रु.२ करोड ४६ लाख ४ हजारको र पर्यटन विकास कार्यालय, सिराहाले ४१ वटा योजनाको भौतिक प्रगति ९० प्रतिशतभन्दा कम रहेको अवस्थामा कार्य स्वीकार प्रतिवेदन जारी गरेको छ। यसरी अधुरो कार्य स्वीकार गर्दा बाँकी काम निर्माण कार्य गर्नुपर्ने भएमा थप आर्थिकभार पर्ने भएकोले सम्झौता बमोजिम कार्य गराउनुपर्दछ।

उद्योग विभाग

१४. **रोजगारी सिर्जना -** उद्योग विभाग र अन्तर्गतका ८ घरेलु तथा साना उद्योग कार्यालय समेत ९ कार्यालयहरूमा ५ हजार १ उद्यमीबाट दर्ता भएका ४ हजार ८६५ उद्योगले १९ हजार ८६५ जनालाई रोजगारी दिएको देखिन्छ। उद्योगहरूबाट यस वर्ष रु.५ करोड ५६ लाख ८० हजार राजस्व सङ्कलन गरेको छ। औद्योगिक क्षेत्रको सहजीकरण, सवलीकरण र प्रवलीकरण गरी थप रोजगारी सिर्जना गर्दै राजस्व परिचालनमा वृद्धि गर्नुपर्दछ।

१५. **तालिम सञ्चालन -** प्रदेशको दोस्रो आवधिक योजना बमोजिम आर्थिक वर्ष २०८१।८२ मा उद्यमशिलता तथा वित्तीय साक्षरता तालिम प्राप्त गर्ने युवाको सङ्ख्या १० हजार पुऱ्याउने लक्ष्य राखेको छ। विभाग र मातहतका ८ घरेलु तथा साना उद्योग कार्यालयबाट सीपमुलक तालिम १ हजार ४७४ जना, स्तरोन्नति तालिम ६०६ जना, भगत सर्वजित तालिम ५४१ जना र उद्यमशिलाता तालिम ९७३ जनासहित ३ हजार ५९४ जनालाई तालिम प्रदान गरेको छ। निजी र अन्यले प्रदान गरेको तालिमको समीक्षा गरी विश्लेषण गरेको छैन। निजी क्षेत्र तथा अन्य निकायबीच समन्वय गरी लक्ष्य प्रगतिको समीक्षा गर्नुपर्दछ।

घरेलु तथा साना उद्योग कार्यालय

१६. **उद्योग र वाणिज्य अभिलेख** - प्रदेश उद्योग व्यवस्थापन ऐन, २०७७ को दफा ३ बमोजिम दर्ता गरी उद्योग सञ्चालन गर्नुपर्ने व्यवस्था छ। मन्त्रालय अन्तर्गतका उद्योग विभाग र घरेलु तथा साना उद्योग कार्यालयबाट २०८१।८२ मा दर्ता, नवीकरण, खारेजी र स्थानान्तरणको स्थिति निम्नानुसार छः

विवरण	दर्ता	नवीकरण	खारेजी	स्थानान्तरण
उद्योग	४८६५	९१४८	१०७६	१०९
वाणिज्य	५७२७	१४१७६	१०३	२०९
जम्मा	**१०५९२**	**२३३२४**	**११७९**	**३१८**

माथिको तालिका बमोजिम हालसम्म दर्ता भएका उद्योग र वाणिज्यको अभिलेख अद्यावधिक गरेको पाइएन। अभिलेख अद्यावधिक गर्नुपर्दछ।

१७. **राजस्व सङ्कलन** - मन्त्रालय र मातहत उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालयहरू र पर्यटन विकास कार्यालयहरूबाट उद्योग र वाणिज्य दर्ता, नवीकरण, स्थानान्तरण र खारेजी सेवा प्रवाह गरी राजस्व सङ्कलन गरेको छ। मन्त्रालय मातहतका विभाग र कार्यालयहरूबाट २०८१।८२ मा रु.८ करोड ५३ लाख राजस्व सङ्कलन गरेको छ। उद्योग वाणिज्यको सवलीकरण र नियमन गरी कार्यालयहरूबाट राजस्व सङ्कलन क्षमता वृद्धि गरी राजस्व वृद्धि गर्नुपर्दछ।

पर्यटन विकास कार्यालय

१८. **कार्यक्षेत्र** - प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयको मुख्य उद्देश्य पर्यटकीय स्थलहरूको संरक्षण तथा प्रवर्धन, पर्यटन पूर्वाधारको विकास र प्रवर्धन गरी पर्यटकहरूको सङ्ख्यामा वृद्धिका लागि प्रचार प्रसार गर्ने रहेको छ। पर्यटन विकास कार्यालय, सिराहाले लक्ष्मीनारायण माविको कम्पाउण्ड घेरावार र गेट निर्माणमा रु.२४ लाख ७५ हजार, मधेश स्टार्टअप तथा इनोभेशन सेन्टरमा रु.१ करोड ४९ लाख, विष्णुपुर गाउँपालिकाको खत्वे टोलमा बाटो ढलानमा रु.४० लाख र छिन्नमस्ता गाउँपालिकामा प्रहरी चौकी अगाडिको बाटो ढलानमा रु.२३ लाख १२ हजार समेत जम्मा रु.२ करोड ३६ लाख ८७ हजार खर्च गरेको छ। कार्यालयको कार्यक्षेत्र अनुसारका योजना छनोट गरी कार्यान्वयन गर्नुपर्दछ।

१९. **सम्झौता कार्यान्वयन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(ङ) मा सम्झौता कार्यान्वयनको अनुगमन गर्ने व्यवस्था छ। पर्यटन विकास कार्यालय, रौतहटले यो वर्ष रु.२ करोड ६२ लाख ८७ हजारका ६ वटा योजनाहरू ठेक्का सम्झौता गरेकोमा रु.१ करोड ३५ लाख ६१ हजारको योजनाहरू आंशिक रूपमा सम्पन्न भएको छ। सम्झौता अनुसार कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीलाई जिम्मेवार बनाई बाँकी अधुरा आयोजना सम्पन्न गराउनु पर्दछ।

२०. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पर्यटन विकास कार्यालय, पर्साले ३ योजनामा व्यवसायीलाई रु.१० लाख १४ हजार बिजक भन्दा बढी भुक्तानी गरेको छ। बढी भुक्तानी रकम असुल गर्नुपर्दछ।

२१. **कार्यक्रम कार्यान्वयन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पर्यटन विकास कार्यालय पर्साले गत विगतमा अधुरो रहेका १४ योजनाको विगतमा भएको कार्य विवरण समावेश नगरी लागत अनुमान तयार गर्दा यस वर्ष ७ उपभोक्ता समिति र ७ ठेक्का सम्झौतामा रु.३ करोड १२ लाख ७१ हजार भुक्तानी गरेको छ। अन्य निकायबाट भएका निर्माण कार्यको आधार नलिई थप निर्माण कार्य गराउँदा दोहोरो पर्ने देखिन्छ। लागत अनुमानमा भएको कार्य परिमाण यकिन गरी दोहोरोपना नहुने सुनिश्चित गर्नुपर्दछ।

२२. **हरित पार्क** - पर्यटन विकास कार्यालयले पर्यटन प्रवर्धन कार्यक्रम सञ्चालन गर्नुपर्नेमा पर्यटन विकास कार्यालय, धनुषाले एक सरकारी कार्यालयको परिसरमा हरितपार्क निर्माण गरी रु.१४ लाख ४३ हजार खर्च भुक्तानी गरेको छ। कार्यालयले कार्यक्षेत्र बाहिर निर्माण गर्नु उचित देखिएन। यस्तो कार्य नियन्त्रण गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन-** गत विगतका प्रतिवेदनमा कार्यजिम्मेवारी, बजेट कार्यान्वयन, वित्तीय विवरण, प्रविधि हस्तान्तरण, अधुरो आयोजना लगायतका विषय औंल्याएकोमा यो वर्ष पनि स्थिति यथावत रहेको छ। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र निकायको रु.७ करोड ५१ लाख ५६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट रु.१७ लाख ३८ हजार फर्स्यौट र रु.३० हजार थप भई रु.७ करोड ३४ लाख ४८ हजार बाँकी रहेको छ। सोमध्ये रु.१ लाख म्याद नाघेको पेस्की बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।

श्रम तथा यातायात मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन जस्ता कार्यहरू गर्दछ।

- श्रम सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र प्रतिबद्धताको कार्यान्वयन, संरक्षणात्मक उपाय र पुनर्स्थापना,
- श्रमशक्ति, श्रम सम्बन्ध, श्रम बजार अध्ययन, अनुसन्धान,
- श्रमशक्ति योजना तर्जुमा र कार्यान्वयन,
- सामाजिक सुरक्षा प्रादेशिक नीति, कानुन तथा मापदण्डको निर्माण तथा कार्यान्वयन तथा सङ्घ, प्रादेशिक निकाय तथा स्थानीय तहसँग सम्पर्क, समन्वय र सहकार्य,
- रोजगारी सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र नियमन,
- वैदेशिक रोजगारमा जाने र फर्कने नागरिकको अभिलेख व्यवस्थापन,
- वैदेशिक रोजगारबाट फर्केकाहरूको ज्ञान सीप उपयोग गर्ने नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन,
- प्रदेशस्तरको यातायात नीति, कानुन, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन,
- यातायात सम्बद्ध कार्यालयहरूको आधुनिक र विश्वसनीय प्रविधिको प्रयोग एवं व्यवस्थापन सुधारसहित प्रदेशमा नागरिकलाई झन्झट, बिचौलिया, अनियमितता, नहुने गरी र सुशासनको प्रत्याभूतिसहित सवारी दर्ता र नवीकरण, सार्वजनिक यातायातको सडक इजाजत पत्र अनुमति, चालक अनुमति र नवीकरण लगायत यातायात सम्बद्ध सेवा प्रवाहको प्रभावकारी व्यवस्थापन,
- प्रदेशभित्र सार्वजनिक यातायातको मापदण्ड, गुणस्तर र भाडादर निर्धारण र अनुगमन तथा नियमन,
- वातावरण, अपाङ्गता, ज्येष्ठ नागरिक र लैङ्गिक अनुकूल हुने गरी यातायात प्रणालीको प्रवर्धन तथा व्यवस्थापन,
- सवारी प्रदुषण अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,
- सुरक्षित यातायात र सवारी प्रदुषण नियन्त्रण योजना र कार्यान्वयन,

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहत समेत ७ कार्यालयको निम्नानुसार रु.२ अर्ब १ करोड ६८ लाख १३ हजार खर्च भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१८४०६२	१८३२४६४	२८७	०	२०१६८१३

२. **लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिम लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउने व्यवस्था छ। कार्यालयको २०८१।८२ को स्रेस्ता एवं

सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ को घटनाको कारण पेस हुन नसकेकोले विनियोजनतर्फ रु.१३ करोड २५ लाख ५५ हजार, राजस्वतर्फ रु.६२ करोड ५२ लाख १३ हजार र धरौटीतर्फ रु.३५ लाख ९२ हजार समेत रु.७६ करोड १३ लाख ६० हजारको लेखापरीक्षण गरिएको छैन।

(रु.हजारमा)

कार्यालय	विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
श्रम तथा यातायात मन्त्रालय	७४४०३	४१८	२४२१	०	७७२४२
यातायात व्यवस्था कार्यालय, सप्तरी	२३५४१	१२७१९२	४१६	०	१५११४९
यातायात व्यवस्था कार्यालय, सिरहा	३४६११	४९७६०३	७५५	०	५३२९६९
जम्मा	**१३२५५५**	**६२५२१३**	**३५९२**	**०**	**७६१३६०**

३. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट मन्त्रालय र मातहत कार्यालय समेतको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	निकासा (खर्च)	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	१४७८३८	१६९०७७	१२७५१३	७५.४१
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	८६७	८६७	५४०	६२.२८
२२१०० सेवा महसुल	४८८५	५७०५	३९३०	६८.८८
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१४९०५	१८१५५	१५८१२	८७.०९
२२३०० कार्यालय सामान तथा सेवा	५८३४०	५८८७५	२९९५६	५०.८८
२२४०० सेवा तथा परामर्श खर्च	३७१२१	४२१३६	२११५२	५०.१९
२२५०० कार्यक्रम सम्बन्धी खर्च	३६४५३६	२८४८३२	१७२३४	६.०५
२२६०० अनुगमन मूल्याङ्कन र भ्रमण खर्च	८२५०	८६००	६१८८	७१.९५
२२७०० विविध खर्च	३६५०	७६३०	६४७८	८४.९०
२८१०० सम्पत्तिसम्बन्धी खर्च	९८२०	११४३५	९८८०	८६.४०
जम्मा	**६५०२१२**	**६०७३१२**	**२३८६८३**	**३९.३०**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	३४९५३६	२२३२५०	७७९३४	३४.९०
कुल जम्मा	**९९९७४८**	**८३०५६२**	**३१६६१७**	**३८.१२**

उल्लिखित विवरणअनुसार चालुतर्फ ३९.३० प्रतिशत, पुँजीगततर्फ ३४.९० प्रतिशत र समग्रमा ३८.१२ प्रतिशत खर्च भएको छ।

४. **वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा मन्त्रालयको लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहतका कार्यालयको प्रत्येक आर्थिक वर्षको आयव्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा तोकिएको अवधि भित्र पेस गरीसक्नुपर्ने र दफा ४६ बमोजिम मन्त्रालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू ७ दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले

२०८१।८२ को एकीकृत वित्तीय विवरण तयार गरी पेस एवं सार्वजनिक गरेको छैन। एकीकृत वित्तीय विवरण तयार गरी सार्वजनिक गर्नुपर्दछ।

५. **सेवा प्रवाह -** मन्त्रालय र मातहतको निकायबाट प्राप्त विवरणअनुसार नयाँ सवारी चालक अनुमतिपत्र ५६ हजार ८८९, वर्ग थप ३० हजार ४१९, नवीकरण ३७ हजार ३१७, प्रतिलिपि उपलब्ध गराएको ६२३ तथा नवीकरणसहितको प्रतिलिपि १ हजार ४३१ वितरण गरिएको, सवारी साधन ८१ हजार ५७२ दर्ता भएको, बाटो इजाजत पत्र १ हजार ८१ नेपाली पटके सडक इजाजतपत्र २० हजार ६२०, भारतीय पटके सडक इजाजत पत्र ६ हजार ७०२, प्रदूषण परीक्षण सवारी जाँचपास १७८, इम्बोस्ड नम्बर जस्ता सेवा प्रदान गरेकोमा सेवा प्रवाहबाट रु.२ अर्ब ४५ करोड ७६ लाख ७७ हजार राजस्व सङ्कलन भएको छ। सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

यातायात व्यवस्था कार्यालयहरू

६. **सवारी साधन खरिद -** उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४ को बुँदा नं.६ (क) मा सार्वजनिक निकायले प्रतिस्पर्धा प्रयोजनका लागि मालसामान निर्माण वा उत्पादन गर्ने कम्पनीले उत्पादनको विशेषता, गुणस्तर र सुविधाका आधारमा बिक्री मूल्य कम्पनीको वेभसाइट वा कागजात (ब्रोसर) मा सार्वजनिक गरेपछि कम्पनीले तोकेको थोक मूल्यमा प्रतिस्पर्धा गराउनुपर्ने व्यवस्था छ। यातायात व्यवस्था कार्यालय, सर्लाही र पर्साले क्रमशः रु.३९ लाख ९८ हजार र रु.३८ लाख ७ हजारमा चारपांग्रे सवारी साधन खरिद गरेको छ। उक्त खरिद गरेका सवारी साधनहरूको बिक्री मूल्य खरिद प्रक्रियामा समावेश नगरेको तथा सम्बन्धित कम्पनीको वेभसाइट र ब्रोसरमा सार्वजनिक गरेको पाइएन। उत्पादकको कागजात, अभिलेख र मूल्य विश्लेषण गरी सवारी साधन खरिद गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा सवारी साधन खरिद, वित्तीय विवरण लगायतका विषय औंल्याएकोमा यो वर्ष पनि स्थिति यथावत रहेको छ। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - मन्त्रालय र मातहत निकाय समेतको रु.२३ लाख ३८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु.१ हजार फर्स्यौंट गरेकोले रु.२३ लाख ३७ हजार बाँकी रहेको छ। सोमध्ये रु.१६ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन कार्यहरू गर्दछ।

- कृषि, पशुपन्छी विकास तथा खाद्य पोषण प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- कृषि तथा पशुपन्छी औद्योगिकीकरण, यान्त्रिकीकरण, उन्नत औजार कृषिउपज बजार, पूर्वाधार र फार्म केन्द्रहरूको विकास, विस्तार र सञ्चालन,
- कृषि उपज, कृषिजन्य वस्तु, बीउ विजन, पशुपन्छी र पशु उत्पादन सामग्री, नश्ल सेवा र प्रविधिको गुणस्तर निर्धारण, प्रमाणीकरण र नियमन,
- कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन,
- कृषि तथा पशुपन्छी बिमा नीति, योजना तर्जुमा, कार्यान्वयन र कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण,
- प्रदेश संरचना निर्माणका लागि सङ्घ वा स्थानीय तहसँग समन्वय गरी सरकारी वा सार्वजनिक जग्गाको खोजी गर्ने, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख र स्थानीय प्रशासन तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा संरक्षण,
- कित्ता नापी र भूमि लगत मापदण्ड र कार्यान्वयन,
- प्रदेशको सरकारी जग्गा भाडामा दिने वा उपयोग नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,
- गुठी जग्गा व्यवस्थापन नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन र गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन एवम् सङ्घ र स्थानीय तहसँग समन्वय,
- प्रदेश स्तरमा चरन तथा खर्क नीति तथा कानुन तर्जुमा र कार्यान्वयन,
- कृषिजन्य र पशुपन्छीजन्य औषधी, विषादी र सूक्ष्म पोषणयुक्त बस्तुको उपयोग प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन
- प्रादेशिक सहकारी संस्था तथा सहकारी बैङ्क नीति, कानुन तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क र अध्ययन अनुसन्धान,
- प्रादेशिक सहकारी बचत तथा ऋण परिचालन नीति, कानुन र मापदण्डको तर्जुमा र कार्यान्वयन,
- सङ्घीय, अन्तरप्रादेशिक र स्थानीय तहका सहकारी निकायसँग समन्वय र सहकार्य,
- प्रादेशिक सहकारी क्षेत्रको विकास तथा प्रवर्धन, क्षमता अभिवृद्धि र परिचालन।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहत समेत २७ कार्यालयको निम्नानुसार रु.१ अर्ब २३ करोड ५१ लाख २७ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
११२१६७६	८१०३	९१११७	१४२३१	१२३५१२७

यो वर्ष समिति तथा अन्य संस्थातर्फ १ निकायको रु.३ करोड ७४ लाख ९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

२. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीको मन्त्रालय र मातहत कार्यालय समेतको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	३२७१८८	३०२४०९	१५९९४०	५२.८९
२१२०० कर्मचारी सामाजिक सुरक्षा	१९६१०	१९६१	८३८	४२.७३
२२१०० सेवा महसुल	१५६८४	१६०८४	१२१४४	७५.५०
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	४२६३८	४७७७९	३९३६४	८२.३९
२२३०० कार्यालय सामान तथा सेवा	१६८४३	१६८४३	१५३५१	९१.१४
२२४०० सेवा तथा परामर्श	६१६५१	६१८४९	५११०७	८२.६३
२२५०० कार्यक्रम सम्बन्धी खर्च	१०९४२६९	८६६४०५	३७२९५५	४३.०५
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण	२२८०२	२२५०२	१८०८३	८०.३५
२२७०० विविध खर्च	५८२४	५८२४	५२१६	८९.५६
२६४०० सशर्त अनुदान (चालुतर्फ)	९९८४०६	१०२९१६५	३१६४३१	३०.७५
२८१०० सम्पत्ति सम्बन्धी खर्च (घर भाडा)	४२९५	४२९१	३१५६	७३.५७
जम्मा	**२६०९२१०**	**२३७५११२**	**९९४५८५**	**४१.८८**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति	१८२६९४	२०३९७७	१२७०९१	६२.३१
कुल जम्मा	**२७९१९००**	**२५७९०८९**	**११२१६७६**	**४३.४९**

उल्लिखित विवरणअनुसार चालुतर्फ ४१.८८ प्रतिशत, पुँजीगततर्फ ६२.३१ प्रतिशत र समग्रमा ४३.४९ प्रतिशत खर्च भएको छ।

३. **वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा लेखा उत्तरदायी अधिकृतले मन्त्रालय र मातहत कार्यालयको प्रत्येक आर्थिक वर्षको आयव्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले पेस गरेको २०८१।८२ को एकीकृत वित्तीय विवरणमा अनुसूची, मौज्दात, सम्पत्तिको विवरण, तोकिएको ढाँचामा तयार गरेको छैन। निर्धारित ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्दछ।

४. **दिगो विकास** - दिगो विकास लक्ष्यको (सन् २०१६-२०३०) का लागि राष्टिय योजना आयोगले प्रदेश तथा स्थानीय तहलाई स्रोत व्यवस्था, संस्थागत प्रबन्ध, अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन उपलब्ध गराएको छ। मध्यमकालीन खर्च संरचना २०८१।८२-२०८३।८४ मा मन्त्रालयको गरिबीको अन्त्य लक्ष्य नं.१ मा रु.२ अर्ब ५ करोड १ लाख ७० हजार र शून्य भोकमरी लक्ष्य नं. २ मा रु.८१ करोड ८४ लाख ५ हजार प्रक्षेपण गरेकोमा दिगो विकासका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक प्रादेशिकतहको वार्षिक मूल्याङ्कन गरी प्रतिवेदन तयार गरेको छैन। मन्त्रालयले स्पष्ट र समयवद्ध वार्षिक कार्ययोजना अनुरूपको प्रतिवेदन तयार गर्नुपर्दछ।

५. **आवधिक योजना** - आत्मनिर्भर र समृद्ध मधेश, सुखी मधेशी भन्ने सोचका साथ प्रदेशले दोस्रो आवधिक योजना २०८१।८२-२०८५।८६ कार्यान्वयनमा ल्याएको छ। प्रथम आवधिक योजनाको अवधि

२०७६।७७ देखि २०८०।८१ सम्म रहेकोमा २०८०।८१ सम्मको प्रगति समीक्षा नगरी २०७९।८० को समीक्षालाई आधार वर्षको उपलब्धि लिई दोस्रो आवधिक योजना तर्जुमा गरेको छ। यस मन्त्रालयका प्रमुख परिमाणात्मक लक्ष्यहरू देहाय बमोजिम रहेका छन्:

क्र.सं.	सूचकहरू	आधार वर्ष (२०७९।८०)अवस्था	२०८१।८२ लक्ष्य	२०८५।८६ लक्ष्य
१.	कृषि क्षेत्रको वृद्धिदर (प्रतिशत)	३.१	४.३	४.७
२.	आधारभूत खाद्य सुरक्षित परिवार (प्रतिशत)	८५.७	८६	९०
३.	कृषि श्रम उत्पादकत्व (रु.हजारमा)	३१	३२	४०
४.	प्रतिव्यक्ति खाद्यान्न उपलब्धता (कि.ग्रा.)	३६५.७	३६८.५	३८५.३
५.	उच्च खाद्य असुरक्षामा रहेको परिवार (प्रतिशत)	१.१	०.९	०.५
६.	भू-उपयोग नीति लागु भएको स्थानीय तह	उपलब्ध नभएको	१०	५०
७.	चक्लाबन्दी गरी व्यावसायिक खेती (हेक्टर)	उपलब्ध नभएको	५००	५,०००
८.	भूमि बैङ्क स्थापना भएका स्थानीय तह	उपलब्ध नभएको	२	८
९.	कुल सहकारी संस्था सङ्ख्या	४,१५३	४,१००	४,०००
१०.	सहकारीमा आबद्ध सदस्य (हजारमा)	५५५	५६४	६००
११.	सहकारीमा प्रत्यक्ष रोजगारी (सङ्ख्या)	१०,८४३	११,५६९	१५,०००
१२.	कोपोमिस प्रयोग गर्ने सहकारी सङ्ख्या	उपलब्ध नभएको	५००	१,०००

६. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश नीति तथा योजना आयोगले स्रोत र साधन व्यवस्थापन गर्न २०८१।८२ देखि २०८३।८४ सम्म त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तयार गरेको छ। यो वर्ष मन्त्रालयले रु.२ अर्ब ७९ करोड १९ लाख बजेट प्रक्षेपण गरेकोमा रु.२ अर्ब ५७ करोड ९० लाख ८९ हजार विनियोजन भई रु.१ अर्ब १२ करोड १६ लाख ७६ हजार खर्च भएको छ। मध्यमकालीन खर्च संरचना प्रक्षेपणभन्दा रु.२१ करोड २९ लाख ८९ हजार कम बजेट विनियोजन गरी ४३.४९ प्रतिशत खर्च भएको छ। खर्च क्षमतामा वृद्धि गरी मध्यमकालीन खर्च संरचना अनुसार कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

७. **नीति तथा कार्यक्रम** - प्रदेश सरकारको २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रममा मन्त्रालयले बाँझो जग्गालाई उपयोग गरी नमुना कृषि विकास मोडल लागु गर्न कृषि समूह सहकारी वा निजी साझेदारीमा एक पालिका एक कृषि उत्कृष्ट केन्द्र तयार गर्ने, कृषि वालीमा चक्लावन्दी व्यवस्था लागू गर्ने, कृषि यान्त्रिकीकरण, कृषि समूहलाई प्रोत्साहन, बिज वृद्धि गरी आत्मनिर्भर, कृषि पशुपन्छी र मत्स्य क्षेत्रमा रोग किराहरूबाट हुने हानी नोक्सानीलाई न्यूनीकरण गर्न द्रूत प्रतिकार्य टोली गठन र परिचालन, बीउपूँजी कार्यक्रम सञ्चालन, मूल्य श्रृंखलामा आधारित रही आँप तथा केराको विविधीकरण, प्रशोधन र बजारीकरण विशेष कार्यक्रम कार्यान्वयन भएको छैन। वार्षिक नीति तथा कार्यक्रमलाई बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

८. **बजेट वक्तव्य** - बजेट वक्तव्य २०८१।८२ मा उल्लेख गरिएका मन्त्रालयको निर्वाचन क्षेत्र लक्षित कृषि विद्युतीकरण रु.४८ करोड, महिला कृषि स्वयमसेविका रु.५ करोड, विपद् सम्बद्ध राहत वितरण रु.३ करोड, कृषि उत्पादन तथा उत्पादकत्व, नियमन तथा गुणस्तर सुधार रु.२ करोड, दुग्ध पाउडर उत्पादन प्लान्ट स्थापना रु.२ करोड, दुग्ध विकास कोष तथा धितो रु.१ करोड, दुग्ध उत्पादन

प्रोत्साहन रु.२ करोड, साईलेज उत्पादन रु.१ करोड विनियोजन भएकोमा कार्यक्रम कार्यान्वयन भएको छैन। बजेटमा समावेश भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

९. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त विवरणअनुसार रु.४३ करोड २६ लाख ८१ हजार मूल्यको सरकारी भवन, जग्गा, कार, जिप, मोटरसाइकल, उपकरण, फर्निचर लगायत सम्पत्तिहरू रहेको देखिन्छ। मन्त्रालयले उक्त प्रणाली मार्फत मातहत कार्यालय समेतको सम्पत्तिको लगत अद्यावधिक गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ।

१०. **सहकारी संस्था नियमन** - सहकारी ऐन, २०७९ को दफा ५० मा सहकारीमा रहेको बचतको ब्याज र ऋणको ब्याजदर बीचको अन्तर ६ प्रतिशतभन्दा कम गर्ने, ऋणमा लाग्ने ब्याजलाई मूल धनमा पुँजीकरण गरी व्याज लगाउन नपाइने, कुल लगानीमध्ये निश्चित प्रतिशत कृषि उत्पादन तथा प्रशोधन क्षेत्रमा लगानी गर्नुपर्ने र एक सदस्यले बहु-सहकारीमा आवद्धको अवस्था अनुगमन गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकार क्षेत्रमा ८१९ सहकारी रहेकोमा अनुगमन गरेको छैन। कानुनी व्यवस्था अनुसार सहकारी संस्थाहरू अनुगमन हुनुपर्दछ।

११. **कार्यसम्पादन करार** - सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १९ मा सरकारले कार्यसम्पादन गर्ने काम निश्चित अवधिभित्र सम्पादन गरी सक्नुपर्ने वा प्रदेश सरकारको प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न पदाधिकारीसँग कार्यसम्पादन करार गरी कामको विवरण, कार्यसम्पादन गर्नुपर्ने समयअवधि र कार्यसम्पादनको गुणस्तर वा परिमाण उल्लेख गर्नुपर्ने व्यवस्था छ। सो व्यवस्था अनुसार मुख्यमन्त्री र विभागीय मन्त्रीबीच २०८१।४।३१ मा कार्यसम्पादन सम्झौता भएको छ। कार्यसम्पादनको प्रगति विवरण तयार गरी समीक्षा गरेको छैन। सम्झौता अनुसार कार्यसम्पादन करार बमोजिम प्रगति विवरण तयार गरी सार्वजनिक गर्नुपर्दछ।

१२. **बजेट समर्पण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८ मा दोस्रो त्रैमासिकसम्म सन्तोषजनक कार्य हुन नसकेमा कार्यान्वयन योग्यताको विश्लेषण गरी अर्थ मन्त्रालयले बजेट समर्पण गर्ने गराउने व्यवस्था छ। यो वर्ष मन्त्रालयले रु.२१ करोड २८ लाख पुसमा बजेट समर्पण गरेको छ। वार्षिक बजेटको लक्ष्य बमोजिम प्रगति हासिल गर्न बजेट कार्यान्वयन गरी नतिजा हासिल गर्नुपर्दछ।

१३. **अन्तरसरकारी हस्तान्तरण** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तहलाई तथा प्रदेश सरकारले स्थानीय तहलाई समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान दिने व्यवस्था रहेको छ। प्रदेश वा स्थानीय तहले नेपाल सरकारका अन्य निकायलाई बजेट उपलब्ध गराउने व्यवस्था उल्लेख गरेको छैन। यस वर्ष मन्त्रालयले रु.२७ लाख ८० हजारमा २ थान ट्याक्टर सङ्घीय कार्यालयहरू राईवोजियम तथा घाँसेबाली बीउ विजन प्रयोगशाला र घाँसेवाली आनुवंशिक स्रोत केन्द्र, जनकपुरलाई हस्तान्तरण गरेको छ। सम्बन्धित निकायलाई बजेट निकासा गरी खर्च गर्नुपर्दछ।

१४. **अनुदानको अनुगमन** - प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७ को दफा १८ ले अनुदानको रकम सही ठाउँमा खर्च भए नभएको अनुगमन गर्नुपर्ने व्यवस्था छ। मन्त्रालय र मातहतका कार्यालयले

कस्टम हायरिङ्ग सेन्टर निर्माण कार्यक्रममा ११ सहकारी तथा उद्योगलाई रु.३ करोड ४२ लाख ७४ हजार, सिँचाइ व्यवस्थापन प्रवर्धनमा २ हजार ४७५ जनालाई रु.२० करोड ९१ लाख ७५ हजार, व्यावसायिक तरकारी खेती प्रवर्धनमा ३५० व्यक्ति र संस्थालाई रु.२ करोड ४२ लाख १५ हजार, मूल्य श्रृंखलामा आधारित व्यावसायिक फलफुल खेतीमा १०० जनालाई रु.२ करोड ४ लाख २४ हजार, माटो स्वास्थ्य सुधारमा ३०५ जनालाई रु.१ करोड १९ लाख ५० हजार, दलहन बाली प्रवर्धनमा ५५ संस्था तथा व्यक्तिलाई रु.९५ लाख ९४ हजार समेत क्रमशः ८५, ७५ र ५० प्रतिशत अनुदान र मत्स्य पोखरी निर्माणतर्फ ८५ जनालाई रु.१ करोड ९१ लाख समेत रु.३२ करोड ८७ लाख ३२ हजार अनुदान दिएकोमा अनुदानको अभिलेख राखी अनुगमन प्रतिवेदन, वेबसाइटमा सार्वजनिक गरेको छैन। मन्त्रालयले अन्तरनिकाय समन्वय गरी अनुदानको अनुगमन गर्नुपर्दछ।

१५. **शीत भण्डार** - शीत भण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७५ को बुँदा १२ अनुसार ८० प्रतिशत मन्त्रालय तथा २० प्रतिशत साझेदार संस्थाको लागत सहभागितामा प्रदेश अन्तर्गत ८ जिल्लामा एक/एक शीत भण्डार निर्माण गर्न २०७५।७६ देखि एक जिल्ला एक शीत भण्डार कार्यक्रम स्वीकृत गरेको छ। मधेश प्रदेश अन्तर्गतका ८ जिल्लामा ८ शीत भण्डार निर्माण गरी कृषि उपजको भण्डारण र नागरिकलाई स्वस्थ उपज उपलब्ध गराउने उद्देश्यका साथ कुल लागतको ८० प्रतिशत मन्त्रालय र लाभान्वित संस्थाले २० प्रतिशत बेहोर्ने गरी ८ शीत भण्डार निर्माणका लागि प्रदेश सरकारको रु.१ अर्ब २५ करोड ४३ लाख र साझेदार संस्थाको रु.३१ करोड ३५ लाख ५७ हजार समेत रु.१ अर्ब ५६ करोड ७८ लाख निर्माण तथा सञ्चालनका लागि सम्झौता गरी धनुषाको एक कृषक समूह र सप्तरीको एक सहकारी सङ्गलाई रु.१ करोड ८६ लाख ४६ हजार भुक्तानी भएको छ। सम्झौता बमोजिम तोकिएको समयमै कार्यसम्पन्न गर्नुपर्दछ।

१६. **कृषि सडक निर्माण** - प्रदेश सरकार कार्य विभाजन नियमावली, २०८० अनुसार यस मन्त्रालयलाई कृषि सम्बन्धी विभिन्न २९ कार्य जिम्मेवारी तोकेको छ। मन्त्रालयले ४ जिल्लामा कार्यक्षेत्रमा उल्लेख नभएको कृषि सडक निर्माणका ७३ योजनामा रु.८ करोड ८० लाख बजेट विनियोजन भएकोमा देहायअनुसार रु.५ करोड ५७ लाख ४८ हजार खर्च गरेको छ। आफ्नो कार्यक्षेत्र भित्रको कार्यसम्पादन गर्नुपर्दछ।

(रु.हजारमा)

क्र.सं.	जिल्ला	बजेट	कार्यक्रम सङ्ख्या	खर्च	प्रतिशत
१	पर्सा	२००००	९	१७४३८	८७.२
२	सप्तरी	२८५००	२२	२५५००	८९.५
३	सर्लाही	१९०००	१	१८१०	९.५
४	रौतहट	२०५००	११	११०००	५३.७
जम्मा		**८८०००**	**४३**	**५५७४८**	**६३.४**

मन्त्रालयमा प्राविधिकहरूको दरबन्दी व्यवस्था नगरी गुणस्तर, नापजाँच र प्राविधिक सक्षमता नहुने, स्थानीय तहका सञ्चालनमा रहेका सडकमा दोहोरो कार्य हुनसक्ने देखिन्छ। मन्त्रालयले विशिष्टीकृत कृषि उत्पादन, पशुपालन र सहकारी केन्द्रित कार्यहरू गर्नुपर्दछ।

१७. **पशुपालन तथा खोपको अवस्था** - मधेश प्रदेशको खोप सङ्ख्या र पशु सेवा विभागको विवरणअनुसार मधेश प्रदेशका गाई र भैँसीको १५ लाख ९९ हजार, बाख्रा र भेडाको २७ लाख ४६ हजार र सुँगुर तथा बँगुरको ४९ हजार समेत ४३ लाख ९४ हजार पशुका लागि खोरेत, एचएस बिक्यु र लम्पी स्किन

खोप गरी ४७ लाख ९७ हजार, पिपिआर २७ लाख ४६ हजार स्वाइन फिभरको ४९ हजार समेत ७५ लाख ९३ हजार खोप आवश्यक पर्नेमा खोरेतको ७ लाख ८० हजार, एचएस बिक्यु खोप १ लाख ३९ हजार, लम्पी स्किन १ लाख ९५ हजार, पिपिआर ११ लाख ७० हजार र स्वाइन फिवर १७ हजार समेत २३ लाख १ हजार पशुहरूमा लगाएको र ५२ लाख ९१ हजार पशुमा खोप अपुग भएको छ। मन्त्रालयले सङ्घीय एकाइसँग समन्वय गरी पर्याप्त खोप व्यवस्थापन गर्नुपर्दछ।

कृषि ज्ञान केन्द्र

१८. **स्यालो ट्युबवेल** - स्यालो ट्युबवेल/पम्पसेट/मोटर/ईनार कार्यक्रम सञ्चालन विधि, २०७७ को दफा ४ र ५ मा सङ्घ, प्रदेश र स्थानीय तहबीचको दोहोरोपन रोक्न अन्तरनिकाय समन्वय गर्नुपर्ने, ट्युबवेल जडान गर्नुपूर्व प्राविधिक सम्भाव्यता अध्ययन गर्नुपर्ने, जडान भएका उपकरणको जीपीएस कोडसहितको अभिलेख सार्वजनिक गर्ने व्यवस्था छ। यो वर्ष ८ कृषि ज्ञान केन्द्रले रु.२० करोड २२ लाख ७० हजारको २ हजार ६२९ जनालाई स्यालो ट्युबवेल अनुदान प्रदान गरेको छ। अनुदानबाट जडान स्यालो ट्युबवेलको प्राविधिक मापदण्ड पालना, अन्तर निकाय समन्वय, टुक्रा खरिद, डिस्चार्ज टेस्ट र गुणस्तर परीक्षण, लाभग्राही छनोट र प्राविधिक नर्म्सको पालना गरेको पाइएन। अनुदानको दोहोरोपना नहुने सुनिश्चित गर्नुपर्दछ।

क्र.सं.	जिल्ला	कार्यक्रम / योजना	खर्च (रु.हजारमा)	सङ्ख्या
१	बारा	स्यालो ट्युबवेल प्रवर्धन	३५२१४	६३१
२	पर्सा	स्यालो ट्युबवेल/इनार	६८४९८	५०८
३	रौतहट	स्यालो ट्युबवेल जडान	१२८३५	२६६
४	सप्तरी	ट्युबवेल तथा सिँचाइ	१९८२५	२७५
५	सिरहा	ट्युबवेल प्रवर्धन	१९८७९	३०९
६	धनुषा	स्यालो ट्युबवेल जडान	२००००	२००
७	महोत्तरी	स्यालो ट्युबवेल/इनार	११७३३	२०८
८	सर्लाही	स्यालो ट्युबवेल कार्यक्रम	१४२८६	२३२
	कुल जम्मा		**२०२२७०**	**२६२९**

१९. **कस्टम हायरिङ्ग सेन्टर** – कस्टम हायरिङ्ग सेन्टर कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन कार्यविधि, २०७७ मा साना किसानलाई सहुलियत कृषियन्त्र भाडामा दिन कृषि समूह वा सहकारी सेन्टर स्थापना गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। कृषि यान्त्रिकरण प्रवर्धनमार्फत उत्पादनदेखि बजारीकरणसम्मको कार्य गर्ने कृषि औजार/उपकरण ५० प्रतिशत अनुदानमा खरिद गरी स्थापना गर्न ८ जिल्लामा रु.६ करोड ६० लाख बजेट व्यवस्था भएकोमा सिरहा, धनुषा, रौतहट, बारा, पर्साका ९ सहकारी र २ संस्था मार्फत रु.३ करोड ४२ लाख ७४ हजारका उपकरण खरिद गरेकोमा सप्तरी, महोत्तरी र सर्लाहीमा रु.२ करोड ४० लाखको कार्यक्रम कार्यान्वयन गरेको पाइएन। मधेशका किसानका लागि कस्टम हायरिङ्ग सेन्टर सञ्चालन गर्न यन्त्र, उपकरण खरिद गरेतापनि सञ्चालन कार्यविधि तयार गरेको छैन। सञ्चालन कार्यविधि तयार गरी सेन्टरलाई व्यवस्थित बनाउनुपर्दछ।

२०. **प्राङ्गारिक मल** – प्राङ्गारिक मल उत्पादन कारखाना सहयोग प्राविधिक मापदण्ड तथा सञ्चालन कार्यविधि, २०८१ को बुँदा नं. ८ मा सञ्चालित प्राङ्गारिक मल उत्पादनमा ५० प्रतिशत अनुदान दिई कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कृषि ज्ञान केन्द्र, पर्साले एक जैविक खाद्य तथा ऊर्जा प्राइभेट लिमिटेडलाई

मेटेरियल यार्ड तथा मिक्सिङ्ग प्लेटफर्म निर्माणमा रु.९ लाख ४० हजार तथा फिडिङ्ग पिट निर्माण गर्न रु.९ लाख ३७ हजार र कृषि ज्ञान केन्द्र, सिरहाले एक एग्रो प्राइभेट लिमिटेडलाई रु.१९ लाख २० हजार गरी जम्मा रु.३७ लाख ९७ हजार मल उत्पादन अनुदान दिएको छ। मल उत्पादन कारखाना सञ्चालनमा नआएकोले सम्झौता बमोजिम सञ्चालन हुनुपर्दछ।

२१. **सोलार पम्प** - सार्वजनिक खरिद निमयावली, २०६४ को नियम ३१ अनुसार रु.२० लाख माथिको खरिद गर्दा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। कृषि ज्ञान केन्द्र, बाराले भूमिगत सिँचाइ तथा सोलार कार्यक्रममा ८५ प्रतिशत अनुदानमा ४९ थान सोलार पम्प सेट रु.२ करोड ४३ लाख २३ हजारमा एक आपूर्तिकर्ताबाट एकमुष्ट खरिद गरेकोमा ऐन र नियमावलीको पालना गरेको छैन। खरिदलाई प्रतिस्पर्धी, मितव्यायी र पारदर्शी बनाउनुपर्दछ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

२२. **अनुदान अनुगमन** - कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ बमोजिम भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले नयाँ मत्स्य पोखरी निर्माण, प्रस्तावमा आधारित पशुपन्छी विकास, पन्छी फर्म सुदृढीकरण लगायतका कार्यक्रममा सर्लाहीले विभिन्न ४५ सहकारी संस्था र व्यक्तिहरूलाई रु.१ करोड ९१ लाख, पर्साले ५८ जनालाई रु.१ करोड ६८ लाख, सिरहाले २२ जनालाई रु.७७ लाख ५ हजार, सप्तरीले २७ जनालाई रु.१ करोड ३१ लाख, रौतहटले ३८ जनालाई रु.१ करोड ३२ लाख, धनुषाले १९ जनालाई रु.३२ लाख १३ हजार समेत जम्मा २०९ व्यक्ति तथा सहकारी संस्थालाई रु.७ करोड ३१ लाख १८ हजार अनुदान दिएको छ। अनुदानको दिगोपना, निरन्तरता, उपयोगिता र प्रतिफलको अनुगमन गरी प्राप्त उपलब्धिलाई सार्वजनिक गर्नुपर्दछ।

२३. **मत्स्य उत्पादन** - कृषिक्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ को बुँदा नं. ३ मा मत्स्यपालन अनुदानका लागि निजी फर्मका लागि १० कट्ठा र सहकारीका लागि १ विघा जलाशय क्षेत्रफल हुनुपर्ने, विगतका वर्षहरूमा अनुदानग्राही फर्महरूको उपयोगिता र मत्स्य उत्पादनको निरन्तरताको पहिचान गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। कृषि ज्ञान केन्द्र बारा, पर्सा, रौतहट, सर्लाही, सिरहाबाट ३३ वटा फर्मलाई रु.१ करोड ६२ लाख १२ हजार अनुदान वितरण गरेको छ। अनुदान रकमको उपयोगिता सुनिश्चित हुनेगरी वितरण गर्नुपर्दछ।

समिति तथा अन्य संस्था

दुग्ध विकास बोर्ड

निजी, सरकारी तथा सहकारी क्षेत्रको सहभागितामा दुग्ध उत्पादन तथा दुग्धजन्य पदार्थको प्रशोधन तथा बजारीकरण गर्न दिगो आर्थिक समृद्धिको लागि प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७७ बमोजिम प्रदेश दुग्ध विकास बोर्डको स्थापना र सञ्चालन भएको छ।

२४. **आम्दानी तथा खर्च** - प्रदेश दुग्ध विकास बोर्डले पेस गरेको यो वर्षको आय-व्यय स्थिति निम्नानुसार छ।

(रु.हजारमा)

गत वर्षको जिम्मेवारी	यो वर्षको आम्दानी	जम्मा आम्दानी	यो वर्ष खर्च	वर्षान्तको मौज्दात
०	२१२०४	२१२०४	१६२०४	५०००

२५. **कार्यक्रम कार्यान्वयन**- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ मा कार्यालयले वार्षिक कार्यक्रमको आधारमा खर्च गर्नसक्ने व्यवस्था छ। बोर्डले स्वीकृत गरेको ६७ वटा कार्यक्रममध्ये मिल्क पाउडर प्लाण्टको विस्तृत परियोजना प्रतिवेदन तयारी, दैनिक ५ हजार लिटर दुग्धको सङ्कलन गर्ने निजी/सहकारी संस्थालाई रेफ्रिजेनेरेटर भ्यान सहयोग कार्यक्रम, दुग्ध विकास संस्थानलाई पूर्वाधार/यन्त्र उपकारमा सहयोग कार्यक्रम, दुग्ध पाउडर प्लाण्ट स्थापना, डेरी यान्त्रिकीकरण सहयोग, दैनिक २ हजार लिटर दुग्ध प्रशोधन विविधीकरण गरी बिक्री वितरण गर्ने व्यवसायीलाई कोल्डरूम निर्माण सहयोग, पशुलाई खुवाउने सन्तुलित आहाराको म्यानुअल प्रतिवेदन तयारी, नवजीवन सानाकिसान कृषिसहकारी संस्था गौशाला-६, फुलकाहाको दुग्ध उद्योग निर्माण सहयोग कार्यक्रममा बजेट व्यवस्था गरी कार्यान्वयन भएको छैन। कार्यविधि तयार गरी बजेट खर्च गर्नुपर्दछ।

२६. **दुग्ध विकास कोष** - प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको ऐन, २०७७ को दफा ७(च) बमोजिम प्रदेश सरकारको समन्वयमा दुग्ध क्षेत्रको विकास एवं विस्तारका लागि सार्वजनिक, निजी तथा सहकारी दुग्ध उद्योगलाई बोर्डमा सूचीकृत गरी प्रत्येक उद्योगले बिक्री गरेको प्रतिलिटर दुग्धमा सेवा शुल्क लिई दुग्ध विकास कोष स्थापना गर्ने व्यवस्था रहेको छ। ऐनको दफा १० को उपदफा २ बमोजिम कोषमा दफा ७ को खण्ड (च) बमोजिमको सेवा शुल्क, बोर्डले उपलब्ध गराएको र अन्य स्रोतबाट उपलब्ध रकम रहने व्यवस्था छ। दुग्ध विकास कोष स्थापना र परिचालन गर्न प्राप्त बजेटबाट प्रदेश मन्त्रीस्तरीय निर्णयले रु.५० लाख कोष स्थापना गरी जम्मा गरेको छ। सो कोषबाट कार्यविधि बनाई परिचालन गरेको देखिएन। कार्यविधि बनाई कोष परिचालन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतको प्रतिवेदनमा एकीकृत वित्तीय विवरण, अनुदान वितरण, बजेट समर्पण, सम्पत्तिको एकीकृत विवरण, सहकारी संस्थाको नियमन, स्यालो ट्युबेल जडान लगायतका विषयमा सुझाव दिइएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छः
  - सरकारी कार्यालयतर्फ यो वर्ष रु.२ करोड १ लाख २८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु.३९ लाख ७५ हजार फर्स्यौट गरेकोले रु.१ करोड ६१ लाख ५३ हजार बाँकी रहेको छ। सोमध्ये रु.९७ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।
  - समिति र अन्य संस्थातर्फ यो वर्ष लगती बेरुजु देखिएको छैन। यससम्बन्धी विवरण **अनुसूची-१०** मा समावेश छ।

प्रदेश नीति तथा योजना आयोग

नीति आयोगको गठन तथा कार्यसञ्चालन ऐन, २०७५ अनुसार आयोगले देहायका प्रमुख कार्यहरूको तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, नियमन र अनुगमन मूल्याङ्कन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेश विकासको सम्भावना र अवसरलाई अध्ययन गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति योजनाको तर्जुमा, अनुगमन र मूल्याङ्कन गर्ने।
- प्रदेश नीति र योजनाको तर्जुमा, अनुगमन र मूल्याङ्कन गर्नका लागि प्रदेश सरकारका संरचना र संयन्त्रसंग समन्वय र सहकार्य गर्ने।
- प्रदेशको समग्र आर्थिक एवं सामाजिक विकासका लागि विषय/क्षेत्रगत नीति तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गर्ने।
- आर्थिक विकासको लागि आवश्यक पर्ने स्रोत र साधनको आँकलन तथा परिचालन गर्ने,
- प्रदेशको समग्र विकासको लागि अवलम्बन गर्नुपर्ने नीतिको सम्बन्धमा प्रदेश सरकारलाई सुझाब दिने,
- प्रदेशको सन्तुलित विकासका लागि प्रदेशको नीति र रणनीति तर्जुमा गर्ने,
- आवधिक योजनाअनुरूप वार्षिक विकास कार्यक्रम, लक्ष्य तथा प्राथमिकता निर्धारण गर्ने,
- विभिन्न निकायबाट पेस भएको विकास आयोजनाको प्रस्तावको मूल्याङ्कन गरी आवश्यकता अनुसार स्वीकृत गर्ने,
- स्वीकृत कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने।

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष आयोगको रु.३ करोड ११ लाख ८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३०३०६	३०४	२४	४७४	३११०८

२. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आयोगको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार बजेट खर्चको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११००पारिश्रमिक / सुविधा	१९७२१	१९७२१	१२८४५	६५.१३
२१२००कर्मचारीको सामाजिक सुरक्षा	१६८	१६८	५३	३१.५४
२२१००सेवा महसुल	११४८	११४८	४३१	३७.५४
२२२००पुँजीगत सम्पत्तिको सञ्चालन	७२२०	६७२०	३६७१	५४.६२
२२३००कार्यालय सामान तथा सेवा	२१६८	२६६८	२०९३	७८.४५
२२४००सेवा तथा परामर्श खर्च	२६२०	२६२०	१८७६	७१.६०
२२५००कार्यक्रम सम्बन्धी खर्च	७०००	७०००	२७७५	३९.६४

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२६००अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च	२११५	२११५	५५९	२६.४३
२२७००विविध खर्च	१०००	१०००	४५०	४५
२८१००सम्पत्तिसम्बन्धी खर्च	१८००	१८००	१८००	१००
जम्मा	**४४९६०**	**४४९६०**	**२६५५३**	**५९.०५**
पुँजीगत खर्च				
३११००स्थिर सम्पत्ति प्राप्ति खर्च	५०४०	५४४०	३७५३	६८.९८
कुल जम्मा	**५०००० **	**५०४०० **	**३०३०६**	**६०.१३**

उल्लिखित विवरणअनुसार चालु खर्च ५९.०५ प्रतिशत, पुँजीगत खर्च ६८.९८ प्रतिशत र समग्रमा ६०.१३ प्रतिशत खर्च भएको छ।

३. **आयोगको गठन** - प्रदेश नीति आयोग गठन तथा कार्यसञ्चालन ऐन, २०७५ को दफा ३ मा प्रदेश विकास नीति तथा योजनाको तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गर्न मुख्यमन्त्री अध्यक्ष, प्रदेश सरकारबाट नियुक्त एक जना उपाध्यक्ष, कम्तिमा एक जना महिलासहित बढीमा ६ जना सदस्य र अर्थ मन्त्रालयको सचिव सदस्य सचिवको रूपमा रहने गरी आयोगको गठन हुने व्यवस्था छ। आयोगमा उपाध्यक्ष र ६ जना सदस्य मध्ये ५ पदपूर्ति भई १ सदस्य पद रिक्त रहेको छ।

४. **दिगो विकास** - प्रदेश सरकारको दिगो विकास लक्ष्य आन्तरिकीकरणका लागि मध्यमकालीन खर्च संरचना (२०८१।८२-२०८३।८४) मा दिगो विकास लक्ष्यको १३ मूल क्षेत्रमा २०८१।८२ मा रु.४३ अर्ब ८९ करोड २१ लाख ७० हजार खर्च प्रक्षेपण गरेको छ। यसरी प्रक्षेपण भएको बजेटबाट दिगो विकासका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक अनुसार प्रादेशिक तहमा भएको विनियोजन बजेट कार्यको मूल्याङ्कन गरी आयोगले प्रगति प्रतिवेदन तयार गरेको छैन। आयोगले स्पष्ट र समयबद्ध कार्ययोजना तयार गरी आवधिक रूपमा दिगो विकास लक्ष्यको मूल्याङ्कन गर्नुपर्दछ।

५. **आवधिक योजना** - आत्मनिर्भर र समृद्ध मधेश, सुखी मधेशी भन्ने सोचका साथ प्रदेशले दोस्रो आवधिक योजना २०८१।८२-२०८५।८६ कार्यान्वयनमा ल्याएको छ। प्रथम आवधिक योजनाको अवधि २०७६।७७ देखि २०८०।८१ सम्म रहेकोमा २०८०।८१ सम्मको प्रगति समीक्षा नगरी २०७९।८० को समीक्षालाई आधार वर्षको उपलब्धि लिई दोस्रो आवधिक योजना तर्जुमा गरेको छ। यस मन्त्रालयका प्रमुख परिमाणात्मक लक्ष्यहरू देहाय बमोजिम रहेका छन्:

क्र.सं.	प्रमुख सूचकहरू	एकाइ	आधार वर्ष २०७९।८० को उपलब्धि	(२०८१।८२) को लक्ष्य	परिमाणात्मक लक्ष्य (२०८५।८६)
१	कुल ग्रार्हस्थ उत्पादन वृद्धि	प्रतिशत	१.५	६.२	७.५
२	प्रति व्यक्ति कुल ग्रार्हस्थ उत्पादन	अमेरिकी डलर	८६८	९१८	११४९
३	आधारभूत तहमा खुद भर्नादर	प्रतिशत	९४.६	९५	९७
५	आधारभूत खानेपानी सुविधा पुगेको घरपरिवार	प्रतिशत	९६.५	९६.८	९९.५
६	विद्युतको पहुँच	प्रतिशत	९७.९	९८	९९.५
८	लैङ्गिक विकास सूचकाङ्क	सूचकाङ्क	०.८८५	०.८९०	०.९६७
९	अपेक्षित आयु (जन्म हुँदाको बखत)	वर्ष	७१.८	७२	७३
१०	साक्षरता दर (५ वर्ष माथिको)	प्रतिशत	६३.५	६५	९५
११	आधारभूत खाद्य सुरक्षित परिवार	प्रतिशत	८५.७	८६	९०

वार्षिक बजेट तथा कार्यक्रमलाई आवधिक योजनासँग आवद्ध गरी लक्ष्यको आवधिक समीक्षा गर्नुपर्दछ।

६. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश नीति तथा योजना आयोगले उपलब्ध स्रोत र साधनलाई प्रभावकारी व्यवस्थापन गर्न २०८१।८२ देखि २०८३।८४ को लागि ३ वर्षीय मध्यमकालीन खर्च संरचना निर्माण गरेको छ। उक्त खर्च संरचना अनुसार २०८१।८२ मा यस आयोगको लागि रु.५ करोड बजेट सीमा निर्धारण भएकोमा रु.५ करोड ४ लाख विनियोजन भई रु.३ करोड ३ लाख ६ हजार खर्च भएको छ। खर्च संरचनाले प्रक्षेपण गरेभन्दा बढी बजेट विनियोजन भए तापनि विनियोजन भएको बजेटको ६०.१३ प्रतिशत मात्र खर्च भएको कारण मध्यमकालीन खर्च संरचनाको उद्देश्य प्राप्त हुन कठिन देखिन्छ। बजेट विनियोजन र खर्च क्षमतामा अभिवृद्धि गरी उपलब्ध स्रोत परिचालनमा प्रभावकारिता ल्याउनुपर्दछ।

७. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त विवरण अनुसार रु.१ करोड ७४ लाख ८९ हजार मूल्यको सरकारी भवन, जग्गा, कार, जीप, मोटरसाइकल, उपकरण, फर्निचर लगायत सम्पत्तिहरू रहेको देखिन्छ। आयोगले सम्पत्तिको विवरण उक्त प्रणालीमा अद्यावधिक गर्नुपर्दछ।

८. **कार्यसम्पादन -** प्रदेश नीति आयोग गठन तथा कार्य सञ्चालन ऐन, २०७५ को दफा ५ मा आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था रहेको छ। यो वर्ष आयोगले आवधिक योजनाको उपलब्धि मूल्याङ्कन गर्ने, विकास आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने, प्रदेश सरकार र स्थानीय तहबीचको विकास नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने, विकास नीति तथा योजनाका विभिन्न आयामहरूको अध्ययन, अनुसन्धान तथा अन्वेषण गर्ने लगायतको कार्य गरेको देखिएन। कानुनमा भएको व्यवस्था बमोजिम कार्यसम्पादन गर्नुपर्दछ।

९. **आयोजना बैङ्क -** प्रदेश आयोजना बैङ्क सञ्चालन निर्देशिका, २०८१ को बुँदा नं. ३ मा प्रदेशमा १ आयोजना बैङ्क स्थापना गरिने तथा बुँदा नं.६ मा आयोजना बैङ्कमा आयोजना प्रविष्टि र कार्यान्वयन गर्ने व्यवस्था छ। आयोगले प्रदेशभित्रका महत्वपूर्ण तथा प्राथमिकतामा रहेको आयोजनाहरूको प्रारम्भिक अध्ययनसहितको आयोजना बैङ्क तयार गरे तापनि हालसम्म उक्त बैङ्कमा समावेश गरेका योजनाको विवरण तयार गरेको छैन। विकासमा तोकिएका लक्ष्यहरू गुणस्तरयुक्त तथा निर्दिष्ट समयभित्र हासिल गर्न आयोजनाहरूको पहिचान र छनोट गर्ने प्रणालीको विकास गरी आयोजना बैङ्कमा समावेश योजनाको लागि मात्र बजेट विनियोजन गर्ने व्यवस्था गर्नुपर्दछ।

१०. **प्रदेश गौरवका आयोजना -** प्रदेश सरकारले प्रदेश गौरवका आयोजनाको रूपमा घोषणा गरेका आयोजनामा यस वर्षको बजेट र खर्च स्थिति निम्नानुसार रहेको छ।

(रु.हजारमा)

क.सं.	आयोजना	बजेट	खर्च	खर्च प्रतिशत
१	मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुर, धनुषा	२६५२००	२६३८५२	९९.४९
२	मधेश शहीद लोकमार्ग (३०७ कि.मि. पर्सा देखि सप्तरी)	४००००	०	०

क.सं.	आयोजना	बजेट	खर्च	खर्च प्रतिशत
३	मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ	१०००००	०	०
४	एक निर्वाचन क्षेत्र एक सडक (५ कि.मि. प्रति निर्वाचन क्षेत्र)	विवरण प्राप्त हुन नसकेको		
५	मधेश कृषि विश्वविद्यालय, राजविराज, सप्तरी	२७५७००	१३८४३९	५०.२१
६	आमा तथा बाल अस्पताल, धनकौल, सप्तरी	७००००	१९८६०	२८.३७
७	सरुवा रोग अस्पताल, झिट्कैया, बारा	०	०	०
८	मधेश विश्वविद्यालय, वीरगञ्ज, पर्सा	२३८१२४	४९७३८	२०.८८
९	ट्रमा अस्पताल, पथलैया, बारा	०	०	०
	जम्मा	**९८९०२४**	**४७१८८९**	**४७.७१**

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, मधेश शहीद लोकमार्ग, मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ, मधेश कृषि विश्व विद्यालय र मधेश विश्वविद्यालय लगायतको आयोजनाको लागि कुल रु.९८ करोड ९० लाख २४ हजार बजेट विनियोजन भएकोमा ४७.७१ प्रतिशत अर्थात् रु.४७ करोड १८ लाख ८९ हजार खर्च भएको छ। आयोजनागत रूपमा सुरु अवधिदेखिको खर्चको एकीकृत विवरण तयार गरेको छैन। गौरवका आयोजनाको रूपमा प्रस्तुत गरेको मधेश शहीद लोकमार्गमा रु.४ करोड र मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउमा रु.१० करोड बजेट विनियोजन गरेकोमा खर्च भएको छैन। ट्रमा अस्पताल र सरुवा रोग अस्पतालमा बजेट विनियोजन भएको छैन। एक निर्वाचन क्षेत्र एक सडकको खर्च प्रगति तयार गरेको छैन। गौरवका आयोजनामा आवश्यक बजेटको व्यवस्था गरी निर्धारित समयमै सम्पन्न गर्नुपर्दछ।

११. **वार्षिक प्रतिवेदन** - प्रदेश नीति आयोगको गठन तथा कार्यसञ्चालन ऐन, २०७५ को दफा २४ मा आयोगले वर्ष भरीमा सम्पादन गरेका मुख्य कार्य, स्वीकृत गरेका योजना तथा कार्यक्रम र सो अनुसार प्रदेश स्तरका निकायबाट प्राप्त उपलब्धि समावेश भएको वार्षिक प्रतिवेदन तयार गरी प्रदेश सरकार समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। आयोगले ऐन बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छैन। उक्त बेहोरा गत वर्षको प्रतिवेदनमा औल्याएकोमा यस वर्षमा समेत स्थितिमा सुधार आएको छैन।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतको प्रतिवेदनमा आयोगको गठन, आवधिक योजना र कार्यान्वयन, दिगो विकास लक्ष्य, मध्यमकालीन खर्च संरचना, आयोजना बैङ्क, मधेश गौरवका योजना लगायतका विषयमा सुझाव दिइएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष आयोगको लगती बेरुजु देखिएको छैन। यो सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

प्रदेश लोक सेवा आयोग

नेपालको संविधानको धारा २४४ मा प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था रहेको छ। प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सँगठित संस्था, प्रदेशको अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सँगठित संस्थाको पदमा योग्यता प्रणाली व्यवस्थित गरी उपयुक्त उम्मेदवार छनोट मार्फत सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायी, सेवामुखी र समावेशी बनाउन प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम आयोगको स्थापना भई सञ्चालनमा रहेको छ।

१. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीको प्राप्त वित्तीय विवरण र आयोगको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	कायम बजेट	निकासा/खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक/सुविधा	२०८२६	१६०३४	१३३४४	८३.२२
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	७४०	७४०	९४	१२.७०
२२१०० सेवा महसुल	२२८२	२२८२	१११४	४८.८२
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	८२०५	८२०५	६१३३	७४.७५
२२३०० कार्यालय सामान तथा सेवा	६४९८	६४९८	५१७२	७९.५९
२२४०० सेवा तथा परामर्श खर्च	६८१८	७११०	६१११	८५.९५
२२५०० कार्यक्रम सम्बन्धी खर्च	४०९१०	५२६१८	५०९८६	९६.९०
२२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च	२९५०	२९५०	१७७८	६०.२७
२२७०० विविध खर्च	२३००	२३००	२२९१	९९.६१
२८१०० सम्पत्तिसम्बन्धी खर्च	४५२८	४५२८	२३११	५१४
जम्मा	**९६०५७**	**१०३२६५**	**८९३३४**	**८६.५१**
३११०० स्थिर सम्पत्ति प्राप्ति	२६४६६	२५५६६	१५७४१	६१.५७
कुल खर्च	**१२२५२३**	**१२८८३१**	**१०५०७५**	**८१.५६**

२. **लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिम लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउने व्यवस्था छ। कार्यालयको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ को घटनाको कारण पेस हुन नसेकेकोले विनियोजन रु.१० करोड ५० लाख ७५ हजार, राजस्व रु.१ करोड ९१ लाख ११ हजार र धरौटी रु.६ लाख ६५ हजार समेत रु.१२ करोड ४८ लाख ५१ हजारको लेखापरीक्षण गरिएको छैन।

मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकारको रूपमा संवैधानिक एवं कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिने कर्तव्य सहित यस कार्यालयको स्थापना भएको हो।

१. **लेखापरीक्षण अङ्क** - यो वर्ष कार्यालयको रु.३ करोड ५ लाख २४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२९६५०	४	८७०	०	३०५२४

२. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीको वित्तीय प्रतिवेदन अनुसार कार्यालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिमबजेट	निकासा/खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक /सुविधा	५६५५	५६५५	४८४३	८५.६४
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	२१४	२१४	७४	३४.५८
२२१०० सेवा महसुल	१३७०	१३७०	११६८	८५.२६
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	३२२३	३२२३	३०९२	९५.९४
२२३०० कार्यालय सामान तथा सेवाहरू	२०००	२०००	१७६३	८८.१५
२२४०० सेवा तथा परामर्श खर्च	८१४५	८१४५	८०८७	९९.२९
२२५०० कार्यक्रम सम्बन्धी खर्चहरू	६५००	६५००	५०१०	७७.०८
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१५८५	१५८५	१३२२	८३.४१
२२७०० विविध खर्च	७००	७००	६९५	९९.२९
२८१०० सम्पत्तिसम्बन्धी खर्च	८०८	८०८	६०४	७४.७५
जम्मा	**३०२००**	**३०२००**	**२६६५८**	**८८.२७**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	४०००	४०००	२९९२	७४.८
कुल जम्मा	**३४२००**	**३४२००**	**२९६५०**	**८६.७०**

उल्लिखित तालिकाअनुसार कार्यालयले विनियोजनको चालु खर्चतर्फ ८८.२७ प्रतिशत, पुँजीगत खर्चतर्फ ७४.८० प्रतिशत र समग्रमा ८६.७० प्रतिशत खर्च भएको छ।

३. **सम्पत्तिको विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्माको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली अनुसार गत वर्ष कार्यालयमा रु.२ करोड ७६ लाख २५ हजार मूल्यको सरकारी भवन, जग्गा, कार, जीप, मोटरसाइकल, उपकरण, फर्निचर लगायतका सम्पत्तिहरू देखिन्छ। कार्यालयको सम्पत्तिको विवरण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अद्यावधिक गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ।

४. **मुद्दा दर्ता तथा बहस पैरवी -** यो वर्षको वार्षिक प्रतिवेदन अनुसार प्रदेश सरकार अन्तर्गतका कार्यालयलाई विपक्षी बनाई दर्ता गरिएका उत्प्रेषण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा, निषेधाज्ञा, अदातलको अवहेलना, रिट निवेदन तथा अन्य समेत गरी ३६८ मुद्दा लगत रहेकोमा चालु वर्षमा १९६ मुद्दा फर्स्यौंट गरी १७२ बाँकी रहेको देखिन्छ।

५. **कानुनी सहायता -** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कानुनी सहायता अधिकृतको नियुक्ति तथा सेवा शर्तसम्बन्धी निर्देशिका, २०७५ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। निर्देशिका बमोजिम ८ कानुनी सहायता अधिकृत नियुक्ति गरी रु.३८ लाख ३० हजार पारिश्रमिक भुक्तानी गरेको छ। कानुनी सहायता अधिकृत मार्फत् १ हजार ७०१ मुद्दा सङ्ख्याको कानुनी सहायता प्रदान गरेको छ।

६. **फैसला कार्यान्वयनको अनुगमन** - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य सर्तसम्बन्धी ऐन, २०७५ को दफा ४ मा प्रदेश सरकार र मातहतका निकायहरूका नाममा अदालतबाट भएको फैसलाहरूको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश सरकारलाई पत्राचार गर्ने र फैसला कार्यान्वयनको अनुगमन गर्ने व्यवस्था छ। कार्यालयले प्रदेश सरकारको पक्ष वा विपक्ष भएको मुद्दाहरूको फैसला कार्यान्वयनको अनुगमन गरी सोको प्रतिवेदन तयार गरेको पाइएन।

७. **समन्वय र सहकार्य** - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य सर्तसम्बन्धी ऐन, २०७५ को दफा ४ मा प्रदेश सरकारका मन्त्रालय, सचिवालय, विभाग वा प्रदेश सरकारका अन्य कार्यालयबाट अदालतमा पेस हुने प्रतिउत्तर, लिखितजवाफ लगायतका कानुनी मस्यौदामा स्तर कायम गर्न आवश्यक समन्वय गर्ने र राय सल्लाह दिने व्यवस्था रहेको छ। कार्यालयले एकरुपता र समन्वय गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा बहस पैरवी तथा मुद्दा फर्स्यौंटको स्थिति लगायतका विषयमा सुझाव दिइएकोमा सो बमोजिम अपेक्षित सुधार गरेको देखिँदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष कार्यालयको लगती बेरुजु देखिएन। यससम्बन्धी विवरण **अनुसूची-९** मा समावेश छ।

खण्ड

२

स्थानीय तह

स्थानीय तह

नेपालको संविधानको अनुसूची-८ मा व्यवस्था भएका स्थानीय तहका एकल अधिकार एवं अनुसूची-९ मा भएको साझा अधिकारले परिलक्षित गरेका कार्यसम्पादन गर्न स्थानीय तहहरूबाट कानुन निर्माण, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन एवं परिचालन गरी स्थानीय तहमा सेवा प्रवाह भइरहेको छ। जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थानीय तहको गठन भई संविधान बमोजिम कानुन निर्माण गर्ने, स्थानीय बासिन्दाको आवश्यकता, माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान, व्यवस्थापन र स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितात्मक तवरले विकास निर्माण सञ्चालन गर्ने र स्वामित्वबोध गराउने, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा वन व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, स्थानीय सेवा प्रवाह, सार्वजनिक जग्गा संरक्षण र स्थानीय विवाद समाधान गर्ने, आफूले गरेका काम कारबाहीको तथ्याङ्क तथा अभिलेख राख्ने लगायतका कार्यहरू स्थानीय तहबाट सम्पादन भइरहेका छन्।

१. **संवैधानिक र कानुनी व्यवस्था** - नेपालको संविधानको धारा २१४ मा स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र सङ्घीय कानुनको अधीनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित हुने तथा गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुने साथै धारा २२१ मा स्थानीय तहका व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा निहित रहने व्यवस्था छ। त्यसैगरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत तथा शासन पद्धतिलाई सुदृढ गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा रहेको छ।

२. **काम, कर्तव्य र अधिकार** - नेपालको संविधानको अनुसूची-८ मा उल्लेख भए अनुसार स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत स्थानीय कर, दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक, अशक्तहरूको व्यवस्थापन, नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन लगायतका विषय रहेका छन्। सोबाहेक स्थानीय तहले सङ्घ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख छ। सङ्घ वा प्रदेशले संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय स्थानीय तहलाई कानुन बनाई निक्षेपण गर्नसक्ने समेत व्यवस्था छ।

३. **स्थानीय तहको संरचना** - कुल ७५३ स्थानीय तहमध्ये मधेश प्रदेशमा १३६ स्थानीय तह रहेका छन्। गाउँपालिकामा ५ देखि २१ तथा नगरपालिकामा ९ देखि ३५ वडा रहने गरी स्थानीय तह गठन हुने व्यवस्था छ। स्थानीय तहको संख्या, सिमाना, जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनोटको आधारमा १ महानगरपालिका, ३ उप-महानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिका रहेका छन्।

४. **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाइ कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ५२ नमूना कानुन उपलब्ध गराएको देखिन्छ। स्रोत सङ्कलन विकास

निर्माण तथा सेवा प्रवाहको लागि आवश्यक पर्ने सबै कानुन स्थानीय तहले बनाएका छैनन्। आवश्यकता अनुसारका कानुन बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा समेत प्रभावकारिता आउनसकेको छैन। कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक कानुन निर्माणमा स्थानीय तह थप सक्रिय हुनुपर्ने बेहोरा गत वर्ष औंल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत छ।

५. **आर्थिक कार्यप्रणाली** - स्थानीय तहको आर्थिक कार्यप्रणालीलाई व्यवस्थित गर्न स्थानीय तहहरूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुकुल हुने गरी आर्थिक कार्यप्रणालीसम्बन्धी कानुन बनाउन बाँकी रहेको छ। आर्थिक कारोवार सञ्चालन गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाअनुसार गरेको देखियो। वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता प्रवर्धन हुनेगरी आर्थिक कारोबार सञ्चालन गर्न आवश्यक कानुन बनाई लागु गर्नुपर्दछ।

६. **समग्र आय-व्यय** - मधेश प्रदेशका ११९ स्थानीय तहको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षण सम्पन्न भएका स्थानीय तहको देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.१० अर्ब ८६ करोड १० लाख ७ हजार र यो वर्षको आय रु.७८ अर्ब १७ करोड १० लाख ३१ हजार गरी जम्मा रु.८९ अर्ब ३ करोड २० लाख ३८ हजार मध्ये रु.७९ अर्ब ४५ करोड ७२ लाख २ हजार खर्च भएको छ । कुल खर्चमध्ये चालु खर्च रु.३४ अर्ब ३७ करोड ३३ लाख २२ हजार, पुँजीगत खर्च रु.१९ अर्ब ८९ करोड ६० लाख ७७ हजार र वित्तीय व्यवस्था तथा अन्य खर्च रु.२५ अर्ब १८ करोड ७८ लाख ३ हजार समेत जम्मा रु.७९ अर्ब ४५ करोड ७२ लाख २ हजार खर्च गरी रु.९ अर्ब ५७ करोड ४८ लाख ३६ हजार जिम्मेवारी सरेको छ।

(रु. हजारमा)

स्थानीय तह	संख्या	लेखापरीक्षण रकम	बेरुजु रकम	प्रतिशत	सुरु मौज्दात	सङ्घीयबाट अनुदान	प्रदेशबाट अनुदान	राजस्व बाँडफाँट	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पुँजीगत खर्च	वित्तिय खर्च	कुल खर्च	मौज्दात बाँकी
उपमहानगर	३	११३९१५७९	३२११४४	२.८२	९६७३०९	२७५६८७३	८८७४८	७५१४९३	६८१३६८	१३६४६३२	५६२३११४	२२७५९४८	१३६२०५१	२११०४६५	५७४८४६५	८६१९५८
नगरपालिका	६३	९५४२२०८३	३६१९१५००	३.७९	६६४४०९८	२५७७५४८३	१३११९९१	७२८०२०३	१२८०१०१	११७३२७१०	४७३८०४८८	२०७८५९०८	१२१९१६४३	१५०६४०४३	४८०४१५९४	५९८२९९१
गाउँपालिका	५३	५०८१४५७२	१६०१९२९	३.१५	३२४९५९९	१३७६८१३३	८५०६७५	४००१६६३	३८५०८८	६१४१८७०	२५१४७४२९	११३११४६६	६३४२३८२	८०१३२९४	२५६६७१४२	२७२९८८६
जम्मा	**११९**	**१५७६२८२३३**	**५५४२५७३**	**३.५२**	**१०८६१००७**	**४२३००४८९**	**२२५१४१४**	**१२०३३३५९**	**२३४६५५७**	**१९२३९२१२**	**७८१७१०३१**	**३४३७३३२२**	**१९८९६०७७**	**२५१८७८०३**	**७९४५७२०२**	**९५७४८३६**

७. **वित्तीय हस्तान्तरण** - महालेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष सङ्घीय सञ्चित कोष तथा प्रदेश सञ्चितकोषबाट १३६ स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छ।

(रु.हजारमा)

क्र सं	अनुदानको किसिम	स्वीकृत बजेट रु			यथार्थ हस्तान्तरण		
		सङ्घ	प्रदेश	जम्मा	सङ्घ	प्रदेश	जम्मा
१	समानीकरण अनुदान	१६२५८०००	११८०८०४	१७४३८८०४	१४९१६४३७	११८०८०४	१६०९७२४१
२	समपुरक अनुदान	१३९०८००	५८५५५०	१९७६३५०	८९८१९२	७०२१४	९६८४०६
३	विशेष अनुदान	१८१०३००	४०८०००	२२१८३००	१३३२५४३	२०५४००	१५३७९४३
४	सशर्त अनुदान	३२११९३५१	१३५२५००	३३४७१८५१	२७०७०९६२	१०३००७०	२८१०१०३२
	जम्मा	**५१५७८४५१**	**३५२६८५४**	**५५१०५३०५**	**४४२१८१३४**	**२४८६४८८**	**४६७०४६२२**

स्थानीय तहका लागि वित्तीय हस्तान्तरणमध्ये नेपाल सरकारबाट ९४.६८ प्रतिशत तथा प्रदेश सरकारबाट ५.३२ प्रतिशत हस्तान्तरण भएको छ।

८. **आन्तरिक स्रोत** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि ६३ सम्म स्थानीय तहले लगाउन सक्ने कर तथा शुल्क सम्बन्धी व्यवस्था रहेको छ। यो वर्ष लेखापरीक्षण भएका ११९ स्थानीय तहको २०८१।८२ को कुल आन्तरिक आय रु.२ अर्ब ३४ करोड ६५ लाख ५७ हजार रहेको छ।

स्थानीय तहको आन्तरिक आयले चालु खर्च समेत धान्न नसकेको अवस्था छ । स्थानीय तहको राजस्व क्षमता बढाई आन्तरिक आयमा बृद्धि गर्नुपर्दछ ।

९. **खर्च व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा बजेट पेस र पारित तथा दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि उल्लेख छ । मधेश प्रदेशका ११९ लेखापरीक्षण सम्पन्न भएका स्थानीय तहको कुल खर्च मध्ये चालु खर्च रु.३४ अर्ब ३७ करोड ३३ लाख २२ हजार अर्थात् ४३.२६ प्रतिशत, पुँजीगत खर्च रु.१९ अर्ब ८९ करोड ६० लाख ७७ हजार अर्थात २५.०४ प्रतिशत र वित्तीय व्यवस्था तथा अन्य खर्च रु.२५ अर्ब १८ करोड ७८ लाख ३ हजार अर्थात् ३१.७० प्रतिशत खर्च भएको छ। यस स्थितिले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४) बमोजिम स्थानीय तहले आफूले उठाएको आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व तथा व्ययको अनुमान पेस गर्नुपर्ने प्रावधानको पालना हुन सकेको छैन।

१०. **प्रदेश र स्थानीय सरकारबीचको सम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। मधेश प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराइ आफ्नो कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ।

११. **लेखापरीक्षणमा बेरुजु अङ्क** - यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ११९ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी उपलब्ध गराइएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा सैद्धान्तिक ९ हजार ८२७ दफा र लगती १३ हजार ५८२ दफाबाट रु.५ अर्ब ६६ करोड ३१ लाख ९९ हजार बेरुजु औंल्याइएकोमा स्थानीय तहबाट प्राप्त प्रतिक्रियाबाट ९ सैद्धान्तिक र ८७७ लगती दफाबाट रु.१३ करोड ३९ लाख ६२ हजार बेरुजु फस्यौंट भएकोमा प्रतिक्रियाबाट बेरुजु रु.१ करोड ३३ लाख ३६ हजार थप भई रु.५ अर्ब ५४ करोड २५ लाख ७३ हजार बेरुजु बाँकी रहेको छ। बाँकी रहेको बेरुजुको वर्गीकरण स्थिति निम्नानुसार छः

(रु.हजारमा)

वर्गीकरण	बेरुजु अङ्क	कुल बेरुजु प्रतिशत
१. असुल गर्नुपर्ने	**५०१२६७**	**९.०४**
२. नियमित गर्नुपर्ने	**४२०८७६०**	**७५.९४**
२.१ अनियमित गर्नुपर्ने	१२९६५२४	२३.४०
२.२ प्रमाण कागज पेस नभएको	२८९४२८०	५२.२२
२.३ शोधभर्ना नलिएको	१७९५६	०.३२
३. पेस्की	**८३२५४६**	**१५.०२**
जम्मा बेरुजु	**५५४२५७३**	**१००.००**

द्रष्टव्य १. उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।

लेखापरीक्षण भएका स्थानीय तहमध्ये स्थानीय तहको किसिम अनुसार लेखापरीक्षण अङ्कमा बेरुजु अङ्क निम्नानुसार छः

स्थानीय तह	लेखापरीक्षण रकम	बेरुजु रकम	बेरुजु मध्ये पेस्की रकम	बेरुजु प्रतिशत	पेस्की बाहेक बेरुजु प्रतिशत
उपमहानगरपालिका	११३९१५७९	३२१,१४४	४६२४०	२.८२	२.४१
नगरपालिका	९५४२२०८३	३६१९५००	५५५११३	३.७९	३.२१
गाउँपालिका	५०८१४५७२	१६०१९२९	२३११९३	३.१५	२.७०
जम्मा	**१५७६२८२३३**	**५५४२५७३**	**८३२५४६**	**३.५२**	**२.९९**

यससम्बन्धी विस्तृत विवरण **अनुसूची-१४** मा समावेश छ।

१२. **असुली -** यो वर्ष स्थानीय तहको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन पठाएपछि प्राप्त प्रतिक्रिया र सम्परीक्षणबाट रु.६ करोड ७० लाख ८ हजार असुली भएको छ। असुलीको विवरण निम्नानुसार रहेको छः

(रु. हजारमा)

क्र.सं.	विवरण	रकम
१	लेखापरीक्षणको क्रममा	२९०९१
२	प्रारम्भिक प्रतिवेदन पठाएपपश्चात	२९०७४
३	सम्परीक्षणबाट	८८४३
	जम्मा	**६७००८**

१३. **लेखापरीक्षणबाट देखिएका समग्र बेहोरा** - नेपालको संविधान तथा लेखापरीक्षण ऐन, २०७५ बमोजिम यस प्रदेशका स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षणबाट देखिएका मुख्य बेहोरा देहाय अनुसार छन्:

- **कानुन निर्माण तथा परिपालना -** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेका नमूना कानुन अनुसार केही स्थानीय तहमा कानुन निर्माण गर्न बाँकी रहेको, मौजुदा कानुनमा एकरुपता नरहेको, कानुनको परिपालना नभएको लगायत बेहोरा देखिएका छन्।
- **वित्तीय विवरण तथा लेखापरीक्षण -** तोकिएको ढाँचामा सबै आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार नगरेको, एकीकृत वित्तीय विवरण तयार नगरेको, स्वीकृत लेखा फारमहरू प्रयोगमा नल्याएको, गत वर्षको वित्तीय विवरणले देखाएको मौज्दात भन्दा फरक हुने गरी यस वर्ष जिम्मेवारी सारेको, वर्षान्तको मौज्दात फरक परेकोमा बैङ्क हिसाब विवरण तयार नगरेको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन नभएको, सबै आर्थिक कारोबारहरू स्थानीय सञ्चित कोष प्रणाली (सुत्र) बाट नगरेको, आन्तरिक लेखापरीक्षण नगराएको, अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजु फर्स्यौंट गरी समयमा सम्परीक्षण नगराएको स्थिति देखिएको छ ।
- **सङ्गठन संरचना तथा मानव संशाधन -** कार्यबोझको आधारमा दरबन्दी स्वीकृति र पदपूर्ति नगरेको, दक्ष र तालिमप्राप्त जनशक्ति व्यवस्थापन नहुँदा विषयगत शाखाबाट सम्पादन हुने कार्य प्रभावकारी हुन नसकेको, दरबन्दी बेगर करार सेवामा नियुक्ति गरेको, कार्यसम्पादन सूचक बेगर अतिरिक्त तथा थप प्रोत्साहन भत्ता खर्च लेखेको, एकमुष्टरूपमा कर्मचारी कल्याणकोषमा रकम ट्रान्फर गरेको, पदाधिकारी तथा कर्मचारीलाई कानुन व्यवस्था नभएका बिभिन्न सुविधा प्रदान गरेको लगायत बेहोरा देखिएका छन् ।

- **योजना तर्जुमा बजेट तथा कार्यक्रम** - केही स्थानीय तहमा तोकिएको समयमा बजेट पेस नभएको, बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि स्वीकृत नगरेको, योजना तथा कार्यक्रममा न्यून प्रगति भएको, राजस्व तथा व्ययको अनुमान यथार्थपरक नभएको, बजेट अवण्डामा राखी पटके निर्णयबाट बाँडफाँट गरी खर्च गरेको, सीमाभन्दा बढी रकमान्तर गरेको र विभिन्न कोषमा रहेका रकम प्रयोजन समाप्त भएपछि सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको स्थिति देखिएको छ ।

- **आन्तरिक आय** - लक्ष्य अनुसार सम्पत्ति कर, बहाल कर लगायतका राजस्व असुली नभएको, विभिन्न व्यक्ति वा संस्थाबाट उठ्न बाँकी रकम असुल नगरेको, असुल भएको राजस्व तोकिएको अवधिभित्र सञ्चित कोष दाखिला नगरेको, प्रतिस्पर्धात्मक विधिबाट समयमा नै आय ठेक्का नगरेको एवम् सम्झौता अनुसारको रकम असुल नगरेको, प्रदेश कानुन अनुसार राजस्व बाँडफाँट नगरेको लगायत बेहोरा देखिएका छन् ।

- **खरिद व्यवस्थापन** - आवश्यकता पहिचान नगरी विस्तृत आयोजना प्रतिवेदन तयार गरेको एवम् पेश भएका प्रतिवेदनहरू स्वीकृत गरी कार्यान्वयन नगरेको, निर्माणस्थलको व्यवस्था नगरी खरिद सम्झौता गरेको, प्रतिस्पर्धात्मक खरिद विधि प्रयोग नगरी सोझै खरिद गरेको, खरिद कार्य समयमा सम्पन्न नगरेको, तोकिएको सीमाभन्दा बढी लागत अनुमान भएका कार्य उपभोक्ता समितिबाट गराएको, उपभोक्ता समितिले सम्झौता अनुसारको योगदान नगरेको, मालसामान खरिदमा ओभरहेड भुक्तानी गरेको, भेरिएसन स्वीकृत नगराई खरिद सम्झौतामा उल्लेख भएको भन्दा बढी परिमाणमा भुक्तानी गरेको, सुत्र एवम् सूचकाङ्क फरक पारी बढी मूल्य समायोजन भुक्तानी गरेको लगायतका बेहोरा देखिएका छन् ।

- **खर्च व्यवस्थापन** - आन्तरिक आयको विश्लेषण नगरी सुविधा एवं भत्ता वितरण र बजेट खर्च गर्दा प्रचलित कानुनी व्यवस्थाको पूर्ण अनुसरण हुन नसकेको, पेस्की रकम म्याद भित्र फर्स्यौट नगरेको, विद्यालयका शिक्षकहरूको पारिश्रमिक तथा अन्य रकमहरू बढी निकासा गरेको, निश्चित मापदण्ड बेगर आर्थिक सहायता वितरण गरेको, वितरणमुखी तथा अनुत्पादक खर्च गरेको, अनुदान वितरणको मापदण्ड नबनाएको, वितरित अनुदानबाट प्राप्त नतिजाको अनुगमन नगरेको, कार्यालय सञ्चालन तथा विविध खर्चमा मितव्ययिता हुन नसकेको, खर्च नभई बाँकी रहेको अनुदान रकम सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको लगायत बेहोरा देखिएका छन्।

- **अभिलेख तथा अनुगमन** - स्थानीय तहले सार्वजनिक सम्पत्तिको अभिलेख नराखेको, पालिकामा प्रयोग भएका सफ्टवेयरको प्राप्ति, प्रयोग र क्षमताको अभिलेख नराखेको, फर्स्यौट हुन बाँकी पेस्की र बेरुजुको अभिलेख नराखेको अवस्था छ। लक्षितवर्गमा दिने अनुदान सो समूहमा पुगे नपुगेको अनुगमन नगरेको, सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि एवम् गुणस्तरको अनुगमन नगरेको, पालिकाभित्र उत्पादन भएका फोहोरको वातावरणमैत्री व्यवस्थापन गर्न नसकेको, आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नरहेको, कार्यक्षेत्रभित्रका सहकारी संस्थाको कार्यसम्पादनको न्यून अनुगमन गरेको लगायतका अवस्था देखिएका छन्।

स्थानीय तहले स्रोत र साधनको प्राप्ति र परिचालन, विकास निर्माण, सेवा प्रवाह तथा जिम्मेवारी एवं जवाफदेहिताको पालना सम्बन्धमा देखिएका बेहोराहरू सम्बन्धित स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको छ।

१४. **बेरुजु फर्स्यौंट तथा सम्परीक्षण -** मधेश प्रदेशका स्थानीय तहको गत वर्षसम्मको कुल बेरुजु रु.७१ अर्ब ३४ करोड ८ लाख ८४ हजार रहेकोमा यो वर्ष समायोजन तथा सम्परीक्षणबाट रु.३२ करोड ९४ लाख ५५ हजार फर्स्यौंट र सम्परीक्षणबाट रु.४ करोड ५५ लाख ९० हजार थप भई रु.७१ अर्ब ५ करोड ७० लाख १९ हजार बाँकी रहेकोमा यस वर्षको लेखापरीक्षणबाट थप भएको रु.५ अर्ब ५४ करोड २५ लाख ७३ हजार समेत रु.७६ अर्ब ५९ करोड ९५ लाख ९२ हजार बेरुजु बाँकी रहेको छ।

१४.१. लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा प्रत्येक गाउँपालिका र नगरपालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने, महालेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्नसक्ने र यसरी जारी भएको प्रतिवेदन स्थानीय तहको प्रचलित कानुन बमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। अधिकांश स्थानीय तहहरूले यससम्बन्धी कानुन निर्माण गर्न बाँकी रहेकोले प्रतिवेदन छलफल र बेरुजु असुल फर्स्यौंट एवं नियमित गर्ने कार्यविधिको सम्बन्धमा अस्पष्टता रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति लगायतका समिति गठन गर्न सक्ने उल्लेख छ। स्थानीय तहले लेखा समितिको गठन, कार्यक्षेत्र, बेरुजु फर्स्यौंटको विधि र प्रक्रियासमेत खुलाइ स्पष्ट कानुनी व्यवस्था गरी बेरुजु फर्स्यौंटमा तदारूकता ल्याउनुपर्दछ।

१५. **लेखापरीक्षण बक्यौता -** लेखापरीक्षण ऐन, २०७५ को दफा २० अनुसार स्थानीय तहको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यवस्था छ । यस प्रदेश अन्तर्गत गत वर्षसम्म १८ स्थानीय तहको २१ आर्थिक वर्षको लेखापरीक्षण बक्यौता रहेकोमा यसवर्ष १ स्थानीय तहको एक आर्थिक वर्ष थप भई देहायका १९ स्थानीय तहको २२ आर्थिक वर्षको लेखापरीक्षण नगराएकाले बक्यौता रहेको छ।

क्र.सं.	जिल्ला	स्थानीय तहको नाम	लेखापरीक्षण बक्यौता वर्ष
१	धनुषा	कमला नगरपालिका	२०७८।७९
२	धनुषा	धनौजी गाउँपालिका	२०७८।७९
३	धनुषा	औरही गाउँपालिका	२०७७।७८
४	धनुषा	जनकपुरधाम उप-महानगरपालिका	२०७५।७६
५	पर्सा	धोविनी गाउँपालिका	२०७७।७८
६	पर्सा	पकाहामैनपुर गाउँपालिका	२०७६।७७
७	महोत्तरी	साम्सी गाउँपालिका	२०७७।७८, २०७४।७५ र २०७३।७४
८	महोत्तरी	रामगोपलपुर गाउँपालिका	२०७७।७८
९	महोत्तरी	गौशाला नगरपालिका	२०७३।७४
१०	महोत्तरी	लोहरपट्टी नगरपालिका	२०७३।७४
११	महोत्तरी	पिपरा गाउँपालिका	२०७३।७४
१२	रौतहट	कटहरिया नगरपालिका	२०७६।७७

क्र.सं.	जिल्ला	स्थानीय तहको नाम	लेखापरीक्षण बक्यौता वर्ष
१३	रौतहट	गढीमाई नगरपालिका	२०७६।७७
१७	सप्तरी	छिन्नमस्ता गाउँपालिका	२०७८।७९
१५	सर्लाही	ब्रम्हपुरी गाउँपालिका	२०७७।७८
१६	सर्लाही	बलरा नगरपालिका	२०७७।७८ र २०७४।७५
१७	सर्लाही	कविलासी नगरपालिका	२०७५।७६
१८	सर्लाही	बसबरिया गाउँपालिका	२०७५।७६
१९	पर्सा	पोखरिया नगरपालिका	२०८१।८२

१६. **लेखापरीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले आफ्नो आय तथा व्ययको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्था छ। यो वर्ष २०८२ भाद्र २३ र २४ को घटनाको क्रममा स्रेस्ता कागजात क्षति भएको जनाएकोले देहायका १६ स्थानीय तहको लेखापरीक्षण भएको छैन। प्राप्त भएसम्मको वित्तीय विवरण अनुसार ती कार्यालयहरूको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

क्र.सं.	स्थानीय नाम	जिल्ला	आय	व्यय	मौज्दात
१	हरिवन नगरपालिका	सर्लाही	१०३७१५७	९८५४५६	५१७०१
२	चन्द्रनगर गाउँपालिका	सर्लाही	६७२२७९	५५७९१५	११४३६४
३	बरहथवा नगरपालिका	सर्लाही	११२५८२०	१०७२६२७	५३१९३
४	बागमती नगरपालिका	सर्लाही	८७४१९८	७८२१४९	९२०४९
५	भगवानपुर गाउँपालिका	सिरहा	५२९६४८	४५३७७१	७५८७७
६	कल्याणपुर नगरपालिका	सिरहा	९९५२२३	८४९८१६	१४५४०७
७	गोलबजार नगरपालिका	सिरहा	८५४८४५	७८४३८४	७०४६१
८	मिर्चैया नगरपालिका	सिरहा	९७६३४१	८०१०६२	१७५२७९
९	लहान नगरपालिका	सिरहा	१६४०७०२	१४५५०५४	१८५६४८
१०	सुखिपुर नगरपालिका	सिरहा	९९१४५९	८८०४१४	१११०४५
११	विदेह नगरपालिका	धनुषा	६३९५२५	५८९६०९	४९९१६
१२	मुखियापट्टी मुसहरनिया	धनुषा	५७०८७२	५३८८४८	३२०२४
१३	विश्रामपुर गाउँपालिका	बारा	३५८८७५	३३०६७३	२८२०२
१४	आदर्श कोटवाल गाउँपालिका	बारा	५५३५०६	५२४६८३	२८८२३
१५	जिराभवानी गाउँपालिका	पर्सा	३९१३५५	३८३२६३	८०९२
१६	वीरगन्ज महानगरपालिका	पर्सा	३५४०९३४	३२६२५३८	२७८३९५
	जम्मा		**१५७५२७३९**	**१४२५२२६२**	**१५००४७६**

परिच्छेद

८



लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

परिच्छेद - ४

लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फर्स्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनुपर्ने व्यवस्थाअनुसार बेरुजुको कारबाहीको विवरण प्राप्त भएको छ।

१. **प्रतिवेदन कार्यान्वयन** - लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेस गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस गर्ने व्यवस्था छ। महालेखापरीक्षकले गत वर्षसम्म प्रदेशका ७ वटा प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेस गरेकोमा प्रदेश सभाको सार्वजनिक लेखा समितिमा ५ वटा प्रतिवेदन उपर छलफल सम्पन्न भई छैटौं र सातौं प्रतिवेदन छलफल हुन बाँकी रहेको छ। महालेखापरीक्षकको वार्षिक प्रतिवेदन उपर छलफल गरी समितिको निर्णय कार्यान्वयनको सुनिश्चितिता गर्नुपर्दछ।

२. **बेरुजु फर्स्यौंट** - यो वर्ष प्रदेशको सरकारी कारोबारतर्फ १३४ कार्यालयको लेखापरीक्षण भएकोमा १३० कार्यालयको सैद्धान्तिक दफा २ हजार १३३ र लगती दफा १ हजार ५१६ बाट रु.१ अर्ब ७९ करोड २६ लाख ३१ हजार बेरुजु देखिएकोमा कार्यालयको प्रमाण तथा प्रतिक्रिया पेस भई सैद्धान्तिक दफा २ र लगती दफा ५५ को रु.१ करोड ९७ लाख ८६ हजार फर्स्यौंट तथा रु.५६ लाख ७६ हजार बेरुजु थप भई यो वर्ष रु.१ अर्ब ७७ करोड ८५ लाख २१ हजार बाँकी रहेको छ। समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १६ निकायको सैद्धान्तिक दफा २४६ र लगती दफा १४३ बाट रु.१० करोड १० लाख ५९ हजार बेरुजु देखिएकोमा सैद्धान्तिक दफा १ र लगती दफा १ को रु.६२ लाख १९ हजार बेरुजु प्रतिक्रियाबाट फर्स्यौंट भई यो वर्षको रु.९ करोड ४८ लाख ४० हजार बाँकी रहेको छ। कानुनबमोजिम बेरुजु असुल फर्स्यौंट गर्नुपर्दछ।

३. **सम्परीक्षण** - गत वर्ष प्रदेशको सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फको रु.९ अर्ब २० करोड ३५ लाख ५९ हजार बेरुजु रहेकोमा रु.९ करोड ६६ लाख ५६ हजार सम्परीक्षण भएको छ। सम्परीक्षणबाट थप भएको रु.५ लाख ५ हजार समेत गत वर्षसम्मको रु.९ अर्ब १० करोड ७४ लाख ८ हजार बेरुजु बाँकी रहेकोमा यो वर्ष रु.१ अर्ब ८७ करोड ३३ लाख ६१ हजार थप भई रु.१० अर्ब ९८ करोड ७ लाख ६९ हजार बेरुजु बाँकी रहेको छ।

४. **बेरुजु न्यूनीकरण** - प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ। प्रदेश कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिदलगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ।

परिच्छेद

५



भविष्यमा गर्नुपर्ने सुधार

परिच्छेद - ५

भविष्यमा गर्नुपर्ने सुधार

प्रदेशमा उपलब्ध स्रोत साधनको प्रभावकारी रूपमा परिचालन गरी तीव्र आर्थिक वृद्धि हासिल गर्न प्रयत्नशील रहनुपर्दछ। प्रदेशले आवश्यक नीति तथा कानुन तर्जुमा, उपयुक्त संगठनात्मक संरचनाको निर्माण कर्मचारी व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक तथा आर्थिक क्रियाकलापको परिचालन लगायतका कार्य गर्नुपर्दछ। प्रदेश सरकारको कार्य सञ्चालनमा आर्थिक र वित्तीय अनुशासन कायम गर्न देहायका पक्षहरूमा सुधार गर्नुपर्ने देखिएको छः

शासकीय प्रबन्ध

१. प्रदेशले नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका एकल तथा साझा अधिकार सूची अनुसारका आवश्यक कानुन सम्बद्ध पक्षसँगको समन्वयमा तर्जुमा गरी कार्य सम्पादन प्रभावकारी बनाउनुपर्दछ।

२. सार्वजनिक पदमा नियुक्ति गर्दा वा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुँदा सरकारी बाँकी रकम असुल गर्ने तथा पेस्की बाँकी भएकोमा तत्काल फर्स्यौट गर्ने व्यवस्था गर्नुपर्दछ।

३. सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजु बारे समयमै जानकारी गराइ फर्स्यौट गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

४. सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहे सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।

५. मन्त्रालयहरू बजेट व्यवस्थापन तथा कार्यक्रम कार्यान्वयनका नीतिगत कार्यमा मात्र केन्द्रित भई कार्यसञ्चालन स्तरका कार्यहरू मातहत निकायबाट सम्पादन गर्नुपर्दछ।

६. संङ्घ, प्रदेश र स्थानीय तहबीच संरचना र काममा हुने दोहोरोपनालाई अन्त्य गर्दै सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

७. नेपालको संविधानको धारा ५९ को उपधारा ७ बमोजिम बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था सङ्घीय कानुन बमोजिम हुने उल्लेख भएकोमा यस सम्बन्धी कानुन निर्माण गर्दा सङ्घीय कानुनसँग सामञ्जस्यता कायम हुनेगरी गर्नुपर्दछ।

८. मन्त्रालयहरूको सङ्ख्या पटकपटक फेरबदल नगरी उपयुक्त र आवश्यक सङ्ख्यामा कायम राख्नुपर्दछ।

९. संविधान र प्रचलित कानुन बमोजिम प्रतिबद्धता जनाइएका अनुदान समानीकरण बजेटमा उल्लेख भए बमोजिम निकासा नहुँदा बजेट अभाव भई प्रदेश र स्थानीय तहमा कतिपय खर्च आगामी आर्थिक वर्षमा भुक्तानी गरेको देखिएकोले त्यस्तो अनुदान कटौती नहुने सुनिश्चितता हुनुपर्दछ।

१०. विकास आयोजना अनुगमन तथा मूल्याङ्कन कार्यविधि बमोजिमको प्रदेश विकास समस्या समाधान समिति र मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिलाई थप प्रभावकारी बनाउनु पर्दछ।

सार्वजनिक वित्तीय व्यवस्थापन

११. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था र जनसहभागिता लगायतका पक्षलाई उचित ध्यान दिनुपर्दछ।

१२. अर्थ विविध वा अवण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने प्रवृत्ति न्यून गर्न आयोजनालाई बजेटमा समावेश गर्ने तथा पूर्वानुमान गर्न सकिने विकास निर्माण कार्यको गुणस्तरमा असर नपर्ने बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

१३. बजेट विनियोजन गर्दा पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम आयोजना आगामी वर्षमा भुक्तानी गर्ने गरी दायित्व सार्ने तथा भुक्तानी बाँकी राख्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ।

१४. बजेट तथा कार्यक्रमबाट अनुदान रकम दिँदा क्षेत्र, वर्ग र समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी मात्र अनुदान प्रदान गर्नुपर्दछ। अनुदान वितरणबाट अपेक्षित र प्राप्त उपलब्धिको समीक्षा गर्नुपर्दछ।

१५. राजस्व प्रक्षेपण र खर्चको आँकलनलाई यथार्थपरक बनाई बजेट र खर्च बीचको अन्तर न्यून गर्नुपर्दछ।

१६. आवधिक योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य र बजेट बीच सामञ्जस्यता कायम गरी बजेट विनियोजन गर्नुपर्दछ।

१७. नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम तोकिएको ढाँचामा मन्त्रालय तथा प्रादेशिक केन्द्रीय निकायले वित्तीय विवरण तयार गर्नुपर्दछ। साथै मन्त्रालयहरूले मातहतका बजेटरी तथा गैर बजेटरी निकायहरूको कारोबार तथा सूचनालाई समेटी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ।

१८. अनुदान निकासाको सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तहबीच अनुदान प्राप्त गर्ने तहमा वर्षान्तमा बाँकी रहेको मौज्दात कानुन बमोजिम फिर्ता गर्नुपर्ने भएमा आर्थिक वर्ष समाप्त हुनु अगावै फिर्ता गरी यथार्थ खर्च गर्नुपर्दछ।

१९. सरकारी कोषबाट तलब सुविधा बेहोर्ने गरी निर्वाचित हुने पदबाहेक अन्य नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।

२०. पुँजीगत प्रकृतिको कार्यमा खर्च गर्न व्यावसायिक प्रकृतिको संस्थाहरूलाई अनुदान दिँदा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरूमा लगानी गर्दा शेयर वा ऋण लगानीको रूपमा उल्लेख गर्नुपर्दछ। संस्थाहरू विघटन हुँदा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता गर्ने सुनिश्चितता हुनुपर्दछ। निर्माण कार्य गर्दा व्यक्तिगत स्वामित्व रहेको बाहेकको जग्गा वा सम्पत्तिमा गर्नुपर्दछ।

२१. राजस्व रकम बाँडफाँट भई प्राप्त भएको रकममात्र प्रदेश लेखा नियन्त्रक कार्यालयले आम्दानी जनाउने गरेको हुँदा बाँकी राजस्वको लेखाङ्कन तथा प्रतिवेदन गर्ने गरेको छैन। प्रचलित कानुनबमोजिम तीनैतहका सरकारले बाँडफाँट गर्ने राजस्व रकम प्राप्त गर्ने प्रणाली विकास गर्नुपर्दछ।

२२. प्रदेश सरकारको कुल प्राप्तिमा सङ्घीय अनुदान र राजस्व बाँडफाँटको हिस्सा उल्लेखनीय देखिएकोले राजस्वको दायरा फराकिलो बनाइ आन्तरिक आय वृद्धिमा जोड दिनुपर्दछ।

२३. बजेटको आकारको तुलनामा बहुवर्षीय आयोजनाहरूको दायित्व उल्लेख्य रहेकोले प्रदेशको समष्टिगत आर्थिक परिसूचकको अवस्था स्रोत प्राप्तिको सुनिश्चितता, आवधिक योजनाको लक्ष्य, मध्यमकालीन खर्च संरचना सिर्जित दायित्व समेतका आधारमा स्रोत सहमति प्रदान गर्नुपर्दछ।

२४. चालु खर्चमा भएको वृद्धिका कारण राजस्वबाट स्रोत जुटाउन कठिनाइ भइरहेको सन्दर्भमा उपयुक्त कार्य विवरण बेगरको पद तथा कार्यक्षेत्र दोहोरो पर्ने गरी स्थापना भएका निकायको पद र सङ्ख्या पुनरावलोकन गरिनुपर्दछ।

२५. आवास पुननिर्माण तथा पुनर्स्थापना अनुदान तीनै तहका सरकारबाट वितरण भइरहेकोमा अनुदान रकमको उपयोगको सुनिश्चितता गर्नुपर्दछ।

२६. राहत तथा सहयोग सङ्घीय मन्त्रालय र स्थानीय तहबाट समेत वितरण गर्ने गरेकोमा अन्तरनिकाय समन्वय गरी सहयोग गर्नुपर्दछ। आर्थिक सहायता प्राप्त गर्ने व्यक्तिको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।

२७. कर्मचारीहरूको तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च गर्नुपर्दछ।

२८. वार्षिक कार्यक्रम तथा नीति र बजेटमा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

२९. बजेट समर्पण र संशोधन कानुनमा उल्लेखित समयमा गर्नुपर्दछ। वर्षान्तमा पटके निर्णयका आधारमा रकमान्तरलाई नियन्त्रण गर्नुपर्दछ।

३०. अर्थ मन्त्रालयले नगद व्यवस्थापनका कार्यलाई प्रभावकारी बनाउन आवधिक नगद योजना तर्जुमा गर्नुपर्दछ।

सार्वजनिक सम्पत्ति व्यवस्थापन

३१. सम्पत्तिको एकीकृत अभिलेख राखी संरक्षणको व्यवस्था गर्न मूल्य नखुलेका सम्पत्तिको मूल्य खुलाई राख्ने तथा घरजग्गा अभिलेख व्यवस्थित हुने गरी प्रदेश सरकार र मातहत निकायको सबै सम्पत्ति सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्टि तथा अद्यावधिक गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ।

३२. सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको पहिलो भर्सन(भी१) बाट हाल दोस्रो भर्सन(भी२) सञ्चालन हुँदा पहिलो भर्सनबाट जिन्सी सम्पत्तिको अल्या जिम्मेवारी सारी सम्पत्तीहरूको अभिलेख, संरक्षण तथा उपयोग गर्नुपर्दछ।

३३. प्रयोगको सुनिश्चितताका आधारमा मात्र जिन्सी सामान यन्त्र उपकरण तथा औजार खरिद गर्नुपर्दछ। मौज्दातमा रहेको यन्त्र उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था यकिन गरेर मात्र खरिद गर्नुपर्दछ।

३४. खर्च भएर नजाने प्रकृतिका कतिपय सम्पत्तिहरू प्रयोगकर्ता परिवर्तन पश्चात् पुनः प्रयोगमा नल्याई नयाँ खरिद गर्ने प्रवृति देखिएकोले यस्ता सम्पत्तिको उपयोगी आयु तय गरी सो अवधिभित्र त्यस्ता सम्पत्ति एउटै प्रयोगकर्तालाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ।

३५. मर्मत सम्भार हुन सक्ने जिन्सी सामग्री मर्मत सम्भार गरी सार्वजनिक सम्पत्तिको उच्चतम उपयोग गर्नुपर्दछ।

३६. प्रयोगमा नभएका भवन, उपकरण, सवारी साधन लगायतका सम्पत्तिहरू हस्तान्तरण एवं व्यवस्थापन गर्नुपर्दछ।

३७. सार्वजनिक निकायले जुनसुकै हिसाबले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख राख्नुपर्दछ।

३८. सार्वजनिक जग्गाहरूको अभिलेख व्यवस्थित गरी वन, सिँचाइ क्षेत्र लगायतमा हुने अनधिकृत उपभोग तथा अतिक्रमणलाई नियन्त्रण गर्नुपर्दछ।

विकास व्यवस्थापन

३९. बजेट विनियोजन गर्दा आयोजना बैङ्कमा राखेका आयोजनालाई छनोट तथा कार्यान्वयन गर्नुपर्दछ।

४०. सङ्घबाट प्रदेशमा हस्तान्तरण भएका र प्रदेशबाटै कार्यान्वयन सुरु गरीएका क्रमागत योजनाहरूलाई बजेट विनियोजन नगरी अधुरो राख्ने गरेकोमा लाभ, लागत र आवश्यकताको विश्लेषण गरी अनावश्यक योजनालाई कानुन बमोजिम टुङ्गो लगाएर अन्य योजना कार्यान्वयन गर्नुपर्दछ।

४१. खरिद सम्झौताको म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।

४२. एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्राई सोझै खरिद गर्ने तथा पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृतिमा नियन्त्रण गर्नुपर्दछ।

४३. जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामाग्री खरिद गर्ने कार्यलाई उपभोक्ता समितिबाट गराउने प्रवृत्तिमा न्यूनीकरण गर्नुपर्दछ।

४४. उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट बेहोर्ने गरी सम्झौता गरेकोमा सो अंश बेहोरेको यकिन गरेर मात्र भुक्तानी गर्नुपर्दछ।

४५. विस्तृत आयोजना प्रतिवेदन तयार गर्न परामर्शदाता मार्फत गर्ने गरेकोमा त्यस्तो सेवा कार्यालयमा उपलब्ध जनशक्तिबाट हुन नसक्ने र विशेष प्राविधिक विज्ञता आवश्यक पर्ने कार्यमा मात्र परामर्श सेवा लिनुपर्दछ।

४६. प्रदेश गौरवका आयोजना निर्धारित समयमा नै सम्पन्न गर्न बजेटको सुनिश्चितता गर्नुका साथै सरोकारवाला निकायबीच समन्वय र सहकार्य हुनेगरी अनुगमन मूल्याङ्कन संयन्त्रको कानुनी व्यवस्था हुनुपर्दछ।

४७. योजना छनोट गर्दा बढी प्रतिफल प्राप्त हुने तुलनात्मक लाभ बढी भएका योजना तथा कार्यक्रमलाई प्राथमिकता दिनुपर्दछ।

४८. परामर्शदाताबाट तयार भएका विस्तृत आयोजना प्रतिवेदन कार्यान्वयन गर्ने क्रममा थप विश्लेषण गरेर मात्र कार्यान्वयनमा लैजाने तथा देखिएका त्रुटि सम्बन्धमा सम्बन्धित विज्ञसमेतलाई जवाफदेही बनाउनुपर्दछ।

४९. ठेक्का व्यवस्थापन गर्दा जग्गा प्राप्ति, वातावरणीय अध्ययन र निकायगत समन्वय लगायतका कार्यसम्पन्न गरेर मात्र खरिद कार्य गर्नुपर्दछ।

५०. निर्माण कार्यको गुणस्तर वृद्धि गर्न स्वीकृत डिजाइन र स्पेसिफिकेशन अनुसार कार्यान्वयन भएको यकिन गरेर मात्र योजना फरफारक गर्नुपर्दछ।

५१. अधुरा आयोजना सम्पन्न गर्न सार्वजनिक खरिद ऐन, नियमावली तथा सम्झौता अनुसारका प्रक्रिया अवलम्बन गरेर मात्र योजना टुङ्गो लगाउनुपर्दछ।

५२. योजना कार्यान्वयनमा आइपर्ने समस्या समाधान गर्न प्रदेश विकास समस्या समाधान समिति र मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको क्रियाशीलता अभिवृद्धि गर्नुपर्दछ।

सूचना प्रविधि

५३. प्रदेश मातहतका यातायात व्यवस्था कार्यालयहरूले प्रयोग गरेको विद्युतीय सवारी दर्ता प्रणालीलाई आवश्यकता अनुसारका सूचना प्रदान गर्न सक्ने गरी परिमार्जन गर्नुपर्दछ।

५४. खरिद भएका सफ्टवेयरहरूको सोर्सकोड प्राप्त गरी सञ्चालनमा ल्याउनुपर्दछ।

५५. तथ्याङ्क सत्यापान गर्ने प्रणालीको विकास गर्ने तथा सार्वजनिक निकायबाट सञ्चालित सूचना प्रविधि प्रणालीको नियमित रूपमा परीक्षण गरी सूचना प्रविधिको विश्वसनियतामा अभिवृद्धि गर्नुपर्दछ।

५६. एकै प्रकारको कामको लागि निकायगत रूपमा भिन्नाभिन्नै सूचना प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

सार्वजनिक प्रशासन

५७. प्रदेश र स्थानीय तहमा भौगोलिक अवस्था, स्रोतको उपलब्धता र सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

५८. प्रदेश निजामती सेवा ऐन विपरीत अस्थायी दरबन्दी सिर्जना गरी करारमा कर्मचारी नियुक्ति गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ। साथै दरबन्दी अनुसारको जनशक्ति पदपूर्ति नगरी करारका कर्मचारीबाट काम गराउने प्रवृत्ति नियन्त्रण गर्नुपर्दछ।

५९. प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको सवलीकरण गरी बहुसीपमूलक जनशक्ति तयार गर्ने गरी तालिम कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

६०. अति विपन्न र न्यून आय वर्गलाई लक्षित गरी प्रदान गरिने सेवा सुविधा सोही वर्गमा पुऱ्याउन त्यस्तो सेवा सुविधा लिने व्यक्तिको विवरण वेभसाइटमार्फत सार्वजनिकीकरण गर्नुपर्दछ।

६१. स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन विशेषज्ञ चिकित्सकसहित अन्य चिकित्सकहरू र स्वास्थ्यकर्मीहरूको रिक्त दरबन्दी पदपूर्ति गर्नुपर्दछ।

६२. प्रादेशिक अस्पतालहरूमा प्रयोग नभएका तथा बिग्रिएका उपकरणहरू वा स्वास्थ्य उपकरण प्रयोगमा ल्याइ स्वास्थ्य सेवालाई सहज र प्रभावकारी बनाउनुपर्दछ।

६३. सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ र सेवाग्राही सन्तुष्टि सर्वेक्षणको माध्यमबाट सेवालाई पारदर्शी र जवाफदेही बनाउनुपर्दछ।

६४. विकल्प हुँदा समेत निमित्तबाट प्रशासन सञ्चालन गर्ने एवं कानुनी व्यवस्था विपरीत ३ महिनाभन्दा बढी काजमा खटाउने कार्यलाई नियन्त्रण गर्नुपर्दछ।

६५. विशिष्टिकृत कार्यका लागि कार्य समयमा लचकता र उपयुक्त प्रोत्साहनसहित एकभन्दा बढी कार्यालयको जिम्मेवारी दिन सकिने व्यवस्था मिलाउनुपर्दछ।

६६. कर्मचारी सरुवा, बढुवालाई अनुमानयोग्य बनाउने तथा कार्य विवरण अनिवार्य गराइ लागु गर्नुपर्दछ।

६७. स्वास्थ्य संस्थाको इजाजत तथा नविकरणको अभिलेख अधावधिक गरी त्यस्ता संस्थाहरूको नियमन गर्नुपर्दछ।

६८. प्रदेश सरकार कार्य विभाजन नियमावली बमोजिम कार्य जिम्मेवारी सम्पादन गर्न कार्ययोजना तयार गरी आवश्यक साधन स्रोत र पूर्वाधारको व्यवस्था गर्नुपर्दछ।

६९. सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन विद्युतीय माध्यमको प्रयोग गरी गुनासो सुनुवाइ गर्नेगरी संलग्न पदाधिकारी र जनशक्तिलाई जवाफदेही बनाउनुपर्दछ।

७०. बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले वर्षभरी सञ्चालन गरेको कार्यक्रम, सम्पादन गरेको कार्य, गरेको खर्च र प्राप्त उपलब्धिको समीक्षा गरी स्रोतको उपयोग हुनेगरी कर्मचारी तथा कार्यालय व्यवस्थापन गर्नुपर्दछ।

सुशासन

७१. आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन कार्यविधि तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

७२. आन्तरिक लेखापरीक्षणबाट देखिएका बेहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट गर्नुपर्दछ।

७३. प्रदेश सभा तथा विशेष समिति र प्रदेश मन्त्रिपरिषद्ले गरेको निर्णयको कार्यान्वयन यथासमयमा गरिनुपर्दछ।

७४. प्रदेश सभामा पेस गरेका महालेखापरीक्षकका वार्षिक प्रतिवेदनहरू प्रदेश सभा एवं प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफल गरी वार्षिक प्रतिवेदनमा औंल्याइएका बेहोराहरूको टुङ्गो लगाउनुपर्दछ।

७५. लेखापरीक्षणबाट औंल्याएका बेरुजुहरू फर्स्यौट गर्न जिम्मेवार पदाधिकारी र लेखाउत्तरदायी अधिकृतले सक्रियता देखाउनुपर्दछ।

७६. बेरुजु फर्स्यौंटलाई कार्य सम्पादन र वृत्ति विकाससँग आवद्ध गरी वित्तीय अनुशासन पालना गर्ने प्रवृत्तिमा बढोत्तरी ल्याउनुपर्दछ।

७७. समपूरक अनुदान रकम स्वीकृत आयोजनाको लागि मात्र खर्च गर्ने र सङ्घीय स्रोततर्फ बढी खर्च भएको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ।

७८. मन्त्रालयहरू टुक्रिने र समायोजन हुने क्रममा लगत व्यवस्थित हुन नसकेकोले लेखापरीक्षण प्रतिवेदनमा औंल्याएका विषय कार्यान्वयनका लागि लगत अधावधिक गरी फर्स्यौंट गर्नुपर्दछ।

उपर्युक्त अनुसारका नीतिगत, कानुनी, व्यवस्थापकीय र प्रक्रियागत विषयमा सुधार गरी असल वित्तीय व्यवस्थापनका माध्यमबाट सार्वजनिक जवाफदेहिता, आर्थिक सुशासन तथा पारदर्शिता प्रवर्धन भई सेवा प्रवाह प्रभावकारी हुने, पूर्वाधार क्षेत्रको विकासका माध्यमबाट अधिकतम प्रतिफल प्राप्त भई जीवनस्तरमा सुधार आउने अपेक्षा गरिएको छ।



अनुसूचीहरू

अनुसूचीहरू

अनुसूची-१
(प्रतिवेदनको परिच्छेद-२ दफा ४.२ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरूको विवरण र बेरुजु रकम
२०८१।८२

(रु.हजारमा)

क.सं.	मन्त्रालय / निकायकोनाम	कार्यालय संख्या	लेखापरीक्षण भएका	बेरुजु
१.	प्रदेश सभासचिवालय	१	०	०
२.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२	१	३९२
३.	गृह, सञ्चार तथा कानुन मन्त्रालय	१	१	१७७४२२
४.	अर्थ मन्त्रालय	५	५	०
५.	खेलकुद तथा समाज कल्याण मन्त्रालय	८	८	७२८१७
६.	शिक्षा तथा संस्कृति मन्त्रालय	७	५	३२१३
७.	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	२१	२१	२२०००९
८.	भौतिक पूर्वाधार विकास मन्त्रालय	१२	१२	१०५४७९३
९.	ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालय	१७	१७	१३६३४३
१०.	वन तथा वातावरण मन्त्रालय	१५	१४	२१५९४
११.	उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय	१४	१४	७३४४९
१२.	श्रम तथा यातायात मन्त्रालय	१०	७	२३३६
१३.	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२७	२७	१६१५३
१४.	प्रदेश नीति तथा योजना आयोग	१	१	०
१५.	प्रदेश लोकसेवा आयोग	१	०	०
१६.	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१	०
	जम्मा	**१४३**	**१३४**	**१७७८५२१**

अनुसूची - १ (क)
(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण

२०८१।८२

क.सं.	कार्यालयको विवरण	एकाइगत संख्या	मन्त्रालयगत संख्या
	सरकारी कार्यालयहरूतर्फ		
१.	**प्रदेश सभा सचिवालय**		**०**
२.	**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**		**१**
२.१.	प्रदेश जनलोकपाल आयोग	१	
३.	**गृह सञ्चार तथा कानुन मन्त्रालय**		**१**
३.१.	मन्त्रालय	१	
४.	**अर्थ मन्त्रालय**		**५**
४.१.	मन्त्रालय	१	
४.२.	प्रदेश लेखा नियन्त्रक कार्यालय	१	
४.३.	प्रदेश लेखा इकाई कार्यालयहरू	३	
५.	**खेलकुद तथा समाजकल्याण मन्त्रालय**		**८**
५.१.	मन्त्रालय	१	
५.२.	व्यावसायिक तथा सीप विकास तालिम केन्द्रहरू	२	
५.३.	सामाजिक विकास इकाइ कार्यालयहरू	४	
५.४.	दलित विकास समितिको कार्यालय	१	
६.	**शिक्षा तथा संस्कृति मन्त्रालय**		**५**
६.१.	शिक्षा विकास निर्देशनालय	१	
६.२.	शिक्षा तालिम केन्द्र	१	
६.३.	शिक्षा विकास एकाइहरू	३	
७.	**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**		**२१**
७.१.	मन्त्रालय	१	
७.२.	स्वास्थ्य निर्देशनालय	१	
७.३.	प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र	१	
७.४.	स्वास्थ्य कार्यालयहरू	८	
७.५.	जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरू	२	
७.६.	प्रदेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय	६	
७.७.	प्रदेश स्वास्थ्य तालिम केन्द्र	१	
७.८.	प्रदेश जनस्वास्थ्य प्रयोगशाला	१	
८.	**भौतिक पूर्वाधार विकास मन्त्रालय**		**१२**
८.१.	मन्त्रालय	१	
८.२.	यातायात पूर्वाधार निर्देशनालय	१	
८.३.	पूर्वाधार विकास कार्यालयहरू	९	
८.४.	प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना प्रादेशिक आयोजना व्यवस्थापन इकाइ	१	
९.	**ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय**		**१७**
९.१.	मन्त्रालय	१	
९.२.	खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयहरू	४	
९.३.	जलश्रोत तथा सिँचाइ विकास डिभिजन	८	
९.४.	भूमिगत जलश्रोत तथा सिँचाइ विकास डिभिजन	४	
१०.	**वन तथा वातावरण मन्त्रालय**		**१४**
१०.१.	मन्त्रालय	१	
१०.२.	प्रदेश वन निर्देशनालय	१	
१०.३.	वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र	१	

क.सं.	कार्यालयको विवरण	एकाइगत संख्या	मन्त्रालयगत संख्या
१०.४.	डिभिजन वन कार्यालयहरू	७	
१०.५.	भु तथा जलाधार व्यवस्थापन कार्यालयहरू	४	
११.	**उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय**		**१४**
११.१.	मन्त्रालय	१	
११.२.	घरेलु तथा साना उद्योग कार्यालयहरू	८	
११.३.	पर्यटन विकास कार्यालयहरू	४	
११.४.	उद्योग विभाग	१	
१२.	**श्रम तथा यातायात मन्त्रालय**		**७**
१२.१.	यातायात व्यवस्था कार्यालय	६	
१२.२.	रोजगार सूचना केन्द्र	१	
१३.	**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**		**२७**
१३.१.	मन्त्रालय	१	
१३.२.	कृषि विकास निर्देशनालय	१	
१३.३.	पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय	१	
१३.४.	बाली संरक्षण प्रयोगशाला	१	
१३.५.	कृषि ज्ञान केन्द्रहरू	८	
१३.६.	भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू	८	
१३.७.	मत्स्य विकास केन्द्रहरू	२	
१३.८.	माटो तथा मल परीक्षण प्रयोगशाला	१	
१३.९.	कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्र	१	
१३.१०.	पशु सेवा तालिम केन्द्र	१	
१३.११.	बिउबिजन प्रयोगशाला	१	
१३.१२.	उष्ण प्रदेशीय बागबानी केन्द्र	१	
१४.	**प्रदेश नीति तथा योजना आयोग**		**१**
१५.	**प्रदेश लोक सेवा आयोग**		**०**
१६.	**मुख्य न्यायाधिवक्ताको कार्यालय**		**१**
जम्मा			**१३४**
अन्य संस्था तथा समितितर्फ			
१	**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**		**१**
१.१	प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र	१	
२	**गृह सञ्चार तथा कानुन मन्त्रालय**		**३**
२.१	चलचित्र तथा लोक सञ्चार प्रवर्धन बोर्ड	१	
२.२	मिडिया काउन्सील	१	
२.३	आम सञ्चार प्राधिकरण	१	
३	**शिक्षा तथा संस्कृति मन्त्रालय**		**३**
३.१	मधेश कृषि विश्वविद्यालय	१	
३.२	मधेश विश्वविद्यालय	१	
३.३	मधेश प्रज्ञा प्रतिष्ठान	१	
४	**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**		**१**
४.१	दुग्ध विकास बोर्ड	१	
५	**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**		**८**
५.१	प्रादेशिक अस्पताल	८	
जम्मा			**१६**
कुल जम्मा			**१५०**

अनुसूची-२
(प्रतिवेदनको परिच्छेद १ को दफा १.१ सँग सम्बन्धित)

सरकारी कार्यालयहरूको लेखापरीक्षण रकम
२०८१।८२

(रु.हजारमा)

क्र.स.	मन्त्रालय / निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोबार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	
१	प्रदेश सभा सचिवालय	१	३७६७४८	०	०	१	११९१	०	०	१	४२४१	०	०	०	०	०	०	०
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश	२	९९७६२	१	१३५३३	१	१३१७२	०	०	१	५०५३८	०	०	१	४४१४५६	०	०	१३५३३
३	गृह, सञ्चार तथा कानुन मन्त्रालय, मधेश प्रदेश	१	५१६१४९	१	५१६१४९	१	७३८८	१	७३८८	१	३३२५५	१	३३२५५	१	१६३५२७	१	१६३५२७	७२०३१९
४	अर्थ मन्त्रालय, मधेश प्रदेश	५	१२९२६४	५	१२९२६४	५	११५०४०८९	५	११५०४०८९	२	१९९१६	२	१९९१६	५	२६४१७	५	२६४१७	११६७९६८६
५	खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेश प्रदेश	८	११९८१३३	८	११९८१३३	८	१२९३	८	१२९३	८	१५५३३	८	१५५३३	०	०	०	०	१२१४९५९
६	शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेश	७	१९३८२७४	५	११६११७४	६	१०२२३	५	९७३१	६	२६११८	५	२१५०२	६	१४१५५	५	१३६३०	१२०६०३७
७	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेश	२१	३४३५२८४	२१	३४३५२८४	२१	४००९३	२१	४००९३	२१	११७७७४	२१	११७७७४	१८	३३५८४६	१८	३३५८४६	३९२८९९७
८	भौतिक पूर्वाधार विकास मन्त्रालय, मधेश प्रदेश	१२	१२३६३१४९	१२	१२३६३१४९	१२	१०४४९५९	१२	१०४४९५९	१२	७९९९९९	१२	७९९९९९	१२	७८२७	१२	७८२७	१४२१५९३४
९	ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय, मधेश प्रदेश	१७	४२६९६२५	१७	४२६९६२५	१७	३४०५४	१७	३४०५४	१७	७५६३१३	१७	७५६३१३	१७	५३२२	१७	५३२२	५०६५३१४
१०	वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश	१५	१९२०५४९	१४	१७७८२५६	११	५२११०	१०	४५४६१	१०	१७७६७१	९	१४४८६६	१२	२४२९२६	११	१५२९७९	२१२१५६२
११	उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश	१४	२०२०९७३	१४	२०२०९७३	१४	८५३००	१४	८५३००	११	१२०८७६	११	१२०८७६	१४	४०९	१४	४०९	२२२७५५८
१२	श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेश	१०	३१६६१७	७	१८४०६२	७	२४५७६७७	४	१८३२४६४	७	३८७९	४	२८७	०	०	०	०	२०१६८१३
१३	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश	२७	११२१६७६	२७	११२१६७६	२७	८१०३	२७	८१०३	२७	९१११७	२७	९१११७	२७	१४२३१	२७	१४२३१	१२३५१२७
१४	प्रदेश नीति तथा योजना आयोग	१	३०३०६	१	३०३०६	१	३०४	१	३०४	१	२४	१	२४	१	४७४	१	४७४	३११०८
१५	प्रदेश लोक सेवा आयोग	१	१०५०७५	०	०	१	१९१११	०	०	१	६६५	०	०	०	०	०	०	०
१६	मुख्य न्यायाधिवक्ताको कार्यालय, जनकपुरधाम	१	२९६५०	१	२९६५०	१	४	१	४	१	८७०	१	८७०	०	०	०	०	३०५२४
	जम्मा	**१४३**	**२९८७१२३४**	**१३४**	**२८२५१२३४**	**१३४**	**१५२७९०७१**	**१२६**	**१४६१३२४३**	**१२७**	**२२१८७८९**	**११९**	**२१२२३३२**	**११४**	**१२५२५९०**	**१११**	**७२०६६२**	**४५७०७४७१**

द्रस्टव्य : १. अनुसूची २(ख) मा समावेश भएका ९ निकायको अङ्क समावेश छैन।

२. आर्थिक वर्ष २०८०।८१ को पूर्वाधार विकास कार्यालय, बाराको विनियोजन रु.१ अर्ब १८ करोड ६८ लाख ९३ हजार, राजस्व रु. १ लाख १९ हजार, धरौटी रु. ३ करोड ६० लाख ८५ हजार समावेश छ।

३. प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको विनियोजन रु.६ करोड २७ लाख ७२ हजार, धरौटी रु.१७ लाख ४० हजार र अन्य कारोबार रु.२४ लाख ९७ हजार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समावेश छैन।

अनुसूची-**२** (क)

(प्रतिवेदनको परिच्छेद १ को दफा १.३ सँग सम्बन्धित)

स्रेस्ता पेस नभएकोले लेखापरीक्षण नगराएका मन्त्रालय तथा निकायको विवरण

२०८१।८२

(रु.हजारमा)

क्र.सं.	कार्यालयको नाम	विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१	प्रदेश सभा सचिवालय, मधेश प्रदेश	३७६७४८	११९१	४२४१	०	३८२१८०
२	प्रदेश लोक सेवा आयोग	१०५०७५	१९१११	६६५	०	१२४८५१
३	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश	८६२२९	१३१७२	५०५३८	४४१४५६	५९१३९५
४	शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेश	४८४४९५	४९२	४६१६	५२५	४९०१२८
५	शिक्षा विकास इकाई, धनुषा	२९२६०५	०	०	०	२९२६०५
६	श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेश	७४४०३	४१८	२४२१	०	७७२४२
७	यातायात व्यवस्था कार्यालय, सिरहा	३४६११	४९७६०३	७५५	०	५३२९६९
८	डिभिजन वन कार्यालय, रौतहट	१४२२९३	६६४९	३२८०५	८९९४७	२७१६९४
९	यातायात व्यवस्था सेवा कार्यालय, सप्तरी	२३५४१	१२७१९२	४१६	०	१५११४९
	जम्मा	**१६२०००० **	**६६५८२८**	**९६४५७**	**५३१९२८**	**२९१४२१३**

अनुसूची-३
(प्रतिवेदनको परिच्छेद १ को दफा १ र १.२ सँग सम्बन्धित)

अन्य संस्था तथा समितिको लेखापरीक्षण विवरण
२०८१।८२

(रु.हजारमा)

क्र.सं.	संस्थाको नाम	लेखापरीक्षण		प्रतिवेदन		लेखापरीक्षण सम्पन्न रकम
		गर्नुपर्ने	सम्पन्न	अन्तिम	प्रारम्भिक	
१	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	१	०	१	१२९७४२
२	गृह, सञ्चार तथा कानुन मन्त्रालय	३	३	०	३	६८५३४
३	शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेश	३	३	०	३	२८००१०
४	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, मधेश प्रदेश	८	८	०	८	३४७०७७७
५	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१	१	०	१	३७४०९
	जम्मा	**१६**	**१६**	**०**	**१६**	**३९८६४७२**

अनुसूची-४

प्रतिवेदनको परिच्छेद १ को दफा १.२ सँग सम्बन्धित)

आय-व्यय हिसाब तयार गर्ने संगठित संस्था, समिति र अन्य संस्थाको लेखापरीक्षण रकम बेरुजु र सञ्चालन नतिजा

२०८१।८२

(रु. हजारमा)

क्र.स.	कार्यालयको नाम	लेखापरीक्षण रकम	बेरुजु रकम	वर्षको सुरु मौज्दात	आय				व्यय					यो वर्षको बचत	वर्षान्तको मौज्दात
					बिक्री / सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष	संचालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय														
१	प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, जनकपुरधाम	१२९७४२	५४३	१३३१	०	६२७७१	२९१६	६५६८८	०	५४७६१	८०१०	१२८३	६४०५५	१६३३	२९६४
	गृह, सञ्चार तथा कानुन मन्त्रालय														
२	मिडिया काउन्सील, जनकपुर, धनुषा	२१७८६	०	३९८	०	१५०००	०	१५०००	०	६७८६	०	०	६७८६	८२१४	८६१२
३	आम सञ्चार प्राधिकरण,जनकपुर	३५३२६	०	११०७	०	१७२६९	०	१७२६९	१४७२	१४५७२	१२२४	७८९	१८०५८	-७८९	३१८
४	चलचित्र तथा लोक सञ्चार प्रवर्द्धन बोर्ड, जनकपुर, धनुषा	११४२१	०	२०२१६	०	०	०	०	८५९४	९१४	१९१३	०	११४२१	-११४२१	८७९५
	शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेश														
५	मधेश विश्वविद्यालय	७०६४८	४५	२३२८८४	०	६०००	१३९०८	१९९०८	८६४९	४१०९०	०	१००२	५०७४१	-३०८३३	२०२०५१
६	मधेश प्रज्ञा प्रतिष्ठान	२६३५४	०	३५४	०	१३०००	०	१३०००	३१६४	९४७९	१८०	५३१	१३३५४	-३५४	०
७	मधेश कृषि विश्वविद्यालय	१८३००८	२०६६७	३४१९६१	०	०	१६७५७	१६७५७	२७८११	१३८४३९	०	०	१६६२५०	-१४९४९३	१९२४६८
	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेश														
८	मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान	१२८१२२९	१४८६	१३०५८	२९८२४१	२६३८५२	९४३५१	६५६४४५	०	५४९४५९	०	७५३२५	६२४७८४	३१६६०	४४७१९
९	प्रादेशिक अस्पताल, धनुषा	३९८१८३	१४३४	०	२१२५	२०४५६७	७३३९	२१४०३०	३०८४४	८१६७६	७१५२७	१०६	१८४१५२	२९८७८	२९८७८
१०	रामकुमार शारादा उमा प्रसाद मुरारका प्रादेशिक अस्पताल,लहान	३९६५६७	८२०६	४९०	४७१०३	१२८२६८	२३०१३	१९८३८४	३३४२५	६३१५८	८०९०९	२०६९१	१९८१८३	२०१	६९१
११	प्रादेशिक अस्पताल, जलेश्वर	२३११७८	२१३	९०२	२००३३	११३०९८	०	१३३१३१	७७५३८	२०५०९	०	०	९८०४७	३५०८४	३५९८६
१२	प्रादेशिक अस्पताल, गौर	८३६४९	२२७०६	९५३	०	४१८०५	०	४१८०५	०	३०३८३	११४६१	०	४१८४४	-३९	९१५
१३	प्रादेशिक अस्पताल, कलैया	२९२४११	२७८३८	२५६४	५४१०८	९२६३४	४५	१४६७८७	५२२३६	५७९०६	३४७२८	७५४	१४५६२४	११६३	३७२७
१४	प्रादेशिक अस्पताल, सिराहा	४५२५८४	२८५०	११५८	५५९४४	१७३७७६	०	२२९७२०	१२०२१०	४९०८८	०	५३५६६	२२२८६४	६८५६	८०१४
१५	प्रादेशिक अस्पताल, मलंगवा	३३४९७६	८८५२	६३१७	३५७९३	१३१८३४	०	१६७६२७	०	१६७३४९	०	०	१६७३४९	२७७	६५९४
	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय														
१६	प्रदेश दुग्ध विकास बोर्ड, मधेश प्रदेश	३७४०९	०	०	०	२१२०४	०	२१२०४	६३४१	१९६८	६०७	७२८८	१६२०४	५०००	५०००
	जम्मा	**३९८६४७२**	**९४८४०**	**६२३६९३**	**५१३३४६**	**१२८५०७९**	**१५८३३०**	**१९५६७५५**	**३७०२८३**	**१२८७५३९**	**२१०५६०**	**१६१३३५**	**२०२९७१७**	**-७२९६२**	**५५०७३१**

अनुसूची - ५

(प्रतिवेदनको परिच्छेद २ दफा ४.७ र ४.८ सँग सम्बन्धित)

सरकारी निकायको पेस्की बाँकी रकम
२०८१।८२

(रु. हजारमा)

मन्त्रालय/ निकाय	गत वर्षसम्मको बाँकी		यो वर्षको फस्यौट		यो वर्षको थप पेस्की		बाँकी पेस्की		जम्मा रकम
	कर्मचारी/अन्य	मोबिलाइजेसन	कर्मचारी/अन्य	मोबिलाइजेसन	कर्मचारी/अन्य	मोबिलाइजेसन	कर्मचारी/अन्य	मोबिलाइजेसन	
सरकारी कार्यालय	९६०३९७	१८२२५८३	२५४८२	१७०५३२	४४९६३५	४४८१२९	१३८४५५०	२१००१८०	३४८४७३०
अन्य संस्था तथा समिति	२९६४८	९८६०	१७३९	८९८	३५०	१६५९	२८२५९	१०६२१	३८८८०
जम्मा	**९९००४५**	**१८३२४४३**	**२७२२१**	**१७१४३०**	**४४९९८५**	**४४९७८८**	**१४१२८०९**	**२११०८०१**	**३५२३६१०**

अनुसूची - ६
(प्रतिवेदनको परिच्छेद २ दफा ४.९ सँग सम्बन्धित)

कुल असुली
२०८१।८२

(रु.हजारमा)

क्र. सं.	मन्त्रालय / निकाय	कार्यालय संख्या	विनियोजन, राजस्व र धरौटी			कुल जम्मा
			लेखापरीक्षणको क्रममा	प्रारम्भिक प्रतिवेदन पठाएपछि	सम्परीक्षणको क्रममा	
१	सरकारी कार्यालयतर्फ	३६	३७६२	७१९०	१९४	१११४६
२	अन्य संस्था तथा समितितर्फ	३	२८७	०	०	२८७
	जम्मा	**३९**	**४०४९**	**७१९०**	**१९४**	**११४३३**

अनुसूची - ७
(प्रतिवेदनको परिच्छेद २ दफा ४.१० सँग सम्बन्धित)

अग्रीम कर कट्टी नगरेको समष्टिगत स्थिति
२०८१।८२

(रु.हजारमा)

क्र. सं.	मन्त्रालय / निकाय	असुल गर्नुपर्ने		असुली		असुल गर्न बाँकी रकम
		कार्यालय संख्या	रकम	कार्यालय संख्या	रकम	
१	सरकारी कार्यालयतर्फ	११	२५२	१	३	२४९
२	अन्य संस्था तथा समितितर्फ	६	६०६			६०६
